# शिक्षाको रणनीतिक योजना

# (२०८२/८३-०८६/८७)








## मैवाखोला गाउँपालिका

## साँघु, ताप्लेजुङ, नेपाल

## २०८२

## संक्षिप्त शब्दावलीहरुको अर्थ

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| गा.पा. | गाउँपालिका |
| गा.स. | गाउँसभा |
| प्र.प्र.अ. | प्रमुख प्रशासकीय अधिकृत |
| स.वि.यो | सहभागितात्मक विकास योजना |
| लैससास | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| गै.स.स. | गैर सरकारी संस्था |
| आ.ले.प. | आन्तरिक लेखा परीक्षण |
| आ.यो. | आवधिक योजना |
| का.पा. | कार्यपालिका |
| का.यो. | कार्ययोजना |
| जि.स.स. | जिल्ला समन्वय समिति |
| वि.र.यो. | विषयगत रणनैतिक योजना |
| उ.स. | उपभोक्ता समिति |
| टो वि.स. | टोल विकास संस्था |
| विव्यस | विद्यालय व्यवस्थापन समिति |
| वि. सु. का | विद्यालय सुधार कार्ययोजना |
| वा.उ.प्र | वातावरणीय अध्ययन प्रतिवेदन |
| स्वा.व्य.स. | स्वास्थ्य व्यवस्थापन समिति |
| स.वि.यो. | सहभागितात्मक विकास योजना |
| DPR | Detailed Project Report |
| FRAP | Fiduciary Risk Riduction Action Plan |
| HR | Human Resources |
| ISBN | International Standard Book Number |
| ISO | International Organization for Standardication |
| MTEF | Medium Term Expenditure Framework |
| OD | Organizational Development |
| PLGSP | Provincial & Local Government Support Progam |
| PTA | Province Training Academy |
| R&D | Research and Development |
| SOP | Standard Operating Procedure |
| SWOT | Strengths, Weaknesses, Opportunities, & Threats |
| TOR | Terms of References |
| TOT | Training of Trainers |

## गाउँपालिका अध्यक्षको शुभकामना मन्तव्य

मैवाखोला गाउँपालिकाको शिक्षालाई रूपान्तरण गर्दै समावेशी, गुणस्तरीय र व्यवहारिक शिक्षातर्फ अघि बढाउने हाम्रो साझा अभियान अन्तर्गत तयार पारिएको **शिक्षाको रणनीतिक योजना २०८२** आज हामी सबैका सामु प्रस्तुत गर्न पाउँदा अत्यन्तै हर्षित छु। वि.सं. २०८१ सालमा गरिएको मैवाखोला शिक्षा सम्मेलन र त्यस सम्मेलनले घोषणा गरेको ४२ बुँदे घोषणापत्रको बुँदा ३ मा उल्लेख भएबमोजिम यस रणनीतिको तयारी गरिएको हो। मैवाखोलाको शिक्षाको दिगो विकासको जग निर्माण गर्न जमिन टेकेको क्षितिज देखेको" भन्ने मूल भावमा सवै तहगत, विषय क्षेत्रगत तथा विषयगत योजना, रणनीति, उपलब्धी, नतिजा र प्रमुख कार्यक्रमहरूको वजेटसहितको खाँका तयार गरी हामीले मैवाखोलाबासीको भविष्यको स्पष्ट दृष्टिकोण बनाउने प्रयत्न गरेका छौं, र त्यो दृष्टिकोणलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।
**हाम्रो विद्यालय, राम्रो विद्यालय अवधारणा, अध्ययनमा गहनता, अध्यापनमा सरलता अवधारणा, शिक्षक वैंक अवधारणा, विद्यालयमा आकर्षक फूलबारी र करेसावारी अवधारणा, स्मार्ट स्कुलको अवधारणा, खुसी विद्यालयको अवधारणा, विद्यार्थी ल्याऔं, टिकाऔं र सिकाऔं राम्रो सिकाईका लागि राम्रो शिक्षण र राम्रो शिक्षणका लागि राम्रो विद्यालय भन्ने अवधारणा तथा मैवाखोलाको शिक्षाको डिजिटलाइजेशनसहित नविनतम योजना समेटी तयार गरिएको यस रणनीतिक योजना दूरगामी महत्वको हुनेछ भन्ने विश्वास लिएको छु ।**

यो महत्वपूर्ण रणनीति निर्माणमा नीतिगत मार्गदर्शन, प्राविधिक सहयोग तथा परामर्श प्रदान गर्नुहुने एडमायर मल्टीसर्भिस कम्पनी प्रा.लि. तथा यसमा समावेश सम्पूर्ण विज्ञहरूप्रति गाउँपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्दछु। गाउँपालिकाको नेतृत्वले शिक्षालाई पहिलो प्राथमिकतामा राखेको छ। हामी यो योजनालाई प्रभावकारीरूपमा कार्यान्वयन गरी समावेशी र रूपान्तरणमुखी शिक्षा प्रणालीको आधार तयार गर्न प्रतिबद्ध छौं। सफल कार्यान्वयनमार्फत स्थानीय तहमै उदाहरणीय शैक्षिक विकास हासिल होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

**विजय प्रकाश वनेम**

अध्यक्ष

मैवाखोला गाउँपालिका

## उपाध्यक्षको मन्तव्यः

शिक्षा परिवर्तनको दिशामा सशक्त पाइला चाल्दै मैवाखोला गाउँपालिकाले तयार पारेको शिक्षाको रणनीतिक योजना २०८२ ले हामीलाई योजनाबद्ध र दीर्घकालीन सोचका साथ अघि बढ्न मार्गदर्शन गर्नेछ। सार्वजनिक शिक्षाको रूपान्तरणका लागि आशावादी तर यथार्थपरक शिक्षा विकासको संकेत गरेको छ।

रणनीति निर्माणमा प्राविधिक सहयोग तथा बौद्धिक सल्लाह प्रदान गर्नुहुने एडमायर मल्टीसर्भिस कम्पनी प्रा.लि. र संलग्न विज्ञहरूप्रति मेरो हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। उहाँहरूको योगदानबिना यस्तो परिपक्व योजना सम्भव हुने थिएन।

हामीले महिला, दलित, जनजाति, बालबालिका तथा विशेष आवश्यकताका व्यक्तिहरूका शैक्षिक हकअधिकारलाई केन्द्रमा राख्दै शिक्षा समावेशी बनाउने दृढता लिएका छौं। यस योजनाको प्रभावकारी कार्यान्वयनले हाम्रो गाउँपालिकामा गुणस्तरीय शिक्षाको उज्यालो भविष्य निर्माण गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

कमल कुमारी लिम्बु

उपाध्यक्ष

मैवाखोला गाउँपालिका

## प्रमुख प्रशासकीय अधिकृतको प्रतिवद्धता

स्थानीय तहमा शिक्षा विकासका लागि दीर्घकालीन सोच र स्पष्ट रणनीति अत्यन्त आवश्यक छ। हामी सबैको प्रण, मैवाखोलामा शिक्षाको रुपान्तरण हुनुपर्छ भन्ने सोचका साथ तयार पारेको शिक्षाको रणनीतिक योजनाले यथार्थमा टेकेर भविष्यको उज्यालो मार्ग देखाउने अपेक्षा गरिएको छ।

यस योजनाको अवधारणादेखि अन्तिम दस्तावेज निर्माणसम्मको प्रक्रियामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने एडमायर मल्टीसर्भिस कम्पनी प्रा.लि. तथा संलग्न सम्पूर्ण विज्ञहरूप्रति म प्रशासकीय निकायको तर्फबाट आभार प्रकट गर्दछु।

गाउँपालिकाको प्रशासनले यो योजनालाई कार्यान्वयन गर्न आवश्यक समन्वय, स्रोत परिचालन, अनुगमन तथा मूल्यांकनको प्रक्रिया प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गर्दछु। यस योजनाले हाम्रो शैक्षिक प्रणालीलाई नयाँ दिशा दिइ सफलताको नयाँ अध्याय लेखोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

लक्ष्मीमाया गोम्देन

नि. प्रमुख प्रशासकीय अधिकृत

मैवाखोला गाउँपालिका

## विषयसूची

परिच्छेदः एक ........ १
परिचय ........ १
१.१ पृष्ठभूमी ........ १
१.२ गाउँपालिकाको संक्षिप्त परिचय ........ ३
१.२.१ भौगोलिक अवस्थिति ........ ३
१.२.२ राजनितिक तथा प्रशासनिक विवरण ........ ३
१.२.३ जनसांख्यिक विवरण ........ ४
१.३ शिक्षाको रणनीतिक योजनाको उद्धेश्यहरु ........ ४
१.४ शिक्षाको रणनीतिक योजनाको महत्व ........ ५
१.५ योजना निर्माणका आधार ........ ६
१.६ योजना निर्माण विधि तथा प्रक्रिया ........ ७
योजना निर्माणका बिधि तथा चरण ........ ७
१.७ विगतका योजनाको समीक्षा ........ ८
१.८ गाउँपालिकाको शिक्षा क्षेत्रको वर्तमान अवस्था विश्लेषण ........ ९
१.८.१ गाउँपालिकाको शिक्षा क्षेत्रका सबल पक्ष ........ १०
१.८.२ गाउँपालिकाको शिक्षा क्षेत्रका कमजोर पक्ष ........ १०
१.८.३ गाउँपालिकाको शिक्षा क्षेत्रका अवसर पक्ष ........ १०
१.८.४ गाउँपालिकाको शिक्षा क्षेत्रका चुनौति पक्ष ........ ११
१.९ अध्ययनको सीमा ........ ११
परिच्छेद : दुई ........ १२
शिक्षा क्षेत्र योजना ........ १२
२.१ सन्दर्भ ........ १२
२.२ दूरदृष्टि ........ १४
२.३ ध्येय ........ १४
२.४ लक्ष्य ........ १५
२.५ उद्देश्य ........ १५
२.६ शिक्षाको मुलभूत नीति र कार्यनीतिहरू ........ १६
२.५ मूख्य रणनीतिहरु ........ २१
२.६ अपेक्षित मुख्य उपलब्धि ........ २३
२.७ प्रमुख उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य ........ २५
२.८ शिक्षा क्षेत्रमा सक्रिय सरोकारवालाहरुको सूची ........ २९
२.९ मार्ग निर्देशक सिद्धान्तहरु ........ ३१
२.१० योजना अवधि र शिक्षा विकासको अवधारणा ........ ३३
२.११ रणनीतिक योजनाका प्राथमिकताहरू ........ ३३
२.१२ शिक्षा क्षेत्रको विकास र रूपान्तरणका मूल्य-मान्यताहरू ........ ३५

परिच्छेद : तीन ........ ३६
शिक्षाका क्षेत्रहरु........ ३६
३.१ प्रारम्भिक बालविकास र शिक्षा........ ३६
३.१.१ पृष्ठभूमि ........ ३६
३.१.२ प्रारम्भिक बाल विकास र शिक्षाको वर्तमान अवस्था ........ ३७
३.१.३ प्रारम्भिक बालविकास र शिक्षा क्षेत्रका चुनौतीहरू ........ ३८
३.१.४ प्रारम्भिक बाल विकास र शिक्षाको लक्ष्य र उद्धेश्यहरू ........ ३९
३.१.५ रणनीतिहरू........ ३९
३.१.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ४१
३.२ आधारभूत शिक्षा ........ ४४
३.२.१ पृष्ठभूमि........ ४४
३.२.२ आधारभूत शिक्षाको वर्तमान अवस्था ........ ४४
३.२.३ आधारभूत शिक्षा क्षेत्रका अवसर र चुनौतीहरू ........ ४६
३.२.५ रणनीतिहरू........ ४७
३.२.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ५०
३.३ माध्यमिक शिक्षा ........ ५४
३.३.१ पृष्ठभूमि........ ५४
३.३.२ माध्यमिक शिक्षाको वर्तमान अवस्था ........ ५४
३.३.३ माध्यमिक शिक्षा क्षेत्रका अवसर र चुनौतीहरू........ ५६
३.३.४ माध्यमिक शिक्षाका लक्ष्य र उद्धेश्यहरू........ ५७
३.३.५ रणनीतिहरू........ ५७
३.३.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ५९
३.४ उच्च शिक्षा एवं माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध........ ६३
३.४.१ पृष्ठभूमि........ ६३
३.४.२ उच्च शिक्षाको वर्तमान अवस्था........ ६३
३.४.३ उच्च शिक्षा क्षेत्रका अवसर र चुनौतीहरू ........ ६४
३.४.४ उच्च शिक्षाको लक्ष्य र उद्धेश्यहरू........ ६५
३.४.५ रणनीतिहरू........ ६५
३.४.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ६५
३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा ........ ६८
३.५.१ पृष्ठभूमि........ ६८
३.५.२ प्राविधिक तथा व्यावसायिक शिक्षाको वर्तमान अवस्था ........ ६९
३.५.३ प्राविधिक तथा व्यावसायिक शिक्षा क्षेत्रका अवसर र चुनौतीहरू........ ७०
३.५.४ प्राविधिक तथा व्यावसायिक शिक्षाको लक्ष्य र उद्धेश्यहरू ........ ७२
३.५.५ रणनीतिहरू........ ७२
३.५.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ७३
३.६ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा ........ ७७

३.६.१ पृष्ठभूमि ........ ७७
३.६.२ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको वर्तमान अवस्था ........ ७७
३.६.३ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा क्षेत्रका अवसर र चुनौतीहरू........ ७८
३.६.४ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको लक्ष्य र उद्धेश्यहरू ........ ७८
३.६.५ रणनीतिहरू........ ७९
३.६.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ८०
परिच्छेद : चार........ ८४
शिक्षाका अन्तरसम्बन्धित विषयहरु ........ ८४
४.१ शैक्षिक जनशक्ति व्यवस्थापन र विकास........ ८४
४.१.१ पृष्ठभूमि ........ ८४
४.१.२ शैक्षिक जनशक्ति उत्पादन र व्यवस्थापनको वर्तमान अवस्था ........ ८५
४.१.३ शैक्षिक जनशक्ति व्यवस्थापन र विकास उपक्षेत्रका अवसर र चुनौतीहरू ........ ८६
४.१.४ शैक्षिक जनशक्ति व्यवस्थापन र विकास उपक्षेत्रका लक्ष्य र उद्धेश्यहरू ........ ८७
४.१.५ रणनीतिहरू........ ८८
४.१.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ८९
४.२ पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन........ ९४
४.२.१ पृष्ठभूमि ........ ९४
४.२.२ पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन उपक्षेत्रको वर्तमान अवस्था ........ ९५
४.२.३ पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन उपक्षेत्रको अवसर र चुनौतीहरू........ ९६
४.२.४ पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन उपक्षेत्रको लक्ष्य र उद्धेश्यहरू ........ ९७
३.६.५ रणनीतिहरू........ ९८
३.६.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ९९
४.३ विद्यालय भौतिक पूर्वाधार विकास ........ १०३
४.३.१ पृष्ठभूमि ........ १०३
४.३.२ विद्यालय भौतिक पूर्वाधार विकास उपक्षेत्रको वर्तमान अवस्था........ १०४
४.३.३ विद्यालय भौतिक पूर्वाधार विकास उपक्षेत्रको अवसर र चुनौतीहरू ........ १०५
४.३.४ विद्यालय भौतिक पूर्वाधार विकास उपक्षेत्रको लक्ष्य र उद्धेश्यहरू........ १०६
४.३.५ रणनीतिहरू........ १०६
४.३.६ विद्यालय भौतिक पूर्वाधार विकास उपक्षेत्रको उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ १०७
४.४ शिक्षामा विज्ञान-प्रविधि, सूचना तथा सञ्चार-प्रविधि ........ १०९
४.४.१ पृष्ठभूमि ........ १०९
४.४.२ विज्ञान-प्रविधि, सूचना तथा सञ्चार-प्रविधि उपक्षेत्रको वर्तमान अवस्था........ ११०
४.४.३ विज्ञान-प्रविधि, सूचना तथा सञ्चार-प्रविधि उपक्षेत्रका अवसर र चुनौतीहरू ........ १११
४.४.४ विज्ञान-प्रविधि, सूचना तथा सञ्चार-प्रविधि उपक्षेत्रको लक्ष्य र उद्धेश्यहरू........ ११३
४.४.५ रणनीतिहरू........ ११३
४.४.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ११४
परिच्छेद ५ ........ ११८

विद्यालय शिक्षाको विषयगत नतिजा सुधार योजना.......................................................................११८
५.१ पृष्ठभूमि.......................................................................................................११८
५.२ विषयगत नतिजाको वर्तमान अवस्था.......................................................................११९
५.३ विद्यालय शिक्षाको विषयगत नतिजा सुधार उपक्षेत्रका अवसर र चुनौतीहरू...................................१२२
५.४ विद्यालय शिक्षाको विषयगत नतिजा सुधार उपक्षेत्रको लक्ष्य र उद्धेश्यहरू.................................१२३
५.५ रणनीतिहरू.......................................................................................................१२४
५.६ विद्यालय शिक्षाको विषयगत नतिजा सुधार उपक्षेत्रका उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य..........१२४
परिच्छेद ६.........................................................................................................१२८
शैक्षिक सुशासन, संस्थागत संरचना र क्षमता विकास.......................................................१२८
६.१ परिचय..........................................................................................................१२८
६.२ संस्थागत संरचना र क्षमता विकास.......................................................................१२९
६.२.१ परिचय........................................................................................................१२९
६.२.२ वर्तमान अवस्था..............................................................................................१३०
६.२.३ उद्देश्य.......................................................................................................१३२
६.२.४ रणनीतिहरू...................................................................................................१३२
६.२.५ उपलब्धि, प्रमुख नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य...............................................१३४
परिच्छेद ७.........................................................................................................१३७
गाउँपालिकाको शिक्षा योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन योजना.......................................१३७
७.१ योजना कार्यान्वयन व्यवस्था र रणनीतिहरु.....................................................................१३७
७.२ कार्यान्वयन गर्ने प्रमुख निकायहरु र भूमिका...................................................................१३९
७.३ योजना कार्यान्वयन...........................................................................................१४१
७.४ कार्यान्वयन प्रक्रिया..........................................................................................१४३
७.५ अनुगमन तथा मूल्याङ्कन योजना.............................................................................१४४
७.६ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता......................................................................१४५
७.७ शिक्षा योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन उपक्षेत्रका प्रमुख क्रियाकलाप र लक्ष्य....................१४९
७.८ अनुमन तथा मूल्याङ्कन प्रक्रिया................................................................................१५१
७.९ गाउँपालिकाको शिक्षा सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार..........................................१५५
७.१० शिक्षाको रणनीतिक योजना कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार.................................१५६
परिच्छेद ८.........................................................................................................१५९
लगानी र स्रोत व्यवस्थापन.......................................................................................१५९
८.१ परिचय..........................................................................................................१५९
८.२ लगानी र स्रोत व्यवस्थापनको वर्तमान अवस्था.............................................................१६०
८.३ चुनौति र अवसरहरु...........................................................................................१६०
८.४ लगानी र स्रोत व्यवस्थापन क्षेत्रका लक्ष्य र उद्धेश्यहरू.......................................................१६०
८.५ रणनीतिहरू.......................................................................................................१६१
८.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य.........................................................१६२
८.७ प्रस्तावित अनुमानित वजेट....................................................................................१६३

८.८ हालको अनुपातमा विनियोजन हुन सक्ने अनुमानित बजेट........................................................................१६४
परिच्छेद ९ ........................................................................................................................१७८
जोखिम पहिचान र व्यवस्थापन........................................................................................................१७८
९.१ जोखिम पहिचान........................................................................................................१७८
९.२ जोखिम व्यवस्थापन........................................................................................................१७९
परिच्छेद १०........................................................................................................................१८१
निष्कर्ष र सारांश ........................................................................................................................१८१
सन्दर्भ सामग्री........................................................................................................................१८४
अनुसूचीहरू ........................................................................................................................१८५

# परिच्छेदः एक

# परिचय

## १.१ पृष्ठभूमी

नेपालको संविधान, २०७२ ले सघीय गणतन्त्र अन्तरगत राज्य व्यवस्था संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको परिकल्पना अनुरुप क्रियाशील रहेका छन्। उक्त संविधानले समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखे अनुरुप शिक्षा सम्बन्धी हक तथा प्राथमिकताहरु स्थापित गरेको छ। उक्त संवैधानिक शिक्षा सम्बन्धी हक तथा प्राथमिकतालाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ र बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा सम्बन्धी हकहरुलाई प्रत्याभूत गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित रही शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका निम्ति नीतिगत व्यवस्था गरेको छ।दीगो विकास लक्ष्य (२०१५-२०३०) को लक्ष्य नं. ४ "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुमा प्रोत्साहित गर्ने" लक्ष्य पूरा गर्न नेपाल सरकारले सन् २०१५ मा दक्षिण कोरियाको इन्चोनमा भएको "दीगो विकासका लागि शिक्षा" कार्यक्रम र सेप्टेम्बरको संयुक्त राष्ट्रसंघको साधारण सभाको बैठकबाट पारित प्रतिवद्धता अनुरुप उक्त लक्ष्य नं. ४ समेत हासिल गर्न एवं २०८१ मा गाउँपालिकाले आयोजना गरेको वृहत शैक्षिक सम्मेलनले पारित गरेको ४२ बुँदे घोषणापत्र बमोजिम मैवाखोला गाउँपालिकाले शिक्षा क्षेत्रको रणनीतिक योजना निर्माण गरेको छ। सो लक्ष्य प्राप्तिका लागि यस गाउँपालिकाले दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति, लक्ष्य र कार्यक्रमसहित २५ वर्षको दिर्घकालिन सोच सहित ५ वर्षको शिक्षा क्षेत्रको रणनीतिक योजना (२०२५-२०३०) तयार गरी कार्यान्वयनमा ल्याउन प्रयासरत छ।

नेपालको शिक्षा क्षेत्रमा राणाकालको उत्तरार्धदेखि प्रयास हुँदै आएको पाइए तापनि व्यवस्थित रुपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले गरेको देखिन्छ। यसैगरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८-२०३२), राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्च स्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०७६ जस्ता आयोगका प्रतिवेदनहरु तयार गरी कार्यान्वयन भइसकेका र हुने क्रममा छन्। यसका

अलावा शिक्षा क्षेत्रमा विभिन्न योजना, परियोजना र कार्यक्रम लागू भएका छन्। जस अन्तरगत रेडियो शिक्षा, शिक्षक तालिम परियोजना २०३५, निरीक्षण एकाइ परियोजना २०३७, सेती परियोजना २०३८, विज्ञान शिक्षा परियोजना २०३८, प्राथमिक शिक्षा परियोजना २०४१, आधारभूत आवश्यकता परिपूर्ति योजना २०४४, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (पहिलो २०४९ दोश्रो २०५६), प्राथमिक शिक्षा परियोजना २०४९, माध्यमिक शिक्षा विकास परियोजना २०५०, शिक्षाका लागि खाद्य कार्यक्रम २०५२, शिक्षक शिक्षा आयोजना (२०५९-२०६५), माध्यमिक शिक्षा सहयोग कार्यक्रम सन् (२००३-२००८), सामुदायिक विद्यालय सहयोग कार्यक्रम (२०५९-२०६६), व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (२०६८-२०७२) का साथै सबैका लागि शिक्षा कार्यक्रम (सन् २००१-२०१५), सहश्राब्दी विकास लक्ष्य (२०००-२०१५), दीगो विकासका लागि शिक्षा कार्यक्रम (२०१५-२०३०) मा उल्लिखित उद्देश्य एवम् सूचकहरुलाई परिपूर्ति गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना (सन् २००९-२०१५), विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२२) को समाप्तिसँगै मैवाखोला गाउँपालिकाले शिक्षा क्षेत्रको व्यवस्थित विकासका लागि शिक्षाको रणनीतिक योजना तयार गरेको छ ।शैक्षिक सत्र २०८१ मा शिक्षाको रूपान्तरणका लागि आयोजना गरिएको वृहत शैक्षिक सम्मेलनको ४२ बुँदे घोषणापत्र र क्षेत्रगत प्रतिवद्धताहरूको जगमा मैवाखोला गाउँपालिकाको शिक्षा क्षेत्रको विकासका लागि रणनीतिक योजना निर्माणले पालिकाको शिक्षा क्षेत्रको विकास गर्न अपनाइने रणनीतिको स्पष्ट र दीर्घकालिन मार्गनिर्देशन तयार गरेको छ ।पालिकाको शिक्षा क्षेत्रमा रहेका अवसर तथा शिक्षा क्षेत्रमा देखा परेका विद्यमान समस्याको पहिचान गरि भविष्यमा अपनाउनु पर्ने नीति, रणनीति र कार्यनीति तयारीका लागि यो रणनीतिक योजना निकै उपयोगी हुनेछ । यस रणनीतिक योजनाले पालिकाको समग्र शिक्षा विकासका सम्पुर्ण आयामहरुको अध्ययन तथा विश्लेषण गरी यथार्थ चित्र प्रस्तुत गर्ने प्रयास गरकाले पालिकाको शैक्षिक स्तरवृद्धि र विकासको अल्पकालीन, मध्यकालिन र दीर्घकालीन रणनीति तर्जुमामा यो रणनीतिक योजना निकै उपयोगी हुनेछ ।

यस योजनाको अन्त्यसम्ममा सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने अपेक्षा गरिएको छ । गाउँपालिका क्षेत्रमा बसोबास गर्ने सबै नागरिकहरुले साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त गरेको हुने योजनाले परिकल्पना गरेको छ । अपाङ्गता भएका बालबालिकाहरुले विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट

उपयुक्त शैक्षिक अवसरहरु प्राप्त हुने र विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्यांकन प्रभावकारी र नतिजामूलक हुने समेत यस योजनाले प्राथमिकतामा राखेको छ । समग्रमा गाउँपालिकाको शिक्षाको रूपान्तरणमा सवै सरोकारवालाहरूलाई साथमा लिएर शिक्षामा सुधारको प्रणसहित यस योजनाको कार्यान्वयन हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

## १.२ गाउँपालिकाको संक्षिप्त परिचय

### १.२.१ भौगोलिक अवस्थिति

मैवाखोला गाउँपालिका नेपालको सुदूरपूर्वी जिल्ला ताप्लेजुङको दक्षिण भागमा अवस्थित कोशी प्रदेशको एक सुन्दर गाउँपालिका हो । वि.स. २०७३ सालमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७४४ स्थानीय तह लागु गर्दा ताप्लेजुङ्ग जिल्लामा साविकको फाकुम्बा, साँघु र ढुङ्गेसाँघु गाउँ विकास समितिहरूलाई मिलाएर मैवाखोला गाउँपालिका बनाईएको हो । यो गाउँपालिकालाई ६ वडामा विभाजन गरिएको छ जसको केन्द्र हाल साविकको साँघु गाविसको कार्यालय रहेको स्थान साँघुमा रहेको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा ताप्लेजुङ्ग जिल्लाको आठराई त्रिवेणी पश्चिम गाउँपालिका, पश्चिममा संखुवासभा जिल्लाको चैनपुर नगरपालिका र पञ्चखपन नगरपालिका, उत्तरपूर्वमा ताप्लेजुङ्ग जिल्लाकै मेरिङदेन गाउँपालिका तथा दक्षिणमा तेह्रथुम जिल्लाको मेन्छयायेम गाउँपालिका रहेको छ । वि.स. २०७८ सालको जनगणनाको अन्तिम नतिजा अनुसार यस गाउँपालिकामा २२४९ घरधुरी, पुरुष ५,१५३ र महिला ५,०६० गरि जम्मा १०,२१३ जनसंख्या रहेको छ ( राष्ट्रिय तथ्याङ्क कार्यालय) । भौगोलिक हिसाबले ८७ डिग्री ३२ ÷ ५.३४÷ पूर्वी देशान्तर र २७ डिग्री २१ ÷ ३.८७÷ उत्तरी अक्षांशमा अवस्थित मैवाखोला गाउँपालिकाको कुल क्षेत्रफल १३८ वर्ग कि.मि. रहेको छ । जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका, समुन्द्र सतहबाट न्यूनतम ८०० मि. देखि ४२०० मि. सम्म फैलिएको छ ।

### १.२.२ राजनितिक तथा प्रशासनिक विवरण

जिल्लाको राजनीतिक विभाजनको हिसाबले ताप्लेजुङको निर्वाचन क्षेत्र “ख“ अन्तर्गत यो गाउँपालिका पर्दछ । वर्तमान नेपालको संविधानमा व्यवस्था भए बमोजिमको स्थानीय तह अन्तर्गत एउटा स्थानीय तह वा सरकारको रुपमा स्थापित मैवाखोला गाउँपालिका जसको संचालन निर्वाचित जन प्रतिनिधिहरुबाट भइरहेको छ । यस गाउँपालिकाको कार्य तथा जिम्मेवारीहरु संविधानको अनुसूचीहरुमा उल्लेख भए अनुसार सञ्चालन

भइरहेको छ । हाल यो स्थानीय सरकार संचालन ऐन, २०७४ बाट व्यवस्थित र संचालित छ । संघ र प्रदेश सरकारसंग यसको सम्वन्ध, सहअस्तित्व, समन्वय र सहकारीताको सिद्धान्तबाट निर्देशित र व्यवस्थित छ । व्यवस्थापिकाको रुपमा गाउँसभा, न्यायपालिकाको रुपमा न्यायिक समिति र कार्यपालिकाको रुपमा गाउँकार्यपालिका जस्ता संरचनाहरु मार्फत यसले स्थानीय सरकारको रुपमा अभ्यास गरिरहेको छ ।

### १.२.३ जनसांख्यिक विवरण

चित्र २ जनसंख्या पिरामिड, मैवाखोला गाउँपालिका




राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाको कुल जनसंख्या १०, २१३, परिवार संख्या २,२४९ र जनघनत्व ७४ छ भने कूल साक्षरता दर ७९.९ प्रतिशत, पुरूष साक्षरता दर ८५.४ प्रतिशत र महिला साक्षरता दर ७४.२ प्रतिशत रहेका छन् ।उमेरअनुसारको जनसंख्यामा ४ वर्षसम्मका बालबालिकाको संख्या ८.७ प्रतिशत, ४ वर्षदेखि १४ वर्षसम्मको संख्या २०.५ प्रतिशत रहेको देखिन्छ भने १५-५९ उमेर समुहका सक्रिय जनसंख्या करिव ६० प्रतिशत एवं ६० वर्ष माथिका जनसंख्या १०.८ रहेको देखिन्छ ।

## १.३ शिक्षाको रणनीतिक योजनाको उद्धेश्यहरु

मैवाखोला गाउँपालिकाको शिक्षाको रणनीतिक योजना तयारीको प्रमुख उद्धेश्यहरु यस प्रकार छन्

- शिक्षा क्षेत्रको विकासमा पालिकाको सवल, कमजोर, सम्भावना र चुनौति पक्षको विश्लेषण गर्ने ।
- शिक्षा क्षेत्रको विकासमा पालिकाको दुरदृष्टि, ध्येय, लक्ष्य, उद्धेश्य, प्राथमिकता र प्रतिबद्धताहरु पहिचान गरी व्यापक परामर्शमा शिक्षा विकासको रणनीति तयार गर्ने,

- शिक्षा क्षेत्रको विकासका लागि पालिका्रको गर्नु पर्ने कार्यहरु प्रभावकारी रुपमा सम्पन्न गर्न विद्यमान ज्ञान सीप र संस्थागत क्षमताको विश्लेषण गरी आगामी ५ वर्षको लागि योजना तयार गर्ने,
- शिक्षा क्षेत्रको विकासका लागि स्पष्ट मार्गचित्र तयार गरी समय सीमा सहित पालिकाले गर्ने क्षेत्रगत कामको विवरण यकिन गर्ने,
- शिक्षा क्षेत्रको विकासको लक्ष्य र प्रथामिकतामा आधारित मानविय, वित्तीय र भौतिक विकाससँग सम्बन्धित चरणबद्ध कार्यक्रम पहिचान गर्ने,
- शिक्षा क्षेत्रको विकासको सूचकमा आधारित वार्षिक गतिविधिहरु विकास गर्ने, जसको फलस्वरुप योजनाहरु अगाडि सारी शैक्षिक विकासको लक्ष्य प्रांप्त गर्न सहयोग पुर्याउने ।

## १.४ शिक्षाको रणनीतिक योजनाको महत्व

नेपालको संविधानले शिक्षाको दिगो विकासका लागि स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षाको अधिकार दिएपछि स्थानीय सरकारले अधिकारको सदुपयोग गरिरहेको छ । व्यवस्थित योजना र कार्यक्रमहरूको कार्यान्वयनविना परिणाम नआउने हुदाँ शिक्षा क्षेत्रको रूपान्तरणका लागि समेत आवधिक योजना बन्नु आवश्यक थियो र छ ।मैवाखोला गाउँपालिकाको शिक्षाको रणनीतिक योजना तर्जुमा एक अत्यन्तै सान्दर्भिक र दिर्घकालिन महत्वको कार्य हो । किनभने यसले गाउँपालिकाको शैक्षिक क्षेत्रको दीर्घकालीन दृष्टिकोण, लक्ष्य र प्राथमिकताहरू स्पष्ट रूपमा निर्धारण गरेको छ। यस्तो योजनाले शिक्षाको गुणस्तर अभिवृद्धि, शैक्षिक पहुँचमा समानता, सिकाइमा नवप्रवर्तन, शिक्षकहरूको क्षमता विकास, र भौतिक पूर्वाधार सुधारमा मार्गदर्शन गर्दछ। साथै, योजना तर्जुमा स्थानीय आवश्यकता, सामाजिक तथा सांस्कृतिक सन्दर्भ, र समावेशी शिक्षाको अवधारणालाई ध्यानमा राखी शिक्षालाई स्थानीय स्तरमा व्यवहारिक र

परिणाममुखी बनाउने कार्यमा मद्दत गर्दछ। यसले सरकारी तथा गैर(सरकारी साझेदारसँग सहकार्यको लागि स्पष्ट कार्यदिशा दिई स्रोत परिचालनमा पनि सहजीकरण गर्छ।

## १.५ योजना निर्माणका आधार

क) दिगो विकास लक्ष्य नं. ४

ख) नेपालको संविधान २०७२

ग) सोह्रौं योजना (२०८१/०८२—२०८६ /०८७)

घ) विद्यालय शिक्षा क्षेत्र योजना

ङ) राष्ट्रिय शिक्षा नीति, २०७६

च) राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६

छ) स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६

ज) कोशी प्रदेशको आवधिक योजना

झ) प्रदेशस्तरिय शिक्षा क्षेत्रका योजनाहरु

ञ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत अन्य सङ्घीय कानुनहरू

ट) गाउँपालिकाको शिक्षासम्बन्धित विभिन्न नीति तथा कार्यविधिहरु

ठ) मैवाखोला गाउँपालिकाको स्थानीय पाठ्यक्रम, २०८०

ठ) आर्थिक वर्ष २०८०/८१ मा घोषणा गरिएको ४२ बुँदे मैवाखोला घोषणापत्र

## १.६ योजना निर्माण विधि तथा प्रक्रिया

### योजना निर्माणका बिधि तथा चरण

*तालिका १ :रणनीतिक योजना तर्जुमाका बिधि तथा चरण*

| क्रियाकलाप | सम्पन्न मिति | उपस्थिति | क्रियाकलाप |
|---|---|---|---|
| अभिमुखीकरण कार्यशाला | २०८१ पुस १३ गते | गाउँकार्यपालिका, शाखा प्रमुख, राजनीतिक दलका प्रतिनिधि | • सन्दर्भ सामग्री को अध्ययन<br>• अभिमुखीकरण कार्यशालाको आयोजना<br>• योजना को महत्व बारेमा जानकारी |
| | | | • गाउँपालिकाको शिक्षाको रणनीतिक योजना तर्जुमा का बिधि प्रक्रियाका बारेमा जानकारी |
| | | | • गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा योजना तर्जुमा मूल समितिको गठन |
| | | | • विषयगतगत समिति संयोजकको अध्यक्षतामा क्षेत्रगत समितिको गठन |
| योजना तर्जुमा कार्यशाला | २०८१ पुस १४ र १५ गते | गाउँकार्यपालिका, शाखा प्रमुख, राजनीतिक दलका प्रतिनिधि, स्थानीय बिज्ञ, विभिन्न संघ संस्थाका प्रतिनिधि | • गाउँपालिकाको शिक्षा क्षेत्रको दिर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति तथा क्षेत्र गत कार्यक्रम तय |
| | | | • गाउँपालिकाको शिक्षाका गौरबका आयोजना तय |
| | | | • प्राप्त तथ्यांकका आधारमा तयार पारिएको मस्यौदा प्रतिबेदनको प्रमाणीकरण |
| | २०८१ पुस १६ | वडा अध्यक्ष, वडा स्तरीय जानकार | • क्षेत्रगत रुपमा शिक्षाका समस्या, चुनौती तथा सम्भावना, अवसर संकलन |

| | | | |
|---|---|---|---|
| विद्यालयका क्षेत्रगत योजना सङ्कलन | देखि निरन्तर | व्यक्ति, राजनीतिक दलका प्रतिनिधि, | • क्षेत्रगत योजना संकलन तथा प्राथमिकरण |
| तथ्याङ्क प्रशोधन, योजना लेखन | २०८१ पुस २० देखि निरन्तर | परामर्श दाता कम्पनि तथा बिषय बिज्ञहरू | • विषयगत शिक्षकसँग निरन्तर छलफल, गाउँपालिकाको पर्श्व चित्र तथा शाखागत सूचकका आधारमा मस्यौदा प्रतिबेदनको लेखन |
| मस्यौदा प्रतिवेदन तयारी तथा पेश | २०८२ जेष्ठ ४ गते | परामर्श दाता कम्पनि तथा बिषय बिज्ञहरू | गाउँकार्यपालिकामा शिक्षाको रणनीतिक योजनाको मस्यौदा प्रतिवेदनमाथि छलफल र सुझाव संकलन |
| अन्तिम प्रतिवेदन तयारी तथा पेश | २०८२ जेष्ठ २० गते | परामर्श दाता कम्पनि तथा विषय बिज्ञ | गाउँकार्यपालिकामा शिक्षाको रणनीतिक योजनाको अन्तिम प्रतिवेदन पेश |

## १.७ विगतका योजनाको समीक्षा

मैवाखोला गाउँपालिकाले हालसम्म निर्माण गरेका शिक्षासम्बन्धी स्थानीय ऐन, कानून, नियमावली, कार्यविधि तथा मापदण्डहरूको विवरण

| क्र.सं. | विवरण | प्रकार | पारित मिति | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|---|---|
| १. | मैवाखोला गा पा को शिक्षा ऐन | ऐन | २०७५।०१।०७ | २०७५।०१।०७ |
| २. | मैवाखोला गा पा को शिक्षा नियमावली २०७५ | कार्यविधि | २०७५।०१।२० | २०७५।०१।३० |

| | | | | |
|---|---|---|---|---|
| ३. | मैवाखोला गा पा को एम.वि.वि.एस. अध्ययन छात्रवृति सम्बन्धि कार्यविधि २०७९ | कार्यविधि | २०७९।०४।१५ | २०७९।०४।१७ |
| ४. | मैवाखोला गा पा को नमुना विद्यालय विकास तथा सञ्चालन सम्बन्धि कार्यविधि २०७९ | कार्यविधि | २०७९।०५।०६ | २०७९।०६।०६ |
| ५. | मैवाखोला गा पा को बालबिकास केन्द्र तथा सहजकर्ता व्यवस्थापन कार्यविवि २०७९ | कार्यविधि | २०७९।०५।०६ | २०७९।०६।०६ |
| ६. | मैवाखोला गा पा को शिक्षा क्षेत्र व्यवस्थापन गर्न बनेको ऐन २०७९ | ऐन | २०७९।१०।२८ | २०७९।११।०८ |
| ७. | मैवाखोला गा पा को बालबालिका सम्बन्धि ऐन २०७९ | ऐन | २०७९।१०।२८ | २०७९।११।०८ |
| ८. | मैवाखोला गा पा को बाल क्लव तथा गठन तथा सञ्चालन कार्यविधि २०८० | कार्यविधि | २०८०।११।३० | २०८०।१२।०६ |
| ९. | मैवाखोला गा पा स्तरिय आधारभुत तह कक्षा ८ उतिर्ण परिक्षा सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०८० | मापदण्ड | २०८०।११।३० | २०८०।१२।०६ |
| १०. | मैवाखोला गा पा को शिक्षा ऐन | ऐन | २०७५।०१।०७ | २०७५।०१।०७ |

## १.८ गाउँपालिकाको शिक्षा क्षेत्रको वर्तमान अवस्था विश्लेषण

मैवाखोला गाउँपालिकाको शिक्षा क्षेत्रको विद्यमान अवस्था सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौति (SWOT Analyis) विश्लेषण देहाय बमोजिम रहेको देखिन्छ ।

### १.८.१ गाउँपालिकाको शिक्षा क्षेत्रका सबल पक्ष

क) गाउँपालिकाभित्रका विद्यालयहरूको भवन लगायतको भौतिक पक्ष सुदृढ हुँदै गएको ।

ख) शिक्षा, युवा तथा खेलकुद शाखाबाट विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक पक्षको नियमित अनुगमन तथा निरीक्षण प्रणाली चुस्त र नियमित हुनु ।

ग) प्रायः विद्यार्थीहरू अनुशासित र पढाइप्रति सचेत हुनु ।

घ) शिक्षकहरूका लागि आइसिटि तालिमको व्यवस्था गरिएको ।

ङ) विद्यार्थीहरूलाई आवश्यक पाठ्यपुस्तक समयमै वितरण गर्ने गरिएको ।

च) प्राविधिक धारसहितका विद्यालय संचालनमा रहेको ।

### १.८.२ गाउँपालिकाको शिक्षा क्षेत्रका कमजोर पक्ष

क) आइसिटि ल्याव, पुस्तकालय, विज्ञान तथा गणित प्रयोगशाला, पर्याप्त शैक्षणिक सामग्री, शौचालय, शुद्ध खानेपानी, इन्टरनेटको पँहुचलगायत पूर्वाधारको अभाव रहेको ।

ख) पाठ्यक्रमले निर्धारण गरेको कक्षागत सिकाई उपलब्धि न्युन रहेको ।

ग) विद्यालयमा विषयगत शिक्षकको अभाव रहेको ।

घ) विद्यालय व्यवस्थापन समिति एवं सरोकारवालाको भूमिका कमजोर हुनु ।

ङ) शिक्षामा स्थानीय स्रोत र साधनको अर्थपूर्ण प्रयोग हुन नसक्नु ।

### १.८.३ गाउँपालिकाको शिक्षा क्षेत्रका अवसर पक्ष

क) पालिकाबाट शिक्षा क्षेत्रमा बजेट वृद्धि गरेको ।

ख) प्रविधिमैत्री शिक्षण सिकाई क्रियाकलापका लागि जनशक्ति भएको ।

ग) विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरुले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रुपमा रहन सक्ने।

घ) दीगो विकासको लक्ष्य प्रसिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको।

ङ) सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि जनमत सकारात्मक बन्दै गएको।

च) पालिकाको शैक्षिक रूपान्तरणका लागि विज्ञ एवं शैक्षिक अभियान्ताहरुको अग्रसरता रहेको।

### १.८.४ गाउँपालिकाको शिक्षा क्षेत्रका चुनौति पक्ष

क) भौगोलिक विकटताका कारण दक्ष शिक्षक टिकाउन नसक्नु ।

ख) अभिभावकहरूको सामुदायिक विद्यालयप्रतिको आकर्षण र चासो कम रहेको ।

ग) पालिकाको आन्तरिक आय कम हुँदा शिक्षामा पर्याप्त बजेट विनियोजन गर्न नसक्नु ।

घ) अभिभावकको आर्थिक अवस्था कमजोर एवं गरिवीका कारण विद्यालय छोड्ने दर उच्च हुनु ।

ङ) बसाँइसराई गर्ने प्रवृतिमा बृद्धि एवं युवाहरूको विदेश पलायन

च) शिक्षा क्षेत्र नागरिक एवं राजनीतिक पार्टीको प्राथमिकतामा नपर्नु ।

छ) प्रारम्भिक बालविकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु।

ज) नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु ।

झ) बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।

ञ) इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुयाउँनु ।

ट) आधुनिक भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु ।

ठ) आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी

ड) गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु ।

### १.९ अध्ययनको सीमा

यस गुरुयोजना निर्माण कार्यले देश संघीय संरचनामा गएपछिका संघ तथा प्रदेशस्तरीय शिक्षासम्बन्धित सोच तथा योजनाका आधारमा स्थानीय तहमा दिइएका अधिकार तथा साझा अधिकारका विषयसमेतलाई ध्यानमा राखीनेछ । सम्वन्धित पालिका जनप्रतिनिधि कर्मचारी सरोकारवाला सरकारी तथा निजि निकाय स्थानिय समुदायहरुसंग ब्यापक छलफल तथा कार्यशालाबाट प्राप्त तथ्याङ्क र सूचना परिक्षण गरी यथार्थ र वास्तबिकताको नजिक पुग्ने प्रयास गरि सोही आधारमा मैवाखोला गाउँपालिको शिक्षाको रणनीतिक योजनाको प्रतिवेदन तयार गर्ने गरी अध्ययनको सिमा निर्धारण गरिएको छ । समय र बजेट अनुरुप यस रणनीतिक योजनाले मैवाखोला गाउँपालिकाको क्षेत्रलाई मात्र समेटी प्रतिवेदन तयार गरिनेछ ।

# परिच्छेद : दुई

# शिक्षा क्षेत्र योजना

## २.१ सन्दर्भ

नेपालको संविधान, २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ। अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ। शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गरी अगाडि बढ्नु आजको टड्कारो आवश्यकता छ। वि.स.२०१० को "नेपालमा शिक्षा" नामक योजना कार्यान्वयन भए पछि शिक्षामा आम नागरिक र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षा नीति, योजना, कार्यक्रम तथा परियोजनाहरु कार्यान्वयन हुँदै आएका छन्। प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, शिक्षक शिक्षा परियोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परियोजना, सहश्राब्दी विकास लक्ष्य, उच्च शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजनाजस्ता योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा आए। विश्वको बदलिदो परिवेशअनुसार नेपालले राष्ट्रिय स्तरमा बनाएका योजनाहरु र गरेका प्रतिवद्धताहरुलाई पूरा गर्नको लागि शिक्षा विकासका लागि रणनीतिक योजनाले महत्वपूर्ण मार्ग निर्देश गर्ने भएकोले यो योजना तयार गरिएको छ।

शिक्षा मानव विकास र सामाजिक, आर्थिक समृद्धिको महत्त्वपूर्ण आधार हो । संविधानले आधारभूत शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ । राज्यका नीतिले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक र जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी र नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार पार्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै जाने कुरा निर्देशित गरेको छ । शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयनका लागि नेपाल सरकारले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ जारी गरी कार्यान्वयन प्रारम्भ गरेको छ । नेपाल

सरकारले सबैका लागि समावेशी र समतामूलक एवम् गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनभरका लागि सिकाइका अवसर प्रवद्र्धन गर्ने दिगो विकास लक्ष्य प्राप्तिका सन्दर्भमा **शिक्षा २०३०** कार्य ढाँचा तय गरेको छ ।

**गाउँपालिकाको शिक्षाको सन्दर्भ**

यस गाँउपालिकामा आर्थिक वर्ष २०८०÷८१ चैत्र मसान्त सम्म विभिन्न तहका २८ सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या २९७१ र शिक्षक÷शिक्षिका १८२ रहेको छ । सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा कक्षा १० ९क्भ्भ्० को परिक्षामा सहभागी विद्यार्थी संख्या १७६ रहेको छ । कोशी प्रदेशमा विभिन्न विश्वविद्यालयबाट सम्बन्धन प्राप्त २२८ वटा क्याम्पस तथा उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू सञ्चालनमा रहेकोमा यस पालिकामा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेल रहेको छैन । मैवाखोला गाँउपालिकामा अधिकांश विद्यार्थीहरु सामुदायिक विद्यालयमा अध्ययनरत छन् । यो पालिकालाई साक्षर पालिका घोषणा गरिएको छ । यस पालिकामा माध्यमिक, निम्न माध्यमिक र प्राथमिक गरेर कुल २८ ओटा सामुदायिक विद्यालय छन् भने एउटा निजी विद्यालय संचालनमा रहेको छ भने निजी विद्यालयमा छात्र ३९ र छात्रा ४५ गरी कुल ८४ जना विद्यार्थी अध्ययनरत रहेका छन् । शैक्षिक सत्र २०८० मा कोशी प्रदेशमा प्राविधिक धारका शिक्षालयको सङ्ख्या २०६ रहेको छ । यस पालिकामा २ ओटा सामुदायिक विद्यालयमा प्राविधिक धार समेत संचालनमा रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार मैवाखोला गाउँपालिकाको साक्षरता दर ७९.९ प्रतिशत रहेको जसमध्ये पुरुष साक्षरता ८५.४ प्रतिशत र महिला साक्षरता ७४.२ प्रतिशत रहेको छ । यस गाउँपालिकामा माध्यमिक, निम्न माध्यमिक र प्राथमिक तहका गरी २८ वटा विद्यालयहरु रहेका छन् भने प्राविधिक धारका १ वटा विद्यालय रहेका छन् । शत प्रतिशत विद्यालय भर्ना दर रहेको यस गाउँपालिका साक्षर पालिका घोषणा भईसकेको छ । एउटा विद्यालयमा नर्सको व्यवस्था भएको, विद्यालय सुधार योजना निर्माण भएको, केहि विद्यालयमा आइ.सि.टि, साइन्स ल्याब र पुस्तकालय भएको, तालिम प्राप्त शिक्षक, शैक्षिक गुणस्तर प्राप्तिका लागि प्रयास भएको छ ।

दिवा खाजाको व्यवस्था, मातृभाषामा पठनपाठन, इन्टरनेट सुविधा, विद्यालयलाई कुलत/धुर्मपान र मध्यपान रहित बनाइएको, विद्यालयमा बालविकास सहजकर्ता भएको, केहि विद्यालय हरित विद्यालय रहेको अवस्था छ ।

नेपालको संविधानको मौलिक हक अन्तरगत शिक्षाको हक, बालबालिकाको हक लगायत राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा उल्लिखित प्राप्त अधिकारलाई समेत आधार मानी स्थानीय तहको शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाइ स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति उत्पादनका लागि स्पष्ट मार्गचित्र प्रस्तुत गर्ने आशयले सबैको राय सुझाव लिई यो १० वर्षे शिक्षा क्षेत्रको रणनीतिक योजना (सन् २०८१-२०९१) तयार गरिएको छ । यो योजना तयार गर्ने क्रममा यस गाउँपालिकाको अध्यक्षसहित कार्यपालिका सदस्यहरू, सबै विद्यालयका प्रधानाध्यापकहरू, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरु, शिक्षक कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु तथा अन्य सरोकारवालालगायत सबैसँग २ दिने औपचारिक कार्यशालामार्फत वृहत छलफल गरी तथा आवश्यकताअनुसार योजना निर्माण मूल समिति तथा विषयगत समितिसँग भर्चुअल तथा अनौपचारिक छलफलसमेत आयोजना गरी योजना तयार गरिएको छ।

## २.२ दूरदृष्टि

यस रणनीतिक योजनाले मैवाखोला गाउँपालिकाको शिक्षाको दिर्घकालिन सोचको रूपमा **गुणस्तरीय र विश्वस्तरिय मानव संसाधनको अभिवृद्दि, मैवाखोलाको विकास र समृद्दि** तय गरेको छ ।साथै शिक्षाको रूपान्तरणका लागि **समृद्ध मैवाखोलाको आधारः रूपान्तरणकारी शिक्षा र शैक्षिक पूर्वाधार** भन्ने नारा तय गरेको छ ।

गाउँपालिकालाई २५ वर्षभित्र गुणस्तरीय शिक्षा र दक्ष जनशक्ति उत्पादनको उत्कृष्ट शैक्षिक केन्द्र (Centre of Educational Excellence) को रूपमा विकास गर्ने २५ वर्षे दूरदृष्टि कायम गरेको छ ।

## २.३ ध्येय

ध्येयः योजनावद्द तवरले पालिकाको सामाजिक-आर्थिक एवं साँस्कृतिक रूपान्तरणका लागि शिक्षा क्षेत्रको सुधार र रूपान्तरणमार्फत मैवाखोलाको भविष्य निर्माणमा अद्दितीय अवसर सिर्जना गर्ने ।

## २.४ लक्ष्य

गुणस्तरीय शिक्षाको माध्यमबाट दक्ष, सभ्य, अनुशासित, प्रतिस्पर्धी, श्रम र उत्पादनप्रति सकारात्मक, जिम्मेवार, वैज्ञानिक सोच बोकेका नैतिकवान, नवप्रवर्तनशील, रचनात्मक, सिर्जनात्मक, राष्ट्रिय भावना र प्रविधियुक्त तथा आफू मैवाखोलावासी भएकोमा गर्व गर्ने सक्षम जनशक्तिको विकास गर्ने रहेको छ।

## २.५ उद्देश्य

यस रणनीतिक योजनाले मैवाखोला गाउँपालिकामा प्रारम्भिक बाल विकास तथा शिक्षामा पहुंच र गुणस्तरीयता बढाउने, आधारभूत र माध्यमिक शिक्षालाई गुणस्तरीय र जीबनोपयोगी बनाउने, प्राबिधिक र व्यबसायिक शिक्षाको अबसर बढाउने, बैकल्पिक शिक्षालाई शिक्षाको अभिन्न अंगको रुपमा विकास गर्ने, अभिभाबक बिहिन र अपाङ्गता भएकाहरुको लागि विद्यालय तहको शिक्षा सुनिश्चित गर्ने, शिक्षालाई समाबेशी र समतामुलक बनाउने, संस्थागत विद्यालयहरुलाई सेवामूलक बनाउने, शिक्षकको क्षमता विकास गर्ने, जीबनोपयोगी र सीपमुलक विषयबस्तु समाबेश गरी साक्षरोत्तर कार्यक्रमलाई निरन्तरता दिने, शिक्षा प्रणालीमा नब प्रबर्तन र अनुसन्धानमा जोड दिने गरी नीतिगत उद्धेश्यहरू लिएको छ ।यसका विशिष्टकृत उद्धेश्यहरू निम्नानुसार छनः

- मैवाखोलालाई पूर्ण साक्षर पालिका भएको उत्कृष्ट शैक्षिक गन्तव्यको रूपमा विकास गर्नु ।
- सम्पुर्ण बालबालिका एवं नागरिकका लागि सवै तह र प्रकारको शिक्षालाई पँहुचयोग्य, सर्वाङ्गीण विकासमा केन्द्रित, गुणस्तरिय, प्रविधिमैत्री, बालमैत्री र जीवनोपयोगी बनाउनु ।
- गाउँपालिकालाई पूर्ण साक्षर पालिका तुल्याई अनौपचारिक, वैकल्पिक र खुला शिक्षाका माध्यमबाट जीवनपर्यन्त निरन्तर शिक्षाको पहुँच सुनिश्चित गर्नु,
- प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा र सिप विकासमा सबैको समावेशी र समतामूलक पहुँच, समयसापेक्ष र गुणस्तर सुनिश्चित गर्नु,
- सवै शिक्षण संस्थाहरूको सवलिकरण एवं डिजिटलाइजेशन र शिक्षा प्रणालीमा सम्बद्ध जनशक्तिको योग्यता, सक्षमता एवं सचेतना अभिवृद्धि जवाफदेहिता र शैक्षिक सुशासन कायम गर्ने ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षाको दिगो आधार तयार गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री, सिपयुक्त, रोजगारमूलक,

उद्यमशीलउन्मुख र उत्पादनमुखी बनाई ज्ञानमा आधारित समाज र स्वाधिन अर्थतन्त्र निर्माणमा टेवा पुर्याउनु ।

- सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी, सीपयुक्त, वैज्ञानिक र सकारात्मक सोच एवं समालोचनात्मक चिन्तन भएका सचेत र सभ्य, परिवार, समाज र राष्ट्रप्रति प्रतिवद्द र उत्तरदायी नागरिक तयार गर्नु ।

## २.६ शिक्षाको मुलभूत नीति र कार्यनीतिहरू

मैवाखोला गाउँपालिकाको शिक्षा क्षेत्रको विकासका लागि मुलभूत रूपमा १५ वटा नीति तथा ८३ वटा कार्यनीतिहरूको तर्जुमा गरिएको छ ।जुन निम्नानुसार छनः

**१) प्रारम्भिक बालबिकास तथा शिक्षालाई तोकेको राष्ट्रिय मापदण्ड अनुसार पूर्वाधारयुक्त र बालमैत्री बनाउने।**

क. प्रारम्भिक बालबिकास तथा शिक्षामा सुरक्षाको सुनिश्चित गर्ने।

ख. प्रारम्भिक बालबिकास तथा शिक्षामा पोषणयुक्त खाजाको सुनिश्चित गर्ने।

ग. प्रारम्भिक बालबिकास तथा शिक्षामा समुदायको सहभागिता बढाउने।

घ. प्रारम्भिक बालबिकास तथा शिक्षालाई क्रमशः दुई बर्षे बनाउने ।

ङ. प्रारम्भिक बालबिकास तथा शिक्षाका शिक्षकको योग्यता न्यूनतम् कक्षा १२ उत्तिर्ण बनाइ सोही अनुसारको सुबिधा सुनिश्चित गर्ने।

च. सरकारी-समुदाय साझेदारीमा प्रारम्भिक बालबिकास तथा शिक्षा स्थापना र विस्तार गर्ने।

छ. आर्थिक रुपले विपन्न परिवारका बालबालिकालाई निशुल्क प्रारम्भिक बालबिकास तथा शिक्षाको अबसर उपलब्ध गराउने ।

ज. प्रारम्भिक बालबिकास तथा शिक्षाका शिक्षकलाई मन्टेश्वरी तालिमको व्यवस्था गर्ने ।

**२) आधारभूत शिक्षालाई निशुल्क र अनिवार्य गरिने ।**

क. निशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ अनुसार बालबालिकालाई विद्यालय नपठाउने अभिभाबकलाई गाउँपालिकाबाट दिइने सेवा सुबिधा कटौती गरिने ।

ख. प्रत्येक शैक्षिक सत्रको शुरुमा अभियानको रुपमा सबै बालबालिकालाई विद्यालय भर्ना गराउने ।

ग. सवै आधारभूत तहका सामुदायिक विद्यालयमा समुदाय र अभिभावको चासो र सहभागित वृद्धि गर्ने ।

घ. फरक क्षमता भएका बालबालिकाको लागि आवश्यकतानुसार विशेष विद्यालय स्थापना गर्ने।

ङ. गाउँ पालिकाभित्रका बालबालिकालाई पालिका भित्रैका पायक पर्ने विद्यालयमा अध्ययन गर्ने व्यबस्था मिलाउने।

च. विद्यालय छाड्ने दर घटाउन दीवाखाजा, निशुल्क पाठ्यपुस्तक, विद्यालय पोशाक, शैक्षिक सामग्री, छात्रवृति लगायतका सुबिधा र कार्यक्रमलाई प्रभाबकारी बनाउने।

**३) माध्यमिक शिक्षामा सबैको पहुंच सुनिश्चित गर्ने।**

क. सबैको लागि माध्यमिक शिक्षा निशुल्क बनाउने।

ख. माध्यमिक तहमा प्राविधिक धारका विषय थप गर्ने।

ग. कमाउंदै पढ्दै कार्यक्रमलाई परीक्षण गरि क्रमशः लागु गर्ने।

घ. कक्षा १० सम्म संचालित विद्यालयको पूर्वाधार बढाई कक्षा १२ सम्म पुर्याउने।

ङ. माध्यमिक शिक्षामा सहकारी, सरकारी, निजी र साझेदारीको अभ्यास शुरु गर्ने।

च. परम्परागत शैलीमा चलेका सिकाइ केन्द्र वा विद्यालय (गुरुकुल, गुम्वा, गुठी आदि) लाई उत्थान गरी साधारण विद्यालय सरह सँचालन र व्यबस्थापन गर्ने।

**४) अनुशासन, उत्प्रेरणा, सापेक्ष चेतना, क्षमता र सीप सहितको पूर्ण साक्षर मैवाखोला बनाउने।**

क. साक्षरोत्तर कार्यक्रमको लागि वडा मार्फत घरधुरी सर्वेक्षण गर्ने।

ख. मैवाखोला बासीलाई जीवनोपयोगी र सीपमुलक कार्यक्रम संचालन गरी आत्मनिर्भर बनाउने।

ग. प्रत्येक वडामा कम्तिमा एउटा एउटा अध्ययन-अनुशासन केन्द्र वा वाचनालय वा पुस्तकालय वा सिकाई केन्द्र स्थापना गर्ने।

घ. संचालनमा रहेका सामुदायिक सिकाई केन्द्र, बाल क्लब, वाचनालय, पुस्तकालय आदिको प्रभावकारीता र कार्यदक्षता बढाउने।

ङ. क्षमता र सीप सहितको साक्षरोतर कार्यक्रममा निजी र गैर सरकारी संस्थाहरुको सहभागितामा बढाउने ।

छ. गाउँपालिकामा कम्तिमा एक वटा स्थानीय स्रोत, साधन, सिप, प्रविधिको पहिचान र सम्भावना पहिल्याउने गरी अध्ययन अनुसन्धान केन्द्र स्थापना गर्ने ।

**५) मैवाखोला भित्रका विद्यालयहरूमा गुणस्तरीय र विश्वस्तरी शिक्षाको प्रत्याभूत गराउने।**

क. शिक्षण सिकाइ कृयाकलापमा आधुनिक प्रविधिको प्रयोग गर्ने।

ख. प्रत्येक विद्यार्थीको न्यूनतम् सिकाइ उपलब्धि सुनिश्चित गर्ने।

ग. गाउँपालिका अध्यक्ष एवं प्रशासकीय अधिकृतमार्फत पालिकाको शिक्षा शाखासँग, गाउँपालिका शिक्षा शाखामार्फत प्रधानाध्यापकसँग र प्रधानाध्यापकमार्फत शिक्षकहरूसँग हरेक वर्ष कार्य सम्पादन सम्झौता गर्ने, सार्वजनिक गर्ने र सम्झौता कार्यान्वयनको लेखाजोशा गर्ने।

घ. विद्यार्थी सिकाई उपलब्धीको परीक्षण गर्ने।

ङ. सबै सामुदायिक विद्यालयमा योग्य र सक्षम शिक्षकको सुनिश्चित गर्ने।

च. शिक्षकलाई पेशागत क्षमता अभिबृध्दिको लागि सहयोग उपलब्ध गराउने।

छ. शैक्षिक तथा भौतिक पूर्वाधार लैङ्गिक मैत्री, अपाङ्गता मैत्री र बालमैत्री कायम गर्ने।

ज. प्रत्येक विद्यालयको एक छुट्टै पहिचान एवं अद्वितीय बिक्री बिन्दु/प्रस्ताव(Unique Selling Point/Proposition) निर्माण गर्ने ।

**६) शैक्षिक सुशासन कायम गर्ने।**

क. प्रत्येक बर्ष विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान गर्ने ।

ख. विद्यालय व्यबस्थापन समिति र शिक्षक अभिभाबक संघलाई विद्यालय व्यबस्थापनमा जिम्मेवार र जवाफदेही बनाउने।

ग. विद्यालय दैनिक व्यवस्थापन र परिचालनमा प्रधानाध्यापकलाई जिम्मेबार एवं जवाफदेही वनाउने।

घ. विद्यालयहरुको सामाजिक परीक्षणलाई अझ विश्वासिलो र भरपर्दो बनाइ निरन्तरता दिने।

ङ. सबै विद्यालय, प्रधानाध्यापक, शिक्षक र कर्मचारिहरुको लागि आचारसंहिता बनाइ लागु गर्ने।

च. विद्यालय सबै किसिमका शिक्षक र कर्मचारीको सेवाको सुरक्षा र सुबिधाको सुनिश्चित गर्ने।

छ. शिक्षक कर्मचारीलाई मासिक रुपमा तलब भता निकासा दिने।

ज. प्रत्येक बर्ष EMIS अद्यावधिक गराउने।

झ. पालिकाभित्र संचालन हुने ट्युसन, कोचिङ्ग, ब्रिजकोर्ष, भाषा तयारी कक्षा एवं शैक्षिक परामर्श संचालन गर्ने आदि संस्थालाई नियमन गर्ने।

ञ. प्रधानाध्यापकको नियुक्ति सोचपत्र र प्रस्तुतिका आधारमा गर्ने कार्यको क्रमशः थालनी गर्ने ।

**७) समयानुकुल स्थानीय पाठ्यक्रम निर्माण र परिमार्जन गरिने ।**

क. मानवीय मुल्य मान्यता र जीवनोपयोगी सीप जस्ता विषयको पठनपाठनमा जोड दिने।

ख. स्थानीय पाठ्यक्रमको समयानुकुल पुनर्लेखन तथा परिमार्जन गरिने।

ग. पुरातात्विक, साँस्कृतिक, धार्मिक र पर्यटकीय जस्ता नयाँ विषयका स्थानीय पाठ्यक्रमको पहिचान गर्ने।

घ. स्वस्थ प्रतिस्पर्धात्मक रुपमा अतिरिक्त कृयाकलाप संचालन गराउने ।

**८) सबै बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन विद्यालय व्यबस्थापन र टोललाई जिम्मेवार बनाउने ।**

क. विद्यालयको नक्साङ्कनको आधारमा मात्र नयाँ विद्यालय खोल्न वा कक्षा थप गर्न अनुमति दिने।

ख. गाउँपालिका भित्रका विद्यालयमा अध्ययन गर्ने अभिभावक बिहिन र मैवाखोला बाहिर बसोबास गर्ने बालबालिकाहरुको ट्र्याकिङ गरि विद्यालय नछाड्ने अवस्थाको सुनिश्चित गर्ने।

ग. गाउँपालिका भित्रका बालबालिकालाई पालिका भित्रैका विद्यालयमा चाहे अनुसारको शिक्षा प्राप्तिको व्यवस्था गर्ने।

घ. अपाङगता भएका, बिपन्न, द्वन्दपिडित र कठीन अबस्थामा रहेका बालबालिकाहरुको शिक्षामा पहुंच सुनिश्चित गर्ने।

ङ. सबै विद्यालयहरु बालमैत्री, प्रविधिमैत्री, सिकाइमैत्री भौतिक पूर्वाधारयुक्त बनाउने।

च. विद्यालय व्यवस्थापनमा व्यवस्थापन समिति र प्रधानाध्यापकलाई जिम्मेबार बनाउने ।

छ. बालबालिकालाई अनिवार्य विद्यालय पठाउन र घरमा पढ्ने वातावरण सिर्जना गर्न अभिभावक र टोल, समुदायलाई जिम्मेबार बनाउने।

ज. अभिभावक शिक्षा तथा सचेतना कार्यक्रमलाई हरेक वर्ष उत्सवको रूपमा गर्ने ।

**९) मातृभाषामा आधारभूत शिक्षा उपलब्ध गराउने प्रक्रियाको क्रमशः थालनी गर्ने ।**

क. समुदायको माग र सहमतिको आधारमा मातृभाषालाई पढाइको माध्यम बनाउने।

ख. विद्यालयका कक्षाहरु विद्यालयको सुविधा र विद्यार्थी र अभिभाबकको चाहनाबमोजिम अंग्रेजी वा नेपाली वा दुबै माध्यमबाट पठनपाठन गर्ने सक्ने व्यवस्था मिलाइने।

ग. समुदायको माग र सहमतिको आधारमा मातृभाषाका पाठ्यक्रम र पाठ्यपुस्तक लागु गरिने ।

**१०) माध्यमिक तहमा प्राबिधिक तथा व्यवसायिक शिक्षाको व्यबस्था क्रमशः थप गर्दै जाने।**

क. प्राविधिक शिक्षा तथा व्यवसायिक सीपको नक्साङ्कन गरी आवश्यकतानुसार प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्रहरु स्थापना गरिने।

ख. प्रत्येक परिवारमा कम्तिमा एकजना रोजगार हुने गरी सीपमुलक कार्यक्रम संचालन गरिने। यस्को लागि निजी क्षेत्रलाई समेत संलग्न गराइने।

ग. सीप हासिल गरेका युवालाई स्वरोजगारको लागि शिक्षा कोष खडा गरी सो मार्फत सहुलियत दरमा ऋण उपलब्ध गराउन सहजिकरण गरिने

घ. प्राविधिक शिक्षाका कार्यक्रमलाई प्रयोगात्मक र व्यवहारिक बनाउन उद्योगी व्यापारीहरुसंग सहकार्य गरिने ।

**११) संस्थागत विद्यालयलाई नियमन गरी सेवामुलक बनाउने।**

क. संस्थागत विद्यालयहरुको विस्तृत विवरण प्रतेक बर्ष अद्यावधिक गराउने।

ख. संस्थागत विद्यालयहरुले गरीब तथा जेहन्दार विद्यार्थीलाई कोटा अनुसार छात्रवृति प्रदान गराउने।

ग. संस्थागत विद्यालयहरुको समेत सहभागिता र पालिकाको सहमतिमा न्यायोचित शुल्क निर्धारण गर्ने।

घ. संस्थागत विद्यालयहरुको नियमित अनुगमन र मूल्याङ्कन गर्ने।

ङ. संस्थागत विद्यालयहरुबाट प्रदान गरिने शिक्षालाई सुलभ बनाउने।

**१२) विद्यालय अनुगमन निरीक्षण र सुपरीवेक्षण प्रणालीको विकास गरी विद्यालयको व्यवस्थापन र गुणस्तरमा सुधार गर्ने।**

क. विद्यालय अनुगमन तथा मूल्याङ्कन संयन्त्र बनाउने।

ख. नियमित रुपमा विद्यालयहरुको अनुगमन र सुपरीवेक्षण गर्ने।

ग. विद्यालयहरुको अनुगमन र सुपरीवेक्षणमा प्रधानाध्यापकलाई जिम्मेवार बनाउने।

घ. विद्यालय व्यबस्थापन समिति र स्थानीय समाजसेवी/शिक्षाविद्लाई आबश्यकतानुसार विद्यालयहरुको अनुगमनमा परिचालन गर्ने।

**१३) विद्यालय र समुदायको सम्बन्ध सुमधुर बनाउने।**

क. समुदाय र स्वास्थ केन्द्र समेतको सहभागितामा एक विद्यालय एक नर्स कार्यक्रम लागु गर्ने ।

ख. सहभागितामूलक विद्यालय सुधार योजनालाई निरन्तरता दिने।

ग. विद्यालयको ३०० मिटर वरिपरी मदिरा बेचविखन गर्न र अबान्छित गतिबिधि गर्न नदिने।

घ. विपतको व्यबस्थापनमा विद्यालयले अगुवाई गर्ने।

ङ. समय समयमा अभिभाबक भेला र अन्तरक्रिया राखी विद्यालय प्रति अभिभाबकको अपनत्व बढाउने।

च. समुदायको माग र सहभागितामा बाल उद्यान एवं विद्यालय बँगैचा र बाल करेसाबारी निर्माण गर्ने।

**१४) शिक्षामा लगानी बढाउने।**

क. पालिकामा शिक्षा कोष खडा गर्ने।

ख. शिक्षा कोषको लागि आन्तरीक र बाह्य श्रोतको पहिचान र परिचालन गर्ने।

ग. शिक्षामा दिंदै आएको बजेटमा बढोत्तरी गर्ने।

**१५) शैक्षिक उपलब्धिको मापन गर्ने।**

क. विद्यार्थी सिकाइ र सिप विकास उपलब्धिको स्तर मापन गर्ने।

ख. विद्यालयको मूल्याङ्कन गरी स्तरीकरण गर्ने।

ग. प्रधानाध्यपक र शिक्षकहरुको कार्य सम्पादन स्तरको मूल्याङ्कन गरी पुरस्कृत गर्ने,

घ. समग्र नगरपालिकाको शैक्षिक उपलब्धीको मापन गर्ने,

ङ. शिक्षाको रूपान्तरणमा लाग्ने शिक्षक, अभिभावक, शिक्षासेवा वा जोसुकैमध्ये उत्कृट्टलाई गाउँपालिकाको विशेष अवसरको दिनमा सार्वजनिक रूपमा उत्कृष्ट शिक्षा वर्ष व्यक्ति घोषणा गर्ने ।

## २.५ मूख्य रणनीतिहरु

१. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु,

२. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु,

३. मा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु,

४. गाउँपालिकालाई पूर्ण साक्षर पालिका तुल्याई अनौपचारिक, वैकल्पिक र खुला शिक्षाका माध्यमबाट जीवनपर्यन्त निरन्तर शिक्षाको पहुँच सुनिश्चित गर्नु,

५. प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासमा सबैको समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु,

६. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु,

७. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु,

८. गाउँपालिकाको शिक्षा हेर्ने निकाय र सबै प्रकारका शैक्षिक संस्थाहरूमा सुशासन प्रवर्द्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु,

९. शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्न पालिकाको प्राथमिकताका आधारमा पर्याप्तता, समन्यायिकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु,

१०. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधताअनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्नु,

११. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गर्दै आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु,

१२. सङ्घ र प्रदेश सरकारसँग समन्वय गरी विद्यार्थी सङ्ख्याको अनुपातमा तहगत र विषयगत शिक्षक व्यवस्थापन गर्नु ।

१३. नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय पाठ्यक्रम, गाउँपालिकाबाट स्वीकृत स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको प्रभावकारी कार्यान्वयन गर्नु,

१४. निजी लगानीका सबै प्रकारका शिक्षण संस्थाहरूलाई नियमन, वर्गीकरण र स्तरीकरण गरी विद्यालयले लिने शुल्कको निर्धारण र अनुमानयोग्य बनाइने छ ।

१५. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रूपमा एकीकृत गर्दै विद्यालय शिक्षालाई डिजिटलाइज गरी प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाइनेछ ।

१६. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण संस्थाहरूको प्रभावकारी अनुगमन, निरीक्षण तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ ।

१७. आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि विद्यालयको शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत एवम् जनशक्ति व्यवस्थापन गरिनेछ ।

१८. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको निर्माण तथा विकास गरी प्रभावकारी कार्यान्वयनमा लगिनेछ

१९. प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा लागत साझेदारीको सिद्धान्तका आधारमा पालिकाबाट स्रोत परिचालन तथा व्यवस्थापन गरिनेछ ।

२०. शिक्षा, युवा तथा खेलकुद शाखाको सुदृढीकरण र सबलीकरण गरी शिक्षासँग सम्बन्धित संरचनाहरूलाई दक्षतापूर्ण, प्रभावकारी र नतिजामूलक बनाइनेछ ।

२१. सङ्घीय सरकार र प्रदेशको प्रदेशस्तरीय कानुनसँग नबाँझिने गरी शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

## २.६ अपेक्षित मुख्य उपलब्धि

**यस रणनीतिक योजनाको कार्यान्वयनको अन्तिम वर्षसम्ममा देहायअनुसारका मुख्य नतिजा हासिल हुने प्रक्षेपण गरिएको छः-**

(१) सबै बालबालिकाहरूले मापदण्डमा आधारित गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षाको पँहुच र अवसर प्राप्त गरेका हुने छन् ।

(२) सबै शैक्षिक संस्थामा बालमैत्री न्यूनतम भौतिक तथा शैक्षिक पूर्वाधार स्थापना भएको हुनेछ ।

(३) प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना हुनेको प्रतिशत १०० पुगेको हुने छ।

(४) आधारभूत शिक्षाको खुद भर्नादर १०० प्रतिशत पुगेको हुनेछ ।

(५) स्थानीय पाठ्यक्रम तथा पाठघसामग्री बिकास, शैक्षिक योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनसम्बन्धमा गाउँपालिकाको संस्थागत क्षमता विकास हुनेछ ।

(६) आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको समयानुकुल परिमार्जन गरी समय सापेक्ष बनेको हुनेछ ।

(७) स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू, स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्ने महत्वपूर्ण साधन भएको हुनेछ।

(८) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षाको न्युनतम आधार तयार भएको हुनेछ ।

(९) सवै तहका शिक्षकका लागि नियमितरूपमा समयानुकुल क्षमता विकासका अवसर प्राप्त भएको हुनेछ ।

(१०) गाउँपालिकाका सवै नागरिकका लागि समयसापेक्ष साक्षरता, निरन्तर शिक्षा, र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुनेछ ।

(११) सुरक्षित र उपयुक्त भौतिक पूर्वाधारसहितको माध्यमिक शिक्षामा समतामूलक पहुँच अभिवृद्धि हुन गई कक्षा ९-१२ को खुद भर्नादर १०० प्रतिशत पुगेको हुनेछ ।

(१२) सबै तहको शिक्षण सिकाइ वातावरणमा सुधार ल्याउन STEAM Approach लगायतका नयाँ र नविनतम शैक्षणिक विधिको प्रयोगमार्फत शिक्षाको गुणस्तर वृद्धि भएको हुनेछ ।

(१३) गाउँपालिकाको शिक्षा शाखा, विद्यालय तथा शिक्षकको डिजिटलाइजेशनमार्फत शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा सूचना, सञ्चार-प्रविधिलाई अङ्गिकार गरिएको हुनेछ ।

(१४) प्राविधिक शिक्षामा लक्षित समूहको पहुँच अभिवद्धि गर्न प्रोत्साहनमूलक कार्यक्रमको व्यवस्था भएको हुनेछ।

(१५) प्राविधिक शिक्षामा केन्द्रित रही माध्यमिक विद्यालयहरूको सुदृढीकरण भएको हुनेछ ।

(१६) शैक्षिक निकायहरूमा सुशासन कायम भई सिकाइप्रति उत्तरदायी पद्धतिको विकास हुनेछ ।

(१७) विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आउनुका साथै स्वच्छ खानेपानी तथा सरसफाइको व्यवस्था र प्रयोगमा भएको हुनेछ ।

(१८) आर्थिक अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित नहुने सुनिश्चिचता भएको हुनेछ।

(१९) हरेक परिस्थितिमा बालबालिकाले भौतिक तथा मनोवैज्ञानिक सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुनेछ।

(२०) समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रवर्धन भएको हुने।

(२१) शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।

(२२) प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनकासमस्या तथा चुनौतीहरुसम्बोधन गरीआवश्यकतामा आधारित योजना निर्माण भएको हुने।

(२३) Green & Clean Schoolको अवधारणा अनुरुप उल्लेख्य प्रगति हुने र विद्यालय कार्यालयको काममा Paper less Concept मा सवै कक्षा ६ भन्दा माथि सञ्चालित विद्यालयमा देखिने प्रगति हुने।

(२४) सामुदायिक विद्यालयप्रति विद्यमान धारणामा परिवर्तन आइ सकारात्मक धारणा विकास हुने ।

## २.७ प्रमुख उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य

**१. प्रारम्भिक बाल विकास तथा शिक्षाको उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचकहरू | आधार वर्ष (२०८१) को अवस्था | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| १.१ | कुल भर्नादर | ९० | ९२ | ९४ | ९६ | ९७ | ९८ |
| १.२ | ४ वर्षका बालबालिकाको भर्ना अनुपात | ८५ | ८८ | ९० | ९२ | ९४ | ९५ |
| १.३ | न्युनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ८६ | ८८ | ९० | ९२ | ९४ | ९६ |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९० | ९२ | ९४ | ९५ | ९६ | ९८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.५ | कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ८० | ८३ | ८८ | ९० | ९२ | ९५ |

## २. आधारभूत शिक्षाको उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचकहरू | आधार वर्ष (२०८१) को अवस्था | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| २.१ | कक्षा १ मा कुल प्रवेश दर | १०४.४ | राष्ट्रिय मापदण्ड र स्थानीय आवश्यकताअनुसार कायम गर्ने | | | | |
| २.२ | कक्षा १ मा खुद प्रवेश दर | ९६.६ | राष्ट्रिय मापदण्ड र स्थानीय आवश्यकताअनुसार कायम गर्ने | | | | |
| २.३ | कक्षा १-५ मा कुल भर्ना दर | १०५.७ | राष्ट्रिय मापदण्ड र स्थानीय आवश्यकताअनुसार कायम गर्ने | | | | |
| २.४ | कक्षा १-५ मा खुद भर्ना दर | ९५.७ | राष्ट्रिय मापदण्ड र स्थानीय आवश्यकताअनुसार कायम गर्ने | | | | |
| २.५ | कक्षा १-८ मा कुल भर्ना दर | १११.१ | राष्ट्रिय मापदण्ड र स्थानीय आवश्यकताअनुसार सुधार गर्ने | | | | |
| २.६ | कक्षा १-८ मा खुद भर्ना दर | ९६.५ | राष्ट्रिय मापदण्ड र स्थानीय आवश्यकताअनुसार सुधार गर्ने | | | | |
| २.७ | कक्षा १-८ मा खुद भर्ना दरमा लैङ्गिक समता सुचकाङ्क | १.०९ | राष्ट्रिय मापदण्ड र स्थानीय आवश्यकताअनुसार महिलाको संख्या वृद्धि गर्ने | | | | |
| २.८ | कक्षा ८ मा टिकाउ दर (%) | ८८.१ | ९० | ९२ | ९४ | ९६ | ९८ |
| २.९ | आधारभूत शिक्षा पुरा गर्ने दर (%) | ५३ | ५५ | ६० | ६५ | ७० | ७५ |
| २.१० | ५-१२ वर्ष उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाको संख्या | ११० | १०० | ८० | ६० | ४० | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.११ | कक्षा १-५ को उतिर्णदर (%) | ९७ | ९७.५ | ९८ | ९९ | १०० | १०० |
| २.१२ | कक्षा १-८ को उतिर्णदर(%) | ९४.२ | ९५ | ९६ | ९७ | ९८ | ९९ |
| २.१३ | कक्षा १-५ को कक्षा दोहो¥याउने दर (%) | ०.४२ | ०.३५ | ०.३० | ०.२५ | ०.२० | ०.१० |
| २.१४ | कक्षा १-८ को कक्षा दोहो¥याउने दर (%) | ५.७ | ५ | ४ | ३ | २ | १ |
| २.१५ | कक्षा १-५ को विद्यालय छाड्ने दर (%) | ०.६२ | ०.५० | ०.४५ | ०.४० | ०.३५ | ०.२० |
| २.१६ | कक्षा १-८ को विद्यालय छाड्ने दर (%) | १९ | १७ | १५ | १२ | १० | ५ |

## ३. माध्यमिक शिक्षाको उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचकहरू | आधार वर्ष (२०८१) को अवस्था | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| माध्यमिक शिक्षा | | | | | | | |
| ३.१ | कक्षा ९-१० मा कुल भर्ना दर (%) | १०५.३ | राष्ट्रिय मापदण्ड र स्थानीय आवश्यकताअनुसार सुधार गर्ने | | | | |
| ३.२ | कक्षा ९-१० मा खुद भर्ना दर (%) | ९६.७ | | | | | |
| ३.३ | कक्षा ९-१२ मा कुल भर्ना दर (%) | १०६.३ | | | | | |
| ३.४ | कक्षा ९-१२ मा खुद भर्ना दर(%) | ८५.९६ | | | | | |
| ३.५ | कक्षा ११-१२ को कुल भर्ना दर (%) | १०८.५ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.६ | कक्षा ११-१२ को खुद भर्ना दर (%) | ७६ | | | | | |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर (%) | ७३ | ७५ | ७८ | ८० | ८२ | ८५ |
| ३.८ | कक्षा १२ सम्मको टिकाउदर (%) | २९ | ३५ | ४० | ४५ | ५० | ६० |
| ३.९ | कक्षा १-१२ मा खुद भर्ना दरमा लैङ्गिक समता सुचकाङ्क (%) | १.१५ | राष्ट्रिय मापदण्ड र स्थानीय आवश्यकताअनुसार लैङ्गिक समता कायम गर्ने | | | | |
| ३.१० | कक्षा ९-१० को उतिर्णदर (%) | २७.२ | ३५ | ४० | ४५ | ५० | ५५ |
| ३.११ | कक्षा ९-१० को कक्षा दोहो¥याउने दर (%) | ५ | ४ | ३ | २.५ | २ | १ |
| ३.१२ | कक्षा ९-१० को विद्यालय छाड्ने दर (%) | ५१ | ४५ | ४० | ३५ | ३० | २५ |
| ३. अनौपचारिक शिक्षा | | | | | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर (%) | ५५ | ६० | ६५ | ७० | ७५ | ८० |
| ४.२ | १५-२४ को साक्षरता दर (%) | ४५ | ५० | ५५ | ६० | ६५ | ७० |
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर(%) | ३५ | ४० | ४५ | ५० | ५५ | ६० |
| ४. महिला शिक्षक अनुपात | | | | | | | |
| ५.१ | आधारभूत तह | ५४.२ | राष्ट्रिय मापदण्ड र स्थानीय आवश्यकताअनुसार लैङ्गिक समता कायम गर्ने | | | | |
| ५.२ | माध्यमिक तह | १६ | १८ | २० | २५ | २७ | ३० |
| ५. शिक्षा क्षेत्रको बजेट प्रतिशत | | | | | | | |

| | | | |
|---|---|---|---|
| ६.१ | संघीय सरकारबाट प्राप्त बजेटमा शिक्षा क्षेत्रको बजेट प्रतिशत | १० | शिक्षामा विनियोजन गरिने बजेट प्रतिशत बढाउन पहल गर्ने |
| ६.२ | प्रदेश सरकारबाट प्राप्त बजेटमा शिक्षा क्षेत्रको बजेट प्रतिशत | ८ | शिक्षामा विनियोजन गरिने बजेट प्रतिशत बढाउन पहल गर्ने |
| ६.३ | गाउँपालिकाबाट विनियोजना हुने बजेटमा शिक्षा क्षेत्रको बजेट प्रतिशत | १२ | शिक्षामा विनियोजन गरिने बजेट प्रतिशत बढाउन पहल गर्ने |

स्रोतः पालिकाको शिक्षा शाखा, मैवाखोला गाउँपालिका

## २.८ शिक्षा क्षेत्रमा सक्रिय सरोकारवालाहरुको सूची

| **संघिय स्तरका सरकारी र अन्य सरोकारवाला निकायहरु** | |
|---|---|
| निकायको नाम | प्रमुख भूमिका |
| शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (**MoEST**) | राष्ट्रिय शिक्षा नीति निर्माण, योजना, बजेट, अन्तरसरकारी समन्वय |
| नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | विज्ञान तथा प्रविधिको क्षेत्रमा अध्ययन अनुसन्धार र प्रवर्द्धन |
| राष्ट्रिय परीक्षा बोर्ड (**NEB**) | कक्षा १० र १२ को परीक्षा सञ्चालन, पाठ्यक्रम विकास, नतिजा प्रकाशन |
| शिक्षा तथा मानव स्रोत विकास केन्द्र (**CEHRD**) | शिक्षक तालिम, शिक्षकको पेशागत विकास |
| पाठ्यक्रम विकास केन्द्र | विद्यालय शिक्षाका लागि पाठ्यक्रम, पाठ्यपुस्तकहरू र अन्य निर्देशनात्मक सामग्रीहरू विकास |
| शिक्षक सेवा आयोग | शिक्षक र अन्य शैक्षिक कर्मचारीको छनोट प्रक्रिया |

| | |
|---|---|
| राष्ट्रिय योजना आयोग (**NPC**) | शिक्षा नीति योजना र निगरानीमा भूमिका |
| विश्वविद्यालयहरू | उच्च शिक्षा प्रदायक निकाय |
| प्रदेश स्तरका सरकारी र अन्य संस्थाहरु | |
| शिक्षा क्षेत्र हेर्ने प्रदेश मन्त्रालय (७ वटै प्रदेशमा) | प्रदेशस्तरीय शिक्षा कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्यांकन |
| शिक्षा निर्देशनालय | प्रदेशभित्रका जिल्लास्तरीय समन्वय, विद्यालय निरीक्षण, शिक्षक तालिम |
| प्रदेश परीक्षा बोर्ड (प्रदेशमा गठन हुँदै) | प्रदेशस्तरीय आन्तरिक परीक्षा प्रणाली विकास |
| **स्थानीय तहका सरकारी एवं अन्य संस्थाहरु** | |
| गाउँपालिका/नगरपालिकाको शिक्षा शाखा | विद्यालय व्यवस्थापन, शिक्षक नियुक्ति, स्थानीय पाठ्यक्रम कार्यान्वयन |
| वडा शिक्षा समिति | वडा स्तरमा विद्यालयको अनुगमन र आवश्यकता पहिचान |
| विद्यालय व्यवस्थापन समिति (SMC) | विद्यालय संचालनमा अभिभावक र समुदायको सहभागिता |
| विद्यालय स्तरका शिक्षक कर्मचारीहरू | प्रत्यक्ष सिकाइ प्रक्रिया, मूल्यांकन र शैक्षिक वातावरण विकास |
| **शिक्षा क्षेत्रमा सक्रिय राष्ट्रिय स्तरका छाता सँगठनहरु** | |
| नेपाल शिक्षक महासंघ | शिक्षक हकहित, नीति बहसमा प्रभाव |
| विद्यालय व्यवस्थापन समिति महासंघ | अभिभावक पक्षबाट नीति निर्माणमा आवाज |
| शिक्षा पत्रकार समाज (Education Journalists Group) | शिक्षा नीतिमा जनसञ्चार माध्यममार्फत जनचेतना र निगरानी |

| | |
|---|---|
| नेपाल निजी विद्यालय संघ (PABSON) | निजी विद्यालयको प्रतिनिधित्व र नीति पैरवी |
| नेपाल राष्ट्रिय निजी तथा आवासीय विद्यालय संघ (NPABSAN) | आवासीय विद्यालयको सञ्जाल र प्रतिनिधित्व |
| Higher Institutions and Secondary Schools' Association Nepal (HISSAN) | उच्च माध्यमिक विद्यालयहरूको समन्वय |
| National Campaign for Education Nepal (NCE-Nepal) | नीति अनुसरण, शिक्षा अधिकार पैरवी, नागरिक सहभागिता |
| अन्य सरोकारवाला निकाय र साझेदारहरू | |
| अभिभावकहरू / समुदाय | विद्यार्थीको सिकाइमा प्रत्यक्ष प्रभाव पार्ने पक्ष |
| विद्यार्थी संगठनहरू | नीतिमा दबाब सिर्जना, शिक्षा सुधारको माग |
| NGO/INGO (e.g., UNICEF, Save the Children, Room to Read) | शिक्षा पहुँच, बाल अधिकार, पाठ्यसामग्री वितरण, विशेष शिक्षामा सहयोग |
| Donor Agencies (World Bank, ADB, DFID, EU) | शिक्षा क्षेत्रको संरचनागत विकासमा लगानी |
| शिक्षा विज्ञ, अनुसन्धानकर्ता, विश्वविद्यालयहरू | नीति निर्माणमा सुझाव, अध्ययन अनुसन्धान, पाठ्यक्रम विकास |

## २.९ मार्ग निर्देशक सिद्धान्तहरु

शिक्षा क्षेत्रको विकास र रूपान्तरणका मार्गदर्शक सिद्धान्तहरूको महत्वपूर्ण योगदान रहन्छ । मैवाखोला रणनीतिक योजनाको सफल कार्यान्वयनका लागि तल उल्लिखित मार्ग निर्देशक सिद्धान्तहरु अवलम्बन गरिनेछन्:

- समावेशी शिक्षा प्रवर्द्धन

- गुणस्तरीय र न्यायसंगत शिक्षा सुनिश्चितता
- शिक्षामा समान पहुँच र अवसर
- सहभागितामूलक निर्णय प्रक्रिया
- शिक्षकको क्षमता विकास र पेशागत गरिमा
- बालमैत्री र सिकाइकेन्द्रित वातावरण
- शिक्षा प्रणालीमा सूचना प्रविधिको उपयोग
- स्थानीय सन्दर्भअनुसार पाठ्यक्रमको विकास
- शिक्षा प्रणालीमा नवप्रवर्तन र लचीलोपन
- मूल्यमा आधारित शिक्षा (नैतिक, सामाजिक, सांस्कृतिक)
- पारदर्शिता र उत्तरदायित्व
- बहु-क्षेत्रीय समन्वय र सहकार्य
- शिक्षामा लैङ्गिक समानता
- आजीवन सिकाइ (**Lifelong Learning**) को प्रवर्द्धन

माथि उल्लेखित बुँदाहरूका साथै गाउँपालिकाको शैक्षिक गुणस्तर तथा आर्थिक—सामाजिक लाभका लागि एकीकृत शिक्षा विकास, समुदायको सहभागिता र शिक्षाको समतामुलक वितरण, नीतिगत व्यवस्था, संस्थागत सुधार र समावेशी शिक्षाको विकास, एकताबद्ध पहल र साझेदारी विकास, सहभागितामूलक शिक्षा प्रशासन र योजनाको विकेन्द्रीकरण, स्थानीय पाठ्यक्रमको विकास र कार्यान्व्यन, शिक्षा क्षेत्रको स्रोतको समुचित उपयो, समानता र समतामूलक शैक्षिक विकास एवं दिगो र उत्तरदायी शैक्षिक प्रवर्द्धनलाई समेत ध्यानमा राखेर यस रणनीतिक योजनाको कार्यान्व्यन गरिने छ ।

## २.१० योजना अवधि र शिक्षा विकासको अवधारणा

यस रणनीतिक योजनाको अवधि पाँच वर्षको हुनेछ । पाँच वर्षपछि योजनाको कार्यान्वयन समिक्षा गरी परिमार्जन अथवा दोस्रो रणनीतिक योजना तयार गरिनेछ । गाउँपालिकाको शिक्षा विकासको अवधारणामा नेपालको सन्दर्भ अथवा विश्वस्तरमा प्रचलनमा आउन सक्ने नविनतम ज्ञान, सिप र प्रविधि तथा अवधारणालाई समयानुकुल प्रयोगमा ल्याइने छ ।

## २.११ रणनीतिक योजनाका प्राथमिकताहरू

यस गाउँपालिकामा अवलम्बन गरिने शिक्षा क्षेत्रको दिगो विकास र व्यवस्थापनबाट समग्र गाउँबासीले उपयुक्त लाभ हासिल गर्न सक्ने देखिन्छ । शिक्षाको सवार्ङगिण विकासमा विशेष जोड दिँदै यसबाट हुने बृहत्तर फाइदालाई स्थानीय समुदायमा प्रवाह गर्नका लागि समग्र मैवाखोलको शिक्षाको गुणस्तर वृद्धि, विश्वस्तरीय शिक्षा विकास प्रक्रिया, स्थानीय ज्ञान, सिप र प्रविधिको प्रवद्र्धन, साझेदारी र सहभागिताको अभ्यास, क्षमता अभिवृद्धि एवं जीवनस्तरमा सुधार जस्ता सिद्धान्तको आधारमा विभिन्न कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।मैवाखोला गाउँपालिकाले आफ्नो शिक्षा क्षेत्रको रणनीतिक योजनामा विभिन्न प्राथमिकताहरू निर्धारण गरेको छ। तल ती प्राथमिकताहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छः

### १. शैक्षिक गुणस्तर सुधार

- ✓ सामुदायिक विद्यालयहरूको शैक्षिक अवस्था सुधार गर्न साझा सङ्कल्प र घोषणापत्र जारी।
- ✓ विद्यालय व्यवस्थापन समितिहरू र शिक्षक अभिभावक सङ्घसँग मिलेर विद्यालयको गुणस्तर सुधारका लागि कार्ययोजना बनाउने।

### २. शिक्षक र विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि

- ✓ शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि तालिम र कार्यशालाहरूको आयोजना।
- ✓ विद्यालय व्यवस्थापन समितिहरूको क्षमता अभिवृद्धिका लागि तालिम र कार्यशालाहरूको आयोजना।

### ३. विद्यालयको भौतिक पूर्वाधार सुधार

- ✓ विद्यालय भवनहरूको निर्माण, मर्मत र सौन्दर्यकरण।
- ✓ पानी, सरसफाइ र स्वास्थ्य सेवाहरूको सुधार।
- ✓ विद्युतीय हाजिरी व्यवस्थापन र सूचना प्रविधिको प्रयोग।

### ४. विद्यार्थीहरूको भर्ना र टिकाउ दर वृद्धि

- ✓ विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गर्न विशेष पहल।
- ✓ विद्यार्थीहरूको नियमित उपस्थिति र टिकाउ दर वृद्धि गर्न अभिभावक र समुदायसँग समन्वय।

### ५. शिक्षा प्रणालीमा नवप्रवर्तन र सूचना प्रविधिको प्रयोग

- ✓ पाठ्यक्रमको स्थानीयकरण र डिजिटल शिक्षण सामग्रीको विकास।
- ✓ शिक्षा व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी प्रयोग।

### ६. समावेशी र गुणस्तरीय शिक्षा प्रवर्द्धन

- ✓ समावेशी शिक्षा कार्यक्रमहरूको कार्यान्वयन।
- ✓ बालविकास केन्द्रहरूको स्थापना र सुधार।
- ✓ अवसरको समानता र लैंगिक समानताको प्रवर्द्धन।

### ७. अभिभावक र समुदायको सक्रिय सहभागिता

- ✓ अभिभावक जागरण अभियानहरूको आयोजना।
- ✓ समुदायको सक्रिय सहभागितासँग विद्यालयको गुणस्तर सुधार।

### ८. विद्यालय बाह्य गतिविधिहरू र खेलकुदको प्रवर्द्धन

- ✓ विद्यार्थीहरूको समग्र विकासका लागि अतिरिक्त क्रियाकलापहरूको आयोजना।
- ✓ खेलकुद कार्यक्रमहरूको आयोजना र प्रवर्द्धन।

## २.१२ शिक्षा क्षेत्रको विकास र रूपान्तरणका मूल्य-मान्यताहरू

मूल्य मान्यताहरु कुनै पनि क्षेत्र वा निकायको प्रभावकारी क्रियाशिलताका लागि दिशानिर्देश एवं पथप्रर्दशक सिद्धान्त हुन्छन् । स्थानीय सरकार तथा यस योजना कार्यान्वयनमा संलग्न प्रत्येक पदाधिकारी एब कर्मचारीले निम्न मूल्य मान्यताहरुलाई आत्मसात गरी शिक्षाको रणनीतिक योजनाको उद्देश्य परिपूर्तिमा संलग्न हुनुपर्नेछ ।

- समावेशिता (**Inclusiveness**)
- समता र न्याय (**Equity and Justice**)
- गुणस्तर (**Quality**)
- दिगोपन (**Sustainability**)
- उत्तरदायित्व (**Accountability**)
- पारदर्शिता (**Transparency**)
- सहभागिता (**Participation**)
- नवप्रवर्तन (**Innovation**)
- स्थानीय स्वामित्व (**Local Ownership**)
- संस्कृतिप्रति संवेदनशीलता (**Cultural Sensitivity**)
- मानव अधिकारको सम्मान (**Respect for Human Rights**)
- शिक्षक तथा विद्यार्थी केन्द्रितता (**Learner & Teacher Centricity**)
- जीवन उपयोगी शिक्षा (**Life-relevant Learning**)
- सहयोग, समन्वय तथा सहकार्य (**Collaboration and Coordination**)
- परिवर्तनको आत्मसात (**Embracing change**)

# परिच्छेद : तीन

# शिक्षाका क्षेत्रहरु

यस रणनीतिक योजनामा परिच्छेद दुईमा तय गरिएका मैवाखोला गाउँपालिकाको शिक्षाको दूरदृष्टि, ध्येय उद्देश्य रणनीति तथा अपेक्षित नतिजाहरूका आधारमा यस परिच्छेदमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, उच्च शिक्षा र अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ गरी शिक्षाका विभिन्न उपक्षेत्रहरूको वर्तमान अवस्थाको विश्लेषण गर्दै उद्देश्य रणनीति अपेक्षित उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलाप, लक्ष्य र बजेट समावेश गरिएको छ ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ पृष्ठभूमि

प्रारम्भिक बालविकासको मुख्य उद्देश्य गर्भावस्थादेखि ८ वर्षसम्मका बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण र प्रारम्भिक सिकाइका अवसरहरू प्रदान गर्नु हो । नेपालको संविधान, राष्ट्रिय कानून तथा संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ अनुसार सबै बालबालिकालाई प्रारम्भिक बालविकाससम्बन्धी सबै सेवाहरू सहजताका साथ उपलब्ध गराई उनीहरूको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुन पाउने अधिकार सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्ध छ । स्नायु विज्ञानसम्बन्धी भएको विभिन्न अनुसन्धान अनुसार जीवनको सुरुवाती वर्षमा मस्तिष्कको विकास सबैभन्दा तीव्र गतिमा हुने भएकोले बालबालिकाको वृद्धि र विकासको लागि प्रारम्भिक बाल्यावस्था अति नै महत्वपूर्ण रहेको हुन्छ । युनिसेफ (२०१६) ले प्रकाशित गरेको प्रतिवेदन अनुसार तीन वर्षको उमेरमा एउटा शिशुको मस्तिष्क वयस्कको मस्तिष्कभन्दा दुई गुणा बढी क्रियाशील हुन्छ भने न्यूरोनहरूले ७०० देखि १००० प्रति सेकेन्डका दरमा नयां सम्पर्कहरू स्थापित गरिरहेका हुन्छन् भन्ने निष्कर्ष निकालेको पाइन्छ । यसले बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्य, उनीहरूको जीवनभरिको सिकाइ र परिवर्तन अनुकूल हुने क्षमताका साथै मनोवैज्ञानिक प्रतिरोध क्षमता निर्धारण गर्दछ ।

आधारभूत तहको शिक्षाको पूर्व तयारीका रूपमा प्रारम्भिक बाल विकास तथा शिक्षालाई विद्यालय तहको शिक्षाको संरचनामा समावेश गरिएको छ । प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय

शिक्षाको अभिन्न् अङ्गको रूपमा विकास गरी सबै आालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा १ मा भनी गर्ने नीति लिइएको छ । आधारभूत शिक्षाको जगतलाई सुदृढ पारी बालबालिकाहरूको शारीरिक, मानसिक, भाषिक, संवेगात्मक नैतिक, आध्यात्मिक पक्षको विकास गार्नु प्रारम्भिक बाल विकास तथा शिक्षा विकासको मुख्य लक्ष्य रहेको छ। चार वर्ष उमेर पूरा गरेका बालबालिकाका लागि आधारभूत शिक्षाको तयारीका निम्ति बालविकास सेवामा पहुँच बढाउने उद्देश्यलले विभिन्न कार्यक्रमहरू संचालित छन् । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता पूर्वाधार विकास, सहजकर्ताको क्षमता, आर्थिक लगानी, सिकाइ सामग्री र उपयुक्त व्यवस्थापनमा भर पर्दछ । यिनै कुराहरूलाई आधार मानेर यस रणनीतिक योजनामा प्रारम्भिक बालविकास तथा शिक्षाका उद्देश्य, रणनीति, कार्यक्रम र लक्ष्य तय गरिएको छ ।

### ३.१.२ प्रारम्भिक बाल विकास र शिक्षाको वर्तमान अवस्था

प्रारम्भिक बाल्यावस्था मानव जीवनकै जग निर्माण हुने अत्यन्त संवेदनशील र महत्त्वपूर्ण उमेर हो । यस अवस्थामा नै ८० प्रतिशत बौद्धिक विकास र ९० प्रतिशत मष्तिस्क निर्माण हुने तथ्य अनुसन्धानले बताउँछ । प्रारम्भिक उमेरमा सिकेका र अनुभव गरेका आधारभूत ज्ञान, सीप, व्यवहार र बानीहरू नै भावी शिक्षा साथै जीवनको मेरूदण्ड हुने गर्दछ । बालबालिकाको सर्वाङ्गीण विकास तथा सिकाइ गर्न उचित वातावरण र विभिन्न क्रियाकलाप गर्न अवसर पाउनु उनीहरूको अधिकार हो ।

शैक्षिक सत्र २०८१/८२ को शैक्षिक तथ्याङ्कअनुसार मैवाखोला गाउँपालिकामा प्रारम्भिक बालविकास केन्द्रको रूपमा २४ वटा विद्यालयमा अध्यापन भइरहेको छ । प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको संख्या ९७ प्रतिशत पुगेको छ । स्रोतः पालिकाको शिक्षा शाखा

तालिका ३.१.१ प्रारम्भिक बाल विकासको अवस्था

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | पालिकामा हाल संचालित प्रारम्भिक बालविकास केन्द्र | २४ |
| २ | ३-४ वर्ष उमेरसमुहका कुल जनसंख्या (२०८१) | ३८० |

| | | |
|---|---|---|
| ३. | बालविकास केन्द्रमा भर्ना भएका बालबालिका संख्या (२०८१) | ३५३ |
| ४. | कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको भर्नादर | ९७ प्रतिशत |
| ५ | प्रारम्भिक बाल विकास तथा शिक्षामा लैङ्गिक अनुपात | ०.९२ |
| ६ | प्रारम्भिक बाल विकास केन्द्रमा कार्यरत सहजकर्ताको महिला पुरूष अनुपात | १०० प्रतिशत महिला |
| ७. | एस.एल.सी उतिर्ण सहजकर्ताको संख्या | १३ |
| ८. | प्रविणता प्रमाणपत्र वा +२ उतिर्ण सहजकर्ताको संख्या | १० |
| ९. | स्नातक योग्यता भएका सहजकर्ताको संख्या | १ |
| १०. | मन्टेश्वरी वा सो सरहको तालिम प्राप्त सहजकर्ताको संख्या | १०० प्रतिशत |

स्रोतः पालिकाको शिक्षा शाखा, मैवाखोला गाउँपालिका

### ३.१.३ प्रारम्भिक बालविकास र शिक्षा क्षेत्रका चुनौतीहरू

मैवाखोला गाउँपालिकामा प्रारम्भिक बालबिकास तथा शिक्षा सेवामा सुधार हुँदै गएको भए तापनि पालिकाको भौगोलिक विकटता, पालिकाबाट बसाइ सरेर जाने प्रवृति एवं अन्य जिल्ला तथा पालिकामा लगेर बालबालिकाको भर्ना गर्ने प्रवृतिले विद्यार्थी संख्या न्युन हुँदै गएको देखिन्छ ।गाउँपालिकाको प्रारम्भिक बाल विकास कक्षाको भौतिक अवस्था विश्लेषण गर्दा प्रारम्भिक बालबिकास सम्बन्धी न्यूनतम मापदण्ड २०६७ (पहिलो संशोधन २०७५) अनुसार कुनै पनि बालबिकास केन्द्रको न्यूनतम मापदण्ड पुगेको देखिंदैन् । बालबिकास केन्द्रहरू बालमैत्री बनाउने पालिकाको प्रयास रहे तापनि पूर्वाधार र विकटताका कारणा पूर्णतः बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री बन्न सकेका छैनन् ।

गाउँपालिकाको प्रारम्भिक बाल विकास र शिक्षाको स्पष्ट नीति तथा कार्यक्रम नहुनु, समतामूलक ढंगले गुणस्तरीय सेवाको पँहुच पुर्याउन नसक्नु, बालमैत्री, अपाङ्ग मैत्री र लैङ्गिकमैत्री पूर्वाधार निर्माण गर्न पालिकासँग पर्याप्त स्रोत र साधन नहुनु, योग्य र तालिमप्राप्त बाल विकास तथा शिक्षा सहजकर्ताको अभाव हुनुजस्ता समस्याको सामना गरिरहनु परेको अवस्था छ । हाल संचालनमा रहेका बाल विकास तथा शिक्षा कार्यक्रमको

थप प्रभावकारीता वृद्दि गरी बालबालिकालाई अन्यत्र लैजानबाट रोक्ने किसिमले गुणस्तरी प्रारम्भिक बाल शिक्षा कार्यक्रम संचालन गर्नु सवैभन्दा ठूलो चुनौतीको रूपमा देखा परेको छ । साथै संघ र प्रदेश सरकारसँग समन्वय गरी पर्याप्त स्रोतको व्यवस्था गरी अन्य सरोकारवाला निकायवीच प्रारम्भिक बाल शिक्षा कार्यक्रमको प्रभावकारीताका लागि साझेदारीको विकास गर्नु अर्को चुनौती रहेको छ ।संचालनमा रहेका प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम वीच समन्वय र एकरूपता कायम गरी सवै खाले प्राविधिक सहायता प्रणालीको स्थापना गर्नु तथा सहजकर्ताहरूको पारिश्रमिक वृद्धि, वृत्ति विकास र निरन्तर क्षमता विकासको सवाल पनि चुनौतीकै रूपमा देखा परेको छ ।

### ३.१.४ प्रारम्भिक बाल विकास र शिक्षाको लक्ष्य र उद्धेश्यहरू

**लक्ष्यः**

प्रारम्भिक बालविकास उमेरसमूह विशेषतः ४-५ वर्ष उमेर समूहका सवै बालबालिकाहरूलाई खेल्दै सिक्ने पूर्वाधारसहित गुणस्तरीय र सुरक्षित प्रारम्भिक सिकाइ उपलब्ध गराई बालबिकास शिक्षाको अवसर सुनिश्चित गर्ने ।

**उद्धेश्यहरू**

(क) गाउँपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षामा सबै बालवालिकाहरूको शतप्रतिशत पहुँच सुनिश्चित गर्नु

(ख) गाउँपालिकाभित्र संचालित प्रारम्भिक बालविकास तथा शिक्षामा आकर्षण वृद्धि गर्नु ।

(ग) प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर एवं सान्दर्भिकतामा अभिवृद्धि गर्नु ।

### ३.१.५ रणनीतिहरू

यस रणनीतिक योजनाको उद्धेश्यहरू हासिल गर्न प्रारम्भिक बाल विकास तथा शिक्षा क्षेत्रले अवलम्बन गर्नुपर्ने रणनीतिहरू निम्नानुसार रहेका छनः

(१) प्रारम्भिक बालबिकास सम्बन्धि न्यूनतम मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) अनुसार प्रारम्भिक बालबिकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

(२) प्रारम्भिक बालविकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गर्न बालविकास केन्द्र नभएका सबै विद्यालयमा कम्तीमा एक वटा प्रारम्भिक बालविकास केन्द्र स्थापनाका लागि सहयोग एवं सहजीकरण गर्ने,

(३) तीन वर्ष उमेर पुगेका बालबालिकाका लागि तोकिएको न्यूनतम मापदण्डको आधारमा कोशी प्रदेश सरकार तथा अन्य निकायसँगको समन्वय, सहकार्य र सहयोग तथा अभिभावकहरूको साझेदारीमा एक वर्ष थप गरी दुई वर्षे प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित गर्ने,

(४) प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको पालिकास्तरीय मापदण्ड र कार्यविधि बनाई सो को कार्यान्वयन गरिनेछ ।

(५) प्रारम्भिक बालविकास केन्द्रमा एकजना सुसारे सहयोगीको व्यवस्था गरिनेछ ।

(६) बालबालिकाको प्रारम्भिक बालशिक्षामा पहुँच कम भएका विद्यालयमा पहुँच तथा सहभागिता बढाउन कार्यक्रमहरूको विकास र कार्यान्वयनमा सहयोग एवं सहजीकरण गर्ने,

(७) वालविकास केन्द्रका शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि मागमा आधारित तालिम मोडपुलहरू विकास गरी कार्यान्वयन गर्ने

(८) प्रारम्भिक बालविकास तथा शिक्षामा पूर्वाधार विकास सहजकर्ताको प्रोत्साहन तथा गुणस्तर अभिवृद्धिका लागि क्रमश लगानी वृद्धिका लागि संघ र प्रदेश सरकारसँग समन्वय, सहकार्य गर्ने

(९) वालविकास केन्द्रसम्बन्धी न्यूनतम मापदण्डलाई आधार मानी वालविकास केन्द्रलाई नमुनाको रूपमा विकास गर्न आवश्यक सहयोग तथा प्रोत्साहन गर्ने,

(१०) प्रारम्भिक बालविकास शिक्षकहरूको न्यूनतम शैक्षिक योग्यता र सुविधा आधारभूत तहका शिक्षक सरह (कक्षा १२) हुने व्यवस्थालाई कार्यान्वयन गर्न समन्वय र सहकार्य गर्ने,

(११) गर्भवती र नवजात शिशु पोषणमा ध्यान दिन प्रत्येक वर्ष कम्तिमा २ पटक अभिभावक सचेतना कार्यक्रम संचालन गर्ने ।

(१२) प्रारम्भिक बाल विकास केन्द्रका बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण र सुरक्षासम्बन्धी कार्यक्रम सञ्चालन मार्फत वालवालिकाको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउने ।

(१३) प्रारम्भिक बालबिकास शिक्षाको प्रभावकारिताका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजि क्षेत्र र विद्यालयसँग अर्थपूर्ण समन्वय तथा सहकार्य गरी सबै पक्षलाई जिम्मेवार बनाउन सहजिकरण गरिने छ

### ३.१.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ३.१.६.१ उपलब्धि

प्रारम्भिक बालबिकास तथा शिक्षामा सवै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित तथा गुणस्तरीय शिक्षाको अवसर पाएका हुने ।

#### ३.१.६.२ प्रमुख नतिजाहरू

१. प्रारम्भिक बालविकास केन्द्रहरु "प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५)" अनुसार मापदण्ड पूरा भएका हुनेछन्।
२. ४ वर्ष उमेरका बालबालिकाको भर्ना १०० प्रतिशत र प्रारम्भिक बालशिक्षाको कुल भर्नादर १०६ प्रतिशत पुगेको हुनेछ,
३. कक्षा १ मा भर्ना हुने सबै बालबालिकाले प्रारम्भिक बालशिक्षाको अनुभव हासिल गरेको हुने,
४. सबै बालबालिकाहरूले आधारभूत सिकाइ हासिल गरेको हुने,
५. सबै बालविकास केन्द्रमा न्यूनतम सिकाइ सामग्रीसहित बालमैत्री पूर्वाधारको व्यवस्था भएको हुने,
६. सबै बालबालिकाहरूका लागि आधारभूत पोषण सहितको दिवा खाजाको व्यवस्था भएको हुने,
७. सहजकर्ताहरूका लागि पेसागत विकासका अवसर उपलब्ध भएको हुने
८. सबै प्रारम्भिक बालविकास सहजकर्ताहरु मन्टेश्वरीमा आधारित ३० दिने तालिम प्राप्त हुनेछन्।
९. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरि २० मिनेटको दूरी भन्दा बढी नपर्ने गरी नयाँ बालविकास (घुम्ती बालविकास) केन्द्र विस्तार गरिएको हुनेछ।
१०. प्रारम्भिक बालविकास शिक्षाको कार्यान्वयनका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइनेछ।

### ३.१.६.३ प्रमुख क्रियाकलाप तथा लक्ष्य

**तालिका नं. ३.१.२ प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलाप र लक्ष्य**

**(बजेट रू. लाखमा)**

| क.सं. | प्रमुख क्रियाकलापहर | इकाइ | संख्या | वित्तिय लक्ष्य (५ वर्ष) | | | | | जम्मा | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | संघ/प्रदेश | स्थानीय तह | अन्य | कैफियत |
| १ | प्रारम्भिक बालबिकास सम्बन्धी न्युनतम मापदण्ड निर्देशिका २०६७ "(पहिलो संसोधन २०७५)अनुसार मापदण्ड पुरा | मापदण्ड | एक | ०.२ | - | - | - | - | ०.२ | ✓ | ✓ | | |
| २ | दुई वर्षे प्रारम्भिक बालशिक्षा कार्यक्रमका लागि सहयोग र सहजीकरण | विद्यालय | २२ | १ | १ | १ | १ | १ | ५ | ✓ | ✓ | | |
| ३ | बालविकास सहजकर्ताका लागि मन्टेश्वरीमा आधारित ३० दिने तालिम | तालिम | १ | १.५ | १.५ | १.५ | १.५ | १.५ | ७.५ | | | | |
| ४ | नमुना बालबिकास केन्द्र विकास तथा सुदृढिकरण | बाल विकास | ३ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| ५ | प्रारम्भिक बालविकास केन्द्रमा एकजना सुसारे कर्मचारीको व्यवस्थापन | बालविकास | २२ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| ६ | गर्भवती र नवजात शिशु पोषणमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन | तालिम | १० | १.५ | १.५ | १.५ | १.५ | १.५ | ७.५ | | | | |
| ७ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | विद्यालय | २२ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | शिक्षकको क्षमता विकास तथा वृत्ति विकास | तालिम | १ | १.५ | १.५ | १.५ | १.५ | १.५ | ७.५ | | | | |
| ९ | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषाको प्रयोग | - | - | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ | १ | | | | |
| १० | प्रारम्भिक बालविकास तथा शिक्षाको शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि | विद्यालय | २२ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| ११ | प्रारम्भिक बालविकास तथा शिक्षामा सरोकारवालाको सहभागिता | - | - | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ | १ | | | | |
| १२ | घुम्ती बालविकास केन्द्र विस्तार | घुम्ती सेवा | १ | १.५ | १.५ | १.५ | १.५ | १.५ | ७.५ | | | | |
| १३ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण | - | आवश्यकता अनुसार | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ | १ | | | | |
| १४ | असल अभ्यासको सङ्कलन, प्रकाशन र प्रोत्साहन | प्रकाशन | १ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| १५ | प्रारम्भिक बालविकासको प्रभावकारीता वृद्धि पालिकास्तरीय अध्ययन अनुसन्धान | अध्ययन | १ | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ | १ | | | | |
| १६. | अभिभावक सचेतना कार्यक्रम | तालिम | १० | १.५ | १.५ | १.५ | १.५ | १.५ | ७.५ | | | | |
| | | | | | | | | **प्रारम्भिक बालविकास तथा शिक्षाको जम्मा** | ११०.२ | | | | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ पृष्ठभूमि

नेपालको संविधानको शिक्षासम्बन्धि मोलिक हकमा आधारभूत शिक्षामा पँहुचको हक हुने व्यवस्था गरिएको छ । विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ सम्मलाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षामा मूलतः दुई तह कार्यान्यनमा छ । आधारभूत तह माध्यमिक शिक्षाको आधार हो । आधारभूत शिक्षा सामाजिक चेतनाको जग बसाउने माध्यम पनि हो ।

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । नेपालको संविधानले आधारभूत शिक्षालाई व्यक्तिको मौलिक अधिकारका रूपमा लिएको हुनाले आधारभूत शिक्षामा समतामूलक पहुँच पुर्‍याई गुणस्तर सुनिश्चित गर्नु राज्यको दायित्व हो। प्रलोक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक हुने संविधानमा उल्लेख छ । संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र राखेको छ । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तीनवटै तहका सरकारहरूको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ ।

उल्लेखित परिदृश्यलाई दृष्टिगत गरी यस रणनीतिक योजनामा आधारभूत शिक्षाका वर्तमान अवस्थाको विश्लेषण गरी आधारभूत शिक्षाका उद्धेश्य, रणनीति, कार्यक्रम र लक्ष्य तय गरिएको छ ।

### ३.२.२ आधारभूत शिक्षाको वर्तमान अवस्था

मैवाखोला गाउँपालिका आधारभूत शिक्षाको जग कमजोर देखिन्छ । परिणामको रूपमा हेर्नुपर्दा शैक्षिक सत्र २०८० मा गाउँपालिकाले सञ्चालन गरेको कक्षा ८ को बार्षिक परीक्षामा जम्मा ५ जनामात्र उतिर्ण हुनुले

यसको पुष्टि गर्दछ । आधारभूत विद्यालयहरूको सवलिकरण गरी विद्यार्थीहरूको शैक्षिक गुणस्तर उकास्न योजनाबद्ध, अर्थपूर्ण र एकताबद्ध मिहेनत गर्नुपर्ने टड्कारो आवश्यकता रहेको देखिन्छ ।

**तालिका नं. ३.२.१ आधारभूत शिक्षाको वर्तमान** अवस्था

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | पालिकामा हाल संचालित आधारभूत विद्यालय संख्या | २८ |
| २ | आधारभूत विद्यालय मा अध्ययनरत कुल विद्यार्थी संख्या | १८९२ |
| ३. | आधारभूत विद्यालय मा अध्ययनरत कुल छात्रा संख्या | ९९० |
| ४. | आधारभूत विद्यालय मा अध्ययनरत कुल छात्र संख्या | ९०२ |
| ५ | आधारभूत विद्यालय मा अध्यापनरत कुल शिक्षक संख्या | १२५ |
| ६ | आधारभूत विद्यालय मा अध्यापनरत कुल महिला शिक्षक संख्या | ४५ |
| ७. | आधारभूत विद्यालय मा अध्यापनरत कुल पुरूष शिक्षक संख्या | ८० |
| ८. | १-५ कक्षाको शिक्षक विद्यार्थी अनुपात | १०.९ |
| ९. | ६-८ कक्षाको शिक्षक विद्यार्थी अनुपात | ४०.९ |
| १०. | कक्षा ८ को टिकाउदर(%) | ८८.१ |
| ११. | कक्षा ८ को उतिर्णदर (%) | ५३ |
| १२. | कक्षा १-८ मा खुद भर्नादर (%) | ९६.५ |
| १३. | जम्मा शिक्षकमध्ये प्रविणता प्रमाणपत्र वा +२ उतिर्ण शिक्षक (%) | ४५ |
| १४. | जम्मा शिक्षकमध्ये स्नाउतिर्ण शिक्षकको प्रतिशत ((%) | ३५ |
| १५. | जम्मा शिक्षकमध्ये स्नातकोत्तर योग्यता भएका सहजकर्ता (%) | २० |

स्रोतः पालिकाको शिक्षा शाखा, मैवाखोला गाउँपालिका

### ३.२.३ आधारभूत शिक्षा क्षेत्रका अवसर र चुनौतीहरू

शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै अधिकार र जिम्मेवारी सहित स्थानीय तहलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकाले शिक्षामा सहभागीता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, देशमा संघीयताको कार्यान्वयनसंगै सरोकारवालाहरूमा सार्वजनिक विद्यालयहरूप्रतिको चासो र चिन्ता बढ्नु, शिक्षकका पेशागत संघ संस्था, राजनीतिक दल, नागरिक समाज आदिवाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धता प्राप्त हुनु र निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता प्रदान गर्नु, शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धिमा गैर सरकारी र नीजि क्षेत्रको भूमिका पनि महत्वपूर्ण बन्दै जानु, विद्यालयमा आधारभूत तहको खुद भर्नादर र लैंगिक समता सूचकांकमा प्रगति देखिएको हुनु र शिक्षा तीन वटै तहका सरकारको साझा अधिकार क्षेत्रको रूपमा रहेकोले आपसी साझेदारीमा आधारभूत शिक्षामा पर्याप्त लगानी अभिवृद्धि गर्न सकिनु यस तहको शिक्षाका अवसरहरु हुन् ।

निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा प्रदान गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउनु, सिकाइको गुणस्तर अभिवृद्दि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनु, विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्गमैत्री, बालमैत्री बनाउनु, विद्यालय व्यवस्थापन तथा जनसहभागितामा परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउनु, सूचना तथा सञ्चार प्रविधिमा दक्षतामा वृद्धि गरि शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु, विद्यार्थीमा जीवनोपयोगी सिप तथा Soft Skill को विकास गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाई सहज पहुँचको व्यवस्था गर्नु, विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारी लगायतका परीस्थितिप्रति उत्थानशील बनाउनुका साथै समग्र शिक्षा प्रद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु, विद्यालय बाहिर रहेका सबै वालवालिकाहरूलाई विद्यालयमा भर्ना गर्नु, सामुदायिक तथा निजी विद्यालयबीचको खाडल कम गर्नु, शैक्षिक सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्नु, गुणस्तरको सुनिश्चिततासहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक

दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रूपमा विकास गर्नु आधारभूत शिक्षासंग सम्बन्धित्त प्रमुख चुनौतिहरू हुन्

### ३.२.४ आधारभूत शिक्षाको लक्ष्य र उद्धेश्य

**लक्ष्य**

आधारभूत शिक्षा पाउने उमेरसमूह विशेषतः ६-१४ वर्ष उमेर समूहका सवै बालबालिकाहरूलाई बालमैत्री पूर्वाधारसहित समतामूलक, गुणस्तरीय र सुरक्षित आधारभूत शिक्षाको पँहुच र अवसर सुनिश्चित गर्ने ।

**उद्धेश्यहरू**

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्दै शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, प्रविधिमैत्री बनाउनु ।

२. प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि गरी जीवनोपयोगी सीप तथा मूल्यमा आधारित शिक्षा हासिल गराउनु ।

३. गाउँपालिकाका विद्यार्थीको सिकाइ उपलब्धी राष्ट्रिय औसत उपलब्धी बराबर बनाउने,

४. विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय वातावरणमा सुधार गरि बालमैत्री, समावेशी, सुरक्षित र जवाफदेही बनाउनु,

### ३.२.५ रणनीतिहरू

माथि उल्लेखित उद्धेश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१) संघीय मापदण्डअनुसार विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गरिने छ।

२) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न संघीय सरकार र प्रदेशको कानुनसंग नबाझिने गरी आधारभूत शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

३)  आधारभूत तहका सबै बालबालिकाहरूलाई अनिवार्य एवं निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न संघ, प्रदेश तथा विभिन्न राष्ट्रिय-अन्तरार्ष्ट्रिय संघ-संस्थासँग समन्वय, सहकार्य र साझेदारीको विकास गरिने छ ।

४) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न संघीय तथा कर्णाली प्रदेशको कानुनसंग नबाझिने गरी आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाइनेछ ।

५) आधारभूत तहमा विद्यार्थीहरूलाई न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन निरन्तर रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई नगरपालिकाप्रति जवाफदेही हुने प्रणाली विकास गरिने छ ।

६) आधारभूत तहको शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरूलाई प्रविधिसहितको भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा बहुप्रकारका विपत्प्रति संवेदनशील र अपांगमैत्री बनाउने कार्यमा समन्वय, सहयोग र सहजीकरण गरिने छ ।

७) शिक्षण सिकाइ विधिमा समेत आवश्यक परिमार्जन गर्दै कक्षा ३ सम्म कक्षा शिक्षणमा स्टिममा आधारित एकीकृत शैक्षणिक विधि कार्यान्वयन गरिने छ । यसका लागि आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ ।

८) गाउँ शिक्षा समिति, विद्यालय व्यबस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यकारी समिति र सामाजिक परीक्षण समितिका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिने छ ।

९) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न संघीय सरकारले प्रदान गर्दै आएको दिवा खाजा बापतको रकममा थप गर्न नगरपालिका र अभिभावकवीच साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ

१०) विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइने छ !

११) स्थानीय उत्पादनमा आधारित दिवा खाजाको प्रबन्ध गर्ने गराउने कार्यलाई व्यवस्थित गरिनेछ ।

१२) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१३। सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगको रूपमा एकीकृत गर्दै आधारभूत शिक्षालाई प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाइनेछ ।

१४) आधारभूत तहमा लागू भइरहेको स्थानीय पाठ्यक्रममा आवश्यकता अनुसार परिमार्जन तथा पाठ्यसामग्रीको विकास गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१५) विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी उनीहरूको आधारभूत शिक्षामा पहुँच सुनिश्चत गर्न आवश्यक व्यवस्था मिलाई विद्यालयमा पालिकालाई पूर्णरूपमा निःशुल्क र अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता भएको घोषणा गरिनेछ ।

१६) स्थानीय पाठ्यक्रमको समयानुकुल परिमार्जन, विकास र प्रयोगमा जोड दिने ।

१७) मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइ क्रियाकलापकै अभिन्न अंगको रूपमा प्रयोगमा ल्याइ कक्षाकोठामा आधारित मूल्याङ्कनसहित निर्माणात्मक र निर्णायात्मक मूल्याङ्कन विधिको अनुसरण गर्ने ।

प्राथमिक तहमा विद्यार्थी शिक्षक अनुपातमा बढी देखिएका दरवन्दीलाई क्रमशः व्यवस्थापन गर्न सहजीकरण गरिनेछ । शिक्षक व्यवस्थापनको कार्यलाई प्राथमिकतामा राखिनुका साथै शिक्षकको पेसागत विकास र भरपर्दो सहयोग प्रणालीको सुनिश्चितता हुने आवश्यक संयन्त्रको निर्माण र परिचालन गरिनेछ ।

१८) सबै विद्यालयहरूमा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाई स्थानीय स्रोतसाधन परिचालन गरी कार्यान्वयन गर्न सहजीकरण गरिनेछ ।

१९) शिक्षण संस्था र विद्यालयहरूमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई निश्चित मापदण्डका आधारमा प्रोत्साहन गराइनेछ ।

२०) आधारभूत तहका विद्यालयहरूलाई प्रविधिमैत्री बनाउन संस्थागत डिजिटलाइजेशन गरिनेछ ।

२१) आधारभूत तह सञ्चालन भएका विद्यालयको नतिजामुलक सूचक निर्धारण गरी अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

२२) सबै विद्यालयमा कार्यसम्पादनको सुधारसहित सुशासन कायम गराउने कार्यलाई जोड दिइनेछ ।

२३) विद्यालयको शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीको समय र आवश्यकतानुसार अद्यावधिक र प्रयोग गर्ने कार्यलाई अनुमानयोग्य र वैज्ञानिक गराइनेछ ।

२४) आधारभूत तहमा अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तको आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराइनेछ

२५) गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने आधारभूत तहको लक्षित उमेर समूहका गरिव, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका, शहिद एवं वेपत्ता परिवारका बालबालिका र अपाङ्गता भएका बालबालिकाहरूलाई

विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्ने दिगो कार्यक्रम सञ्चालन गरिनेछ ।

२६) सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रधानाध्यापकलाई उत्तरदायी बनाइनेछ ।

२७) बडास्तरमा वडाध्यक्ष विद्याची कल्याणकारी कोप र विभिन्न सघ सस्था, अभिभावक र चन्दादाताहरूको सहयोगमा विद्यालयस्तरमा विद्यालय विकास कोषको स्थापना व्यवस्थापन गर्न प्रोत्सहान गरिनेछ ।

## ३.२.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### ३.२.६.१ उपलब्धि

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा समान पँहुच, सहभागिता र प्रविधियुक्त अवसर सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुने ।

### ३.२.६.२ प्रमुख नतिजाहरू

१. आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क भई शिक्षामा पँहुच शत प्रतिशत पुगेको हुने ।

२. विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन भएको हुने।

३. स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने।

४. आधारभूत तह पूरा गर्ने बालबालिकाले न्यूनतम् सिकाइ उपलब्धि राष्ट्रिय औसत उपलब्धिसँग बराबर गरी तहगत सक्षमता पूरा गरेको हुने।

५. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति सचेत बनाउने।

६. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरि सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गरिने ।

७. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावकहरूको क्षमता विकास गर्दै आधारभूत तहमा गुणस्तरीय शिक्षा र शैक्षिक सुशासन कायम हुने।

### ३.२.६.३ प्रमुख क्रियाकलाप तथा लक्ष्य

**तालिका नं. ३.२.२ आधारभूत शिक्षा का प्रमुख क्रियाकलाप र लक्ष्य**

**(बजेट रू. लाखमा)**

| क.सं. | प्रमुख क्रियाकलापहर | इकाइ | संख्या | वित्तिय लक्ष्य (५ वर्ष) | | | | | जम्मा | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | संघ/प्रदेश | स्थानीय तह | अन्य | कैफियत |
| १ | आधारभूत शिक्षामा शैक्षिक गुणस्तर सुधारका लागि मापदण्ड निर्माण | मापदण्ड | एक | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ | १ | ✓ | ✓ | | |
| २ | आधारभूत तहमा सवै बालबालिकाको भर्ना | विद्यालय | २८ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | ✓ | ✓ | | |
| ३ | प्रधानाध्यापक तथा आधारभूत शिक्षाका सरोकारवालाको क्षमता विकास तथा वृत्ति विकास | तालिम | १ | १.५ | १.५ | १.५ | १.५ | १.५ | ७.५ | | | | |
| ४ | शिक्षकहरूको शैक्षणिक क्षमता विकास तथा सूचना तथा संचार प्रविधिको प्रयोगमा क्षमता विकास कार्यक्रम | तालिम | ५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| ५ | सिकाइ सामग्री तयारी र व्यवस्थापन | विद्यालय | २८ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| ६ | आधारभूत विद्यालयमा गणित, विज्ञान र सामाजिक प्रयोगशाला स्थापनाका लागि अनुदान | प्रयोगशाला | २८ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| ७ | स्थानीय पाठ्यक्रमको परिमार्जन र कार्यान्वयन | विद्यालय | २८ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | नमूना आधारभूत विद्यालय विकास र सुदृढिकरणका लागि सहयोग | विद्यालय | २८ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| ९ | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषाको प्रयोग | विद्यालय | २८ | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ | १ | | | | |
| १० | आधारभूत शिक्षाको शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधावृद्धि | विद्यालय | २८ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| ११ | आधारभूत विद्यालयको डिजिटलाइजेशन/वेवसाइट निर्माण, EMS, TMS, LMS निर्माण र व्यवस्थापन | विद्यालय | २८ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| १२ | पुस्तकालय नभएका विद्यालयमा पुस्तकालय स्थापना सहयोग/ई-लाइब्रेरी निर्माणमा जोड | विद्यालय | २८ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| १३ | आधारभूत विद्यालय नक्शाङ्कन, एकीकरण/समायोजनका लागि प्रोत्साहन र पुनर्वितरण | - | आवश्यकता अनुसार | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ | १ | | | | |
| १४ | आधारभूत शिक्षाका असल अभ्यासको सङ्कलन, प्रकाशन र प्रोत्साहन | प्रकाशन | १ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| १५ | आधारभूत शिक्षाको प्रभावकारीता वृद्धि पालिकास्तरीय अध्ययन अनुसन्धान | अध्ययन | १ | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ | १ | | | | |
| १६. | आधारभूत विद्यालयका अभिभावकहरूको सकारात्मक अभिभावकत्व एवं सचेतना कार्यक्रम | तालिम | १० | १.५ | १.५ | १.५ | १.५ | १.५ | ७.५ | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७. | आधारभूत तहमा पोषणयुक्त दिवा खाजाको व्यवस्था | विद्यालय | २८ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| १८. | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनरावलोकन | विद्यालय | २८ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| १९. | कक्षा एक देखि पाँच सम्मका बालबालिकाका लागि भाषिक पठनसिप विकासका लागि छापामय कक्षाकोठा व्यवस्थापन | विद्यालय | २८ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| २०. | आधारभूत विद्यालय शिक्षालाई प्राकृतिक प्रकोप, महामारी वा अन्य सम्भावित संकटको पूर्वतयारी योजना निर्माण र कार्यान्वयन | तालिम | १० | १.५ | १.५ | १.५ | १.५ | १.५ | ७.५ | | | | |
| २१. | आवश्यकतामा आधारित विद्यार्थी सहयोग कार्यक्रम (पुस्तक, ड्रेस, स्टेशनरी सामान, छात्रवृत्ति आदि) | विद्यालय | २८ | १.५ | १.५ | १.५ | १.५ | १.५ | ७.५ | | | | |
| २२ | आधारभूत तहमा न्युन सिकाइ उपलब्धि भएका विद्यार्थीको पहिचान तथा सिकाइ उपलब्धी सुधार कार्यकम | विद्यालय | २८ | १.५ | १.५ | १.५ | १.५ | १.५ | ७.५ | | | | |
| | | | | | | | | **आधारभूत शिक्षाको जम्मा** | १९६.५ | | | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ पृष्ठभूमि

विद्यालय शिक्षाको वर्तमान संरचनामा कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षाको रूपमा लिइएको छ । आधारभूत शिक्षा र उच्च शिक्षालाई जोड्ने पुलको रूपमा माध्यमिक शिक्षाको भूमिका अहम् र महत्वपूर्ण रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले माध्यमिक शिक्षालाई साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारमा वर्गीकरण गरेको छ । पेसागत हिसाबले स्वरोजगारी वा रोजगारीमा जान चाहनेहरूको लागि महत्त्वपूर्ण रहेको माध्यमिक शिक्षालाई आधारभूत शिक्षा र उच्च शिक्षाको सेतुको रूपमा समेत लिने गरिन्छ । नेपालको संविधानको शिक्षासम्बन्धी मौलिक हकमा माध्यमिक शिक्षालाई निःशुल्क गर्नुपर्ने व्यवस्था गरिएको छ । संविधानको अनुसूची ८ ले आधारभूत तथा माध्यमिक शिक्षाको अधिकारलाई स्थानीय तहको अधिकार सूचीभित्र समावेश गरेको छ ।राष्ट्रिय शिक्षा नीति, २०७६ ले माध्यमिक शिक्षाको समन्वय, अनुगमन तथा नियमन र माध्यमिक शिक्षाको कक्षा दशको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण गर्ने जिम्मेवारी प्रदेश सरकारलाई प्रदान गरेको छ भने गुणस्तरीय माध्यमिक शीक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति उत्पादन गर्ने नीति लिइएको छ । सोह्रो पञ्चवर्षिय योजनाले समेत माध्यमिक शिक्षामा सर्वसुलभ पहुँच कायम गर्न गराउन विभिन्न नीतिगत एवं कार्यक्रमिक व्यवस्था गरेको छ ।

उल्लिखित परिदृश्यलाई दृष्टिगत गरी यस रणनीतिक योजनामा माध्यमिक शिक्षाका उद्देश्य, रणनीति, कार्यक्रम र लक्ष्य तय गरिएको छ ।

### ३.३.२ माध्यमिक शिक्षाको वर्तमान अवस्था

मैवाखोला गाउँपालिकाको माध्यमिक शिक्षाको अवस्था अपेक्षाकृत प्रभावकारी छैन् । एसइइको परीक्षामा उतिर्ण प्रतिशत न्यून रहेको छ ।विचैमा पढाइ छोड्ने दर उच्च रहेको तथा माध्यमिक तहमा लामो समयसम्म शिक्षक टिकाउन नसक्नुले सिकाइ उपलब्धी सुधार गर्न नसकिरहेको अवस्था छ ।

तालिका ३.३.१ **माध्यमिक शिक्षाको वर्तमान** अवस्था

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | पालिकामा हाल संचालित माध्यमिक विद्यालय संख्या | ५ |
| २ | माध्यमिक विद्यालयमा ९-१० अध्ययनरत कुल विद्यार्थी संख्या | २९५ |
| ३. | माध्यमिक विद्यालय अन्तर्गत कक्षा ९-१० मा अध्ययनरत कुल छात्रा संख्या | १६८ |
| ४. | माध्यमिक विद्यालय अन्तर्गत कक्षा ९-१० अध्ययनरत कुल छात्र संख्या | १२७ |
| ५ | माध्यमिक विद्यालय अन्तर्गत कक्षा ९-१० मा अध्यापनरत कुल शिक्षक संख्या | २५ |
| ६ | माध्यमिक विद्यालयमा अन्तर्गत कक्षा ९-१० अध्यापनरत कुल महिला शिक्षक संख्या | ४ |
| ७. | माध्यमिक विद्यालय अन्तर्गत कक्षा ९-१० अध्यापनरत कुल पुरूष शिक्षक संख्या | २१ |
| ८. | ९-१० कक्षाको शिक्षक विद्यार्थी अनुपात | ११.८ |
| ९. | ११-१२ कक्षाको शिक्षक विद्यार्थी अनुपात | १० |
| १०. | कक्षा १० को टिकाउदर (%) | ७३ |
| ११. | कक्षा १० को उतिर्णदर (%) | २७.२ |
| १२. | कक्षा १० को कक्षा छोड्ने दर (%) | ५१ |
| १३. | कक्षा ११ मा खुद भर्नादर (%) | ९० |
| १४. | कक्षा ९ र १० का जम्मा शिक्षकमध्ये स्नातक उतिर्ण शिक्षकको संख्या | ८० |
| १५. | कक्षा ९ र १० का जम्मा शिक्षकमध्ये स्नातकोत्तर योग्यता भएका शिक्षकको संख्या | २० |
| १६. | माध्यमिक विद्यालयअन्तर्गत कक्षा ११-१२ अध्ययनरत कुल विद्यार्थी संख्या | १५२ |
| १७. | माध्यमिक विद्यालयअन्तर्गत कक्षा ११-१२ मा अध्ययनरत कुल छात्रा संख्या | ९८ |
| १८. | माध्यमिक विद्यालयअन्तर्गत कक्षा ११-१२ अध्ययनरत कुल छात्र संख्या | ५४ |
| १९. | माध्यमिक विद्यालयअन्तर्गत कक्षा ११-१२ मा अध्यापनरत कुल शिक्षक संख्या | १४ |

| | | |
|---|---|---|
| २०. | माध्यमिक विद्यालयअन्तर्गत कक्षा ११-१२ अध्यापनरत कुल महिला शिक्षक संख्या | ४ |
| २१. | माध्यमिक विद्यालय अन्तर्गत कक्षा ११-१२ अध्यापनरत कुल पुरूष शिक्षक संख्या | १० |
| २२. | कक्षा ११ र १२ का जम्मा शिक्षकमध्ये एम.फिल./पि.एच.डी. योग्यता भएका शिक्षकको संख्या | ० |

स्रोतः पालिकाको शिक्षा शाखा, मैवाखोला गाउँपालिका

### ३.३.३ माध्यमिक शिक्षा क्षेत्रका अवसर र चुनौतीहरू

नेपालको संविधानले माध्यमिक तहसम्मको निःशुल्क शिक्षाको व्यवस्था गरी माध्यमिक तहसम्मको शैक्षिक अधिकार स्थानीय तहलाई प्रदान गर्नु, स्थानीय तहसम्म शिक्षा सेवाका कर्मचारीहरू समायोजन भई कार्यसम्पादनमा संलग्न रहनु, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा क्रमशः कार्यान्वयनमा आउनु, प्रत्यक वर्ष शिक्षातर्फको बजेटमा वृद्धि हुदै जानु, शिक्षामा सूचना र प्रविधिको प्रयोगमा वृद्धि हुदै जानु, शैक्षिक विकासमा तीनओटै तहका सरकारबिच समन्वय र सहकार्य हुनु र विद्यार्थी तथा अभिभावकमा शैक्षिक जागरण वृद्धि हुन गई शिक्षालाई अधिकारको रूपमा आत्मसाथ गर्नुलाई माध्यमिक शिक्षाका प्रमुख अवसरका रूपमा लिन सकिन्छ ।

माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतीहरुमा निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्नु र माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेको ठूलो सङ्ख्यालाई विद्यालयमा ल्याउनु, विपन्न बालबालिका, विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका, दुर्गम क्षेत्रका महिला, दलित, पिछडिएका वर्ग र लोपोन्मुख समुदायका बालबालिका, कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु, माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थित गर्नु, सिकाइको गुणस्तर सुधार गरी नविन प्रविधिको प्रयोगमार्फत विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनु, विद्यालय शिक्षा पद्धतिलाई बिद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु, प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु, विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री बनाउनु, शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाई व्यवस्थित गर्नु, विद्यालय शिक्षालाई समावेशी र समतामूलक

बनाउनु, विषयगत दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्ति व्यवस्थापन गर्नु, विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गर्नु, कुशल व्यवस्थापनका लागि शिक्षक, प्रधानाध्यापक र व्यवस्थापन समितिको क्षमता विकास गर्नु आदि रहेका छन् ।

### ३.३.४ माध्यमिक शिक्षाका लक्ष्य र उद्धेश्यहरू

**लक्ष्य**

माध्यमिक शिक्षामा सवै बालबालिकाहरूको संवैधानिक अधिकारअनुसारको पहुँच सुनिश्चित गरी बालमैत्री पूर्वाधारसहित समतामूलक, प्रयोगात्मक, सिर्जनशीलता, रोजगारमूलक, सकारात्मक चिन्तन र सदाचारयुक्त स्वावलम्बी, प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनमूखी जनशक्ति उत्पादनमा योगदान गर्ने गुणस्तरीय र सुरक्षित माध्यमिक शिक्षा सुनिश्चित गर्ने ।

**उद्धेश्यहरू**

१) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चीत गरी शिक्षालाई जीवनोपयोगी, प्रविधिमैत्री र गुणस्तरीय बनाउनु ।

२) विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी र सुरक्षित बनाउनु।

३) माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोर्‍याउने दर घटाउने।

४) सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहारकुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

५) माध्यमिक शिक्षाको माध्यमबाट सिर्जनशीलता, अन्वेषणात्मक, नवप्रवर्तनात्मक, सकारात्मक चिन्तन, अनुशासन र सदाचारसहितको मानवीय गुणयुक्त, जीवनोपयोगी सीपयुक्त, उत्पादनशील र प्रतिस्प्रर्धी जनशक्ति तयार गर्नु ।

### ३.३.५ रणनीतिहरू

माथि उल्लेखित उद्धेश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

(१) माध्यमिक शिक्षामा पिछडिएको बर्ग र समुदायको समतामूलक पहुँच सुनिश्चित गर्न स्थानीय तहलाई सहयोग एवं सहजीकरण गर्ने,

(२) निःशुल्क माध्यमिक शिक्षाको मापदण्डका आधारमा स्थानीय तह र विद्यालयमा स्रोत व्यवस्थापनका लागि सहयोग गर्ने,

(३) माध्यमिक शिक्षाको परीक्षा र मूल्याङ्कन प्रणालीमा सुधार गरी नतिजाका आधारमा प्रोत्साहन दिने प्रणालीको स्थापना गर्नुका साथै यस कार्यमा स्थानीय तह र विद्यालयहरूलाई जिम्मेवार बनाउने

(४) गुणस्तरीय एवं सान्दर्भिक माध्यमिक शिक्षाका लागि प्रोत्साहन गर्न आदर्श विद्यालय विकास, पुस्तकालय, विज्ञान प्रयोगशाला, छात्रवृत्ति, आवासीय सुविधा प्रदान गर्ने,

(५) माध्यमिक विद्यालयहरूको नक्सांकन, पुनर्वितरण एवं समायोजन गर्न स्थानीय तहलाई सहजीकरण एवं सहयोग गर्ने,

(६) सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकीकृत गर्दै माध्यमिक तहको शिक्षण, सिकाइ र व्यवस्थापनलाई प्रविधिमैत्री, व्यवहारिक एवं नतिजामुखी बनाउने,

(७) विज्ञान, साङ्गित, खेलकुद, योगा, भाषा, सांस्कृतिक कार्यक्रम, सूचना तथा सञ्चार प्रविधिलगायत विभिन्न विधाका विशिष्टीकृत र नवीन विषयहरूलाई माध्यमिक शिक्षामा एकीकृत रूपमा सञ्चालन गर्न आवश्यक सहयोग तथा समन्वय गर्ने,

(८) प्रधानाध्यापक र व्यवस्थापन समितिको सवलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार पेसागत नैतिकताको प्रबर्द्धनद्वारा समग्र शिक्षा क्षेत्रको सवलीकरण गर्ने,

(९) विज्ञान, गणित, कम्प्युटर जस्ता विषयहरू अङ्ग्रेजी माध्यममा अध्यापन गर्ने व्यवस्था गरी सबै प्रकारका विद्यालयहरूमा शिक्षणको माध्यममा एकरूपता ल्याउन अभिप्रेरित गर्ने,

(१०) शैक्षिक गुणस्तर अभिवृद्धि र सुशासनका लागि सबै प्रकारका शिक्षण संस्थाहरूको प्रभावकारी अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन तथा नियमनको व्यवस्था गर्न स्थानीय तहलाई प्राविधिक सहयोग गर्ने,

(११) संरचना तथा कानुनी आधार तयार गरी सुशासन, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न स्थानीय तह र विद्यालयहरूलाई तोकिएको कार्यसम्पादन र उपलब्धि प्रति जिम्मेवार बनाउने।

### ३.३.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ३.३.६.१ उपलब्धि

माध्यमिक शिक्षामा सवैको पँहुच सुनिश्चित भई गुणस्तर अभिवृद्धि र सान्दर्भिकतामा सुधार हुने ।

#### ३.३.६.२ प्रमुख नतिजाहरू

(१) निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भइ माध्यमिक शिक्षाको खुद भर्नादर र टिकाउदरमा वृद्धि भएको हुने,

(२) माध्यमिक तहमा कक्षा छोड्ने र दोहोर्याउने दरमा कमी आउने ।

(३) माध्यमिक शिक्षा पूरा गर्ने वालबालिकाहरूले न्यूनतम सिकाइ उपलब्धि तहगत सक्षमता हासिल गरेको हुने,

(४) सबै विद्यालयले आधारभूत मापदण्ड पूरा गरी न्यूनतम भौतिक सुविधा सुनिधित भएको हुने ।

(५) प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको क्षमता विकास भई शैक्षिक सुशासन कायम भएको हुने.

(६) माध्यमिक शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार भइ प्रविधिमैत्री सिकाइ वातावरण सुनिश्चित भएको हुने ।

(७) सवै माध्यमिक विद्यालयहरूमा पुस्तकालय, स्टिम प्रयोगशाला, विज्ञान प्रयोगशाला, गणित प्रयोगशाला, सामाजिक प्रयोगशाला, कम्प्युटर ल्याबको प्रबन्ध भएको हुने ।

(८) संघ, प्रदेश र स्थानीय सरकारवीचको आपसी सहकार्य, समन्वय र साझेदारीमा सवै माध्यमिक विद्यालयमा आवश्यक पर्ने न्युनतम र विषयगत शिक्षकहरूको व्यवस्थापन भएको हुने ।

### ३.१.६.३ प्रमुख क्रियाकलाप तथा लक्ष्य

**तालिका नं. ३.३.२ माध्यमिक शिक्षाका प्रमुख क्रियाकलाप र लक्ष्य** (बजेट रू. लाखमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहर | इकाइ | संख्या | वित्तिय लक्ष्य (५ वर्ष) | | | | | जम्मा | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | संघ/प्रदेश | स्थानीय तह | अन्य | कैफियत |
| १ | माध्यमिक शिक्षामा शैक्षिक गुणस्तर सुधारका लागि मापदण्ड निर्माण | मापदण्ड | १ | ०.५ | - | - | - | - | ०.५ | | | | |
| २ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनको कार्यविधि निर्माण र कार्यान्वयन | कार्यविधि | १ | ०.५ | - | - | - | - | ०.५ | | | | |
| ३ | माध्यमिक शिक्षाका प्रधानाध्यापक एवं सरोकारवालाको क्षमता विकास तथा वृत्ति विकास | तालिम | ५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | ७.५ | | | | |
| ४ | शिक्षकहरूको शैक्षणिक क्षमता विकास तथा सूचना तथा संचार प्रविधिको प्रयोगमा क्षमता विकास कार्यक्रम | तालिम | ५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| ५ | माध्यमिक तहका सिकाइ सामग्री तयारी र व्यवस्थापन | विद्यालय | २८ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| ६ | गणित, विज्ञान र सामाजिक प्रयोगशाला स्थापना तथा सुदृढिकरणका लागि अनुदान | प्रयोगशाला | २८ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| ७ | स्थानीय पाठ्यक्रमको परिमार्जन र कार्यान्वयन | विद्यालय | २८ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| ८ | नमूना माध्यमिक विद्यालय विकास, विस्तार र सुदृढिकरणका लागि सहयोग | विद्यालय | २८ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| ९ | सिकाइ क्रियाकलाप सहजीकरणमा प्रविधिको प्रयोग | विद्यालय | २८ | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ | १ | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधावृद्धि | विद्यालय | २८ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| ११ | माध्यमिक विद्यालयको डिजिटलाइजेशन/वेवसाइट निर्माण, EMS, TMS निर्माण र व्यवस्थापन | विद्यालय | २८ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| १२ | पुस्तकालय नभएका विद्यालयमा पुस्तकालय स्थापना सहयोग/ई-लाइब्रेरी निर्माणमा जोड | विद्यालय | २८ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| १३ | माध्यमिक विद्यालय नक्शाङ्कन, एकीकरण/समायोजनका लागि प्रोत्साहन र पुनर्वितरण | - | आवश्यकता अनुसार | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ | १ | | | | |
| १४ | माध्यमिक शिक्षाका असल अभ्यासको सङ्कलन, प्रकाशन र प्रोत्साहन | प्रकाशन | १ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| १५ | माध्यमिक शिक्षाको प्रभावकारीता वृद्धि पालिकास्तरीय अध्ययन अनुसन्धान | अध्ययन | १ | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ | १ | | | | |
| १६. | माध्यमिक विद्यालयका अभिभावकहरूको सकारात्मक अभिभावकत्व एवं सचेतना कार्यक्रम | तालिम | १० | १.५ | १.५ | १.५ | १.५ | १.५ | ७.५ | | | | |
| १७. | आवश्यकतामा आधारित विद्यार्थी सहयोग कार्यक्रम (पुस्तक, ड्रेस, स्टेशनरी सामान, छात्रवृत्ति आदि) | विद्यालय | २८ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| १८. | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनरावलोकन | विद्यालय | २८ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| १९. | प्राविधिक धारका विद्यालयको सवलिकरण र प्राविधिक शिक्षा विस्तार | विद्यालय | ५ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| २०. | माध्यमिक विद्यालय शिक्षालाई प्राकृतिक प्रकोप, महामारी वा अन्य सम्भावित संकटमा समेत | तालिम | १० | १ | १ | १ | १ | १ | ५ | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पठनपाठनको पूर्वतयारी योजना निर्माण र कार्यान्वयन | | | | | | | | | | | |
| २१ | माध्यमिक तहको परीक्षा सञ्चालन तथा व्यवस्थापन | विद्यालय | ५ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| २२ | शैक्षिक गुणस्तर सुधारका लागि STEAM प्रयोगशाला निर्माण | प्रयोगशाला | ५ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| २३ | माध्यमिक तहका ऐच्छिक विषयहरूलाई व्यापकता दिइ जीवनोपयोगी सिप प्रदान गर्ने प्लम्बिङ्ग, इलेन्क्ट्रोनिकलगायत तथा संगित, खेलकुद, योगा, परम्परागत ज्ञान सिप र कलाको प्रवर्द्धन गर्ने गराउने बहुपक्षिय एवं एकीकृत स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन | पाठ्यक्रम | १ | १ | १ | १ | १ | १ | ५ | | | | |
| २४ | माध्यमिक तहमा न्युन सिकाइ उपलब्धि भएका विद्यार्थिको पहिचान तथा सिकाइ उपलब्धी सुधार कार्यकम | सुधार | - | १ | १ | १ | १ | १ | ५ | | | | |
| २५ | कक्षा ११ र १२ कक्षामा प्राविधिक तथा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीलाई क्षमता विशेष छात्रवृत्ति | छात्रवृति | - | १ | १ | १ | १ | १ | ५ | | | | |
| २६ | आवश्यकताअनुसार आवासिय माध्यमिक शिक्षाको व्यवस्था तथा खुला तथा दुरशिक्षालगायत वैकल्पिक शिक्षण सिकाइको प्रवन्ध | - | - | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| २७ | उत्कृष्ट माध्यमिक विद्यालय पुरस्कृत कार्यक्रम | पुरस्कार | १ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| | | | | | | | | **माध्यमिक शिक्षाको जम्मा** | २१६.५ | | | | |

## ३.४ उच्च शिक्षा एवं माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध

### ३.४.१ पृष्ठभूमि

ज्ञानको उत्पादन र प्रयोग, विचारको विकास र परीक्षण दिगो विकास र देशमा चाहिने जनशक्ति उत्पादन र विश्वव्यापी प्रतिस्पर्धी नागरिक तयार गर्ने उद्धेश्य उच्च शिक्षाले राखेको हुन्छ, त्यसैले, उच्च शिक्षालाई देशको मेरुदण्ड भनिन्छ । कुनै पनि राष्ट्रको समृद्धि तथा विकासको लागि शिक्षा महत्वपूर्ण साधन हो। माध्यमिक तहको शिक्षा पूरा गरेपछि रुचि र आवश्यकताको आधारमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरुको संख्या पनि बढ्दै गइरहेको छ। नेपालको शिक्षाको संरचनामा माध्यमिक तहको शिक्षा पूरा गरेको जनशक्तिलाई उच्च स्तरको मानव संशाधनको विकास गर्नका लागि चार तहको उच्च शिक्षा प्रदान गर्ने नीतिगत प्रावधान रहेको छ । देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वावलम्बी, रोजगारन्मुख तथा मूल्यउन्मुख उच्च तहको जनशक्ति उत्पादन गर्नु यो तहको शिक्षाको प्रमुख ध्येय हो । लागत आपुरण, निजी क्षेत्रको लगानी, सामुदायिक सहभागिता, मागमा आधारित कार्यक्रम सञ्चालन र विश्वविद्यालयबाट आय स्रोतको परिचालन जस्ता नमुना विकास गर्नका लागि तीनै तहका सरकारहरू, समुदाय र निजी क्षेत्रलाई समेत उच्च शिक्षा विकास साझेदारका रूपमा सहभागी हुने अवसर खुला गरिनुपर्दछ । देशको विभिन्न क्षेत्रमा उन्नति हासिल गर्नको लागि उच्चस्तरीय दक्ष जनशक्तिको महत्वपूर्ण भूमिका रहेको हुन्छ। उच्च शिक्षा विशिष्टीकृत हुने हुनाले विद्यार्थीहरुले आफ्नो रुचिको विषयमा विशेष ज्ञान, सीप र दक्षता हासिल गर्ने वातावरणको सिर्जना गर्नु पर्दछ ।

मैवाखोला गाउँपालिकामा उच्च शिक्षाका लागि सम्भावना रहेकाले यस रणनीतिक योजनामा उच्च शिक्षातर्फका उद्धेश्य, रणनीति, कार्यक्रम र लक्ष्य तय गरिएको छ ।

### ३.४.२ उच्च शिक्षाको वर्तमान अवस्था

हरेक मुलुकमा दक्ष जनशक्तिको आवश्यकता पर्दछ। मुलुकको शैक्षिक, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, औद्योगिक विकासका लागि योग्य जनशक्तिको जरुरत पर्दछ। त्यसका लागि विद्यालयीय शिक्षा कक्षा १२ भन्दा माथिको उच्च शिक्षा आवश्यकता पर्दछ।गाउँपालिकामा हालसम्म उच्च शिक्षाका लागि

क्याम्पस संचालनमा ल्याइएको छैन् भने माध्यमिक तह पछाडि उच्च शिक्षाका लागि छिमेकी पालिका, छिमेकी जिल्ला, तराइका जिल्ला एवं राजधानीतिर जानुपर्ने बाध्यता रहेको छ ।

तालिका ३.४.१ **उच्च शिक्षाको वर्तमान** अवस्था

| क्र.सं. | विवरण | संख्या/प्रतिशत |
|---|---|---|
| १. | पालिकामा हाल संचालित उच्च शिक्षा प्रदायक क्याम्पस वा शिक्षण संख्या | हालसम्म सुरू भइनसकेको, नयाँ शैक्षिक सत्र २०८२ बाट सुरू हुन लागेको |
| २ | पालिकाको जम्मा जनसंख्यामध्ये स्नातक तह उतिर्ण प्रतिशत | १.९ |
| ३. | पालिकाको जम्मा जनसंख्यामध्ये स्नातकोत्तर तह उतिर्ण प्रतिशत | ०.९ |
| ४. | पालिकाको जम्मा जनसंख्यामध्ये एम.फिल./पि.एच.डी. तह उतिर्ण संख्या | ० |

स्रोतः राष्ट्रिय जनगणना, २०७८ र पालिकाको शिक्षा शाखा, मैवाखोला गाउँपालिका

### ३.४.३ उच्च शिक्षा क्षेत्रका अवसर र चुनौतीहरू

मैवाखोला गाउँपालिकामा उच्च शिक्षाका लागि कुनै पनि संरचना नरहेकाले निकट भविष्यमा पालिकामा कम्तिमा स्नातक तहसम्म संचालन हुने उच्च शिक्षा प्रदायक संस्था वा क्याम्पसको स्थापना गर्न सकिने अवसर पालिकासामु रहेको छ ।

गाउँपालिकाको वर्तमान अवस्थाको विश्लेषण गर्दा उच्च शिक्षामा निम्न चुनौतीहरू रहेका देखिन्छन्

१) स्नातक तहसम्म पढाइ हुने क्याम्पसको सम्भावना पहिल्याउनु ।

२) सम्भाव्यता अध्ययनको परिणाम सकारात्मक आए क्याम्पसको सम्बन्धन र अनुमति लिनु ।

३) उच्च शिक्षाका लागि आवश्यक भोतिक एवं मानविय पूर्वाधार विकास गर्नु ।

४) उच्च शिक्षाको संस्थागत स्थायित्व र सुदृढिकरण गर्नु ।

५) उच्च शिक्षाका लागि जनशक्ति व्यवस्थापन गर्नु ।

### ३.४.४ उच्च शिक्षाको लक्ष्य र उद्धेश्यहरू

**लक्ष्य**

मैवाखोला गाउँपालिकाको प्राज्ञिक उत्कृष्टता, उन्नयन र शिक्षाको दिगो विकासका लागि अध्ययन तथा अनुसन्धान गर्ने उच्च शिक्षा प्रदायक संस्थामार्फत उच्चस्तरीय प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्नका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

**उद्धेश्यहरू**

१) स्नातक तहसम्म पढाइ हुने क्याम्पसको सम्भावना अध्ययन गर्ने।

२) सम्भाव्यता अध्ययनले सम्भावना पहिल्याए क्याम्पसको सम्बन्धन र अनुमति लिइ क्याम्पस स्थापना, स्थापना तथा सुदृढिकरण गर्ने ।

३) क्याम्पसका लागि आवश्यक भोतिक एवं मानविय पूर्वाधार विकास गर्नु ।

### ३.४.५ रणनीतिहरू

माथि उल्लेखित उद्धेश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१) उच्च शिक्षाको विकासका लागि सम्भावित कार्यक्रमको पहिचान, स्रोत व्यवस्था, सम्बन्धन एवं स्थायित्वका लागि स्पष्ट आधार तयार गरिने छ ।

२) माध्यमिक शिक्षाको उच्च शिक्षासँग सुमधुर सम्बन्ध कायम रहने गरी उच्च शिक्षा प्रदायक संस्था वा क्याम्पस संचालनकका लागि संघियस्तरका विश्वविद्यालय वा प्रादेशिक विश्वविद्यालयमा पहल गरिने छ ।

३) उच्च शिक्षाको सभ्भावना अध्ययन र सम्बन्धन पश्चात क्याम्पसको संस्थागत विकासका लागि संघ, प्रदेश सरकार एवं अन्य सरोकारवाला निकायसँग समन्वय गरी स्रोतको सुनिश्चितता गरिने छ।

४) क्याम्पस स्थापना, संचालन एवं सुदृढिकरण गरिने छ।

### ३.४.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ३.४.६.१ उपलब्धि

गाउँपालिकाबासीले आफ्नै गाउँमा सुरक्षित र उपयुक्त भोतिक एवं मानविय पूर्वाधारसहितको उच्च शिक्षा अध्ययन गर्ने अवसर पाएको हुने ।

**३.४.६.२ प्रमुख नतिजाहरू**

१) स्नातक तहसम्म पढाइ हुने सुरक्षित र सूचना-प्रविधिमैत्री पूर्वाधारसहितको उच्च शिक्षाको अवसर पाएको हुने ।

२) क्याम्पसको सम्बन्धन र अनुमति लिइ क्याम्पस स्थापना, संचालन, स्थायित्व एवं सुदृढिकरण भएको हुने।

३) उच्च शिक्षाका लागि आवश्यक भोतिक एवं मानविय पूर्वाधार विकास भएको हुने ।

### ३.४.६.३ प्रमुख क्रियाकलाप तथा लक्ष्य

**तालिका नं. ३.४.२ उच्च शिक्षाका प्रमुख क्रियाकलाप र लक्ष्य (बजेट रू. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | संख्या | वित्तिय लक्ष्य (५ वर्ष) | | | | | जम्मा | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | संघ/प्रदेश | स्थानीय तह | अन्य | कैफियत |
| १ | उच्च शिक्षाका लागि क्याम्पस संचालनको सम्भावना अध्ययन | अध्ययन | एक | २ | - | - | - | - | २ | ✓ | ✓ | | |
| २ | क्याम्पस सम्बन्धन र अनुमति | सम्बन्धन | १ | - | १५ | - | - | - | १५ | ✓ | ✓ | | |
| ३. | क्याम्पस संचालन | क्याम्पस | १ | - | - | ५० | - | - | ५० | | | | |
| ४. | क्याम्पसका लागि सुरक्षित पूर्वाधार निर्माण | क्याम्पस | १ | - | - | - | ५० | - | ५० | | | | |
| ५. | क्याम्पसको स्थायित्व तथा सुदृढीकरणमा लगानी | क्याम्पस | १ | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| ६. | विभिन्न विश्वविद्यालयसँग पालिकाको द्विपक्षिय साझेदारी विकास | साझेदारी | ५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| ७. | उच्च शिक्षा अध्ययनरतमध्ये वाट पालिकाको हितका लागि अध्ययन, अनुसन्धान र नवप्रवर्तनात्मक सहयोग | अध्ययन | ५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| ८. | उच्च शिक्षामा एम.वि.वि.एस,, ल्याव टेक्निसियन विज्ञान, गणित र प्राविधिक धार अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृति कार्यक्रम | छात्रवृति | ५ | १ | १ | १ | १ | १ | ५ | | | | |
| ९. | उच्च शिक्षा अध्ययन गर्न लक्षित वर्ग छात्रवृति कार्यक्रम | छात्रवृति | ५ | १ | १ | १ | १ | १ | ५ | | | | |
| | | | | | | | | **उच्च शिक्षाको जम्मा** | १४७ | | | | |

## ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा

### ३.५.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को भाग ४ धारा ५१ राज्यका नीतिहरूअन्तर्गत उपधारा (ज), १ मा उल्लिखित नागरिकका आधारभूत आवश्यकतासम्बन्धि नीतिअनुसार शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हिलप्रति समर्पित जनशक्ति तयार गर्ने प्रावधान राखिएको छ । सोह्रो योजनाले समेत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकास र विस्तारमा जोड दिइएको पाइन्छ । शिक्षालाई सिपसँग र सिपलाई श्रमसँग आबद्ध गरी व्यक्तिलाई जीविकोपार्जनमा सघाउ पुर्‍याउन र राष्ट्रको सामाजिक आर्थिक विकासमा टेवा पुर्‍याउन विशिष्टिकृत सिप पहिचान, विकास र प्रमाणीकरण सम्बन्धी शिक्षा नै प्राविधिक तथा व्यावसायिक शिक्षा हो । प्राविधिक शिक्षाले व्यक्तिमा रहेको क्षमताको उजागर र उपयोगबाट जीवन निर्वाह, सन्तुष्टि र सम्मान प्राप्तिमा सहयोग पुर्याउँछ । दक्ष र सिपयुक्त जनशक्ति उत्पादनका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा एक महत्त्वपूर्ण माध्यम हो ।

नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम औपचारिक पद्धति एवं सङ्गठनात्मक ढङ्गले वि.सं. १९९९ मा प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ कलेज) बाट सुरुवात भएको हो । वि.सं. २०२८ सालमा नयाँ शिक्षा पद्धतिको योजना सुरु भई माध्यमिक विद्यालयमा कम्तीमा एउटा विषय अनिवार्य व्यावसायिक शिक्षा पठनपाठन गर्ने व्यवस्था गरियो ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकास र विस्तारको क्रममा वि.सं. २०३७ वाट आधुनिक प्राविधिक शिक्षालयको स्थापना गर्ने कार्यको प्रारम्भ भयो । योजनाबद्ध ढङ्गबाट प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास एवं विस्तार गर्ने, विभिन्न तालिम प्रदायक संस्थाहरूविच समन्वय गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको गुणस्तर सुनिश्चित गर्ने र समग्र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा नेतृत्वदायी भूमिका दिने ध्येयले वि.सं. २०४५ सालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को स्थापना गरियो । प्राविधिक शिक्षा र सिपमूलक व्याबसायिक तालिमको

पहुँचलाई विस्तार गर्ने उद्देश्यले वि.सं. २०५० सालदेखि निजी स्तरमा पनि प्राविधिक शिक्षालय स्थापनाको अनुमति दिने कार्यको थालनी भयो । विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले गरेको नीतिगत व्यवस्था अनुसार शैक्षिक सत्र २०७० देखि माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको शुरूवात भयो ।

स्थानीय तहमा संचालित माध्यमिक विद्यालयहरूमा प्राविधिक विषयअन्गर्गत पशु विज्ञान, कृषि विज्ञान, सिभिल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिघ, इलेक्ट्रोनिक इन्जिनियरिङ, बन विज्ञान लगायतका विषयमा डिप्लोमा एवं प्रिडिप्लोमा तहका कार्यक्रम कार्यान्वयनमा रहेका छन् ।

उल्लिखित परिदृश्यलाई दृष्टिगत गरी मैवाखोला गाउँपालिकाको शिक्षाको रणनीतिक योजनामा प्राविधिक तथा व्यावसायिक शिक्षाका उद्देश्य, रणनीति, कार्यक्रम र लक्ष्य तय गरिएको छ ।

### ३.५.२ प्राविधिक तथा व्यावसायिक शिक्षाको वर्तमान अवस्था

प्राविधिक एवं व्यावसायिक शिक्षा र सिप विकास तालिममा शिक्षा र तालिम गरी मुख्यतया दुई प्रकारका कार्यक्रमहरू सञ्चालन गर्ने प्रक्रिया अनुसार मैवाखोला गाउँपालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट अनुमति प्राप्त शिक्षालयहरूबाट प्राविधिक एस.एल.सी र डिप्लोमा तहका कार्यक्रम, माध्यमिक विद्यालयमा कक्षा ९-१२ को प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरू सञ्चालित छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट अनुमति प्राप्त संस्थाहरू र व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनामार्फत नतिजामा आधारित र भौचरमा आधारित बजारको माग अनुसारका छोटो अवधिका सिपमूलक तालिम कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता छ।

**तालिका नं. ३.५.१ प्राविधिक तथा व्यावसायिक शिक्षाको वर्तमान** अवस्था

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | पालिकामा हाल संचालित प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक शिक्षण संख्या | २ |

| | | |
|---|---|---|
| २ | पालिकामा प्राविधिक एस.इ.इ. कार्यक्रम संचालन गर्ने शिक्षण संस्था | नभएको |
| ३. | CTEVT बाट अनुमतिप्राप्त छोटो अवधिका तालिम संचालन गर्ने शिक्षण संस्था | नभएको |
| ४. | पालिकामा ९-१२ कम्प्युटर इन्जिनियरिङ्ग संचालन गर्ने विद्यालय संख्या | १ |
| ५ | पालिकामा ९-१२ बाली विज्ञान संचालन गर्ने विद्यालय संख्या | १ |
| ६ | इलेक्ट्रोनिकल इन्जिनियरिङ्ग, कृषि, भेटनरी संलालन गर्ने विद्यालय | नभएको |

स्रोतः पालिकाको शिक्षा शाखा, मैवाखोला गाउँपालिका

**तालिका नं. ३.५.२ प्राविधिक तथा व्यावसायिक शिक्षा संचालित विद्यालयको विवरण**

| **क.स.** | **विद्यालयको नाम** | **कार्यक्रम/विषय** | **विद्यार्थी संख्या** | | **जम्मा** |
|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | |
| १ | श्री नारायणी मा.वि., साँघु | कम्प्युटर | १३ | १८ | ४१ |
| २ | श्री मैवाखोला मा.वि. | बाली विज्ञान | ५ | १९ | २४ |

स्रोतः पालिकाको शिक्षा शाखा, मैवाखोला गाउँपालिका

### ३.५.३ प्राविधिक तथा व्यावसायिक शिक्षा क्षेत्रका अवसर र चुनौतीहरू

गाउँपालिकाको प्राविधिक तथा व्यावसायिक शिक्षाको जग बलियो बनाउन यस क्षेत्रको शिक्षा र तालिमको गुणस्तर, पूर्वाधार, श्रम बजार अनुसारको विषयक्षेत्र, स्थानीय सान्दर्भिकता, जनशक्ति, पाठ्यक्रम, लगानी जस्ता कुरामा ध्यान दिनुपर्ने अवस्था छ । प्राविधिक शिक्षा कार्यक्रमको विषयक्षेत्र र सम्भाव्यताका सम्बन्धमा पालिकास्तरीय भरपर्दो अनुसन्धानको कमीले प्राविधिक र व्यावसायिक शिक्षा एवं तालिमको विस्तार व्यवस्थित हुन सकिरहेको छैन । सम्भाव्यता अध्ययन, कार्यक्रमको प्रकृति भौतिक एवं शैक्षिक सामग्रीका साथै मानवीय संसाधनको उचित व्यवस्थापन नगरी प्राविधिक बहुप्राविधिक शिक्षालयहरू स्थापना गर्दा लगानीको उचित

सदुपयोग नहुने वा दिगोपना नरहने सम्भावना हुन्छ  प्रशिक्षकहरूको निरन्तरता र प्रशिक्षणसम्बन्धी दक्षताको कमीले पनि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका क्षेत्रमा प्रभावकारी नतिजा हासिल हुन सक्दैन। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन र नियमका साथै माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको संरचना, कार्यक्रम र कार्यान्वयन हुनु, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरूको पुहँच विस्तार, छात्रवृत्ति लगायतका सहायता प्रणालीको व्यवस्थापन, निजी क्षेत्रको संलग्नता बढ्नु, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई समेटिनु, गाउँपालिकामा कृषि, पशु जस्ता पूर्वाधार विकास शाखाहरूको सक्रियता हुनु यससँग सम्बन्धित अवसरहरू हुन् ।
विद्यालय शिक्षासँगसँगै प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका लागि स्थानीय तहमा नीति, कार्यक्रम, समन्वय, सहयोग तथा व्यवस्थापन गर्न जिम्मेबार संयन्त्र विकास गर्नु, सार्वजनिक निजी साझेदारीका माध्यमबाट प्राविधिक तथा व्यावसायिक शिक्षाको माग र तालिम प्राप्त जनशक्तिको आपूर्ति गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा दिगो, प्रभावकारी एवम् उपयुक्त स्रोत व्यवस्थापन, ५० देखि ६० प्रतिशतसम्मको शिक्षा प्राविधिक तथा व्यावसायिक शिक्षा हुनुपर्ने, प्रशिक्षकहरूको विकास र उत्प्रेरणा, प्रयोगशाला, पाठ्यसामग्री, कक्षा ९ देखि नै प्राविधिक तथा व्याबसायिक शिक्षा दिने विद्यालयहरू सञ्चालन हुनु पनि यस क्षेत्रका चुनौतीहरू हुन् । यसका साथै पालिकामा गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं सिप विकास तालिममा समतामूलक पहुँच अभिवृद्धि गर्नु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र सिप विकासका कार्यक्रमका लागि स्रोत व्यवस्था र परिचालनका स्पष्ट आधार तय गर्नु, आवश्यकता र सम्भाव्यताका आधारमा सिप विकासका प्राथमिक विषय क्षेत्र पहिचान गरी सञ्चालन गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्राप्त जनशक्तिलाई कार्यक्षेत्रको अनुभव सहितको दक्षता अभिवृद्धि गर्नु, विपन्न तथा पछाडि परेको वर्ग समुदायका युवाहरूलाई सहुलियतपूर्ण प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसर उपलब्ध गराउनु, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका पाठ्यक्रम, पूर्वाधार तथा प्रयोगात्मक कार्यको उचित व्यवस्थापन गर्नु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रम सञ्चालनमा रोजगारदाता एवं श्रम क्षेत्रका संस्थाहरूसँग समन्वय स्थापित गर्नु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि दक्ष शिक्षक/प्रशिक्षकको व्यवस्था गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ३.५.४ प्राविधिक तथा व्यावसायिक शिक्षाको लक्ष्य र उद्धेश्यहरू

**लक्ष्य (Goal)**

गाउँपालिकामा गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षाका माध्यमबाट सर्वसुलभ, रोजगारमूलक, उद्यमशीलउन्मुख एवम् जीवनोपयोगी शिक्षा प्रदान गरी सिपयुक्त जनशक्ति विकास गर्ने र स्थानीय उत्पादन वृद्धि गर्ने ।

**उद्देश्य (Objectives)**

१) प्राविधिक तथा व्यावसायिक शिक्षा एबम् तालिमको गुणस्तर एवं पालिकाका लागि सान्दर्भिकता अभिवृद्धि गर्नु ।

२) प्राविधिक तथा व्यावसायिक शिक्षा एबम् तालिम विस्तारका लागि दिगो स्रोत व्यवस्थापनका लागि संयन्त्र स्थापना र विकास गर्नु ।

३) लक्षित समूहका विद्यार्थी तथा युवाहरूलाई समतामूलक समावेशी र समन्यायिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पहुंच पुयाउन् ।

४) प्राविधिक तथा व्याबसायिक शिक्षाका माध्यमबाट रोजगारमूलक तालिमको अबसर प्रदान गर्नु ।

५) प्राविधिक तथा व्यावसायिक शिक्षामा लगानी अभिवृद्धि गर्न निजी क्षेत्रसंग पनि साझेदारी गर्न ।

### ३.५.५ रणनीतिहरू

१) लक्षित समूह विद्यार्थी तथा युवालाइ छात्रवृत्तिको व्यवस्था गरी प्राविधिक शिक्षातर्फ आकर्षण गर्दै तालिमको अवसर प्रदान गरिनेछ ।

२) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई समतामलक, समावेशी र समन्यायिक रूपमा विस्तार गर्न सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम विस्तार गरिनेछ।

३) पालिकाभित्रका सवै माध्यमिक विद्यालयमा बहुप्राविधिक शिक्षालय स्थापना र विकास गर्दै एउटा शिक्षालयलाई भौतिक प्राबिधिक र शैक्षिक रुपमा नेपालकै नमुना वहप्राविधिक शिक्षालय निर्माण गरिनेछ ।

४) माग तथा आवश्यकतामा आधारित छोटो र मध्यम अवधिका सीप विकासका तालिमहरू सिटिइभिटीसंगको समन्वयमा नियमित रूपमा सञ्चालन गरिनेछ ।

५) इन्जिनियरिङ, नसिंङ्ग स्वास्थ्य सहायक (एच ए। सर्भेक्षक कृषि, वन विज्ञान, पशु चिकित्सा जस्ता कार्यक्रमहरू सञ्चालन गर्नका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को समन्वयमा सम्वद्ध शिक्षण संस्थाहरूलाई प्रोत्साहित गरिनेछ ।

६) तालिम प्राप्त प्रशिक्षकहरूलाई पालिकामा आकर्षण गनका लागि सेवामा स्थायित्व विभिन्न सेवा विधामा बढोत्तरी गर्ने र नियमनकारी एकाइ स्थापन गरिनेछ ।

७) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकामलाई गुणस्तरीय र प्रभावकारी विकास का लागि पालिमा छुट्टै इकाइको व्यवस्था गरी प्रविधिक शिक्षा सञ्चालनमा योजना तर्जुमा कार्यान्वयनमा प्रभावकारिता ल्याइनेछ ।

८) सञ्चालनमा रहेका प्राविधिक शिक्षालय तथा सामुदायिक विद्यालयका प्राविधिक कार्यक्रमलाइ प्रभावकारी गुणस्तरीय साधन स्रोत सम्पन्न गराउन आवश्यक सहयोग, समन्वय, सहजीकरण गरी साझेदारी विकास गरिनेछ ।

९) उत्पादित जनशक्तिलाई स्थानीय तहमै रोजगारीको अवसर प्रदान गर्न श्रम बैंक स्थापना गर्ने र बिदेशबाट सिप सिकर फर्केका जनशक्तिलाई समेत श्रम बैंकमार्फत प्रयोग गर्न व्यवस्था गरिनेछ ।

### ३.५.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ३.५.६.१ उपलब्धि

लक्षित समूह, पहुंचमा नभएका विद्यार्थीहरु तथा युवाहरुलाई समेत ममतामूलक समावेशी, समन्यायिक दृष्टिले रुचि प्रतिभा, र क्षमताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र रोजगारमूलक तालिममा समतामूलक पहुँच र गुणस्तर अभिवृद्धि भएको हुने ।

#### ३.५.६.२ प्रमुख नतिजाहरू

१) छात्रवृत्ति लगायत आर्थिक तथा प्राविधिक सहयोगका माध्यमबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा लक्षित वर्ग उमेर समुहका विद्यावीहरुलाई भनां तथा अध्ययन कार्य पुरा गराउने,

२) गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासमा तालिममा समतामूलक पहुँच अभिवृद्धि भएको हुने ।

३) प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिमबाट पालिकामा विभिन्न क्षेत्रका लागि चाहिने मध्यम स्तरको प्राविधिक जनशक्ति उत्पादन भएको हुने ।

४) रोजगार बैंकको अवधारणाका आधारमा व्यावसायिक तालमप्राप्त जनशक्तिलाई रोजगारी सुनिश्चितता गर्ने तथा बजारको माग र आपूतिवीच सन्तुलन भएको हुने ।

## ३.५.६ प्राविधिक तथा व्यावसायिक शिक्षाका प्रमुख क्रियाकलाप र लक्ष्य

**तालिका नं. ३.५.३ प्राविधिक तथा व्यावसायिक शिक्षाका प्रमुख क्रियाकलाप र लक्ष्य**

**(बजेट रू. लाखमा)**

| क.सं. | प्रमुख क्रियाकलापहर | इकाइ | संख्या | वित्तिय लक्ष्य (५ वर्ष) | | | | | जम्मा | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | संघ/प्रदेश | स्थानीय तह | अन्य | कैफियत |
| १ | प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी नीति, कार्यविधि तर्जुमा | मापदण्ड | एक | ०.२ | - | - | - | - | ०.२ | ✓ | ✓ | | |
| २ | सामुदायिक विद्यालयमा बहुप्राविधिक शिक्षालय स्थापना, स्तरोन्नति | विद्यालय | ५ | ५ | ५ | - | - | - | १० | ✓ | ✓ | | |
| ३. | गाउँ पालिकामा प्राविधिक एकाइ स्थापना | एकाइ | १ | १.५ | ०.२ | ०.२ | ०.२ | ०.२ | २.३ | | | | |
| ४. | छोटो अवधिका सिपमूलक तालिम संचालन | तालिम | ५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| ५. | प्राविधिक तथा व्यावसायिक शिक्षा प्रयोगशाला व्यवस्थापन | प्रयोगशाला | ५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| ६. | वैदेशिक रोजगारीबाट हासिल गरो ज्ञान, सिप र अनुभवको अभिलेखिकरण, प्रमाणीकरण एवं उपयोग कार्यक्रम | डाटावेस | १ | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ | १ | | | | |
| ७. | अध्ययन, अनुसन्धान एवं नवप्र्वतन (Research, Development and Innovation) का लागि प्रोत्साहनमूलक कार्यक्रम | वटा | ६ | १ | १ | १ | १ | १ | ५ | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८. | अध्ययन, अनुसन्धान एवं नवप्रर्वतन (Research, Development and Innovation) का लागि नाष्ट (NAST) लगायतका प्राज्ञिक संस्थासँग सहकार्य र साझेदारी विकास | साझेदारी | १ | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ | १ | | | | |
| ९. | प्राविधिक एवं व्यावसायिक शिक्षा हासिल गरेका युवाहरूलाई उद्यमशीलता विकास सहयोग कार्यक्रम | वडा | ६ | १ | १ | १ | १ | १ | ५ | | | | |
| १०. | प्राविधिक एवं व्यावसायिक शिक्षाअन्तर्गत थप कार्यक्रम संचालन | वडा | ६ | १ | १ | १ | १ | १ | ५ | | | | |
| | | | | | | | | **प्राविधिक तथा व्यावसायिक शिक्षाको जम्मा** | ३४.५ | | | | |

## ३.६ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा

### ३.६.१ पृष्ठभूमि

गर्भावस्थादेखि नै शारिरीक एवं मानसिक विकास भइ सिकाइ कोक्रोदेखि सुरू भएर मृत्युपर्यन्तसम्म चलिरहने प्रक्रिया हो ।औपचारिक विद्यालय शिक्षाको अवसरबाट बञ्चित समूहको आवश्यकता सम्बोधन गर्ने गरी आधारभूत साक्षरता, निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा एवं जीवनोपयोगी सिपको विकास गर्न प्रदान गरिने शैक्षिक पद्धतिलाई अनौपचारिक शिक्षाको रूपमा चिनिन्छ । अनौपचारिक शिक्षा र साक्षरता शिक्षाको परिभाषा देशको अवस्था र आवश्यकता अनुसार फरक फरक हुन सक्दछ । अनौपचारिक शिक्षाको मूल ढोका साक्षरता हो र साक्षरता सिप जीवनपर्यन्त शिक्षाका लागि पूर्वाधार हो ।

वि.सं. २००४ मा आधार शिक्षा केन्द्र स्थापना भएपछि अनौपचारिक शिक्षाको प्रारम्भ गरिएको भए तापनि योजनाबद्ध रूपमा प्रौढ साक्षरता कार्यक्रमको विकास वि.सं. २०१३ सालदेखि भएको पाइन्छ । निरक्षरता उन्मूलन गर्ने, साक्षरतालाई कार्यमूलक बनाउने, विद्यालय शिक्षाको पहुँचभन्दा वाहिर रहेकाहरूलाई वैकल्पिक शैक्षिक कार्यक्रमलगायत धेरै प्रयासहरू गरिए । अनौपचारिक शिक्षाको अवधारणामा आएको व्यापकता, कार्यक्रमका स्वरूपमा देखा परेका विविधता विच समग्र अनौपचारिक शिक्षको नीति, योजना तथा कार्यक्रमको व्यवस्थापन गर्न २०५६ सालमा अनौपचारिक शिक्षा केन्द्रको स्थापना भयो । निरक्षरता उन्मूलन गर्ने मुख्य उद्देश्यले आ.व.२०६५।०६६ देखि राष्ट्रिय साक्षरता अभियानलाई देशव्यापी बनाईयो । वि.सं. २०६९ देखि साक्षर नेपाल अभियान शुरूवात गरी साक्षर बडा, गाउँ/नगरपालिका एवं जिल्ला घोषणा गर्ने कार्यको शुरूवात गरिएको थियो । यसै अभियान अन्तर्गत वि.सं. २०८० सालमा साक्षर मैवाखोला गाउँपालिकाको घोषणा गरिएको छ । यसै परिदृश्यलाई आधार मानी यस योजनामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमका उद्देश्य, रणनीति, मुख्य मुख्य कार्यक्रम तथा लक्ष्यहरू तय गरिएको छ ।

### ३.६.२ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको वर्तमान

#### अवस्था

यस मैवाखोला गाउँपालिकामा विगतमा प्रोढ शिक्षा जस्ता कार्यक्रम संचालन गरिएका थिए । निरन्तर शिक्षाको परिकल्पनाअनुसार गाउँपालिकाभित्र रहेका नागरिकहरूले सिकेका परम्परागत ज्ञान, सिप र प्रविधिको अभिलेखीकरण गरिएको छैन भने कृषि, स्वास्थ्य र दैनिक जीवनमा उपयोगी कतिपय साँस्कृतिक एवं

सामुदायिक ज्ञान सिप र प्रविधि लोपोन्मुख भएका छन् । निरन्तर शिक्षा, खुला सिकाइ एवं अनौपचारिक शिक्षाको माध्यमबाट गाउँबासीको क्षमता अभिवृद्दि गर्नुपर्ने जरूरी महशुस गरिएको छ ।

**तालिका नं. ३.६.१ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षासम्बन्धि विवरण**

| **क्र.स.** | **कार्यक्रमको नाम** | **कार्यक्रमको अवधि** | | | **लाभान्वित विद्यार्थी संख्या** | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| | | **३ महिना** | **एक वर्ष** | **निरन्तर** | **महिला** | **पुरूष** | |
| १ | प्रोढ शिक्षा | २०७७/०७८ | - | - | ४० | १० | ५० |
| २ | महिला शिक्षा | पालिकामा तथ्याङ्क यकिन नभएको | | | | | |
| ३. | अनौपचारिक शिक्षा | पालिकामा तथ्याङ्क उपलब्ध नभएको | | | | | |

स्रोतः पालिकाको शिक्षा शाखा, मैवाखोला गाउँपालिका

## ३.६.३ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा क्षेत्रका अवसर र चुनौतीहरू

वर्तमान सन्दर्भमा साझेदारहरूको स्रोतसहितको प्रतिवद्धता र प्राथमिकताका साथै नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका शिक्षासम्बन्धि प्रतिवद्धता, सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था, समृद्ध नेपाल सुखी नेपाली बनाउने सरकारको दीर्घकालिन सोच, संघदेखि स्थानीय तहसम्मका साक्षरता अभियान, राष्ट्रिय शिक्षा नीतिमा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिषाको प्रावधानजस्ता पक्षहरू अवसरका रूपमा छन् ।

## ३.६.४ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको लक्ष्य र उद्धेश्यहरू

**लक्ष्य (Goal)**

निरन्तर एवं अनौपचारिक शिक्षालाई समयसापेक्षित साक्षरता र उत्पादनमूलक रोजगारीको मूल आधारको रुपमा विकास गर्दै पूर्ण साक्षर सहितको समुन्नत गाउँपालिका निर्माण गर्ने।

**उद्देश्यहरु (Objectives)**

यस रणनीतिक योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्वन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१) मौलिक एवं परम्परागत ज्ञान, सिप, कला र प्रविधिको पहिचान, खोज, संरक्षण, प्रवर्द्धन एवं हस्तान्तरणसम्बन्धी कार्यक्रम सञ्चालन गर्नु ।

२) पालिकामा कम्तिमा एउटा निरन्तर एवं खुला सिकाइका लागि सामुदायिक स्तरबाट पुस्तकालयको निर्माण गर्ने एवं विद्युतिय पुस्तकालयको रूपमा विकास गर्ने।

३) गाउँपालिकालाई साक्षर पालिकाको रूपमा कायम राखी समय सापेक्ष पूर्ण साक्षर पालिकाको रूपमा विकास गर्नु ।

४) सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइको अवसर सुनिश्चित गर्नु।

५) शिक्षाको अवसरबाट बन्चित भएका वा विचैमा पढाइ छाडेका नवसाक्षर र निरक्षर व्यक्तिहरूको पहिचान गरी साक्षरता अभियान जीवन्त शिक्षा, खुला शिक्षा र वैकल्पिक शिक्षामार्फत औपचारिक शिक्षा सरह अर्थपूर्ण शिक्षा प्रदान गर्नु ।

### ३.६.५ रणनीतिहरू

१) मौलिक एवं परम्परागत ज्ञान, सिप, कला र प्रविधिको पहिचान, खोज, संरक्षण, आधुनिकीकरण, प्रवर्द्धन एवं हस्तान्तरणसम्बन्धी कार्यक्रम संचालन एवं समय सापेक्ष साक्षरता प्रवर्द्धन गर्न प्रविधिको उच्चतम उपयोग गरिनेछ ।

(२) साक्षरता र जीवनपर्यन्त शिक्षालाई सिपसँग जोड्न उद्यमशीलता एवं पढाइसँगै कमाइको अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

(३) पालिकाको शिक्षा शाखाको अग्रसरतामा सामुदायिक सिकाइ केन्द्रको सुदृढिकरण, सामुदायिक विद्यालय, शिक्षा सम्बद्ध विकास साझेदार, नागरिक समाज, टोल विकास समित, राजनैतिक दलहरू, संचार माध्यम,

अभिभावक तथा अन्य सरोकारवालाहरूसँग साझेदारी विकास गरी एकीकृत ढंगले परिचालन एवं आवश्यक पर्ने स्थानमा साक्षरता तथा साक्षरोत्तर कक्षा र सिपमुलक व्यावसायिक तालिमहरू सञ्चालन गरिनेछ ।

(४) डिजिटल साक्षरता कार्यक्रमलाई सवै नागरिकको पहुँच हुने गरी संचालनमा ल्याइनेछ ।

(५) सरोकारवालाहरूको क्षमता र अपनत्व विकासका लागि संघीय र प्रदेश सरकार र अन्य सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको मापदण्ड निर्धारण तथा संस्थागत सुद्धीकरण गरिनेछ ।

(६) संघिय र प्रदेश सरकारको समन्वयमा सिकारुका आवश्यकताअनुसार पाठ्यक्रकम र सिकाइ मोडलका डिजिटल सिकाइ सामग्री विकास गरी निरन्तर शिक्षाका कक्षाहरू सञ्चालन गरिनेछ ।

(७) राष्ट्रिय योग्यता प्रारूपअनुसार अरितिक, अनौपचारिक तथा औपचारिक शिक्षाबीच समकक्षताको लागि नीति, ऐन, नियमावली, निर्देशिका र मापदण्डको विकास र कार्यान्वयनमा सहजीकरण गरिनेछ ।

(८) साक्षरता सिकाइमा रेडियो, टेलिभिजन, मोबाइल, अनलाइन जस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय, सहभागीमैत्री सामग्री तथा विधि समेतका आधारमा पहुंचको अभिवृद्धि गरिनेछ ।

(९) पालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनसंरचना तथा पुनर्वितरण गरी स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसंगको सहकार्यमा हरेक वडामा कम्तिमा एउटा फ्री वाइफाई जोन, बाचनालय र पुस्तकालय सहितको सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने तथा सो को प्रभावकारी सञ्चालन गर्दै लगिनेछ ।

## ३.६.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### ३.६.६.१ उपलब्धि

साक्षर हुन बाँकी नागरिकहरूका लागि आधारभूत साक्षरता र साक्षरहरूका लागि सापेक्षित साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने ।

### ३.६.६.२ प्रमुख नतिजाहरू

१) निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको अवको बाटो सम्बन्धि अवधारणा तर्जुमा र कार्यान्वयनभएको हुने ।

२) निरक्षरहरूको तथ्याङ्क संकलन र अद्यावधिक भएको हुने ।

३) पालिकामा जीवनपर्यन्त सिकाइ एकाइ स्थापना एवं फोकल पर्सनको व्यवस्था भइ प्रत्येक वडामा कम्तिमा एउटा सामुदायिक सिकाइ केन्द्रको स्थापना भएको हुने ।

४) सार्वजनिक पुस्तकालय, इ-पुस्तकालय, फ्रि-वाइफाइ जोन तथा बाचनालय स्थापना भएको हुने ।

५) सवै वडामा उत्पादन एवं आयआर्जन समूह निर्माण भएको हुने ।

६) अध्ययन, अनुसन्धान एवं नवप्रर्वतनका लागि अघिल्लो पुस्ताको ज्ञान, सिप, कला र प्रविधिको अभिमूखीकरण तथा वितरण भएको हुने ।

७) आजिवन सिकाइका लागि प्रकाशित तथा डिजिटल सामग्री विकास तथा डिजिटल साक्षरता कार्यक्रम संचालन भएको हुने ।

८) पूर्ण एवं समय सापेक्ष साक्षर गाउँपालिका घोषणा भएको हुने ।

## ३.६.६.३ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाका प्रमुख क्रियाकलाप र लक्ष्य

**तालिका नं. ३.६.२ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाका प्रमुख क्रियाकलाप र लक्ष्य**

**(बजेट रू. लाखमा)**

| क.सं. | प्रमुख क्रियाकलापहर | इकाइ | संख्या | वित्तिय लक्ष्य (५ वर्ष) | | | | | जम्मा | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | संघ/प्रदेश | स्थानीय तह | अन्य | कैफियत |
| १ | निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको अवको बाटो सम्बन्धि अवधारणा तर्जुमा र कार्यान्वयन, सापेक्षित साक्षरताको मापदण्ड निर्माण | मापदण्ड | दुई | ०.५ | - | - | - | - | ०.५ | ✓ | ✓ | | |
| २ | सापेक्षित साक्षर हुन नसकेकाहरूको तथ्याङ्क संकलन र अद्यावधिक | संख्या | एक | ०.५ | - | - | - | - | ०.५ | ✓ | ✓ | | |
| ३. | पालिकामा जीवनपर्यन्त सिकाइ एकाइ स्थापना एवं फोकल पर्सनको व्यवस्था | तालिम | १ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| ४. | प्रत्येक वडामा कम्तिमा एउटा सामुदायिक सिकाइ केन्द्रको स्थापना | तालिम | ६ | २.५ | २.५ | ५ | २.५ | २.५ | १५ | | | | |
| ५. | सार्वजनिक पुस्तकालय, इ-पुस्तकालय, फ्रि-वाइफाइ जोन तथा बाचनालय स्थापना | - | - | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| ६. | सवै वडामा उत्पादन एवं आयआर्जन समूह निर्माण र तालिम प्रदान | समुह | ६ | १ | १ | १ | १ | १ | ५ | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७. | अध्ययन, अनुसन्धान एवं नवप्रर्वतनका लागि अघिल्लो पुस्ताको ज्ञान, सिप, कला र प्रविधिको अभिमूखीकरण तथा वितरण | समुह | ६ | १ | १ | १ | १ | १ | ५ | | | | |
| ८. | आजिवन सिकाइका लागि प्रकाशित तथा डिजिटल सामग्री विकास गर्ने | समुह | ६ | १ | १ | १ | १ | १ | ५ | | | | |
| ९. | डिजिटल साक्षरता कार्यक्रम संचालन | वटा | ६ | १ | १ | १ | १ | १ | ५ | | | | |
| १०. | पूर्ण एवं समय सापेक्ष साक्षर गाउँपालिका घोषणा | वटा | १ | - | १ | - | - | - | १ | | | | |
| **निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको जम्मा** | | | | | | | | | ५४.५ | | | | |

# परिच्छेद : चार

## शिक्षाका अन्तरसम्बन्धित विषयहरु

परिच्छेद ३ मा चर्चा गरिएका शिक्षाका विभिन्न उपक्षेत्रहरूसँग अन्तरसम्बन्धित विषयलाई पनि विश्लेषण गरी रणनीतिक योजनामा समावेश गर्न आवश्यक भएकाले यस परिच्छेदमा शिक्षाका अन्तरसम्बन्धित विश्य तथा क्षेत्रहरूका बारेमा वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरी योजनाको दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा अपेक्षित नतिजाका आधारमा शैक्षिक सुशासन, सवलीकरण र जनशक्ति व्यवस्थापन, पाठ्यक्रम तथा मूल्याङ्कन, भौतिक पूर्वाधार विकास र विज्ञान-प्रविधि एवं सूचना तथा सञ्चार प्रविधि, सुरक्षित विद्यालय व्यवस्थापन र मनोसामाजिक परामर्शका क्षेत्रमा अवलम्बन गरिने रणनीति, अपेक्षित उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलाप एवं लक्ष्य र बजेट प्रस्तुत गरिएको छ ।

### ४.१ शैक्षिक जनशक्ति व्यवस्थापन र विकास

#### ४.१.१ पृष्ठभूमि

गुणस्तरीय शिक्षाको लागि व्यावसायिक रूपमा दक्ष, पेसा प्रति उत्प्रेरित, समर्पित र विद्यार्थीको सिकाइप्रति जवाफदेही शैक्षिक जनशक्तिको आवश्यकता पर्दछ । योग्य व्यक्तिलाई शिक्षण पेसामा आकर्षित गरी टिकाइराख, उनीहरूको योग्यता एवं क्षमताको विकास र प्रयोग गर्न शिक्षकको उचित व्यवस्थापन गरिनु पर्दछ । यसैले विभिन्न शैक्षिक योजना, परियोजना, नीति तथा कार्यक्रमले शिक्षकको व्यवस्थापन र विकासलाई उच्च प्राथमिकता दिने गरेको पाइन्छ ।शैक्षिक जनशक्ति व्यवस्थापनभिव शिक्षक छनौट, नियुक्ति, सरुवा, बढुवा, पुरस्कार, दण्ड, अवकास जरता पक्षहरू समेटिएका हुन्छन् । विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक व्यवस्थापन गर्ने, योग्य शिक्षकलाई प्रधानाध्यापकको जिम्मेवारी सुम्पिने, शिक्षक तालिम तथा वृत्ति विकास जस्ता पक्षहरू पनि शिक्षक विकासमा समेट्नु पर्दछ । शिक्षकलाई पेसा प्रति उत्प्रेरित तगरेसम्म न त शिक्षण प्रभावकारी बन्दछन विद्यार्थीको सिकाइ उपलब्धि नै वृद्धि हुन्छ ।
पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धिको उच्चतम् प्राप्ति गुणस्तरीय शिक्षा हो । गुणस्तरीय शिक्षाको लागि व्यावसायिक रूपमा दक्ष, पेसा प्रति उत्प्रेरित, समर्पित र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको आवश्यकता पर्दछ । योग्य व्यक्तिलाई शिक्षण पेसामा आकर्षित गरी टिकाइराख, उनीहरूको योग्यता एवं

क्षमताको विकास र प्रयोग गर्न शिक्षकको उचित व्यवस्थापन गरिनु पर्दछ । यसैले बिभिन्न शैक्षिक योजना, परियोजना, नीति तथा कार्यक्रमले शिक्षकको व्यवस्थापन र विकासलाई उच्च प्राथमिकता दिने गरेको पाइन्छ ।

शिक्षक व्यवस्थापनभित्र शिक्षक छनौट, नियुक्ति, सरुवा, बढुवा, पुरस्कार, दण्ड, अवकास जस्ता पक्षहरू समेटिएका हुन्छन् । विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक व्यवस्थापन गर्ने, योग्य शिक्षकलाई प्रधानाध्यापकको जिम्मेवारी सुम्पिने, शिक्षक तालिम तथा वृत्ति विकास जस्ता पक्षहरू पनि शिक्षक व्यवस्थापन र विकासमा समेट्नु पर्दछ । शिक्षकलाई पेसा प्रति उत्प्रेरित नगरेसम्म न त शिक्षण सिकाइ प्रभावकारी बन्दछ न विद्यार्थीको सिकाइ उपलब्धि नै वृद्धि हुन्छ ।

यसै परिदृश्यलाई आधार मानी यस योजनामा शैक्षिक जनशक्ति व्यवस्थापन र विकास उपक्षेत्रका उद्देश्य, रणनीति, लक्ष्य, उपलब्धी, नतिजा र मुख्य कार्यक्रमहरू तय गरिएको छ ।

### ४.१.२ शैक्षिक जनशक्ति उत्पादन र व्यवस्थापनको वर्तमान अवस्था

शिक्षक सेवा आयोगको स्थापनासँगै प्रतिष्पर्धाको माध्यमबाट योग्य शिक्षक छनोट गर्ने प्रणालीको विकास भएको छ । यति हुँदा हुदै पनि अझै पनि कलेजको मेधाश्री विद्यार्थीलाई शिक्षण पेसामा आकर्षण गर्न सकिएको छैन । शिक्षण पेसा रोजाइको विषय बन्न सकेको छैन । नियुक्ति भएका शिक्षकहरूलाई नयाँ धरिवेशमा आधुनिक सूचना प्रविधि प्रयोग गरेर शिक्षण सिकाइ गर्न राक्षम बनाउने तथा शिक्षक पेसागत विकासको लागि तालिम सेमिनार, कार्यशालाहरू सञ्चालन गर्नु पर्ने आवश्यकत्ता छ । छानिएका शिक्षकहरू पनि लोकसेवा आयोगले सञ्चालन गर्ने परीक्षाहरू उत्तीर्ण हुन सकेमा निजामती कर्मचारीतर्फ जान चाहन्छन् । गाउँ गाउँमा राम्रा शिक्षक नवस्ने सहर केन्द्रित हुने समस्या पनि बढ्दो छ ।

प्राथमिक तहमा विद्यार्थी सङ्ख्या एवं कक्षागत रूपमा शिक्षक व्यवस्थापन गर्नुपर्ने अवस्था छ भने निम्नमाध्यमिक र माध्यमिक तहमा अधिकांश विद्यालयहरूले न्यूनतम शिक्षक दरवन्दी प्राप्त गर्न सकेका छैनन् । गणित, विज्ञान र अङ्ग्रेजी विषयका साथै प्राविधिक तर्फका विषय अध्यापन गराउने शिक्षकाहरूको अभाव छ ।शिक्षकको दक्षता वृद्धि गर्न पर्याप्त शिक्षक तालिमहरू भएका त छन् तर पनि तालिमको प्रभाव अर्थपूर्ण देखिदैन। तालिम प्राप्त हुँदा हुदै पनि शिक्षकले तालिममा सिकेको कुरा शिक्षण सिकाइमा प्रयोग हुन सकेको छैन । यसको अर्थ शिक्षक तालिमहरू कक्षाकोठामा प्रयोग हुन सक्ने गरी प्रभावकारी नभएको तथा

शिक्षकले आफ्नो परम्परागत शिक्षण सिकाइलाई परिवर्तन गर्न नचाहेको भन्ने देखिन्छ । यस कार्यको प्रभावकारी अनुगमन गर्ने, पृष्ठपोषण गर्ने पद्धति स्थापित हुन सकिरहेको

**तालिका नं. ४.१.१ शैक्षिक जनशक्ति व्यवस्थापनको वर्तमान अवस्था**

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | प्रारम्भिक बालविकास केन्द्रमा शिक्षक विद्यार्थी अनुपात | १५ |
| २ | आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात | १५.१ |
| ३. | माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात | १५.४१ |
| ४. | पालिकामा स्थायी शिक्षक संख्या | ९३ |
| ५ | पालिकामा करार शिक्षक संख्या | २४ |
| ६. | पालिकामा अस्थायी शिक्षक संख्या | ३९ |
| ७. | पालिकाका विद्यालयहरूमा कार्यरत सहयोगी शैक्षिक जनशक्ति संख्या | २८ |

स्रोतः पालिकाको शिक्षा शाखा, मैवाखोला गाउँपालिका

### ४.१.३ शैक्षिक जनशक्ति व्यवस्थापन र विकास उपक्षेत्रका अवसर र चुनौतीहरू

गाउँपालिकाले शिक्षकहरूको क्षमता विकासका कार्यक्रमहरू बार्षिक बजेट तथा कार्यक्रममै समावेश गरी सुरू गर्नु, शिक्षक सेवा आयोगले निरन्तर रुपमा स्थायी शिक्षकको पदपूर्ति गर्नु, बढुवाका नियमित कार्यहरु प्रभावकारी रुपमा अगाडि बढाउनु, नेपाल सरकारले शिक्षक दरबन्दी मिलान गर्नका लागि कार्यदल निर्माण गरी प्राप्त प्रतिवेदनअनुसार दरवन्दी मिलानका कार्यहरु शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट तदारुकताका साथ अगाडि बढ्नु, शिक्षकको पेशागत विकाससँग सम्बन्धित विविध कार्यक्रमहरु कार्यान्वयनमा आउनु, प्रदेश र स्थानीय तहले समेत शिक्षक व्यवस्थापनमा लगानी गर्दै आउनु, शिक्षकका पेशागत संस्थाहरु प्रविधि तथा अन्य पेशागत विकाससम्बन्धी तालिम र प्रशिक्षण कार्यक्रमको आयोजना र सहजिकरणमा अभिप्रेरित देखिनु, बालविकास र प्राथमिक तहमा शिक्षक दरबन्दी पर्याप्त हुनु, पालिकाले आफ्नै स्रोतवाट विषयगत शिक्षक दरबन्दी पर्याप्त नभएका विद्यालयहरुलाई मध्यनजर राखी अंग्रेजी, गणित र विज्ञान विषयका दक्ष शिक्षकहरुवाट भर्चुअल माध्यमबाट कक्षा सञ्चालन गरिनु, प्रधानाध्यापक व्यवस्थापनका लागि कार्यविधि

निर्माणको प्रयासमा लाग्नु, प्रधानाध्यापकहरुसँग कार्यसम्पादन करार गरिनु आदि यस क्षेत्रका अवसरहरु रहेका छन् ।

शैक्षिक जनशक्ति व्यवस्थापन र विकास उपक्षेत्रका विद्यमान चुनौतीहरूमा शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु,. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु, शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु, विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु, शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्न, समयमा कक्षाकोठाभित्र शिक्षकको नियमितता र गुणस्तरीय शिक्षण बनाउनु, तहगत रुपमा प्रभावकारी परीक्षा सञ्चालन गरी समयसिमाभित्रै परीक्षाफल प्रकाशन गर्नु, विद्यार्थी सङ्ख्या तथा विषयको आधारमा शिक्षक पुनर्वितरण गर्नु, सबै तहमा विषयगत शिक्षकको व्यवस्थापन गर्नु, शिक्षण पेसामा योग्य, दक्ष, सक्षम, मेधावी र उत्साही व्यक्तिलाई आकर्षण गर्नु र टिकाइराखु, शिक्षकलाई शिक्षण सिकाइमा नयाँ नयाँ विधि, प्रबिधि प्रयोग गर्न तथा शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्ने बनाउनु, पाठ्यक्रममा आधारित शिक्षण सिकाइका लागि शिक्षकको सक्षमता विकास गर्नु, विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादनसँग आवद्ध गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु रहेका छन् ।

### ४.१.४ शैक्षिक जनशक्ति व्यवस्थापन र विकास उपक्षेत्रका लक्ष्य र उद्धेश्यहरू

**लक्ष्य**

समयसापेक्ष सक्षमता हासिल गरेको तथा पेशाप्रति निष्ठावान शिक्षकको व्यवस्थापन र विकास भइ सबै विद्यार्थीको सिकाइ अर्थपूर्ण भएको हुने ।

**उद्धेश्यहरू**

(१) सबै तहमा योग्य, सक्षम तथा सिपयुक्त शिक्षकको प्रवन्ध गर्नु,

(२) विद्यालयहरूमा न्यूनतम शिक्षक दरवन्दी तथा विषयगत शिक्षकको व्यवस्थापन गर्नु,

(३) पाठ्यक्रममा आधारित सिकाइका लागि शिक्षकको सक्षमता अभिवृद्धि गर्न शिक्षक सहयोग प्रणालीको स्थापना गर्नु ।

### ४.१.५ रणनीतिहरू

१. शिक्षक व्यवस्थापन र विकास सम्बन्धी स्थानीय तहले तर्जुमा गर्नुपर्ने नीति, कानुन, मापदण्ड, कार्यविधि एवं योजनाबद्ध कार्यक्रम तय गर्ने ।

२. शिक्षा संलग्न जनशक्तिको क्षमता विकास तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ।विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन गर्ने ।

३. शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सीप विकाससम्बन्धी तालिम सञ्चालन गर्ने ।

४. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराउने। यसका लागि पालिकाभित्र उपलब्ध अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ।

५. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गर्ने ।

६. पालिका अन्तर्गत स्वयंसेवक शिक्षकको करार सूची प्रकाशन गर्ने ।

७. शिक्षक तथा शिक्षामा संलग्न जनशक्तिको पेसागत performance को आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्ने ।गर्ने ।

८. १४. हरेक विद्यालयमा एकजना स्वास्थ्यकर्मी र एक जना खेलकूद प्रशिक्षकको व्यवस्था गर्ने ।

९. हरेक सामुदायिक सिकाइ केन्द्रहरूमा क्रमशः एक जना सहयोगी कर्मचारीको व्यवस्था गर्ने ।

१०. विद्यालय शिक्षकहरूलाई शैक्षणिक सहयोगका लागि कम्तीमा ३ जना माध्यमिक तहको योग्यता पुगेका योग्य व्यक्तिलाई शैक्षणिक सुपरभाइजरको रुपमा नियुक्त गर्ने ।

११. हरेक बालविकास केन्द्रमा कम्तीमा एक जना सुसारे (अबचभतबपभच) को व्यवस्था गर्ने ।

१२. शिक्षा, युवा तथा खेलकूद शाखामा नयाँ दरबन्दी सृजना गरी क्ष्भ्ःक्ष्क् का लागि कम्प्युटर अपरेटर १ जना, लेखापाल १ जना र प्राविधिक (सिभिल इन्जिनियरिङ्ग) को व्यवस्था गर्ने ।

१३. पालिकाको सम्बन्धित शाखामा रहने गरी विद्यालयहरूमा योग अभ्यास र ध्यान, सिकाउन; संगित (नृत्य, गायन र वाध्यवादन जस्ता सृजनात्मक कला) शिक्षण; र मनोसामाजिक परामर्शका लागि एक—एक जना शिक्षक वा प्रशिक्षकको व्यवस्था गर्ने ।

१४. ५ वर्षे सेवा निरन्तरता संझौता गरि क्षमतावान् तथा मेधावी शिक्षकलाई एम्.फिल. वा विद्यावारिधिका लागि छात्रवृत्ति सहित अनुसन्धानको अवसर दिने ।

### ४.१.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ४.१.६.१ उपलब्धि

शिक्षक एवं शिक्षा क्षेत्रमा संलग्न शैक्षिक जनशक्तिको उचित व्यवस्थापन र प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था एवं विकास भइ विद्यार्थीको सिकाइ उपलब्धी स्तरीकृत भएको हुने ।

#### ४.१.६.२ प्रमुख नतिजाहरू

१) शिक्षक व्यवस्थापन र विकास सम्बन्धी स्थानीय तहले तर्जुमा गर्नुपर्ने नीति, कानुन, मापदण्ड, कार्यविधि एवं योजनाबद्ध कार्यक्रम तय भइ कार्यान्वयनमा आएको हुने ।

२) पालिका अन्तर्गत स्वयंसेवक शिक्षकको लागि प्रतिस्पर्धा गराई २ वर्षे करार सूची प्रकाशन गरिनेछ।

३) बाल विकास सहजकर्ताले लागि मन्टेश्वरीसहित पूनर्ताजगि तालिम प्राप्त गरेको हुनेछ ।

४) शिक्षण पेशा प्रतिस्पर्धी र सम्मानित हुनेछ। स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणालीमार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुनेछ।

५) शिक्षक र शिक्षालयलाई राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउन सर्वपक्षिय समझदारी बन्नेछ ।

६) विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन तथा आपूर्ति हुने साथै क्षमतावान् तथा मेधावी शिक्षकले एम्. फिल्. वा विद्यावारिधिका अवसर पाएका हुनेछन्।

७) स्टेम शिक्षा सम्बन्धि प्रधानाध्यापक एवं शिक्षक अभिमुखीकरण र तालिम प्रदान गरिनेछन् ।

### ४.१.६.३ शैक्षिक जनशक्ति व्यवस्थापन र विकास उपक्षेत्रका प्रमुख क्रियाकलाप र लक्ष्य

**तालिका नं. ४.१.६.शैक्षिक जनशक्ति व्यवस्थापन र विकास उपक्षेत्रका प्रमुख क्रियाकलाप र लक्ष्य**

**(बजेट रू. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहर | इकाइ | संख्या | वित्तिय लक्ष्य (५ वर्ष) | | | | | जम्मा | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | संघ/प्रदेश | स्थानीय तह | अन्य | कैफियत |
| १ | सवै शिक्षकहरूका लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा एवं पेशासग सहयोगका निम्ति मापदण्ड, कार्यविधि निर्माण | संख्या | - | ०.१ | - | - | - | - | ०.१ | - | | - | मापदण्ड तयार भइ कार्यान्वयन भएको हुने |
| २ | प्रधानाध्यापक नेतृत्व क्षमता विकास | पटक | ५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | - | |
| ३. | पालिकाबाट व्यवस्थापन गरिएका अस्थायी एवं करारमा नियुक्त शिक्षकहरूको व्यवस्थापन एव दिगो समाधान निर्देशिका निर्माण | संख्या | - | ०.१ | - | - | - | - | ०.१ | - | | - | निर्देशिका तयार भइ कार्यान्व्यन भएको हुने |
| ४. | गाउँपालिकाबाट यातायात, खाजा खर्च, सञ्चार खर्च, शिक्षकको उत्प्रणा बढाउन आवश्यक पर्ने अत्यावश्यक खर्चको व्यवस्था गरी शिक्षकको सेवा सुविधालाई आकर्षक बनाउने | पटक | - | १ | १ | १ | १ | १ | ५ | | | - | शिक्षकको उत्प्रेरणा बढेको हुने । |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५. | सबै शिक्षकलाई सामुहिक एवं विषयगत शैक्षिक पद्धति सुधार एवं क्षमता विकास तालिमको व्यवस्था | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | | | - | शिक्षकको व्यावसायिक क्षमता विकास भएको हुने |
| ६. | बाल विकास सहजकर्ताको लागि हरेक वर्ष मन्टेश्वरीसहित पूनर्ताजगि तालिम | पटक | ५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | - | शिक्षण प्रभावकारीता वृद्धि भएको हुने |
| ७. | अध्ययन, अनुसन्धान एवं अवलोकनका लागि शैक्षिक भ्रमण एवं अन्य नमुना विद्यालय अवलोकन कार्यक्रम | पटक | ५ | ०.३ | ०.३ | ०.३ | ०.३ | ०.३ | १.५ | | | | अवलोकन/भ्रमणबाट सिकेको कुरा विद्यालयमा लागू भएको हुने । |
| ८. | गाउँपालिकाका सबै शिक्षकको स्वास्थ्य विमा अनिवार्य गरिने | - | - | ०.१ | ०.१ | ०.१ | - | - | ०.३ | | | | |
| ९. | शिक्षकलाई डिजिटल शैक्षणिक सामग्री निर्माण र शिक्षणमा प्रविधि प्रयोगका लागि आइसिटि एवं डिजिटल तालिम कार्यक्रम संचालन | पटक | ५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| १०. | हरेक वर्ष प्रधानाध्यपक एवं शिक्षकसँग निश्चित मापदण्डअनुसार अघिल्लो वर्ष गरिएको सम्झोताको मूल्यांकन सहित कार्यसम्पादन करार सम्झोता गर्ने | पटक | ५ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.५ | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११. | प्रधानाध्यापक कार्यसम्पादनको पालिका शिक्षा शाखावाट एवं शिक्षक कार्यसम्पादनको प्रधानाध्यापकबाट नियमित अनुगमन तथा मूल्याङ्कन | नियमित | - | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.५ | | | | |
| १२. | अंग्रेजी, विज्ञान, गणित एवं प्राविधिक विषय अध्ययनका लागि विज्ञ शिक्षक समावेश भएको मोबाइल शिक्षक टिमको परिचालन | नियमित | ५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| १३ | मोज्दात शिक्षक दरबन्दी र सिर्जना गरिएका दरबन्दीको विषयगत हिसावले फेहरिस्त तयार गरी विज्ञानपनका लागि शिक्षक सेवा आयोगमा लेखी पठाइ शिक्षक व्यवस्थापनका लागि समन्वय गर्ने | नियमित | - | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.५ | | | | |
| १४ | एउटा विद्यालयमा बढीमा पाँच वर्षभन्दा बढि अवधि काम गर्न नपाउने गरी शिक्षकको सरूवालाई पारदर्शी र अनुमानयोग्य बनाउने । | नियमित | - | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.५ | | | | |
| १५ | स्टेम शिक्षा सम्बन्धि प्रधानाध्यापक एवं शिक्षक अभिमुखीकरण | नियमित | ५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| १६ | स्टेम शिक्षण पद्धतिसम्बन्धि शिक्षक तालिम | नियमित | ५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | शैक्षणिक सुपरभाइजर नियुक्ति र व्यवस्थापन | नियमित | ५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| १८ | योग, ध्यान, संगित (नृत्य, गायन र बाद्यबादन) शिक्षण तथा मनोसामाजिक परामर्शका लागि शिक्षक-प्रशिक्षकको व्यवस्थापन | नियमित | ५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| १९ | प्रविधिअन्तर्गत क्लाउड प्रविधिमार्फत शिक्षाको तथ्यांक प्रणाली सुधार तथा डाटावेस सुदृढ गर्ने कार्यक्रम | नियमित | ५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| २० | विद्यालयमा आंशिक रूपमा स्वास्थ्यकर्मी/नर्सको व्यवस्था | नियमित | ५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | ७.५ | | | | |
| शैक्षिक जनशक्ति व्यवस्थापन र विकासको जम्मा | | | | | | | | | ४४ | | | | |

## ४.२ पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन

### ४.२.१ पृष्ठभूमि

पाठ्यक्रम शैक्षिक प्रक्रियाको व्यवस्थित योजना हो र शैक्षिक दर्शन कार्यान्वयन गर्ने प्रमुख साधन पनि हो । पाठ्यक्रममा शिक्षाका उद्देश्यहरू, समाजका चाहनाहरू, विद्यार्थीका रूचि र उमेर अनुसारका स्तरयुक्त, समसामयिक, वैज्ञानिक तथा प्रभावकारी विषयवस्तुका साथै विषयवस्तुलाई प्रभावकारीपूर्ण ढङ्गले शिक्षण गर्न उपयुक्त शिक्षण विधि र प्रविधि, सामग्री, प्रक्रिया र मूल्याङ्कन प्रविधि समेत निर्धारित गरिएको हुन्छ । निश्चित शैक्षिक उद्देश्यहरू प्राप्त गर्न सिकाइ अनुभवहरू छनोट गर्ने, सङ्गठित गर्ने र उद्देश्यहरू पूरा भएको वा नभएको मूल्याङ्कन गर्ने योजनाको रूपमा पाठ्यक्रमलाई लिन सकिन्छ । औपचारिक शिक्षाका सम्पूर्ण कार्यक्रमहरू पाठ्यक्रमको वरिपरी घुमिरहेका हुन्छन् । यसर्थ पाठ्यक्रम कार्यान्वयन योग्य, समाजका अपेक्षाहरू समेट्न सक्ने, जीवनको लागि आवश्यक सिप, क्षमता, दक्षता विकास गर्न सक्ने, मानवीय मूल्यमान्यतालाई आत्मसात गर्न सक्ने जस्ता गुण भएमा पाठ्यक्रम प्रभावकारी भएको मान्न सकिन्छ ।

पाठयक्रम विकास, परिवर्तन र परिमार्जन निरन्तर भइरहने प्रक्रिया हो । नेपालको संविधानको धारा ३१ को व्यवस्था र मर्म, विश्वमा भइरहेका नवीनतम शैक्षिक प्रबर्धन, प्रयोग तथा उपलब्धिहरु, राज्यको पुनर्संरचनासँगै शैक्षिक रुपान्तरण अपरिहार्य भइ पाठयक्रम विकास केन्द्रको नेतृत्वमा विद्यालय तहका पाठयक्रम २०७६ देखि परिवर्तन तथा कार्यान्वयन प्रारम्भ गरिएको छ । राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ ले तयार गरेको विद्यालय क्षेत्रको पाठयक्रमलाइ आधार तथा मार्गचित्रका रुपमा लिई सामाजिक न्याय, सकारात्मक रुपान्तरण र विश्व प्रतिष्पर्धी सक्षम नागरिक तयार गर्ने लक्ष्य केन्द्रित पाठयक्रम कार्यान्वयन गर्नु संघीय, प्रादेशिक र स्थानीय सरकारको प्रमुख जिम्मेवारी रहेको छ । राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ ले स्थानीय पाठयक्रमको निर्माणका लागि स्थानीय तहलाई जिम्मेवारी दिएको छ भने प्रथम पटक कार्यघण्टा र पाठयघण्टाको व्यवस्था गरिएको छ । पाठ्यक्रमका उद्देश्य पूरा गर्न सहयोग पुर्‍याउने, बालबालिकालाई सिक्न तथा स्वअध्ययन गर्न उत्सुकता वृद्धि हुने खालका पाठ्यसामग्री उत्पादन गर्न र प्रभावकारी प्रयोग हुन सके शिक्षाको गुणस्तर वृद्धि गर्न सम्भव हुन्छ । पाठ्यक्रमको सान्दर्भिकता र गुणस्तरले समाज, स्थानीय तह, प्रदेश र राष्ट्रका शैक्षिक उद्देश्य पूरा गर्न सक्दछ । वैज्ञानिक सोचको निर्माण गर्न, सामाजिक मूल्य मान्यता, कला संस्कृतिको संरक्षण गर्न, पठन संस्कृतिको विकास गर्न, विद्यार्थीमा रहेको खेल, सङ्गीत, गायन

लगायतका सिर्जनात्मक क्षमता र प्रतिभाको प्रस्फुटन गर्न समेत पाठ्यक्रम र शिक्षण संस्थामा हुने गतिविधिले प्रभाव पार्दछ ।पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो। यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ। पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ। समयसापेक्ष हुनुपर्छ। जनचाहना पूरा गर्न सक्नुपर्दछ। कक्षाकोठाको वातावरण अनुकूल हुनुपर्छ। व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ। पाठ्यक्रम समावेशी हुनुपर्छ। यसले सबैको चाहना प्रतिविम्वन गर्न सक्नुपर्छ। स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ।

पाठ्यक्रम कुनै कक्षावा तहमा कुन-कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा केकस्ताक्षमता विकास गराउने हो अर्थात् किन पढाउने, केकरता क्रियाकलापका माध्यबाट अपेक्षितसक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यकपृष्ठपोषण प्रदान गर्न केकसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो। मूल्याङ्कन पद्धतिका रुपमा कक्षाकोठामा आधारित पठन सीप परिक्षण, आबधिक परीक्षा, आवधिक मूल्याङ्कनसहितका विधि प्रचलनमा रहेका छन् भने हाल सिकाइका लागि मूल्यांकनको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता रहेको छ।

### ४.२.२ पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन उपक्षेत्रको वर्तमान अवस्था

मैवाखोला गाउँपालिकाले स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयनमा ल्याएको । साथै विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ। स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुर्याई बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुर्‍याउछ। स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा

दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरीएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतको व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। त्यसैगरी यसले सिकाइमा प्रयोग गरीने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थीको निर्माणात्मक मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ ।

आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन बिधि अपनाएइको छ। आधारभूत तह कक्षा ६-८ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाएइको छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने गरेको छ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

स्थानीय पाठयक्रमको विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ अनुसार यस गाउँपालिकाले आधारभूत तहमा हाम्रो मैवाखोला विषयक स्थानीय विषयको पाठयक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइरहेकोमा आ.व. २०८१/८२ मा उक्त पाठ्यक्रम परिमार्जन गर्न लागिएको छ । गाउँपालिकाले आगामी शैक्षिक सत्र २०८३ मा कक्षा १ देखि ३ सम्मको पाठयपुस्तक समेतको विकास गरी कार्यान्वयनमा लैजाने योजना अगाडि बढाइरहेको छ ।

### ४.२.३ पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन उपक्षेत्रको अवसर र चुनौतीहरू

**चुनौतीहरु**

पाठयपुस्तकलाई शैक्षिक सत्रको शुरुमा नै विद्यार्थीको हातमा प्रदान गर्नु, शिक्षक निर्देशिकालगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्री प्रदान गर्नु, विद्यार्थी मूल्यांकन पद्धतिलाई शिक्षण सिकाइसँग जोडने, परीक्षा पद्धतिलाई उच्च तहको संज्ञान तथा सिप परीक्षण गर्ने गरी कार्यान्वयन र विद्यार्थीको कार्यसम्पादन स्तरलाई मूल्याङकनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउनु, सिकाइ सहजीकरण र मूल्याङकनमा

सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग गर्नु, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास गर्नु, प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्नु, स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउनु, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग गर्नु, स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह अर्थपूर्ण सहभागिता गराउनु, अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग, स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्नु, नयाँ पाठयक्रमको प्रभावकारी कार्यान्वयनका लागि विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु आदि पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कनसँग सम्बन्धित चुनौतीहरु हुन ।

**अवसरहरू**

पठनसीपसम्बन्धि शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरुको विकास, वितरण तथा प्रयोग हुदै आउनु स्थानीय पाठ्यक्रमको परिमार्जन प्रक्रिया अगाडी बढ्नु र समयमा नै पाठ्यपुस्तकहरु प्राप्त हुनु, संघीय स्तरमा राष्ट्रिय पाठयक्रमको प्रारुप २०७६ निर्माण भई प्रारम्भिक बाल विकास शिक्षादेखि कक्षा १२ सम्मको पाठयक्रम परिमार्जन भई लागु हुनु, स्थानीय पाठयक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ को विकास हुनु र सो को आधारमा गाउँपालिकामा समेत स्थानीय पाठयक्रमको विकास भई लागू हुनु, सबै बालबालिकाहरूलाई निःशुल्क पाठयपुस्तक प्रदान गरिनु, पाठयक्रम, पाठयपुस्तक, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीको विकास र कार्यान्वयनमा प्रभावकारी भूमिका निर्वाह गर्नु आदि यससंग सम्बन्धित **अवसरहरू** हुन ।

### ४.२.४ पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन उपक्षेत्रको लक्ष्य र उद्धेश्यहरू

**लक्ष्य (Goal)**

**उद्देश्यहरु (Objectives)**

यस योजनाले पाठ्यक्रम तथामूल्याङ्कनसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ

१. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

२. स्थानीय पाठ्यक्रम मार्फत समृद्ध प्याडलेख निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु।

३. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु।

### ३.६.५ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष सान्दर्भिक बनाउन  स्थानीय पाठयक्रमलाई आवश्यकता अनुसार क्रमशः परिमार्जन गर्दै लगिनेछ र उक्त पाठयक्रमलाई कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने पाठयसामग्री विकासका लागि निजी क्षेत्रसंगको साझेदारीमा कार्य अगाडि बढाइनेछ ।

२. राष्टिय पाठयक्रम प्रारुप २०७६ र तदनुसारका पाठयक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

३. विद्यालय पाठ्यक्रमको आवधिकरुपमा मूल्यांकन गरी त्यसका आधारमा पाठयक्रम परिमार्जन तथा सुधार गर्न पृष्ठपोषण गरिनेछ ।

३. ज्ञानमा आधारित समाज, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवम शैक्षिक, सामाजिक,सांस्कृतिक, ४. विषयवस्तुको अध्यापनमा स्थानीयकरणलाई प्राथमिकतामा राखिनेछ । राजनीतिक, आर्थिक परिवर्तन र विश्व परिवेशका आधारमा पाठयक्रमलाई सान्रदभिक र व्यवहारिक बनाउन समन्वय गरिनेछ ।

५. पाठयक्रम तथा पाठयसामग्रीलाई प्रभावकारी कार्यान्वयन गर्न सम्वन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण गरिनेछ ।

६. राष्टिय पाठयक्रम प्रारुपले निर्दिष्ट गरेअनुसार विद्यालय तहको पाठयक्रम कार्यान्वयन गर्न  अत्यावश्यक सक्षमता विकास गरी जिम्मेवार बनाईनेछ ।

७. पालिकामा सञ्चालनमा रहेका विद्यालयहरुमा पाठयक्रम कार्यान्वयनका लागि आवश्यक संरचनागत तथा पेशागत सक्षमता अभिवृद्धि गरी पाठयक्रमको प्रभावकारी कार्यान्वयन गर्न कानुनी तथा नीतिगत  व्यवस्था कार्यान्वयनमा ल्याइनेछ ।

८. पाठयक्रममा आधारित शिक्षण सिकाइलाई सूचना, सञ्चार र प्रविधिको उचित प्रयोग गर्न सहभागीतामूलक, खोजमूलक तथा समस्या समाधानकेन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिनेछ ।

९. प्रारम्भिक कक्षाहरुमा शिक्षण सहजीकरणका लागि आवश्यकता अनुसार मातृभाषा, स्थानिय भाषा र बहुभाषा प्रयोगलाई प्राथमिकता दिइनेछ ।

१०. सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक पूर्वाधार विकास तथा उचित प्रयोग गर्न सक्ने क्षमता विकास गरी कक्षागत वा तहगत रुपमा प्रविधिमा आधारित शिक्षण सिकाइलाई परीक्षणमा ल्याइनेछ ।

११. सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधि ल्याव र सिकाइ सामग्रीयुक्त पुस्तकालय स्थापना गरी सो को प्रयोगको लागि शिक्षकहरुको क्षमता विकास गरिनेछ ।

१२. स्थानिय पाठयक्रम परिमार्जन एवम विकास तथा कार्यान्वयनका लागि समन्वयात्मक अनुगमन तथा पृष्ठपोषण कार्यलाई व्यवस्थित गरिनेछ ।

१३. अपांगता भएका बालबालिकाहरुको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर बृद्धि गर्न पाठयक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपि, सांकेतिक भाषा, श्रव्यदृष्य सामग्रीको विकास तथा प्रयोगलाई उच्च प्राथमिकता दिई सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चितता गरिनेछ ।

१४. आधारभूत शिक्षा परीक्षा लगायतका अन्य परीक्षा तथा विद्यार्थी मूल्याङ्कन पद्धतिलाई क्रमशः सुधार गर्दै लगिनेछ ।

## ३.६.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### ३.६.६.१ उपलब्धि

स्थानीय पाठ्यक्रमसहित विद्यालय तहको सवै तह र विषयका पाठयक्रम समय-सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली विश्वसनिय र प्रभावकारी भई गुणस्तरीय एवं सान्दर्भिक पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरूको उपलब्धता र प्रयोग सुनिश्चित हुने तथा आवश्यक आधारभूत सक्षमता सहित सकारात्मक सोंच, सृजनशिल, निरन्तर सिकाइप्रति प्रतिवद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

### ३.६.६.२ प्रमुख नतिजाहरू

१. सिकाइ प्रणालीमा अर्थपूर्ण सहयोग पुगि राष्टिय पाठयक्रम प्रारुप २०७६ र स्थानीय पाठयक्रम विकास तथा मार्गदर्शन, २०७६ अनुसार विद्यालय तहको पाठयक्रमको प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने ।

२. स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको विकास र कार्यान्वयन भएको हुने ।

३. सवै विद्यालयमा पाठ्यक्रम, शिक्षक निर्देशिका र सन्दर्भ सागग्रीहरूसहितको पुस्तकालयको व्यवस्था भएको हुने ।

४. आधारभूत तहसम्म आवश्यकता अनुसार मातृभाषा, स्थानिय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरणको थालनी भएको हुने ।

५. सिकाइ क्रियाकलाप बालमैत्री, सहभागितामूलक, सान्दर्भिक एवं प्रभावकारी भइ मूल्यांकन प्रणाली सिकाइ सुधारको माध्ययका रूपमा प्रयोग गरिएको हुने ।

### ४.२.६.३ पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन उपक्षेत्रका प्रमुख क्रियाकलाप र लक्ष्य

**तालिका नं. ४.२.६.पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन उपक्षेत्रका प्रमुख क्रियाकलाप र लक्ष्य**

(बजेट रू. लाखमा)

| क.सं. | प्रमुख क्रियाकलापहर | इकाइ | जम्मा | वित्तिय लक्ष्य (५ वर्ष) | | | | | जम्मा | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | संघ/प्रदेश | स्थानीय तह | विद्यालय/अन्य | कैफियत |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वियन तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वियन | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | | | | पाठ्यक्रम कार्यान्वियन भएको हुने |
| २ | राष्ट्रिय पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रम कार्यान्वियनमा शिक्षकको क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | | | | |
| ३. | स्थानीय पाठ्यक्रमअनुसार पाठ्यपुस्तक र पाठ्यसामग्री निर्माण | संख्या | १ | १० | - | - | | - | १० | | | | पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण हुने |
| ४. | विद्यार्थीको प्रतिभा पहिचानका लागि अतिरिक्त क्रियाकलाप तथा प्रतिभाको प्रचारप्रसार | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | | | | प्रतिभा पहिचान तथा प्रचार भएको हुने |
| ५. | मूल्यांकन तथा परीक्षा सुधारका लागि सरोकारवालाको क्षमता विकास कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | | | | क्षमता विकास भएको हुने |
| ६ | स्थानीय तहभित्र रहेका सरकारी एवं गैरसरकारी कृषि, बन, स्वास्थ्य, खेलकुद, भूमिव्यवस्था, सामुदायिक क्लव,जस्ता संघसंस्थाद्वारा पाठ्यक्रम केन्द्रित कार्यक्रम सहयोग | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | | | | |
| ७ | स्थानीय मातृ भाषामा पठनसामग्री तयारी र शिक्षण क्रियाकलापमा कार्यान्वियन | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | | | | |
| ८ | अभिभाव शिक्षाको पाठ्यक्रम विकास तथा कार्यान्वियन गर्ने | संख्या | १ | - | १ | - | - | - | १ | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | सवै माध्यमिक विद्यालयमा कक्षागत र विषयगत पुस्तक तथा सन्दर्भ सामग्रीसहितको पुस्तकालयको व्यवस्था | संख्या | ५ | १ | १ | १ | १ | १ | ५ | | | | |
| १० | स्थानीय ज्ञान सिप र प्रविधि प्रवर्द्धनका लागि No Cost-Low Cost अवधारणाअनुसार शैक्षिक सामग्री निर्माण तथा प्रयोग | - | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | | | |
| ११ | गाउँपालिकाको विपद् जोखिम पूर्वानुमान तथा अध्ययन गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी विद्यालयस्तरीय पाठ्यसामग्रीको निर्माण र कार्यान्व्यन | | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | | | |
| १३ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी शिक्षक तालिम संचालन | संख्या | १० | १ | १ | १ | १ | १ | ५ | | | | |
| १४ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी सचेतना कार्यक्रम संचालन | संख्या | ३० | २ | २ | २ | २ | २ | १० | | | | |
| पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन उपक्षेत्रका जम्मा | | | | | | | | | ७० | | | | |

## ४.३ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.३.१ पृष्ठभूमि

हरेक शिक्षण संस्थालाई न्यूनतम शैक्षिक एवं भौतिक पूर्वाधारयुक्त बनाई सुरक्षित शैक्षिक संस्थाको रूपमा विकास गर्नु आवश्यक छ ।बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । सुरक्षित र अनुकुल भौतिक वातावरण भएको विद्यालय नै विद्यार्थी र अभिभावकको पहिलो रोजाइ हुने गरेको छ । उपयुक्त आकार र प्रकारका कक्षाकोठा, खानेपानी, शौचालय, विद्यालय घेराबार, विषयगत प्रयोगशाला, पुस्तकालय, खेलमैदान, अतिरिक्त क्रियाकलाप कक्ष, अभिभावक कक्ष, अनुसन्धान र अन्वेषणका लागि सामग्री एवं सूचना व्यवस्थापन कक्ष आदि कुराहरू भौतिक पूर्वाधार अन्तरगत समेटिएका हुन्छन् । विद्यार्थी सङ्ख्याको आधारमा भौतिक पूर्वाधारको व्यवस्थापन गर्दै उक्त पूर्वाधारको संरक्षण एवं स्तरोन्नति पनि निरन्तर गर्नुपर्ने हुन्छ । शिक्षालयहरूलाई सबै किसिमले सुरक्षित एवं बालमैत्री बनाई अभिभावक र विद्यार्थीको रोजाइको बनाउन ठोस नीति, कार्यक्रम र बजेट आवश्यक पर्दछ एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमां भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ । मैवाखोला गाउँपालिकाले पनि विद्यालयको शैक्षिक एवं भौतिक पक्ष वालमैत्री, अपाङ्गमैत्री, लैगिकमैत्री र समावेशी बनाउने नीति लिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा प्रस्ताव गरिएको छ ।

### ४.३.२ विद्यालय भौतिक पूर्वाधार विकास उपक्षेत्रको वर्तमान अवस्था

मैवाखोला गाउँपालिकामा हाल माध्यमिक विद्यालय ५ आधारभूत विद्यालय २२ र प्रारम्भिक बालविकास तथा शिक्षा २२ वटा सञ्चालित छन । ३ वटा सामुदायिक विद्यालयमा कक्षा ११-१२ मा शिक्षा र व्यवस्थापनअन्तर्गतका विषयहरू अध्यापन भइरहेको छ भने पालिकामा हालसम्म कुनै पनि क्याम्पस सञ्चालनमा छैनन् । कम्प्युटर सेवा उपलब्ध भएका विद्यालय सङ्ख्या २०, पानी तथा सरसफाई सुविधा सहित सञ्चालनमा रहेका शौचालय ५० छन् । विद्यालयको निर्माण, पुनः निर्माण र कक्षा थप्ने काम निरन्तर हुँदै आएकोछ । तालिका ४.३.१ विद्यालय भौतिक पूर्वाधार विकास प्रयोगको वर्तमान अवस्था

| क्र.सं. | विवरण | अवस्था/संख्या | कैफियत |
|---|---|---|---|
| १ | पक्की भवन भएका विद्यालय | १० | |
| २ | कच्ची भवन भएका विद्यालय | १८ | |
| ३. | टिन जस्ताले छाएका विद्यालय | केहिमात्र ढलान गरिएको , बाँकी सवै टिनले छाएको | |
| ४. | लैङ्गिकमैत्री शौचालय रहेका विद्यालय | ५ | |
| ५. | पिउने पानीको सुविधासम्पन्न विद्यालय | २८ | |
| ६. | पुस्तकालय संचालनमा रहेका विद्यालय | ८ | |
| ७. | विज्ञान प्रयोगशाला संचालनमा रहेका विद्यालय | ५ | |
| ८. | गणित प्रयोगशाला संचालनमा रहेका विद्यालय | १ | |
| ९. | सामाजिक प्रयोगशाला संचालनमा रहेका विद्यालय | ० | |
| १०. | स्टिम प्रयोगशाला संचालनमा रहेका विद्यालय | ० | |
| ११. | खेलकुद मैदान भएका विद्यालय संख्या | २८ | |
| १२. | विजुली सुविधा भएका विद्यालय | २५ | |
| १३. | प्रवेश गेट निर्माण भइसकेका विद्यालय | १० | |

| | | | |
|---|---|---|---|
| १४. | पक्की कम्पाउण्ड भएका विद्यालय | २ | |
| १५ | कच्ची कम्पाउण्ड भएका विद्यालय | ३ | |
| १६ | तारबार गरिएका कम्पाउण्ड भएका विद्यालय | १५ | |
| १७ | विपद् जोखिम पूर्व तयारी सहितका विद्यालय | २ | |

स्रोतः पालिकाको शिक्षा शाखा, मैवाखोला गाउँपालिका

### ४.३.३ विद्यालय भौतिक पूर्वाधार विकास उपक्षेत्रको अवसर र चुनौतीहरू

**चुनौतीहरु**

शिक्षण संस्थाहरूको पूर्वाधार विकासको कार्य जिम्मेवारी कुन तहको सरकारको हो भन्ने किटान गरी सोहि बमोजिम बजेट वितरण हुनु, विद्यालय शिक्षाअन्तर्गत विकास एवम विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा यसका लागि आवश्यक भूमिका स्पष्ट पार्नु, पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु, सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उययुक्त मापदण्ड र मोडालिटी विकास गर्नु, सुरक्षित विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि गुरुयोजना विकास गर्नु, आवश्यक स्रोतको व्यवस्थापन गर्न, पूर्वाधारहरूलाई भूकम्प प्रतिरोधी, सिकाइमैत्री, बालमैत्री, अपाङगता र लैङगिक मैत्री बनाउनु, पूर्वधार विकासको स्रोत व्यवस्थापन र परिचालनमा संघ, प्रदेश सरकार र सरोकारवाला निकायसँग अर्थपूर्ण समन्वय, सहकार्य र साझेदारी गर्नु आदि पूर्वाधारसंग सम्बन्धि चुनौतिहरु हुन ।

**अवसरहरू**

गाउँपालिकाले शिक्षाको रूपान्तरण र पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्नु, तीनवटै तहका सरकार तथा विकास साझेदार संस्थाहरुले विद्यालयको पूर्वाधार निर्माणको क्षेत्रमा लगानी गर्नु, विद्यालयको सिकाइ वातावरण निर्माण गर्ने सवालमा सबैको साझा प्रतिबद्धता रहनु आदि यस विषयका क्षेत्रमा देखिएका अवसरहरु हुन ।

### ४.३.४ विद्यालय भौतिक पूर्वाधार विकास उपक्षेत्रको लक्ष्य र उद्धेश्यहरू

**लक्ष्य (Goal)**

शिक्षण संस्थाका पूर्वाधार सुरक्षित, बालमैत्री, अपांगमैत्री, लैङ्गिकमैत्री र सिकारूमैत्री बनाइ बालबालिकालाई सिकाइ अनुकूलको वातावरण सुनिश्चित गर्नु

**उद्देश्यहरु (Objectives)**

१. गुणस्तरीय शिक्षाको जगको रूपमा सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु ।

२. विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड सहितको योजनाको विकास र कार्यान्वयन गर्नु ।

३. गुणस्तरीय पूर्वाधार विकास एवम विस्तारका लागि पारदर्शी एवं जवाफदेही प्रणालीको विकास गरी स्थानीय माग र आवश्यकतालाई सम्बोधन हुने प्रणालीको विकास गर्नु ।

### ४.३.५ रणनीतिहरू

१. विद्यालयको तह, विद्यार्थी सङ्ख्या, भूगोल, हावापानी र लागतका आधारमा विद्यालयमा आवश्यक पर्ने भौतिक एवं शैक्षिक पूर्वाधार विकासको मापदण्ड र गुरुयोजना निर्माण गरिने छ ।

२. शिक्षण संस्थाहरूको **भौतिक** पूर्वाधार निर्माण गर्दा सुरक्षित विद्यालय एवम वातावरणीय पक्षलाई समेत ध्यान दिइ एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि तथा व्यवस्थित सूचना प्रणालीको विकास गरिने छ।

३. विद्यालयको समग्र पक्षमा सुधार ल्याउनका लागि गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

४. गाउँपालिकामा सञ्चालन भएका विद्यालयहरुमा पूर्वाधार विकासका लागि संघ र प्रदेश सरकार, विकास साझेदार एवम पालिकाको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरिने छ ।

५. एक माध्यमिक विद्यालय एक पुस्तकालय, एक विज्ञान-गणित प्रयोगशाला र सूचना प्रविधि प्रयोगशाला वा एकीकृत स्टेम प्रयोगशाला तथा एक आधारभूत विद्यालय एक पढाइ कुना निर्माण गरिने कार्यलाई प्राथमिकता दिइनेछ ।

६. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय (विद्यार्थी सङख्याको अनुमान तथा उमेरलाई विचार गरेर), भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजाइन गरिने छ भने निर्माण भइसकेका विद्यालयहरूमा थप सरचनाको योजना एकै पटक गरिने छ ।

७. जस्ता पाता भएका विद्यालयका छाना विस्थापित गरी छात्रामैत्री र अपांगमैत्री पूर्वाधार विकास गरिने कार्यलाई प्राथमिकता दिइने छ ।

### ४.३.६ विद्यालय भौतिक पूर्वाधार विकास उपक्षेत्रको उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ४.३.६.१ उपलब्धि

मैवाखोला गाउँपालिकाभित्रका सवै विद्यार्थीहरूलाई सुरक्षित र अनुकुल भौतिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त हुने ।

#### ४.३.६.२ प्रमुख नतिजाहरू

१. विद्यालय शिक्षाअन्तर्गत विकास एवं विस्तार गर्नुपर्ने भौतिक मापदण्ड तथा योजना निर्माण भएको हुने ।

२. मैवाखोला गाउँपालिकामा अध्यक्ष शैक्षिक सुधार कार्यक्रम सञ्चालन भएको हुने ।

३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीमा लागत साझेदारीको मोडालिटी अवलम्बन भएको हुने ।

४. गाउँपालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार भएको हुने ।

५. एक विद्यालय सम्पूर्ण पूर्वाधारको अवधारणाअनुसार पूर्वाधार विकास भएको हुने ।

६. विद्यालयहरूमा अपाङ्गता एवम छात्रामैत्री संरचना व्यवस्था भएको हुने ।

७. सबै माध्यमिक विद्यालयहरुमा पुस्तकालय र प्रयोशालाहरु तथा आधारभूत विद्यालयहरुमा उपयुक्त पठन स्थानको विकास भएको हुने ।

८. विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भारका लागि नियमित पद्धति विकास भएको हुने ।

### ४.३.६.३ विद्यालय भौतिक पूर्वाधार विकास **उपक्षेत्रका प्रमुख क्रियाकलाप र लक्ष्य**

**तालिका नं. ४.३.६.** विद्यालय भौतिक पूर्वाधार विकास **उपक्षेत्रका प्रमुख क्रियाकलाप र लक्ष्य**

(बजेट रू. लाखमा)

| क.सं. | प्रमुख क्रियाकलापहर | इकाइ | जम्मा | वित्तिय लक्ष्य (५ वर्ष) | | | | | जम्मा | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | संघ/प्रदेश | स्थानीय तह | विद्यालय/अन्य | कैफियत |
| १ | स्थानीय तथा अन्य सरोकारवालाको लागत साझेदारीमा विद्यालयको भौतिक पूर्वाधार विकास कार्यक्रम | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | | | | |
| २ | मैवाखोला गाउँपालिकाको विद्यालयहरूको भौतिक पूर्वाधारको स्वरूप र मापदण्ड निर्माण | पटक | १ | १ | - | - | - | - | १ | | | | |
| ३. | विद्यालयको रंगरोगन, हरियाली बिद्यालय प्रवर्दन, बँगैचा निर्माण तथा फोहोर व्यवस्थापन | संख्या | १ | २ | २ | २ | २ | २ | १० | | | | |
| ४. | एक माध्यमिक विद्यालय, एक पुस्तकालय, एक स्टेम प्रयोगशाला, विज्ञान, सामाजिक तथा गणित प्रयोगशाला र सूचना-प्रविधि ल्याब निर्माण | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | | | | |
| ५. | छात्रामैत्री विद्यालयका लागि स्यानिटरी प्याड वितरण तथा डिस्पोज गर्ने स्थल निर्माण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | | | | |
| ६ | छात्रामैत्री एवं अपाङ्गमैत्री शौचालयको निर्माण तथा मर्मत संभार | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | | | | |
| ७ | प्राकृतिक प्रकोप तथा विपदबाट क्षति भएका विद्यालय एवं शैक्षिक पूर्वाधार निर्माण | संख्या | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | | | | |
| | विद्यालय भौतिक पूर्वाधार विकास उपक्षेत्रका जम्मा | | | | | | | | ८६ | | | | |

## ४.४ शिक्षामा विज्ञान-प्रविधि, सूचना तथा सञ्चार-प्रविधि

### ४.४.१ पृष्ठभूमि

सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रुपमा सूचनाहरुलाई विद्युतीययन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरि भण्डारण, सम्पादन, सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ। २१ औं शताब्दीको युग सूचना र प्रविधिको युगमा परिभाषित भइसकेको छ। अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छाविश्वका शक्तिशाली राष्ट्रहरु विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी शुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजारसामू अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन्।

नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पु¥याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (न्भयकउबतष्ब ि र न्क्ष्क्) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पु¥याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३—२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोतकेन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठयक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोतकेन्द्रहरूमा डिजिटल सामग्री

आदानप्रदान गर्नका लागि प्लेटफर्म बनाउने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज्ड गर्ने, स्रोत केन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरु, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ। यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ। वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेकोछ।शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुन्याइ डिजिटल भिन्नता कमगर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधारगर्ने, सबैका लागि शिक्षामा पहुँच पुन्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिनुपर्दछ।

### ४.४.२ विज्ञान-प्रविधि, सूचना तथा सञ्चार-प्रविधि उपक्षेत्रको वर्तमान अवस्था

मैवाखोला गाउँपालिकामा सञ्चालनमा रहेका करिब सबै माध्यमिक विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको सुविधा रहेको छ । विद्यालय क्षेत्र विकास योजनाको समयावधिमा प्रत्येक माध्यमिक विद्यालयमा एउटा सूचना प्रविधि ल्याब स्थापना गर्ने नीति अनुरूप हाल सम्म आधाजति विद्यालयमा ल्याब स्थापना भइसकेको अवस्था छ । माध्यमिक तह सञ्चालन भएका र केही आधारभूत तहका संस्थागत विद्यालयहरूमा समेत कम्प्युटर तथा इन्टरनेटको सुविधामा विद्यार्थीको पहुँच पुगेको देखिन्छ । अधिकांश सामुदायिक विद्यालयहरूमा स्मार्ट बोर्डको व्यवस्था तथा माध्यमिक तहमा कम्प्युटरलाई ऐच्छिक विषयका रूपमा शिक्षण गर्ने गरिएको छ जसबाट विद्यार्थीहरूको केही मात्रामा भएपनि सूचना तथा सञ्चार प्रविधिमा विद्यार्थीको पहुँच पुगेको देखिन्छ । विद्यालयहरूमा वैकल्पिक माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्न इन्टरनेट

जडानका लागि सबै सामुदायिक विद्यालयहरूलाई अनुदान समेत उपलब्ध गराइएको अवस्था छ । विद्यालयको सम्पूर्ण तथ्याङ्कलाई एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा प्रविष्ट गर्ने कार्यलाई समेत प्रभावकारी बनाइएको छ ।

तालिका ४.४.१ शिक्षामा विज्ञान-प्रविधि, सूचना तथा सञ्चार-प्रविधि प्रयोगको वर्तमान अवस्था

| क्र.सं. | विवरण | अवस्था/संख्या | कैफियत |
|---|---|---|---|
| १ | विज्ञान प्रयोगशाला भएका विद्यालय | ५ | |
| २ | वाइफाइ एवं इन्टरनेट पँहुच पुगेका विद्यालय | २ | |
| ३. | कम्प्युटर ल्याव भएका विद्यालय | ८ | |
| ४. | इ-लाइब्रेरी संचालनमा रहेका विद्यालय | ० | |
| ५. | मिदास इ-क्लास जडान भइ संचालन भएका विद्यालय | ० | |
| ६. | आइसिटि तालिम प्राप्त शिक्षक संख्या | ४० | हरेक वर्ष प्रत्येक विद्यालयबाट १/१ जनालाई तालिम दिने गरिएको |
| ७. | स्मार्ट बोर्डसहितको प्रविधि जडित विद्यालय | ५ | |

स्रोतः पालिकाको शिक्षा शाखा, मैवाखोला गाउँपालिका

### ४.४.३ विज्ञान-प्रविधि, सूचना तथा सञ्चार-प्रविधि उपक्षेत्रका अवसर र चुनौतीहरू

**अवसर**

पालिकाले सूचना—प्रविधि तथा विज्ञान प्रविधिको प्रयोगलाई प्राथमिकतामा राख्नु, विद्यालयहरूमा क्रमशः अन्तरक्रियात्मक डिजिटल सामग्रीको विकास गर्दै जानु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिले विद्यालयमा शिक्षणसिकाइका लागि इनटरनेट कनेक्टिभिटीका लागि अनुदान उपलब्ध गराई आवश्यक पूर्वाधारको विकास गर्नु, सूचना प्रविधि विषय पाठयक्रममा समावेश हुनु, तीनवटै तहका सरकारहरू वैकल्पिक सिकाइ

सहजीकरणका विषयमा संवेदनशील रहन, सबै विद्यालयहरूमा डिजिटल सामग्री आदानप्रदान गर्ने प्लेटफर्म विकास हुनु, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज्ड गराउँदै लगिनु, छापाका शिक्षण सिकाइ सामग्रीहरू, रेडियोबाट प्रसारित सामग्रीहरू, टि.भी.बाट प्रसारित सामग्रीहरू, वेवसाइट तथा विद्युतीय माध्यमबाट प्राप्त सामग्रीहरू र इलष्लिभ एयचतब िको विकास गररन, माध्यमिक विद्यालय र केही आधारभूत विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको सुविधा रहनु, शैक्षिक व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने क्रममा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली  विकास भई कार्यान्वयनमा रहनु, नेपाल दूर सञ्चार प्राधिकरणले पनि ग्रामीण दूर सञ्चार विकास कोष मार्फत केही विद्यालयहरूलाई प्रस्ताव आह्वान गरी इन्टरनेट कनेक्टिभिटीमा सहयोग गर्नु, वैकल्पिक सिकाइ सहजीकरणका लागि वैकल्पिक विधिहरूको छनौट, विकास र प्रयोगलाई पालिकाले प्राथमिकतामा राख्नु आदि यसका अवसरहरू रहेका छन ।

**चुनौतीहरू**

सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आंधारभूत संरचना विस्तार गर्नु, विस्तार गरिएका सूचना प्रविधिका साधनको प्रभावकारी रुपमा प्रयोगमा नियमितता दिनु,  विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुनेगरी सामग्री विकास र प्रयोगको सुरू गर्नु, सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु, शिक्षाको सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई सहज हुने गरी विस्तार गर्नु, विद्यालयहरूमा शिक्षक र कर्मचारीहरूको प्रविधिमा क्षमता विकास गरी प्रविधिमैत्री बनाउनु, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटी आदिको विस्तार गर्नु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्नु, प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्नु, सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु, एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक गर्नु, तथा स्थानीय स्तरमा अडियो, भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवालको सक्रियता बढाउनु, द्रुत गतिको इन्टरनेटको विस्तार गर्नु, सूचना प्रविधिमा समतामूलक पँहुच र सिकाइमैत्री दिगो पूर्वाधारको निर्माण आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ४.४.४ विज्ञान-प्रविधि, सूचना तथा सञ्चार-प्रविधि उपक्षेत्रको लक्ष्य र उद्धेश्यहरू

**लक्ष्य**

मैवाखोला गाउँपालिकामा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार निर्माण गरी कुशल र प्रभावकारी प्रयोगमार्फत सिकाइमा सुधार र सान्दर्भिकता बृद्धि गरी  सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गरी शैक्षिक व्यवस्थापन सुधार र सुशासन कायममा सुनिश्चितता गर्ने ।

**उद्देश्यहरू**

१. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको समतामूलक पँहुच र प्रयोगमा विस्तार गर्ने।

२. शैक्षिक प्रशासन तथा व्यवस्थापनमा सूचना-प्रविधि एवं नविनतम विज्ञान प्रविधिको प्रयोग गरी प्रभावकारीता तथा दक्षताको अभिवृद्दि गर्ने ।

३. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई सुदृढ गराइ शैक्षिक सुशान कायम गर्ने।

४. विपद, महामारी तथा विभिन्न प्रकोपको समयमासमेत विद्यालयका शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिनका लागि सूचना-प्रविधिसँग सम्बन्धित संरचना र स्रोत व्यवस्थापन गर्नु ।

### ४.४.५ रणनीतिहरू

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रवन्ध गरिने ।

२. शिक्षकहरूको क्षमता विकास गरी स्वयंसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।

सामग्री विकास गरीनेछ।

५. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कनपद्धतिको विकास गरिनेछ।

६. अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुर्‍याउने।

८. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिनेछ।

९. विद्युत्तीय पुस्तकालयको निर्माण गरी वार्षिक रुपमा अद्यावधिक गरिनेछ।

१०. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको विकास गरिनेछ।

११. गाउँपालिकामा शिक्षासम्बन्धित स्रोत-सामग्री व्यवस्थित गर्न ई पोर्टल निर्माण गरिनेछ ।

१२. विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधा विस्तार मार्फत विद्यालय एवम विद्यार्थीहरूको पहुँचमा विस्तार गरिनेछ ।

१३. IEMIS लाई थप व्यवस्थित गरी विद्यालयको लेखा प्रणाली (SAS), शिक्षकको तलबी प्रतिवेदन पारित गर्ने जस्ता कार्यसमेत यस प्रणालीमा एकीकृत गरिनेछ । साथै शिक्षाका विभिन्न सेवा तथा व्यवस्थापन सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ ।

१४. विपद तथा सङकटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने गरी सिकाइका वैकल्पिक विधिको रूपमा प्रविधिलाई प्रयोग गर्न सक्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

## ४.४.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### ४.४.६.१ उपलब्धि

समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री बातावरण निर्माण भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ शैक्षिक सुशासन प्रवर्धन हुने।

### ४.४.६.२ प्रमुख नतिजाहरू

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरि एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना र अन्य डिजिटल पूर्वाधार निर्माण भएको हुने।

२. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने।

३. स्थानीय स्तरमा शैक्षिक इ-पोर्टल विकास भइ अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालनका लागि तथा अन्य सन्दर्भ सामग्री उपलब्ध भएको हुने ।

४. विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने तथा प्रत्येक वडामा एक फ्रि वाई-फई चौतारी निर्माण गर्ने।

निरन्तरता भएको हुने ।

६) सबै माध्यमिक विद्यालयहरूमा विद्युतीय हाजिरी र सि.सि. क्यामेराको प्रयोग गरिएको हुने ।

६. शिक्षकहरूको क्षमता विकास गरी स्वयंसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप विकास गरिएको हुने ।

### ४.४.६.३ विज्ञान-प्रविधि, सूचना तथा सञ्चार-प्रविधि उपक्षेत्रको प्रमुख क्रियाकलाप र लक्ष्य

**तालिका नं. ४.४.६.विज्ञान-प्रविधि, सूचना तथा सञ्चार-प्रविधि उपक्षेत्रका प्रमुख क्रियाकलाप र लक्ष्य**

(बजेट रू. लाखमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहर | इकाइ | संख्या | वित्तिय लक्ष्य (५ वर्ष) | | | | | जम्मा | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | संघ/प्रदेश | स्थानीय तह | अन्य | कैफियत |
| १ | विद्यालयमा इन्टरनेट विस्तार तथा आइसिटिसँग सम्बन्धित विविध संरचना निर्माण | विद्यालय | २५ | ५ | ५ | ५ | ५ | ५ | २५ | | | | |
| २ | शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधि ल्याव स्थापनाका लागि सहयोग | संख्या | २८ | ५ | ५ | ५ | ५ | ५ | २५ | | | | |
| ३. | विद्यार्थी र शिक्षकका लागि अनलाईन तथा अफलाईन सामग्री विकास | संख्या | - | १.५ | - | - | - | - | ०.५ | | | | |
| ४. | मैवाखोला इ-लर्निङ पोर्टलको निर्माण | संख्या | १ | १० | - | - | - | - | १० | | | | |
| ५. | इ-पुस्तकालय, फ्रि-वाइफाइ जोन निर्माण | - | - | ३ | ३ | ३ | ३ | ३ | १५ | | | | |
| ६. | विभिन्न प्रकारका अपाङ्गता भएका विद्यार्थीका लागि डिजिटल सिकाइ सामग्री | समुह | ६ | १ | १ | १ | १ | १ | ५ | | | | |
| ७. | अन्तर विद्यालय कनेक्टिभिटी (शिक्षण सिकाइमा सहकार्य) तथा आइसिटि क्षमता अभिवृद्दि | तालिम | ५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८. | बाल बिकास कक्षामा स्मार्ट बोर्डसहितको श्रब्यदृश्य सामग्री | संख्या | ६ | ५ | ५ | - | - | - | १० | | | | |
| ९. | अभिभावक तथा विद्यार्थी डिजिटल साक्षरता कार्यक्रम संचालन | वटा | ६ | १ | १ | १ | १ | १ | ५ | | | | |
| १०. | विद्यालय, शिक्षक, कर्मचारी र विद्यार्थीको अभिलेख डिजिटलाइजेशन | वटा | १ | - | १ | - | - | - | १ | | | | |
| ११. | एक शिक्षक एक ल्यापटप कार्यक्रमको सुरूवात (साझेदारीमा) | वटा | १० | - | ५ | ५ | - | - | १० | | | | |
| विज्ञान-प्रविधि, सूचना तथा सञ्चार-प्रविधि उपक्षेत्रको जम्मा | | | | | | | | | १०९ | | | | |

# परिच्छेद ५

# विद्यालय शिक्षाको विषयगत नतिजा सुधार योजना

## ५.१ पृष्ठभूमि

विद्यालय शिक्षाको गुणस्तर नेपालको समग्र सामाजिक तथा आर्थिक रूपान्तरणको आधारशिला हो। शिक्षा क्षेत्रमा विगत केही वर्षदेखि संघीय, प्रदेश र स्थानीय तहमा थुप्रै प्रयासहरू भइरहेका छन्, जसको प्रमुख उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनु हो। तथापि, गणित, विज्ञान, अंग्रेजी, सामाजिक शिक्षा, प्राविधिक शिक्षा, कम्प्युटर तथा नेपालीजस्ता विषयहरूमा विद्यार्थीको उपलब्धि अपेक्षाकृत सन्तोषजनक देखिँदैन। मैवाखोला गाउँपालिका पनि यस्ता चुनौतीहरूबाट अछुतो छैन।

**संघीय सरकारको प्रयासः**

संघीय सरकारले "विद्यालय शिक्षा क्षेत्र विकास योजना (School Sector Development Plan — SSDP)" अन्तर्गत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। SSDP ले सिकाइ उपलब्धि सुधारका लागि सङ्कलन परीक्षण प्रणाली, शिक्षक क्षमता अभिवृद्धि, बालमैत्री सिकाइ वातावरण निर्माण जस्ता नीतिगत तथा कार्यक्रमगत पहलहरू अघि बढाएको छ।त्यस्तै शैक्षिक गुणस्तर मूल्यांकन केन्द्र (National Assessment of Student Achievement — NASA) मार्फत बिद्यार्थीको सिकाइस्तरको मूल्याङ्कन गरिने गरिएको छ, जसले शिक्षण सिकाइ रणनीति बनाउन सघाउँछ। संघीय सरकारले डिजिटल शिक्षा प्रवर्द्धनका लागि ICT in Education Master Plan समेत लागू गरेको छ।

**कोशी प्रदेश सरकारको प्रयासः**

प्रदेश स्तरमा शिक्षा, विज्ञान, प्रविधि क्षेत्र हेर्ने सामाजिक विकास मन्त्रालयमार्फत शिक्षक तालिम कार्यक्रम, अनुगमन तथा सुपरिवेक्षण, पाठ्यक्रम सन्दर्भ सामाग्री विकास तथा शिक्षक सहयोग समूहहरूको गठन गरी विषयगत उपलब्धि सुधारको प्रयास भइरहेको छ। केही प्रदेशले ई-पाठशाला, मोडल विद्यालय विकास कार्यक्रम जस्ता प्रविधिमैत्री पहलहरू पनि अघि बढाएका छन्।

**स्थानीय तहको भूमिकाः**

संविधानको व्यवस्था अनुसार शिक्षा स्थानीय तहको प्रमुख अधिकार क्षेत्रभित्र पर्छ। स्थानीय तहले विद्यालयको व्यवस्थापन, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार, पाठ्यपुस्तक उपलब्धता, नियमित अनुगमन, विद्यार्थी उपस्थितिमा सुधारजस्ता जिम्मेवारी बहन गर्दै आएको छ।

मैवाखोला गाउँपालिकाले पनि विद्यालय शिक्षामा सुधारका लागि शिक्षा शाखा मार्फत शिक्षक तालिम, विद्यार्थी प्रतियोगिता, छात्रवृत्ति कार्यक्रम, तथा विद्यालय निरीक्षणजस्ता गतिविधिहरू सञ्चालन गर्दै आएको छ। तर, अझै पनि विषयगत उपलब्धिमा सुधार ल्याउन एकीकृत, तथ्यमा आधारित, रणनीतिक योजना आवश्यक छ।

उपरोक्त पृष्ठभूमि सन्दर्भमा, मैवाखोला गाउँपालिकाले सन्दर्भगत डेटा, स्थानगत आवश्यकता, शिक्षक तथा विद्यार्थीको अवस्था, प्रविधिको उपयोग, पाठ्यक्रम सुसंगति लगायतका पक्षलाई समेट्ने गरी एक रणनीतिक योजना निर्माण गर्ने आवश्यकता छ, जसले दीर्घकालीनरूपमा विषयगत नतिजामा गुणात्मक सुधार ल्याउन सक्नेछ।

## ५.२ विषयगत नतिजाको वर्तमान अवस्था

कक्षा ८ को परीक्षा केन्द्रीकृत गरिने गरिएको, भूगोललाई आधार मानेर ३ वटा परीक्षा केन्द्र तोकिएको थियो । प्रश्न पत्र निर्माण र उत्तर पुस्तिका जाँचमा मैवाखैलाभन्दा बाहिरका तर तालिम प्राप्त विषय विज्ञहरुबाट गराईएको थियो । कक्षा ८ को २०८० सालको वार्षिक परीक्षामा १७८ जना विद्यार्थी सहभागी भएका थिए, जसमा केवल ५ जना ( २.५ प्रतिशत) ले मात्र उतीर्ण गरेका थिए । शैक्षिक सत्र (२०८१ ) को नतिजा अनुसार परीक्षा परीक्षामा सहभागी बिधार्थी २३१ जनामध्ये ७७ जना (३३.३३ प्रतिशत ) उत्तीर्ण भएका थिए । कक्षा १० को २०८० सालको राष्ट्रिय परीक्षामा ..... जना विद्यार्थी सहभागी भएका थिए, जसमा.....जना उतिर्ण भएको देखिन्छ । यस परिणामले गणित, विज्ञान, अंग्रेजी, सामाजिक शिक्षा, प्राविधिक शिक्षा, कम्प्युटर र नेपालीजस्ता विषयहरूमा विद्यार्थीहरूको सिकाइ स्तरमा गम्भीर चुनौती रहेको संकेत गर्दछ।

**वर्तमान अवस्था विश्लेषण:**

- उत्तीर्ण दरः पालिकाले संचालन गर्ने कक्षा ८ तथा राष्ट्रिय रूपमा संचालन हुने १० र १२ को परीक्षामा उत्तीर्ण दर न्युन हुनु, त्यसमा पनि गणित, विज्ञान, अंग्रजीलगायतको विषयमा उतिर्णदर कमजोर हुनु शैक्षिक गुणस्तरको दृष्टिले अत्यन्तै चिन्ताजनक हो।

- विषयगत कमजोरीः गणित र विज्ञान जस्ता आधारभूत विषयहरूमा विद्यार्थीहरूको प्रदर्शन कमजोर देखिएको छ, जसले दीर्घकालीन शैक्षिक परिणाममा प्रतिकूल असर पुर्याउने सम्भावना छ।
- शिक्षक र पाठ्यक्रमको प्रभावः शिक्षकहरूको क्षमता अभिवृद्धि र पाठ्यक्रमको सुसंगतता अभावले सिकाइ प्रक्रियामा अवरोध सिर्जना गरेको देखिन्छ।
- सामुदायिक र अभिभावकको सहभागिताः विद्यालय र समुदायको सहकार्यको अभावले विद्यार्थीहरूको शैक्षिक प्रगति अवरुद्ध भएको छ।

**सवल पक्षः**

- पालिकाको निरन्तर अनुगमन तथा प्रोत्साहन ।
- मैवाखोलाका विद्यालयहरूमा शैक्षिक सत्र २०८१ बाट सुरू गरिएको अभिभावक सचेतनाका कारण विस्तारै चासो र चिन्ता बढ्दै जानु
- विभिन्न विषयको शिक्षणसम्बन्धि सस्तो र सरल पाठ्य सामग्री प्रयोग गर्न सक्ने वातावरण हुनु ।
- शिक्षकहरूको सामर्थ्य अनुसार जीवनोपयोगी उदाहरणमा आधारित शिक्षण
- समग्र नतिजा सुधारमा सवैको चासो र चिन्ता हुनु ।

**कमजोर पक्ष**

- मैवाखोलाका विद्यालयहरूमा गणित, अंग्रेजी, विज्ञानका विषयमा उल्लेख्य नतिजा ल्याउन सक्ने शिक्षकको कमी
- शिक्षकहरू लामो समय विद्यालयमा टिक्न नसक्नु ।
- नविनतम शिक्षण विधिको प्रयोगमा कमी ।
- विश्वस्तरीय एवं गुणस्तरीय शिक्षण सामग्रीको अभाव ।
- विषयगत शिक्षकहरूको क्षमता अभिवृद्धिमा पुरानै विधि र तालिम संचालन गरिनु ।

- प्राय विषयमा अपेक्षित उपलब्धि सुधारका लागि अर्थपूर्ण अध्ययन अनुसन्धानको कमी
- विद्यार्थी एवं अभिभावकले गणित, अंग्रेजी, विज्ञान, प्राविधिक विषयलाई कठिन र डराउने विषयको रूपमा लिने प्रवृति ।
- पालिकादेखि विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावकको मूख्य चासो विज्ञान, गणित अंग्रेजी जस्ता विषयमा हुँदा नेपाली, सामाजिक, वातावरण र अन्य विषयमा कम ध्यान जानु ।

यस विश्लेषणका आधारमा, विषयगत नतिजा सुधारका लागि समग्र रणनीतिक योजना निर्माण गर्न आवश्यक छ, जसमा शिक्षक क्षमता अभिवृद्धि, पाठ्यक्रमको सुसंगतता, अभिभावक र समुदायको सक्रिय सहभागिता, र अनुगमन प्रणालीको सुदृढीकरण जस्ता पक्षहरूलाई प्राथमिकता दिनुपर्नेछ।

तालिका ५.१ **विषयगत नतिजाको** वर्तमान अवस्था

| क्र.सं. | विवरण | शैक्षिक सत्र २०८० | | शैक्षिक सत्र २०८१ | |
|---|---|---|---|---|---|
| | | परिक्षामा सहभागी संख्या | परिक्षामा उतिर्ण संख्या | परिक्षामा सहभागी संख्या | परिक्षामा उतिर्ण संख्या |
| १ | कक्षा ८ को नतिजा विश्लेषण | १७८ | ५ | २३१ | १२२ |
| २ | कक्षा १० को नतिजा विश्लेषण | १५८ | ४३ | परिणाम आउन बाँकी | |
| ३. | कक्षा १२ को नतिजा विश्लेषण | ८५ | ४७ | परिणाम आउन बाँकी | |

## ५.३ विद्यालय शिक्षाको विषयगत नतिजा सुधार उपक्षेत्रका अवसर र चुनौतीहरू

**अवसर**

**स्थानीय तहको शिक्षा अधिकारः** शिक्षा स्थानीय तहको जिम्मेवारीमा परेकाले नीति निर्माण, शिक्षक व्यवस्थापन, बजेट विनियोजन र कार्यक्रम सञ्चालनमा लचिलोपन छ। यसले विषयगत सुधारका लागि लक्षित कार्यक्रमहरू गर्न सहज बनाउँछ।

**प्रविधिको पहुँच विस्तार हुँदै गएकोः** इन्टरनेट, स्मार्ट उपकरण तथा डिजिटल सामग्रीहरू विस्तार हुँदै गएकाले ई-शिक्षा, अनलाइन तालिम, भिडियो कक्षा जस्ता उपायहरू अपनाउन सकिने सम्भावना छ।

**शिक्षक तालिममा जोडः** संघ, प्रदेश र स्थानीय तहबाट शिक्षकहरूको विषयगत तालिम र क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन भइरहेका छन्, जसले गुणस्तरीय शिक्षण सिकाइ प्रविधि प्रयोग गर्न सघाउँछ।

**विद्यार्थी अनुगमन र मूल्यांकन प्रणाली सुधार गर्ने सम्भावनाः** शैक्षिक मूल्याङ्कनलाई नियमित र वैज्ञानिक बनाउँदै विद्यार्थीकै कमजोरी पहिचान गरी नतिजा सुधारमा लक्षित कार्यक्रम लागू गर्न सकिनेछ।

**सामुदायिक विद्यालयमा सुधार गर्ने सरकारी प्राथमिकताः** गुणस्तरीय सार्वजनिक शिक्षामा लगानी गर्न राज्यको प्राथमिकता बढ्दै गएकाले स्थानीय तहले आवश्यक सहयोग र स्रोत पाउन सक्छ।

**NGO/INGO तथा निजी साझेदारहरूको समन्वयः** शैक्षिक सुधारका लागि गैरसरकारी संस्थाहरू तथा निजी क्षेत्रसँगको सहकार्य गरी पाठ्यपुस्तक, प्रविधि, शिक्षक तालिम तथा सिकाइ सामग्रीको व्यवस्थापन गर्न सकिन्छ।

**चुनौतीहरू**

**गणित, विज्ञान, अंग्रेजी लगायत विषयहरूमा शिक्षक अभाव वा असक्षमताः** यी विषयहरूका लागि आवश्यक विशेषज्ञ शिक्षकको अभाव, र भएका शिक्षकहरूमा पनि विषयगत दक्षताको कमी ठूलो चुनौती हो।

**सिकाइको न्यून स्तर र विद्यार्थीको आधारभूत सीपमा कमजोरीः** विद्यार्थीहरूमा लेख्न, पढ्न, बुझ्न र प्रयोग गर्न सक्ने सीपको अभाव हुँदा विषयगत उपलब्धि न्यून देखिन्छ।

**प्राविधिक र कम्प्युटर शिक्षामा पूर्वाधारको अभावः** कम्प्युटर, इन्टरनेट, ल्याब, प्रयोगशाला, कार्यशाला कोठा नहुँदा व्यवहारिक शिक्षाको अभाव छ।

**शिक्षकहरूको अनुदानमा आधारित रोजगार संरचनाः** अस्थायी वा राहत शिक्षकहरूको उच्च संख्या, तलब अस्थिरता, र मनोबलको कमीले सिकाइमा असर गर्छ।

**शैक्षिक अनुगमन र सुपरिवेक्षण कमजोरः** विद्यालयस्तरमा नियमित शैक्षिक अनुगमन, शिक्षण मूल्याङ्कन र आवश्यक परामर्श प्रणालीको अभावले गुणस्तरमा सुधार आउन सक्दैन।

**समुदाय र अभिभावकको सीमित सहभागिताः** शिक्षालाई सामुदायिक उत्तरदायित्वका रूपमा नलिने प्रवृत्तिका कारण विद्यालय सुधार प्रयासहरू एकतर्फी हुने गर्छन्।

**कक्षा ८, १० जस्ता प्रमुख परीक्षामा अत्यन्त न्यून परिणामः** लगातार असफलता विद्यार्थीको मनोबल, शिक्षकको उत्तरदायित्व र अभिभावकको विश्वासमा नकारात्मक असर पार्दछ।

गणित, विज्ञान र अंग्रेजीमा विद्यार्थीको उपलब्धि अपेक्षाकृत कमजोर रहनु, प्रविधिको पहुँचको अभावले कम्प्युटर तथा प्राविधिक शिक्षामा सिकाइमा असर, ग्रामीण र दुर्गम विद्यालयमा योग्य तथा दक्ष शिक्षकको अभाव, निरन्तर अनुगमन तथा मूल्याङ्कन प्रणालीको कमजोर कार्यान्वयन, अभिभावक, समुदाय तथा स्थानीय सरकारको सीमित सहभागिता, विषयगत नतिजा सुधारमा रणनीतिक कदम चाल्न विलम्ब हुनु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

## ५.४ विद्यालय शिक्षाको विषयगत नतिजा सुधार उपक्षेत्रको लक्ष्य र उद्धेश्यहरू

### लक्ष्य

मैवाखोला गाउँपालिकामा विद्यालय शिक्षाको विषयगत नतिजा सुधार गर्न  शिक्षण सिकाइ प्रक्रियामा गुणात्मक सुधार ल्याई विद्यार्थीको सिकाइ उपलब्धि बढाउने तथा  प्रविधिमैत्री र प्रयोगात्मक शिक्षण पद्धति विकास गरी २१औं शताब्दीका सीपहरू विकास गर्ने।

### उद्देश्यहरू

१. विषयगत दक्षता भएका शिक्षकहरूको संख्या वृद्धि गर्नु। (विशेषतः गणित, विज्ञान, अंग्रेजी, कम्प्युटर, प्राविधिक विषयहरूमा)

२. शिक्षण-शिक्षण सहायक सामग्री (TLM) को पहुँच विस्तार गर्नु।(प्रयोगशाला, डिजिटल सामग्री, ICT प्रयोग)

३. विद्यार्थीको आधारभूत सिकाइ स्तरको सुधार गर्नु। (पढ्न, लेख्न, बुझ्न र प्रयोग गर्न सक्ने क्षमतामा ध्यान दिने)

४. न्यून उपलब्धि भएका विषय र विद्यालयहरूमा लक्षित सुधार कार्यक्रम लागू गर्ने।

५. नियमित मूल्याङ्कन र सुधार चक्र कार्यान्वयन गर्नु। (FA, SA, diagnostic test, remedial classes)

६. शिक्षक, विद्यालय प्रशासन र अभिभावकको साझेदारी सुदृढ गर्नु।

## ५.५ रणनीतिहरू

१. विषयगत शिक्षक क्षमता अभिवृद्धि तालिम गणित, विज्ञान, अंग्रेजी, कम्प्युटरलगायतका विषयमा दक्षता आधारित तालिम आयोजना गरिनेछ।

२. प्रयोगात्मक शिक्षण प्रणालीको प्रवर्द्धन गरी विज्ञान प्रयोगशाला, गणित सामग्री, कम्प्युटर प्रयोगशाला सञ्चालन तथा स्टिम अवधारणालाई कार्यान्व्यनमा ल्याइनेछ।

३. ICT को प्रयोगमा व्यापकता ल्याइ डिजिटल पाठशाला, ई-कक्षा, मल्टिमिडिया सामग्रीको प्रयोगमा शिक्षक तथा विद्यार्थीलाई अभ्यस्त गराइनेछ ।

४. विषयगत अनुगमन तथा समर्थन टोली गठन - विद्यालय भ्रमण, कक्षा निरीक्षण, परामर्श दिने शिक्षक समूह गठन।

५. कमजोर विद्यार्थी लक्षित विशेष कक्षा - remedial classes, bridge course सञ्चालन।

६. विद्यार्थीको नियमित मूल्याङ्कन प्रणाली - साप्ताहिक परीक्षण, मासिक मूल्याङ्कन, NASA आधारित स्थानीय परीक्षण।

७. समुदाय र अभिभावकको संलग्नता — विद्यालयमा पठन दिवस, अभिभावक-संवाद कार्यक्रम सञ्चालन

## ५.६ विद्यालय शिक्षाको विषयगत नतिजा सुधार उपक्षेत्रका उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### ५.६.१ उपलब्धि

शिक्षकहरूलाई विषयगत र शैक्षिक तालिममार्फत शिक्षण प्रभावकारीता वृद्दि गरी कम्तिमा ५०% विद्यालयहरूमा प्रयोगशाला वा ICT आधारित शिक्षण प्रारम्भ गर्दै सवै माध्यमिक विद्यालयमा डिजिटल शिक्षा (smart class) प्रारम्भ तथा सबै विद्यालयमा मासिक मूल्याङ्कन र रिपोर्टिङ प्रणाली लागू गरी कमजोर विद्यार्थीहरूका लागि सञ्चालन हुने remedial classes को अर्थपूर्ण संचालन तथा नियमितता भएको हुने।

### ५.६.२ प्रमुख नतिजाहरू

१. विद्यालय शिक्षाअन्तर्गत नेपाली, सामाजिक, गणित, विज्ञान, अंग्रेजी लगायतका विषयहरूको औसत नतिजामा २ वर्षभित्र २० प्रतिशतले वृद्धि हुने।

२. कक्षा ८ र १० को उत्तीर्ण दरमा स्थायी सुधार तथा ३ वर्षभित्र ८० प्रतिशत माथि पुग्ने ।

३. विद्यार्थीको आधारभूत सिकाइ स्तर (पढ्ने, बुझ्ने, लेख्ने क्षमता) र समालोचनात्मक चेतना वृद्धि/सुधार
।

४. शिक्षकहरूको शैक्षिक योजना, पाठ प्रस्तुति र मूल्याङ्कन सीपमा गुणात्मक सुधार।

५. समुदाय, विद्यालय र स्थानीय सरकारबीचको समन्वयमा सशक्तता।

## ५.६.३ विद्यालय शिक्षाको विषयगत उपक्षेत्रको प्रमुख क्रियाकलाप र लक्ष्य

**तालिका नं. ५.६.६.**विद्यालय शिक्षाको विषयगत नतिजा सुधार **उपक्षेत्रका प्रमुख क्रियाकलाप र लक्ष्य**

(बजेट रू. लाखमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहर | इकाइ | संख्या | वित्तिय लक्ष्य (५ वर्ष) | | | | | जम्मा | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | संघ/प्रदेश | स्थानीय तह | अन्य | कैफियत |
| १ | स्टेम अवधारणामा आधारित शैक्षणिक रणनीति एवं शिक्षक सामग्री तयारी | सामग्री | - | १ | १ | १ | १ | १ | ५ | ✓ | ✓ | | |
| २ | कमजोर नतिजा भएका विषयहरूमा सुधार कक्षा संचालन | संख्या | २८ | ५ | ५ | ५ | ५ | ५ | २५ | ✓ | ✓ | | |
| ३. | विद्यार्थी र शिक्षकका लागि अनलाईन तथा अफलाईन सामग्री विकास, प्रचारप्रसार र अपडेट | संख्या | - | १.५ | - | - | - | - | ०.५ | | | | |
| ४. | मैवाखोला इ-लर्निङ पोर्टलमार्फत मोबाइल शिक्षण | संख्या | - | १ | १ | १ | १ | १ | ५ | | | | |
| ५. | पालिकाका अध्यापन गराइने मुख्य विषयहरूमा विषयगत समिति निर्माण, परिचालन, नियमित समिक्षा वैठक र तालिम | संख्या | ६ | १ | १ | १ | १ | १ | ५ | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६. | विद्यार्थीको आधारभूत सिकाइ स्तर अर्थात पढ्ने, बुझ्ने, लेख्ने क्षमतालक्षित आंशिक कक्षा संचालन | समुह | ६ | १ | १ | १ | १ | १ | ५ | | | | |
| ७. | शिक्षक, विद्यालय प्रशासन र अभिभावकको नतिजा सुधार साझेदारीका लागि विज्ञसहितको अन्तर्क्रिया (वर्षको १ पटक) | अन्तर्क्रिया/तालिम | ५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| ८. | रमाइलो र सक्रिय शिक्षणका लागि नतिजा कमजोर भएका विषयका शिक्षकहरूका लागि उत्प्रेरणात्मक तालिम | संख्या | ६ | ०.५ | ०.५ | **०.५** | **०.५** | **०.५** | २.५ | | | | |
| ९. | विषयगत नतिजा सुधारका लागि अभिभावक तथा विद्यार्थीसहितको छलफल अन्तर्किया (वर्षको २ पटक) | विद्यालय | २८ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | | | | |
| १०. | विषयगत नतिजा सुधारका अतिथि विषय शिक्षकको प्रशिक्षण (मूख्य विषयमा वर्षको १ पटक) | वटा | ३० | १ | १ | १ | १ | १ | ५ | | | | |
| ११. | उत्कृष्ट नतिजा ल्याउने विद्यालयमध्ये अनुकुलता हेरी शिक्षण पद्दतिबारे अवलोकन भ्रमण | वटा | ५ | १ | १ | १ | १ | १ | ५ | | | | |
| विद्यालय शिक्षाको विषयगत नतिजा सुधार उपक्षेत्रको जम्मा | | | | | | | | | ६३ | | | | |

# परिच्छेद ६

# शैक्षिक सुशासन, संस्थागत संरचना र क्षमता विकास

## ६.१ परिचय

सुशासन त्यो अवस्था हो, जहाँ जनताको हित र कल्याणलाई सर्वोपरि मानिन्छ । पारदर्शिता, उरदायित्व, सहभागिता र भविष्यपरकता सुशासनका चार खम्बा हुन्। शैक्षिक सुशासनले शिक्षा क्षेत्रका लक्ष्य हासिल गर्नका लागि सबैले आ-आफ्नो जिम्मेवारी निर्वाह गरी उपलब्धि हासिल गर्ने अवस्थालाई बुझाउँछ । शिक्षा सुशासनको आधारमध्ये एक हो । समग्र मुलुकमा सुशासन कायम गर्न शिक्षा क्षेत्रमा समेत सुशासन कायम गर्नुपर्ने हुन्छ । शैक्षिक क्षेत्रमा सुशासन कायम गर्दै शिक्षाको सवलिकरण गर्नु आजको आवश्यकता पनि हो । आधुनिक राज्य व्यवस्थामा सुशासन र जनशक्ति व्यवस्थापनको सवाल एक महत्वपूर्ण पक्ष हो । सुशासनको खम्वाको रूपमा रहेका कानूनी शासन, सहभागिता, पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता, समता र समावेशिता, प्रभावकारिता र मितव्ययिताजस्ता कुराहरूको पालना भएन र धज्जी उडाउने काम शासकवाट भयो भन्ने कुराहरूको बारेमा बेलाबेलामा चर्चापरिचर्चा हुनु हाम्रो मुलकमा नौलो मानिदैन । शिक्षा क्षेत्रमा यसको बहस झनै चर्को रूपमा उठ्ने गरेको छ ।सुशासन र जनशक्ति व्यवस्थापन एउटा सिक्काका दुईटा पाटा हुन । दक्ष र इमान्दार जनशक्तिले सुशासनलाई सहयोग पुर्‍याउछ भने अदक्ष जनशक्तिका कारण नागरिक समाजले सुशासनको अनुभूति गर्न पाउदैन । त्यसैले पनि भनिन्छ-'सुशासन जिम्मेवारी बहन गर्ने जनप्रतिनिध, प्रशासन र नागरिक सबैको क्षमतामा निर्भर गर्दछ ।अर्को अर्थमा भन्नुपर्दा, सुशासनको प्रभावकारिता र दिगोपन त्यहाँको सेवाप्रदायकलाई साथ दिने सेवाग्राहीमा भरपर्दछ ।सुशासनले शिक्षा विकासका निम्ति सङ्गठित गर्ने, नियमन गर्ने, नीति नियम तर्जुमा एवं कार्यान्वयन र अनुगमन गर्ने पक्षलाई समेट्छ ।शिक्षा क्षेत्रमा सुशासन कायम हुन तीनै तहको सरकारका संस्थागत प्रबन्ध व्यवस्थित र पारदर्शी हुनु पर्दछ । स्थानीय तहमा शैक्षिक सुशासन भनेको स्थानीय सरकारलाई प्रदान गरिएको अधिकार क्षेत्रमा रहि नीतिगत, कार्यगत र कार्यक्रमगत सुशासन कायम गर्नु हो ।यसका लागि शिक्षा क्षेत्रमा संलग्न जनशक्ति सक्षम, दक्ष, उत्प्रेरित एवं उच्च मनोवलको हुनु आवश्यक छ ।

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना सङघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्ने तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र सङगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङख्यात्मक विस्तार; ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास; सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । रणनीतिक योजनाको यस परिच्छेदमा सुशासन प्रवर्धन गर्न आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरूको पहिचान गरी उद्देश्य, रणनीति र कार्यक्रमहरू तय गरिएको छ ।

## ६.२ संस्थागत संरचना र क्षमता विकास

**(कक्षा ८ को परीक्षा व्यवस्थापन र एसइइको तयारीसमेत)**

### ६.२.१ परिचय

प्रभावकारी सेवा प्रवाह गर्न तथा अपेक्षित उपलब्धिहरू हासिल गर्नका लागि संस्थागत संरचना र क्षमता विकास पूर्वसर्त हुन् । संस्थागत क्षमता विकासका लागि कामको प्रकृति तथा कार्यबोझको आधारमा संस्थागत संरचना तथा संगठनको निर्माण गरी सोही अनुरूप जनशक्ति व्यवस्थापन गर्नु पर्दछ । उपयुक्त संरचना र दक्ष एवं उत्प्रेरित जनशक्ति भएमा मात्र शिक्षामा पहुँच, समता तथा गुणस्तर सुनिश्चित हुन सक्दछ । बालबालिकाको पठनपाठन, वयस्क र प्रौढको सिकाइ, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षक तालिम, पठनपाठनको सुपरिवेक्षण आदि शिक्षा क्षेत्रका विशिष्टिकृत विषय भएकाले शिक्षा सेवा प्रवाह गर्न त्यही अनुसारको सङ्गठन र जनशक्ति व्यवस्था गरिएको हुन्छ ।यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी संस्थागत संरचना, क्षमता विकास र योजना कार्यान्वयनका सम्वन्धमा देखिएका चुनौतीहरूको पहिचान गरिएको छ । ती चुनौतीहरूको सामना गरी प्रभावकारी शैक्षिक सेवा र टेवा उपलब्ध गराउन आवश्यक संरचना र क्षमता विकासको प्रक्रिया सम्बन्धमा उल्लेख गरिएको छ ।

### ६.२.२ वर्तमान अवस्था

नेपालको संविधानको अनुसूची ५ देखि ९ सम्म तीन तहका सरकारको शिक्षासम्बन्धी एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । संविधानबाट प्रदान गरिएका शिक्षा सम्बन्धी आधारभूत तथा माध्यमिक तहसम्मको हक सुनिश्चित गर्न स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (ज) ले २३ वटा अधिकार स्थानीय तहको सरकारलाई दिएको छ । उक्त अधिकार अन्तर्गत विद्यालयको भौतिक पूर्वाधारको व्यवस्था, आर्थिक, सामाजिक र भौतिक व्यवस्थापन, गुणस्तरीय शिक्षा, विद्यालयको मानव स्रोतको व्यवस्था र व्यवस्थापन, शिक्षकहरूको तालिम, विद्यालयसित सम्बन्धित सम्पत्तिको सुरक्षा, संरक्षण र व्यवस्थापन, मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा व्यवस्थापन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्यांकन र नियमन लगायतका थुप्रै विषयहरु रहेका छन् ।शिक्षाको अधिकार सुनिश्चित गरी स्थानीय तहको विकास र समृद्धिलाई सुनिश्चित गर्न उपलब्ध स्रोत, साधन, भौतिक पूर्वाधार, आर्थिक, सामाजिक विकास आदिलाई मध्यनजर गरी विद्यालयलाई समुदाय विकासको केन्द्रमा राखेर शिक्षा र समृद्धिको स्पष्ट खाका कोर्न हरेक स्थानीय तहबाट यस विषम परिस्थितिमा अति आवश्यक रहेको छ । किनकी नेपालको संविधानको भाग ३ मौलिक हक अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भनिएको छ त्यसैले हालको विषम् परिस्थितिमा स्थानीय सरकार हरेक विद्यार्थीको घर आँगनमा पुगी शिक्षामा पहुँचको हक दिलाउनु जरुरी छ ।

अनुसूची-८ मा स्थानीय तहको अधिकार अन्तर्गत आधारभूत र माध्यमिक शिक्षाको विषय तोकिएको छ । साथै संविधानको अनुसूची ९ मा तीनै तहको सरकारको अधिकारको साझा सूचीमा शिक्षा समेत समावेश गरिएको छ । माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापन गर्ने जिम्मा संविधानले स्थानीय तहलाई दिएको छ र गुणस्तरीय शिक्षाको प्रत्याभूति गराउन र क्षमता विकास गर्न स्थानीय तहले आफ्नो संस्थागत क्षमता विकास गरी आवश्यकताअनुसार संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्नुपर्ने छ ।

सङ्घीय शिक्षा ऐन र नियमावलीको अभावमा तीन तहका सरकारका भूमिका र कार्यक्षेत्रको कानुनी निक्यॉल हुन सकेको छैन ।मैवाखोला गाउँपालिकाले आधारभूत तहको परीक्षा (कक्षा ८) को परीक्षा व्यवस्थापनको लागि सस्थागत क्षमता विकास गरी परीक्षाको सम्पुर्ण व्यवस्थापन गरिरहेको छ ।संविधानद्वारा निर्दिष्ट

अधिकारको कार्यान्वयनका लागि शिक्षा सम्बन्धी आवधिक योजना निर्माणको क्रममा सहभागितात्मक मोडेलमा यस रणनीतिक योजनाको निर्माण गरिएको पनि हो ।

उल्लिखित विश्लेषण समेतका आधारमा संस्थागत संरचना क्षमता विकास र योजना कार्यान्वयन सम्बन्धमा निम्नलिखित चुनौती तथा अवसरहरू पहिचान गरिएको छ ।

**चुनौतीहरू**

(१) शिक्षा सम्बन्धी स्थानीय ऐन, नियम तथा मापदण्डहरूको विकास तथा आवश्यकता अनुसार परिमार्जन गर्नु

(२) गाउँपालिकाको शिक्षा हेर्ने निकायको पुनर्संरचना र वैज्ञानिक ढङगले व्यवस्थापन गर्नु,

(३) शिक्षा सेवा र अन्य सेवाका जनशक्तिहरूको उचित व्यवस्थापन गरी नतिजामलक ढङगले परिचालन गर्नु तथा विद्यालयमा सुशासन कायम गर्नु, विद्यालय लेखा प्रणालीलाई व्यवस्थित गर्नु, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता विकासका अवसरको सुनिश्चितता प्रदान गर्नु,

(४) योजनाको निर्माण, कार्यान्वयन र स्रोत साधनको सुनिश्चितताको लागि सहयोग, समन्बय र सहकार्य गर्ने पद्धति स्थापित गर्नु,

(५) शिक्षण संस्थाहरूको अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण र शिक्षकलाई प्राविधिक सहायता प्रणाली सुदृढ गर्नु

(६) शिक्षा सम्बन्धी सूचना सङ्कलन, प्रशोधन, विश्लेषण गर्ने प्रणाली स्थापना गरी योजना तर्जुमा कार्यक्रम कार्यान्वयनको समीक्षा र प्रतिवेदन जस्ता कार्यमा प्रभावकारिता अभिवृद्धि गर्नु,

(७) गाउँपालिकामा स्थापित शैक्षिक संस्थाहरूमा आवश्यकता अनुसार सङ्गठन संरचना विकास एवं जनशक्ति व्यवस्थापन गर्नु तथा प्रधानाध्यापकमा नेतृत्व सीप लगायत प्रशासनिक क्षमताको विकास गर्नु, शिक्षक र विद्यार्थीको आचारसंहिता पालना गराउनु र विद्यालयहरूमा कर्मचारीहरूको उचित व्यवस्थापन गरी उनीहरूको क्षमता विकास गर्नु ।

**अवसरहरू**

१) नेपालको संविधानले आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको,

२) गाउँपालिकाको शिक्षा ऐन कार्यान्वयनमा आएर सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन भई क्रियाशील भएको,

३) अधिकांश विद्यालयहरूमा योग्यता पुगेका प्रधानाध्यापकहरू भएको,

४) शिक्षक र कर्मचारीको क्षमता विकासका लागि मानव संशाधन विकास केन्द्रले सहयोग प्रदान गरेको

५) शिक्षा क्षेत्रको रूपान्तरणमा जनप्रतिनिधि तथा कर्मचारी र सम्बन्धित सरोकारवालाहरूको चासो र चिन्ता रहेको

६) अभिभावन शिक्षा, शैक्षणिक विधि तथा सामग्री निर्माणसम्बन्धि तालिमको व्यवस्था आदि समग्र शिक्षा क्षेत्रको संस्थागत र क्षमता विकासका लागि अवसरहरू रहेका छन ।

### ६.२.३ उद्देश्य

यस रणनीतिक योजनामा शैक्षिक सुशासन प्रबर्द्धनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धि उद्धेश्यहरू निम्न अनुसार रहेक छनः

(१) गाउँपालिकास्तरमा शिक्षा क्षेत्र हेर्ने निकायको पुनर्संरचना, क्षमता विकास र संस्थागत प्रबन्ध मिलाउनु।

(२) शिक्षा क्षेत्रमा कार्यरत जनशक्ति (शिक्षा शाखाका कर्मचारी, प्रधानाध्यापक, शिक्षक र विद्यालय कर्मचारी) लाई कार्यसम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रति जवाफदेही हुन प्रोत्साहन गरी पारदर्शिता सुनिश्चित गरी शिक्षामा सुशासन अभिवृद्धि गर्नु ।

(३) विद्यालयका शिक्षक तथा प्रधानाध्यापक र स्थापित अन्य संरचना र संयन्त्रमा काम गर्ने पदाधिकारी, कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु ।

### ६.२.४ रणनीतिहरू

(१) गाउँपालिकाको शिक्षासम्बन्धि ऐन, नियम, निर्देशिका तथा मापदण्डहरू लगायत नीतिगत विकास गरी कार्यान्वयन गर्ने,

(२) गाउँपालिकाको शिक्षा शाखाको डिजिटलाइजेशन गरी आवश्यक संरचना र जनशक्तिको व्यवस्था गर्ने,

(३) गाउँपालिकामा शिक्षकको अभाव हुन नदिन विषयगत शिक्षकहरूको रोष्टर तयार र शिक्षक वैंकको व्यवस्थामार्फत शिक्षक सहायता प्रणाली विकास गर्ने,

(४) विद्यालयहरूलाई पालिकाले उपलब्ध गराएको ढाँचामा विद्यालय सुधार योजनालगायत अन्य विवरणहरूको अद्यावधिकका लागि आवश्यक प्राविधिक सहयोग तथा क्षमता विकास गर्ने

(५) शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकास गरी शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समितिलगायत विभिन्न उपसमितिहरूको परिचालन एवं संस्थागत क्षमता सुदृढीकरण गर्ने,

(६) शैक्षिक सस्थाका पदाधिकारी, विद्यालयका शिक्षक र कर्मचारीको क्षमता विकास गरी कार्यसम्पादनलाई प्रभावकारी बनाउने,

(७) विद्यालयको अनुगमन मूल्याङ्कन पृष्ठपोषणका लागि शिक्षक सहायता प्रणाली स्थापना गरी परिचालन गर्ने,

(८) शिक्षा प्रशासनमा आधुनिक सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सेवा प्रवाहलाई छिटो, छरितो एवं पारदर्शी बनाउने,

(९) शिक्षा क्षेत्रका निकाय, कर्मचारी तथा पदाधिकारीहरूको कार्यजिम्मेवारी किटान गरी कार्यसम्पादन सूचकका आधारमा उत्प्रेरणात्मक कार्यक्रमहरू सञ्चालन गर्ने,

(१०) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बद्ध संस्था/विद्यालयहरूमा जनशक्ति व्यवस्थापन एवं क्षमता विकास गर्ने

(११) माध्यमिक शिक्षा परीक्षा (कक्षा ८) सञ्चालन एवं व्यवस्थापन सम्बन्धी कार्यका लागि संस्थागत विकास गर्न स्रोत परिचालन गर्ने ।

(१२) गाउँपालिकास्तरमा पेडागोजीकल सुपरभाइजरको व्यवस्थापन गरी नतिजामुलक विद्यालय सुपरीवेक्षण प्रणाली लागू गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

(१३) बर्षमा उत्कृष्ट काम गर्ने कुनै एक जना बाल विकास शिक्षक, तहगत रुपमा शिक्षक, प्रधानाध्यापक, कर्मचारी र शिक्षा विकास कोषमा उच्च योगदान गर्ने लगानीकर्तालाई वार्षिक रुपमा पुरस्कृत गरिनेछ ।

(१४) गाउँपालिकामा उत्कृष्ट काम गर्ने कुनै एउटा प्रारम्भिक बालविकास केन्द्र, सामुदायिक सिकाइ केन्द्र, आधारभूत र माध्यमिक विद्यालयलाई वार्षिक रुपमा पुरस्कृत गरिनेछ ।

(१५) गाउँपालिकाको शिक्षामा रूपान्तरण र नविनतम प्रविधिको प्रयोगमा सल्लाह, सुझाव र तालिमको अवसर जुटाउन शिक्षाविद्हरूलाई गाउँपालिकाको सल्लाहकार बनाइ विभिन्न विश्वविद्यालय तथा संस्थागत कार्यगत सम्झोता गर्ने ।

## ६.२.५ उपलब्धि, प्रमुख नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

### ६.२.५.१ उपलब्धि

शैक्षिक सेवा प्रवाह र सिकाइमा जिम्मेवारी, जवाफदेहिता र पारदर्शिता सुनिश्चित गरी शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासनको प्रत्याभूति भएको हुने ।

### ६.२.५.२ उपलब्धि नतिजा

(१) सबै प्रकारका विद्यालयहरूको संस्थागत क्षमता विकास एवं शैक्षिक निकायहरूको संरचना, जनशक्ति एवं संस्थागत प्रवन्ध व्यवस्थित भएको हुने,

(२) शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता र दक्षता अभिवृद्धि भएको हुने,

(३) शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक तथा समावेशी भइ कुशल कार्यसम्पादनमार्फत शैक्षिक सेवा प्रवाहमा सुशासनको प्रत्याभूति भएको हुने,

(४) सेवा प्रवाहमा जिम्मेवारी, जवाफदेहिता र पारदर्शिता सुनिश्चित भएको हुने,

(५) गाउँपालिकामा बन्नुपर्ने ऐन, नियम, निर्देशिका तथा मापदण्डहरू विकास भई कार्यान्वयन भएको हुने,

(६) नतिजामा आधारित विद्यालय सुपरीवेक्षण प्रणाली विकास भई शिक्षण संस्थाहरूको अनुगमन मूल्याङ्कन, पृष्ठपोषणका लागि शिक्षक सहायता प्रणाली स्थापना भएको हुने.

(७) सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको उपयुक्त प्रयोग भएको हुने

(८) प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम नेतृत्व क्षमता विकास, विभिन्न समितिमा रहेका पदाधिकारीहरूको क्षमता विकास तथा विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको कार्य जिम्मेवारी तोकिएको हुने ।

(९) विद्यालयको वार्षिक रूपमा कार्यसम्पादन परीक्षण भएको हुने ।

(१०) संस्थागत विद्यालयको वर्गीकरण र स्तरीकरण भएको हुने ।

(११) गाउँपालिकामा उत्कृष्ट हुने विद्यालय, प्रधानाध्यापक, शिक्षक र कर्मचारी पुरस्कृत भएको हुने ।

## ६.२.३ शैक्षिक सुशासन, संस्थागत संरचना र क्षमता विकास उपक्षेत्रका प्रमुख क्रियाकलाप र लक्ष्य

**तालिका नं. ६.२.५.शैक्षिक सुशासन, संस्थागत संरचना र क्षमता विकास उपक्षेत्रका प्रमुख क्रियाकलाप र लक्ष्य**

**(बजेट रू. लाखमा)**

| क.सं. | प्रमुख क्रियाकलापहर | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | वित्तिय लक्ष्य (५ वर्ष) | | | | | जम्मा | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | १ | २ | ३ | ४ | ५ | | संघ/प्रदेश | स्थानीय तह | अन्य | कैफियत |
| १ | गाउँपालिकामा कार्यक्षेत्रगत कानुनी व्यवस्था तथा ऐन, नियम, निर्देशिका तथा मापदण्डहरू विकास | संख्या | १ | १ | १ | १ | १ | ५ | ०.२५ | ०.२५ | ०.२५ | ०.२५ | ०.२५ | २.५ | - | ✓ | - | कानुनी व्यवस्था भएको हुने |
| २ | सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | पटक | १ | - | - | - | - | १ | १ | १ | १ | १ | १ | ५ | ✓ | ✓ | - | शिक्षामा डिजिटलाइजेशन भएको हुने |
| ३. | प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम नेतृत्व क्षमता विकास | संख्या | १ | १ | १ | १ | १ | ५ | १ | १ | १ | १ | १ | ५ | - | ✓ | - | क्षमता विकास भएको हुने |
| ४. | शिक्षक तथा कर्मचारी र विषयगत समितिका पदाधिकारीको क्षमता विकास | संख्या | १ | १ | १ | १ | १ | ५ | १ | १ | १ | १ | १ | ५ | | | | क्षमता विकास भएको हुने |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५. | विभिन्न समितिमा रहेका पदाधिकारीहरूको क्षमता विकास | संख्या | १ | १ | १ | १ | १ | ५ | १ | १ | १ | १ | १ | ५ | ✓ | ✓ | - | क्षमता विकास भएको हुने |
| ६ | विद्यालयको वार्षिक रूपमा कार्यसम्पादन परीक्षण | विद्यालय | सवै | सवै | सवै | सवै | सवै | सवै | - | - | - | - | - | - | ✓ | ✓ | - | शिक्षकको क्षमता विकास भएको हुने |
| ७ | संस्थागत विद्यालयको वर्गीकरण र स्तरीकरण | विद्यालय | सवै | सवै | सवै | सवै | सवै | सवै | - | - | - | - | - | - | | | | वर्गीकरण र स्तरीकरण भएको हुने |
| ८ | गाउँपालिकामा उत्कृष्ट हुने विद्यालय, प्रधानाध्यापक, शिक्षक र कर्मचारी पुरस्कृत | संख्या | १/१ | १/१ | १/१ | १/१ | १/१ | ५/५ | ०.२५ | ०.२५ | ०.२५ | ०.२५ | ०.२५ | २.५ | | | | पुरस्कृत भइ उत्प्रेरणा बढेको हुने । |
| ९ | प्रधानाध्यापक, शिक्षक, कर्मचारीलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | संख्या | १/१ | १/१ | १/१ | १/१ | १/१ | ५/५ | - | - | - | - | - | - | | | | कार्यसम्पादन करार र कार्यान्वयन भएको हुने |
| **शैक्षिक सुशासन, संस्थागत संरचना र क्षमता विकासको वित्तिय लक्ष्य** | | | | | | | | | | | | | | २५ | | | | |

# परिच्छेद ७

## गाउँपालिकाको शिक्षा योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन योजना

### ७.१ योजना कार्यान्वयन व्यवस्था र रणनीतिहरु

यस गाउँपालिकाको शिक्षाको रणनीतिक योजना (२०८२/८३-२०८६/०८७) को सफल कार्यान्वयनका लागि दक्ष मानव संसाधन, उचित वित्तीय स्रोत तथा प्रभाबकारी अनुगमन मुल्यांकन संरचना को आवश्यकता पर्दछ | यसका लागि गाउँपालिकाले उल्लिखित संयन्त्रको ब्यबस्थापनका लागि देहाय बमोजिमको ब्यबस्थापन गर्ने छ |

१ मैवाखोला गाउँपालिकाले यस रणनीतिक योजना कार्यान्वयनको नेतृत्व गर्नेछ। योजनाको कार्यान्व्यनका लागि प्रदेश तहमा सामाजिक विकास मन्त्रालय एवं संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा अन्य सम्बन्धित सरोकारवालाहरुसँग आवश्यक समन्वय जुटाईने छ । शिक्षा क्षेत्रमा सक्रिय स्थानीयहरू, अभिभावकहरू, निजी क्षेत्र, स्थानीय  शिक्षा क्षेत्रका संस्थाहरू र समुदायहरूको सहकार्यमा आफ्नो नियमित वार्षिक कार्यक्रम र बजेट अन्तर्गत प्राथमिकतामा परेका शिक्षा गतिविधिहरू कार्यान्वयन गर्नेछ। संघीय एवं प्रदेश सरकारको परामर्शमा अन्य साझेदारहरुबाट शिक्षा रणनीतिक योजना कार्यान्वयन परियोजना कार्यान्वयन गर्न सक्नेछ। विशेष गरी शिक्षाको रूपान्तरण, नतिजा सुधार, शैक्षणिक विधिमा सुधार, शिक्षामा प्रविधिको प्रयोग, शिक्षाको विविध पक्षको उत्पादन विकास, शिक्षा पूर्वाधार सुविधा, जनशक्ति व्यवस्थापन र प्रवर्द्धनको लागि शिक्षासँग सरोकार राख्ने सवै निकाय, संघ संस्था र व्यवसायीहरूलाई रणनीतिक योजनाको कार्यान्वयनका लागि सबलीकरण गरिनेछ ।

२ रणनीतिक योजना कार्यान्वयनका लागि निम्नानुसारको रणनीति उपयोग गरिनेछः

➢ शिक्षा रणनीतिक योजनाको कार्यान्वयन गर्ने क्रममा गाउँपालिकाका सबै सरोकारवालाहरु बीच प्रभावकारी रुपमा सहयोग, समन्वय र सहकार्य कायम गरिनेछ।

➢ पर्याप्त सहयोग र समन्वय सुनिश्चित गर्नका लागि गाउँपालिका अध्यक्षको अध्यक्षतामा गठन गरिने मैवाखोला शिक्षा समन्वय समितिलाई परीचालन गरीने छ।

➢ सवै तहका सरकारी निकायहरू, शिक्षा पेशागत सँगठनहरु र छिमेकी स्थानीय तहका सरकारहरुसँग ठूला परियोजनाहरु, नीतिगत र संस्थागत विवादहरु मिलाउन, शिक्षा क्षेत्रमा काम गरेका सवै निकायविच

सम्बन्ध विकास गर्न र जनशक्ति व्यवस्थापनलगायतका क्रियाकलाप सामुहिक रुपमा गर्नका लागि सहकार्य गरीने छ।

➢ शिक्षा क्षेत्रलाई प्रमुख विकास दुरदृष्टिमा संलग्न गर्ने, नीतिगत र संस्थागत विवादलाई न्यूनीकरण गर्ने र शिक्षा क्षेत्रमा स्रोतहरूको प्रयोगलाई सम्बन्धित निकाय, सार्वजनिक-नीजि साझेदारी एवं सरोकारवालाबीच सहकार्य र समन्वय गरि उपयुक्त तवरले उपयोग गर्न सहजीकरण गरिनेछ ।

➢ सबै वडा र स्थानीय सरोकारवाला निकायलाई यस रणनीतिक योजनाले निर्दिष्ट गरेका कार्यक्रम र गतिविधिहरु आ-आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नका लागि मानव संशाधन विकास, शिक्षा पूर्वाधार विकास र शिक्षाको रूपान्तरण लागि पर्याप्त रुपमा संस्थागत र नीतिगत सुदृढीकरण गर्नका लागि लक्षित सहयोगका साथ सहजीकरण गरिनेछ ।

➢ संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेका सम्बन्धित क्षेत्रका निकायहरूसँग पर्याप्त मात्रामा परामर्श गरिनेछ।

➢ विज्ञान र प्रविधिमा आधारित शिक्षाको विकास, बालमैत्री शिक्षा, विश्वस्तरीय र गुणस्तरीय शिक्षाको विकास, प्रवर्द्धन र व्यवस्थापनको लागि सहयोग र सहजीकरण गरिनेछ। शिक्षा क्षेत्रमा क्रियाशील विकास साझेदारहरुको प्राविधिक र वित्तीय सहायता परिचालन गरि शिक्षाको विकास र सम्बर्धनको लागि कार्य गरीनेछ।

- गाँउपालिकाले शिक्षा सम्बन्धी कानून बनाउने, शिक्षा पूर्वाधारहरूको विकास, स्तरोन्नती र मर्मत गर्ने, रणनीतिक योजनासँग मेल खाने गरी शिक्षा विकासको मोडेल विकास गर्ने र कार्यान्वयनको सुनिश्चितता गर्ने, सीप प्रशिक्षण, बीजक पूंजी र अन्य प्रोत्साहन मार्फत शिक्षा व्यवसायको स्थापना र सञ्चालनमा समुदायहरूलाई सहयोग गरिनेछ ।
- तालिम, अनुशिक्षण, गोष्ठी लगायतका माध्यमवाट पालिकाका जनप्रतिनिधि, शिक्षा क्षेत्र हेर्ने कर्मचारी एवं मानव संशाधनको क्षमता अभिवृद्धि गरिने छ ।
- देश भित्रका तथा विदेशका स्थानीय तहसँग भगनी सम्वन्ध स्थापित गरिने छ र शिक्षा क्षेत्रको विकासका लागि भएका नविनतम प्रयास र सफलता प्राप्त भएका ज्ञानसीप, सिकाइ लगायतका वारेमा अनुभवहरु आदनप्रदान गरिने छ ।

➢ शिक्षा क्षेत्रमा अतुलनिय कार्यसम्पादन गर्ने कर्मचारी, शिक्षा व्यवसायीलाई सम्मान एवं पुरस्कृत गरिने छ ।

## ७.२ कार्यान्वयन गर्ने प्रमुख निकायहरु र भूमिका

मैवाखोला गाउँपालिका, ताप्लेजुङको शिक्षा रणनीतिक योजनाको कार्यान्वयनमा विभिन्न निकायहरूको महत्त्वपूर्ण भूमिका रहने छ। ती निकायहरूमध्ये केहिको नाम र भूमिकासहित विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

### १. गाउँपालिका शिक्षा शाखा

**भूमिकाः** रणनीतिक योजनाले निर्दिष्ट गरेका कार्यक्रमहरूको कार्यान्वयन, विद्यालय अनुगमन, शिक्षक अभाव समाधान, पाठ्यक्रम विकास, छात्रवृत्ति व्यवस्थापन, र विद्यालयको समग्र भौतिक पूर्वाधार सुधारका लागि जिम्मेवार।

**मुख्य कार्यहरूः**

✓ विद्यालयहरूको शैक्षिक गुणस्तर परीक्षण र सुधारका लागि कक्षा ५ र ८ को उपलब्धी परीक्षा सञ्चालन।

✓ विद्यालय दिवा खाजा कार्यक्रमको प्रभावकारी कार्यान्वयन।

✓ शिक्षकहरूको क्षमता विकासका लागि तालिमको आयोजना।

✓ विद्यालय अनुगमन टोली गठन गरी विद्यालयहरूको नियमित अनुगमन।

### २. वडा शिक्षा समिति

**भूमिकाः** वडास्तरीय शैक्षिक योजनाको कार्यान्वयन र अनुगमन।

**मुख्य कार्यहरूः**

✓ विद्यालय व्यवस्थापन समितिसँग मिलेर विद्यालयको आवश्यकता पहिचान र प्राथमिकता निर्धारण।

✓ विद्यालयका शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता मूल्याङ्कन।

✓ समुदायका अभिभावक र शिक्षकबीच समन्वय र संवादको प्रवर्द्धन।

**३. विद्यालय व्यवस्थापन समिति**

**भूमिकाः** विद्यालयको प्रशासनिक र शैक्षिक व्यवस्थापनमा अभिभावक र समुदायको सहभागिता सुनिश्चित गर्नु।

**मुख्य कार्यहरूः**

- ✓ विद्यालयका शैक्षिक र भौतिक पूर्वाधारको व्यवस्थापन।
- ✓ शिक्षकहरूको मूल्याङ्कन र आवश्यक सुधारका लागि सुझाव दिनु।
- ✓ विद्यालयका वार्षिक योजना र बजेटको अनुमोदन।

**४. शिक्षक र विद्यालयका कर्मचारीहरू**

**भूमिकाः** शिक्षा रणनीतिक योजनाको प्रत्यक्ष कार्यान्वयन र शिक्षाको समग्र गुणस्तरमा सुधार।

**मुख्य कार्यहरूः**

- ✓ पाठ्यक्रमको प्रभावकारी अध्यापन।
- ✓ विद्यार्थीहरूको मूल्याङ्कन र अभिलेखीकरण।
- ✓ शिक्षा विधि र सामग्रीमा नविनतम प्रयोग।
- ✓ शिक्षा तालिममा सक्रिय सहभागिता।
- ✓ Growth Mindset को विकास

**५. स्थानीय समुदाय र अभिभावकहरू**

**भूमिकाः** शिक्षामा समुदायको सक्रिय सहभागिता र समर्थन।

**मुख्य कार्यहरूः**

- ✓ विद्यालयका कार्यक्रम र गतिविधिहरूमा सक्रिय र निरन्तर सहभागिता।
- ✓ विद्यार्थीहरूको हाजिरी र पाठ्यक्रमसँगको समन्वय।
- ✓ शिक्षा सम्बन्धी निर्णय प्रक्रियामा अभिभावकको सुझाव र प्रतिक्रिया।

**६. नेपाल सरकार र प्रदेश सरकार**

**भूमिकाः** समयसापेक्ष र माटो सुहाउँदो शिक्षा नीतिको निर्माण र स्रोतको उपलब्धता सुनिश्चित गर्नु।

**मुख्य कार्यहरूः**

- ✓ शिक्षा नीतिको समयानुकुल परिमार्जन र ऐनहरूको समयमै निर्माण र कार्यान्वयन।

- ✓ शिक्षा क्षेत्रका लागि बजेट र स्रोतको उपलब्धता।
- ✓ शिक्षा क्षेत्रमा अनुगमन र मूल्याङ्कन।

**७. सहकारी संघ(संस्थाहरू र वित्तीय संस्थाहरू**

**भूमिका:** शिक्षा क्षेत्रमा वित्तीय स्रोतको उपलब्धता र व्यवस्थापन।

**मुख्य कार्यहरू:**

- ✓ विद्यालयका लागि ऋण र अनुदानको व्यवस्था।
- ✓ शिक्षा क्षेत्रका लागि वित्तीय तालिम र क्षमता विकास।
- ✓ शिक्षा क्षेत्रमा लगानी र स्रोतको व्यवस्थापन।

मैवाखोला गाउँपालिकाको शिक्षा रणनीतिक योजनाको सफल कार्यान्वयनका लागि माथि उल्लिखित सबै निकायहरूको सक्रिय सहभागिता र समन्वय आवश्यक छ। यी निकायहरूले मिलेर काम गर्दा मात्र शिक्षा क्षेत्रमा दिगो सुधार र विकास सम्भव छ।

## ७.३ योजना कार्यान्वयन

शिक्षा रणनीतिक योजनाले प्रस्ताव गरेका कार्यक्रमबमोजिम योजना अवधिमा हाँसिल गर्न चाहेको लक्ष्य पूरा गर्न योजना कार्यान्वयन गर्न निम्नानुसार कदमहरु अपनाउनु पर्ने हुन्छ ।

१. रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि पालिकास्तरीय शिक्षा विकास समिति स्थायित्व दिने ।

२. शिक्षा क्षेत्रको भौतिक विकास योजना कार्यान्वयन गर्दा गाउँ शिक्षा ऐनले व्यवस्था गरे बमोजिम विषेशतः जग्गा विकास कार्यक्रमहरु र निर्माण मापदण्ड कार्यान्वयन गर्दै लैजाने तथा कार्यान्वयनको क्रममा सहरी विकास विभागको संबन्धित कार्यालय र अन्य केन्द्रिय निकायहरुसँग समन्वय राख्ने ।

३. बहु—क्षेत्रगत लगानी कार्यक्रममा समावेश भए अनुरुप वार्षिक योजना तथा कार्यक्रम निम्न आधारमा तयार गर्ने ।

- ✓ सो कार्यक्रम तयार गर्दा योजनाले लक्षित गरेका कार्यक्रमहरुतर्फ विषेश ध्यान पुर्‍याउने ।
- ✓ योजनाले अगिंकार गरेको अग्रणी क्षेत्रहरुको अनुसरण गर्ने ।

- ✓ वार्षिक कार्यक्रममा शिक्षा रणनीतिक योजनाले प्रस्ताव गरेका कार्यक्रम बजेटमा संलग्न गर्दा गाउँपालिकालाई प्राप्त हुन सक्ने विकास बजेटलाई आधार मान्ने ।
- ✓ आयोजना/कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि खर्च हुने रकम र नगद प्रवाह बीच सन्तुलन कायम राख्ने ।
- ✓ कार्यान्वयन गर्दाका शिक्षाको रूपान्तरणका कार्यक्रमहरुको सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन समेत गर्ने प्रणालीको विकास गर्ने ।

यो शिक्षाको रणनीतिक योजनाको दीर्घकालीन सोच उन्मुख रही आगामी पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ । योजनाको मध्यावधि मूल्यांकनका आधारमा यसका नीति, कार्यक्रम र प्राथमिकताहरूमा समयोचित परिमार्जन गरिनेछ । यस गाउँपालिकाको शिक्षा क्षेत्रको विकास गाउँपालिका वा सरकारी क्षेत्रको एकल प्रयासले मात्र संभव छैन । त्यसैले यो योजना कार्यान्वयनमा निम्नानुसारका अनुसार विभिन्न क्षेत्रको भूमिका अपेक्षा गरिएको छ ।

क) सरकारी क्षेत्र

यस योजनालाई कार्यान्वयन गराउने प्रमुख भूमिका सरकारी क्षेत्र अर्थात मैवाखोला गाउँपालिकाको हो । गाउँपालिकाले नै सबै क्षेत्रसंगको समन्वय र साझेदारीमा योजना कार्यान्वयन गराउनेछ । पालिकाले संघीय र प्रदेश सरकार समेतको सहयोगमा शिक्षाको डिजिटलाइजेशन सहितको पूर्वाधार विकास गरी नीतिगत, कानूनी, संरचनागत तथा प्रक्रियागत सुधार गरी शिक्षक, अभिभावक, स्थानीय र अन्य सरोकारवालबीच अर्थपूर्ण वातावरण तयार गर्ने र सो अनुसार प्रभावकारी अनुगमन र नियमन गर्ने कार्य गर्नेछ ।

**ख) स्थानीय उद्योगी, व्यवसायि र निजीक्षेत्र**

यो योजना कार्यान्वयनमा स्थानीय बासिन्दा, उद्योगी, व्यवसायी र निजीक्षेत्रले समेत सहयोग र सहकार्य गरी एक साझेदारको रूपमा भूमिका खेल्ने अपेक्षा गरिएको छ । विशेष गरी शिक्षा तथा विभिन्न सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुनेछ । सरकारवाट भएको नीतिगत, कानूनी र संरचनागत सुधारको लाभ लिई प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै शिक्षा विकासमा पनि उत्पादनशील क्षेत्रमा लगानी गर्ने, आय र रोजगारीका अवसर सृजना गर्ने, गुणस्तरीय उत्पादन र बजारीकरण गर्ने, वजारमा अत्यावश्यक वस्तु तथा सेवाको अभाव हुन नदिने, जिम्मेवारी र दायित्व बोधका साथ सार्वजनिक शिक्षाको सुधार र रूपान्तरणका

लागि सहयोग जुटाउने, शिक्षा र उद्योग क्षेत्रलाई जोड्ने, रोजगारको वातावरण सिर्जना गर्ने, पढ्दै कमाउँदै कार्यक्रममा साझेदारी बन्ने लगायतका काममा स्थानीय उद्योगी, व्यवसायि र निजीक्षेत्रको भूमिका रहनेछ ।

**घ) सहकारी क्षेत्र**

सहकारीले संस्थामा आवद्ध सदस्यहरूको आर्थिक, सामाजिक र सास्कृतिक समृद्धि हासिल गर्न महत्वपूर्ण भूमिका खेलेको छ । स—साना वचत र ऋण परिचालन गर्न, स्थानीय समुदायलाई संगठित रूपमा आर्थिक सामाजिक विकासमा परिचालन गर्न, स्थानीय श्रोत र साधनको उपयोग गर्न, सहकारीताको धारणा अभिवृद्धि गर्न सहकारी संस्थाहरूले महत्वपूर्ण योगदान दिएका छन् । पालिकाले शिक्षा उद्यम विकास, शिक्षा क्षेत्रमा रोजगारी सृजना, समावेशी आर्थिक वृद्धि, शिक्षा गतिविधिमार्फत गरिवी निवारण आदिमा सहकारीक्षेत्रको विशेष भूमिका अपेक्षा गरी यसक्षेत्रवाट समेत सहयोगको अपेक्षा गरिएकोछ ।

**ङ) गैह सरकारी क्षेत्र (गैसस)**

समूह परिचालन, सचेतना मूलक कार्यक्रम, ससाना पूर्वाधार विकास, समुदायमा आधारित शिक्षा सेवा प्रवाह लैङ्गिक तथा सामाजिक सशक्तिकरण, समूह वचत तथा ऋण परिचालन, ससाना आयमूलक कार्यक्रम संचालन, रोजगारी सृजना, नीतिगत पृष्ठपोषण आदि कार्यमा गैससले पालिकासंग महत्वपूर्ण साझेदारको रूपमा काम गर्दै आएका छन् । शिक्षा विकासको क्षेत्रमा आफ्ना वैशिष्टयताका क्षेत्रमा गैससले प्रमुख साझेदारको रूपमा काम गर्ने अपेक्षाका साथ यस क्षेत्रवाट समेत सहयोग, सहकार्य र पालिकाको आवश्यकताको आधारमा लगानी हुने अनुमान गरिएको छ ।

**च) अभिभावक उपभोक्ता समूह, नागरिक समाज र सामुदायिक संघसस्था**

शिक्षा क्षेत्रको दिगो विकासका लागि सरकार वा विकास प्रदायकले जतिसुकै प्रयास गरेता पनि यसका प्रापक अर्थात अभिभावक र अन्य सरोकारवालाको सहभागिता, सहयोग, सहकार्य र अपनत्व ग्रहण भई दिगो व्यवस्थापन नगरे सम्म शिक्षाको रूपान्तरण र विकासलाई गति दिन सम्भव छैन । त्यसकारण शिक्षाको रूपान्तरण गर्ने गाउँपालिकाको सोचमा व्यापक सहयोग सहभागिता र निगरानी हुने अपेक्षा गरिएको छ ।

## ७.४ कार्यान्वयन प्रक्रिया

क) सूची तयारी

गाउँपालिकाले शिक्षा रणनीतिक योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमहरू आफैले कार्यान्वयन गर्ने, संघीय सरकारवाट कार्यान्वयन हुने, प्रदेश सरकारवाट कार्यान्वयन हुने, तीनै तहका सरकारवाट संयुक्त

लगानीमा कार्यान्वयन हुने, प्रदेश वा संघ सरकारको साझेदारीमा कार्यान्वयन गर्ने, अन्य स्थानीय सरकारको साझेदारीमा संचालन हुने, गैसस तथा अन्तराष्ट्रिय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदारवाट कार्यान्वयन हुने तथा निजी क्षेत्रबाट कार्यान्वयन गरिने छुट्टा छुट्टै सूची तयार गर्नेछ ।

ख) छलफल एवं अन्तर्किया

सूची तयार गरेपछि सवै विद्यालय, अभिभावक, गैसस, सहकारीक्षेत्र र सामुदायिक क्षेत्रले संचालन गर्ने कार्यका लागि पालिकाले सम्बन्धित क्षेत्रहरूसंग छलफल र अन्तरक्रिया गरी लगानी गर्न सहयोग एवं सहजिकरण गर्नेछ । छलफल र अन्तक्रियालाई नियमित गराई उनीहरूलाई सरकारको असल सहयोगीको रूपमा विकास गर्दै लगिनेछ ।

(ग) नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा

शिक्षा रणनीतिक योजनासंग वार्षिक योजनाको अन्तरसम्बन्ध स्थापित गरी कार्यान्वयन गर्न वार्षिक कार्यक्रमसंग रणनीतिक योजनाले प्रस्ताव गरेका पालिकास्तरीय एवं वडा स्तरीय कार्यक्रम संलग्न गरी स्वीकृत गरिने व्यवस्था गरिने छ । कार्यक्रम संचालन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली लगायत अन्य सम्बन्धित ऐन नियम अन्तर्गत रही उपयुक्त माध्यमबाट गरिनेछ । त्यसैगरी गैसस. विकास साझेदारहरूसंगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित निकायसँग गरेको सम्झौता बमोजिम कार्यान्वयन गरिनेछ ।

## ७.५ अनुगमन तथा मूल्याङ्कन योजना

गाउँपालिकाले अनुगमन कार्य योजना बनाई नियमित रूपमा रणनीतक योजनाले प्रस्ताव गरेका कार्यक्रममा आधारित भई सहभागितामूलक प्रक्रियावाट अनुगमन तथा मूल्यांकन गर्नेछ । अनुगमनमा संलग्न हुने जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास गरिनेछ। अनुगमनका लागि आवश्यकता अनुसार सरोकारवालाहरू र तेस्रो पक्षसमेतलाई सहभागिता गराइनेछ। नतिजा सूचकमा आधारित अनुगमन खाँका तयार गरी सोही अनुसार नियमित अनुगमन, वार्षिक समीक्षा, मध्यावधि तया अन्तिम मूल्यांकना गरिनेछ । गाउँपालिकाले देहायको उद्देश्य प्राप्तिका लागि अनुगमन गर्नेछः

- कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्न ।
- तोकिएको कामको समय, लागत र गुणस्तर कायम गर्न ।
- कार्यान्वयनको क्रममा भएका गल्ति वा कमजोरी तत्काल सुधार गर्न ।

- ➢ कार्यान्वयनमा भएका गल्ति सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्न ।

गाउँपालिकाले देहाय अनुसार अनुगमन गर्नेछः

- ✓ निरन्तर अनुगमन ।
- ✓ दिगोपनाको अनुगमन ।

गाउँपालिकाले देहायका आयोजनाहरूको अनुगमन गर्नेछः

- ➢ पालिकाबाट स्वीकृत शिक्षा क्षेत्रका कार्यक्रम वा आयोजनाहरू,
- ➢ पालिकाबाट लगानी भएका शिक्षा क्षेत्रका कार्यक्रम वा आयोजनाहरू,
- ➢ नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित शिक्षा क्षेत्रका कार्यक्रम वा आयोजनाहरू,
- ➢ पालिका क्षेत्रभित्र गैरसरकारी सस्था मार्फत सञ्चालित कार्यक्रम वा आयोजनाहरू,
- ➢ पालिकाले आवश्यक ठानेका अन्य शिक्षा क्षेत्रको रूपान्तरणकारी कार्यक्रम वा आयोजनाहरू ।

## ७.६ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ । नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चिततालागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणका लागि मूल्याङ्कनको आवश्यकता पर्दछ। विकास आयोजनाहरूवाट, निर्धारित समयावधिभित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनुपर्दछ । अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो योजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालु परियोजनाको प्रगति र ढिलासुस्तीको बारेमा सरोकारबालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिडाउनु हो ।

**मध्यावधि मूल्याङ्कन**

शिक्षाको रणनीतिक योजना तर्जुमाको सिलसिलामा निर्धारण गरिएका कार्यक्रम एवं सूचकहरूले निर्धारण गरेका उद्देश्य अनुरुपमा लक्ष्यहरू प्राप्त भए वा नभएका बारे मध्यावधि मूल्याङ्कन २०८५ सालमा गरिनेछ र सो अगावै सम्पन्न हुने योजनाहरूको मूल्याङ्कन योजना समाप्त भएपछि गरिनेछ। योजनाको मध्यावधि

मूल्याङ्कनका निमित्त योजना शाखा हेर्ने कर्मचारीको अध्यक्षतामा एक अनुगमन समन्वय समितिको सीफारिसमा गरिनेछ । सो मध्यावधि मूल्याङ्कन समितिमा कम्तिमा एकजना प्राविधिक एवं योजनाविद समावेश गराइनेछ । उक्त समितिले निम्न कुराहरूलाई ध्यान दिनुपर्ने छः

- ✓ योजनाले निर्धारण गरेको लक्ष्य तथा उद्देश्य कुन हदसम्म प्राप्त भयो र निर्धारित उद्देश्य पूर्ति हुने अवस्था देखिन्छ देखिँदैन ?
- ✓ निर्धारण गरिएका संख्यात्मक एवं गुणात्मक सूचक उपयुक्त छन् छैनन् ?
- ✓ योजना कार्यान्वयनमा जनचासो, जनसहभागिता र साझेदारीको अवस्था के कस्तो छ ?
- ✓ योजनाले तय गरेका मुख्य मुख्य क्षेत्रहरूको प्रगति अवस्था कस्तो छ ?
- ✓ सम्पन्न योजनाहरूको उपयोग र दिगोपना के कस्तो छ ?

यी र यस्ता अन्य कुराहरूको मूल्याङ्कन एवं अध्ययन गरी बाँकी योजनाहरू र आगामी योजनाहरूमा समेत समय सापेक्ष गरिनुपर्ने सुधारको लागि सीफारिस गर्नेछ ।

**अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी**

अनुगमनमा देहायका तरिकाहरू अपनाइनेछः

- ✓ नियमित प्रतिवेदन लिएर,
- ✓ स्थलगत अवलोकन गरेर,
- ✓ सरोकारवालाहरूसँग छलफल गरेर,
- ✓ नागरिक समाजका संस्थाहरू परिचालन गरेर (मिडिया आदि
- ✓ सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता विधिहरू मार्फत ।

अनुगमनमा देहायका पदाधिकारीहरू संलग्न रहने छन्ः

- ✓ स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी,
- ✓ उप प्रमुख (स्थानीय सरकार सञ्चालन ऐन २०७४),
- ✓ अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरू,
- ✓ प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखा प्रमुख (नियमित कार्य),
- ✓ वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरू ।

पालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरू रहनेछन्ः

- उप प्रमुख संयोजक
- प्रमुख ले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरूमध्येबाट सदस्य (दुई जना)
- प्रमुख प्रशासकीय अधिकृत सदस्य
- शिक्षा शाखा सदस्य सचिव

**आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिने ।**

शिक्षा क्षेत्रका वडास्तरीय कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति रहनेछः

- सम्बन्धित वडाको वडाध्यक्ष संयोजक
- बडा सदस्यहरू सदस्य
- बडा सचिव सदस्य सचिव

आवश्यक परे कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

**अनुगमन तथा मूल्याङ्कन प्रक्रिया**

रणनीतिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिनेछ । योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहायअनुसार रहेका छन्

- गाउँकार्यपालिका
- सुपरीवेक्षण तथा अनुगमन समिति
- शिक्षा शाखा उपशाखा, परियोजना, संघ संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

शिक्षाको रणनीतिक योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहायअनुसार रहनेछन् ।

- स्थलगत अनुगमन ।
- कार्ययोजना (लक्ष्य) र प्रगति बीच तुलना ।

- नागरिक अनुगमन ।
- सहभागितामूलक मध्यावधि समिक्षा ।
- सहभागितामूलक अन्तिम समिक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन) ।

योजना अवधि समाप्त भए पछि कार्यपालिकाले तोकेका आयोजनाको तेश्रो पक्षद्वारा देहायका सूचना प्राप्त गर्न प्रभाव मूल्यांकन गरिनेछ ।

- योजनाको लक्ष्य वमोजिम प्रगति भए नभएको,
- लाभग्राहीमा योजनाका नतिजाले पारेको प्रभाव,
- आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण,
- योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न,
- योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन ।

## ७.७ शिक्षा योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन उपक्षेत्रका प्रमुख क्रियाकलाप र लक्ष्य

**तालिका नं. ७.१ शिक्षा योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन उपक्षेत्रका प्रमुख क्रियाकलाप र लक्ष्य**

**(बजेट रू. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | संख्या | वित्तिय लक्ष्य (५ वर्ष) | | | | | जम्मा | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | संघ/प्रदेश | स्थानीय तह | अन्य | कैफियत |
| १ | सङ्घीय तथा प्रदेश तहबाट वित्तिय हस्तानान्तरण मार्फत प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको वजेट समेत संलग्न गरि बार्षिक शिक्षा बजेट तथा कार्यक्रम कार्यान्वयनको खाका तयार | निरन्तर | १ | ०.१ | - | - | - | - | ०.१ | - | ✓ | - | |
| २ | कुन कामका लागि के कस्तो जनशक्ति कति आवश्यक हुने सम्बन्धमा सर्वे गरी सोही अनुसारको संरचना र जनशक्तिको व्यवस्थापन | पटक | १ | १ | - | - | - | - | १ | ✓ | ✓ | - | |
| ३. | विभिन्न जिम्मेवारी र दायित्व संगठनमा खटिने जनशक्तिले कति अवधिमा कति काम गर्ने भन्ने विषयमा करार गरी सार्वजनिक | पटक | ५ | १ | - | - | - | - | - | - | ✓ | - | |
| ४. | माग र नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक | पटक | ५ | - | - | - | - | - | - | ✓ | ✓ | - | |
| ५. | पालिकाद्वारा कार्यान्वयन गरिएका कार्यक्रमको नियमित अनुगमन | पटक | ५ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.५ | ✓ | ✓ | - | |
| ६. | कार्यक्रम कार्यान्वयनको चोमासिक तथा बार्षिक समीक्षा तथा प्रतिवेदन तयारी | पटक | ५ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.५ | ✓ | ✓ | - | |
| ७. | शिक्षाको स्थिति प्रतिवेदन तयारी | पटक | ५ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.५ | ✓ | ✓ | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८. | विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण | पटक | ५ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.५ | ✓ | ✓ | | |
| ९. | विद्यालय तथा सिकाइ केन्द्रहरूको कार्यसम्पादन परीक्षण | | ५ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.५ | ✓ | ✓ | | |
| १०. | विद्यालयको सामाजिक परीक्षणको नियमितता र प्रभावकारीता | संख्या | ५ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.५ | ✓ | ✓ | | |
| ११. | विद्यालयहरूको लेखा परीक्षण | संख्या | ५ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.५ | ✓ | ✓ | | |
| १२. | शैक्षणिक विधि अनुगमन मूल्याङ्कनका लागि पेडागोजिकल सुपरभाइजरको व्यवस्थापन | संख्या | ५ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.५ | ✓ | ✓ | | |
| १३ | शिक्षक वैंक व्यवस्थापन | निरन्तर | ५ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.५ | ✓ | ✓ | | |
| १४ | रोष्टर विशेषज्ञहरूको व्यवस्थापन | संख्या | ५ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.५ | ✓ | ✓ | | |
| १५ | इ-मनिटरीङ | निरन्तर | ५ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.५ | ✓ | ✓ | | |
| १६ | तेस्रो पक्षबाट विद्यालयको मूल्याङ्कन | निरन्तर | ५ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.५ | ✓ | ✓ | | |
| **योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन उपक्षेत्रको जम्मा** | | | | | | | | | ७.१० | | | | |

## ७.८ अनुमन तथा मूल्याङ्कन प्रक्रिया

शिक्षाको रणनीतिक योजनाको अनुमन तथा मूल्याङ्कन प्रक्रिया देहाय वमोजिम हुनेछः

तालिका ७.२ **योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया**

| के गर्ने | कसले गर्ने ? | कहिले गर्ने ? | कसरी गर्ने ? | फलोअफ |
|---|---|---|---|---|
| | | अनुगमन प्रक्रिया | | |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरीवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गै.स.सं., परियोजना | आवश्यककता अनुसार पटके, मासिक, चौमासिक र वार्षिक | ✓ स्थलगत अनुगमन गर्ने<br>✓ बार्षिक योजना चौमासिक कार्ययोजनामा उल्लेखित लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>✓ बृहत योजनाको कार्यान्वयन योजनाको बार्षिक लक्ष्य र प्रगतिको तुलनात्मक अध्ययन | ✓ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका कार्यालयमा पेश गर्ने ।<br>✓ पालिका कार्यालयले प्रतिवेदनका सिफारिश कार्यान्वयनका लागि गाँपासमक्ष कार्ययोजना पेश गर्ने । |
| प्रतिफल अनुगमन | गाउँकार्यपालिका, सुपरीवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, वार्षिक र मध्यावधि | ✓ स्थलगत अनुगमन गर्ने<br>✓ वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति<br>✓ विवरणको तुलना गर्ने, नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने | |

| | | | | |
|---|---|---|---|---|
| | | | ✓ सञ्चालित योजनाहरूको कार्यान्वयनबाट सोच तालिकामा उल्लेखित अपेक्षित प्रतिफल के कति कारणले हासिल हुने देखिन्छ वा देखिदैन भन्ने सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्ने । | |
| असर तह अनुगमन | सुपरीवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | वार्षिक,मध्यावधि र अन्तिम वर्ष | सहभागितामूलक छलफल गर्ने, नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, नमूना सर्वेक्षण गर्ने | |
| प्रभाव तह अनुगमन | सुपरीवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम वर्ष | नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, सहभागितामूलक छलफल गर्ने, अध्ययन तथा सर्वेक्षण गर्ने | |
| **मूल्याङ्कन प्रक्रिया** | | | | |

| | | | | |
|---|---|---|---|---|
| असर तह मूल्याङ्कन | स्वतन्त्र तेश्रो पक्ष | योजनाको मध्यावधि वर्ष | ✓ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>✓ नमूना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरूप प्रगति मापन<br>✓ असर तहका सूचना संकलन गर्दा प्रारम्भिक तहका असरमा ध्यान दिने ।<br>✓ प्रतिवेदन तयारी र पालिकामा छलफल | ✓ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका कार्यालयमा पेश गर्ने ।<br>✓ पालिका कार्यालयले प्रतिवेदनका सिफारिश कार्यान्वयनका लागि गापासमक्ष कार्ययोजना पेश गर्ने । |
| प्रभाव तह मूल्याङ्कन | गाउँपालिकाको सुपरीवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | योजना सम्पन्न भएको दुई वर्षपछि | ✓ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>✓ नमूना सर्वेक्षण मार्फत योजनाको दीर्घकालीन सोच तथा विषयगत उद्देश्यहरु हासिल गर्ने दिशामा योजना के कति हदमा सफल भयो र योजना आफैंमा के कति सान्दर्भिक, प्रभावकारी रह्यो र समग्र विकासको दीगो | |

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्थापनमा योजनाले के कति योगदान गर्न सक्यो भनी अध्ययन गर्ने<br>✓ प्रतिवेदन तयारी र पालिकामा छलफल | |

आयोजनाको प्रभाव मूल्याङ्कन देहाय बमोजिम गर्ने व्यवस्था गरिनेछः

- ✓ गाउँपालिकाले निर्धारण गरेका निश्चित लागत भन्दा बढीका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ ।
- ✓ प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरूको जानकारीको लागि सार्वजनिक गरिनेछ ।

## ७.९ गाउँपालिकाको शिक्षा सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार

मैवाखोला गाउँपालिकाको शिक्षा विकास सल्लाहकार समिति को उद्देश्य शिक्षा क्षेत्रमा सुधार, नवप्रवर्तन र समावेशिता ल्याउने हो। संघीय संसदको अध्यक्षतामा गठन गरिने समितिको काम, कर्तव्य र अधिकारहरू निम्नानुसार सिफारिस हुने गरी सिफारिस गरिएको छः

**१. प्रमुख कामहरू**

- ➢ शिक्षा नीतिगत सल्लाह दिनुः संघ, प्रदेश र पालिकास्तरको शिक्षा नीतिहरूको प्रभावकारिता मूल्याङ्कन गरी गाउँपालिकालाई सल्लाह दिने।
- ➢ शिक्षा विकास योजना बनाउनेमा सहयोगःगाउँपालिकाको शिक्षा क्षेत्रको दीर्घकालीन विकास योजना (Vision Plan) निर्माणमा सल्लाह दिने।
- ➢ गुणस्तर सुधार कार्यक्रमको सुझाव दिनेः शिक्षाको गुणस्तर सुधार गर्न आवश्यक रणनीति, तालिम, अनुगमन प्रणाली, पाठ्यक्रम सुधार आदिका सल्लाह दिनु।
- ➢ स्थानीय प्राथमिकतामा आधारित निर्णयमा सल्लाह दिनुः स्थानीय बासिन्दाका आवश्यकता बुझेर प्राथमिकता निर्धारण गर्न सहयोग पुर्‍याउने।
- ➢ शिक्षा पूर्वाधार र प्रविधि समावेशीकरणको सिफारिस गर्नेः डिजिटल शिक्षा, स्मार्ट कक्षा, पुस्तकालय विकास आदिमा लगानी र कार्यान्वयनबारे सल्लाह दिने।

**२. कर्तव्यहरू**

- ✓ समय-समयमा वा वर्षको दुई पटक बैठक बोलाउने र प्रतिवेदन तयार गर्ने।
- ✓ विद्यालयहरूको अवस्था अध्ययन गर्ने र समस्या पहिचान गर्ने।
- ✓ विद्यालय स्तरीकरण (grading) र मापदण्ड निर्माणमा सल्लाह दिने।
- ✓ शिक्षक तालिम, पदोन्नति, मूल्याङ्कन, र सरुवामा सुझाव दिने।
- ✓ स्थानीय जनप्रतिनिधि र अभिभावकहरूसँग संवाद संयोजन गर्ने।

**३. अधिकारहरू**

- ✓ शिक्षा सम्बन्धी योजनाहरूको मूल्याङ्कन र पुनरावलोकन गर्न सिफारिस गर्ने अधिकार।
- ✓ शिक्षा सम्बन्धी वार्षिक बजेटमा राय सुझाव दिने।
- ✓ विद्यालय निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्न विशेष टोली गठन गर्न सिफारिस गर्ने।

- ✓ शिक्षा क्षेत्रमा काम गर्ने संघसंस्था, परियोजना, साझेदारहरूसँग समन्वय गर्न सिफारिस गर्ने।
- ✓ प्राविधिक तथा विशेषज्ञको राय लिन सिफारिस गर्ने।
- ✓ सल्लाहकार समितिको सचिवालय गाउँपालिकाको शिक्षा शाखा भित्र रहने

**तालिका ७.३ शिक्षाको रूपान्तरणका लागि शिक्षा विकास सल्लाहकार समिति**

| क्र. सं. | पद | नाम |
|---|---|---|
| १ | अध्यक्ष | संघीय संसद सदस्य |
| २ | सदस्य | प्रदेश सभा सदस्य-क |
| ३ | सदस्य | प्रदेश सभा सदस्य-ख |
| ४ | सदस्य | संघ र प्रदेशका समानुपातिक सांसदहरू |
| ५ | सदस्य | जि.स.स. प्रमुख |
| ६ | सदस्य | गाउँपालिका अध्यक्ष |
| ७ | सदस्य | पालिकाले तोकेको शिक्षा दुत |
| ८ | सदस्य | विज्ञ |
| ९ | सदस्य | प्रधानाध्यापकहरूमध्येबाट १ जना |
| १० | सदस्य | गै.स.सं प्रतिनिधि |
| ११ | सदस्य-सचिव | प्रमुख प्रशासकीय अधिकृत |

## ७.१० शिक्षाको रणनीतिक योजना कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार

मैवाखोला गाउँपालिकाको शिक्षाको रणनीतिक योजना कार्यान्वयन समितिले शिक्षा रूपान्तरणको रणनीतिक कार्यान्वयन सुनिश्चित गर्ने, योजनाहरूलाई व्यवहारमा उतार्ने, र अनुगमन तथा मूल्याङ्कन गर्ने प्रमुख जिम्मेवारी वहन गर्छ। यो समितिका काम, कर्तव्य र अधिकारहरू निम्नानुसार सिफारिस गरिएको छः

### १. मूख्य कामहरू

- ✓ रणनीतिक योजना कार्यान्वयनमा नेतृत्व प्रदानः पालिकाले स्वीकृत गरेको शिक्षा रणनीति तथा रूपान्तरण योजनालाई कार्यान्वयन गर्ने सम्पूर्ण प्रक्रिया अगाडि बढाउने।
- ✓ वार्षिक कार्ययोजना निर्माण र कार्यान्वयनः रणनीतिक योजनाअनुसार प्रत्येक वर्षका लागि स्पष्ट कार्ययोजना तयार गर्ने र त्यसको कार्यान्वयन सुनिश्चित गर्ने।

- ✓ श्रोत व्यवस्थापन र परिचालनः शिक्षा क्षेत्रमा लाग्ने बजेट, जनशक्ति, पूर्वाधार, उपकरण आदि व्यवस्थापनमा भूमिका खेल्ने।
- ✓ कार्यको प्रगतिमा नियमित अनुगमनः

  योजनाको कार्यान्वयन कति सफल भयो भन्ने बारेमा निगरानी, अनुगमन र मूल्याङ्कन प्रणाली विकास गर्ने।
- ✓ नीति तथा कार्यविधि परिमार्जनमा सिफारिसः कार्यान्वयनको क्रममा देखिएका चुनौतीहरू समाधान गर्न आवश्यक नीतिगत सुधारका लागि सिफारिस गर्ने।
- ✓ शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS) को प्रयोग गरेर तथ्यमा आधारित निर्णय गर्ने।
- ✓ समितिका सदस्यहरूको क्षमता विकास (orientation/workshop) आयोजना गर्ने।

## २. कर्तव्यहरू

- ✓ बैठक आह्वान गरी निर्णयहरू लिनुः आवश्यकतानुसार (कम्तीमा त्रैमासिक) बैठक राखी शिक्षा योजनाको समीक्षा गर्ने।
- ✓ कार्यसम्पादन प्रतिवेदन तयार गर्नुःवार्षिक, अर्धवार्षिक तथा आवश्यकतानुसार मासिक प्रतिवेदन तयार गरी गाउँपालिकामा पेश गर्ने।
- ✓ सम्बद्ध सरोकारवालासँग समन्वय गर्नेःशिक्षक, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, गैरसरकारी संस्था आदि सबैसँग समन्वयमा काम गर्ने।
- ✓ कार्यान्वयनका लागि उपसमिति गठन गर्नेः ठूला वा विशेष कार्यक्रमको लागी उपसमिति गठन गरी काम बाँडफाँट गर्ने।

## ३. अधिकारहरू

- ➢ शिक्षा क्षेत्रमा गरिने कार्यक्रम अनुमोदन तथा प्राथमिकता निर्धारण गर्ने।
- ➢ कार्यान्वयनको क्रममा आवश्यक संसोधन वा पुनरावलोकन गर्न प्रस्ताव गर्ने।
- ➢ विद्यालयहरूको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन टोली गठन गर्न सिफारिस गर्ने।
- ➢ शिक्षा क्षेत्रमा काम गरिरहेका संघ/संस्था/परियोजनासँग सहकार्य गर्ने।
- ➢ शिक्षा क्षेत्र सुधारका लागि नविन कार्यक्रम सुरु गर्न प्रस्ताव गर्ने।

## तालिका ७.४ शिक्षाको रणनीतिक योजना कार्यान्वयन समिति

| क्र. सं. | पद | नाम |
|---|---|---|
| १ | अध्यक्ष | गाउँपालिका अध्यक्ष |
| | सदस्य | गाउँपालिका उपाध्यक्ष |
| २ | सदस्य | वडा अध्यक्ष-१ |
| ३ | सदस्य | वडा अध्यक्ष-२ |
| ४ | सदस्य | वडा अध्यक्ष-३ |
| ५ | सदस्य | वडा अध्यक्ष-४ |
| ६ | सदस्य | वडा अध्यक्ष-५ |
| ७ | सदस्य | वडा अध्यक्ष-६ |
| ८ | सदस्य | पालिकाले तोकेको शिक्षा दुत |
| ९ | सदस्य | शिक्षा विज्ञ |
| १० | सदस्य | प्रधानाध्यापकहरूमध्येबाट १ जना |
| ११ | सदस्य | विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट १ जना |
| १२ | सदस्य | शिक्षा क्षेत्रका काम गरिरहेका वुद्धिजिविहरूमध्येबाट १ जना |
| १३ | सदस्य | अभिभावक संघको संयोजनकहरूमध्येबाट १ जना |
| १४ | सदस्य-सचिव | प्रमुख प्रशासकीय अधिकृत |

# परिच्छेद ८

# लगानी र स्रोत व्यवस्थापन

## ८.१ परिचय

शिक्षा क्षेत्रको रूपान्तरण सबैको चाहना हो । रूपान्तरणका लागि संघ/प्रदेश सरकार, गाउँपालिका र सरोकार निकाय सचेत नै रहेको देखिन्छ । कतिपय अवस्थामा राम्रो योजना नै बन्न नसक्नुले पनि शिक्षा क्षेत्रको समुचित विकासमा बाधा पुगेको देखिन्छ । व्यवस्थित र प्रणालीगत सुधार तथा गुणस्तर वृद्दिका लागि शिक्षाको योजना बनाउनु मात्र ठूलो उपलब्धी होइन । बनेको योजनाको कार्यान्वयन गर्ने र उपलब्धी प्रदान गर्न सक्ने कुरा लगानी र स्रोत व्यवस्थापनमा भर पर्ने गर्दछ। भनिन्छ सबै भौतिक एवं अभौतिक विकास तब मात्र सम्भव छ जब चाहेको विकासका लागि शिक्षाले ज्ञान सीप, धारणा, जनशक्ति, उपाय, कारण र तर्क दिन सक्दछ । सबै कुरा गर्न ज्ञान सिप नै चाहिन्छ ज्ञान सिप आर्जन गर्न शिक्षा चाहिन्छ। तसर्थ समाज विकासका लागि र समग्र गाउँपालिका एवं देश विकास गर्न शिक्षामा साधन स्रोत र लगानी वृद्धि गर्नु पर्ने हुन्छ। गाउँपालिकामा कार्यरत सरकारी जनशक्तिलाई हेर्ने हो भने पनि सबैभन्दा बढी विद्यालय शिक्षक कर्मचारीको संख्या रहेको छ । त्यस्तै भौतिक संरचनाको हिसाबमा विद्यालय भवन, शौचालय, खानेपानी, फर्निचरहरु, प्रयोगशालाहरु, सूचना प्रविधिको पहुंच आदिको गणना गर्ने हो भने अन्य क्षेत्रभन्दा शिक्षा क्षेत्र अगाडी छ । यस रणनीतिक योजनाले पनि स्रोतको लगानी र व्यवस्थापन विना अपेक्षित परिणाम ल्याउन गाह्रो हुने भएकाले स्रोतको व्यवस्थापन गम्भिर र महत्वपूर्ण सवाल हो । विभिन्न निकायसँग साझेदारीको विकास, शिक्षा क्षेत्रमा काम गरिरहेका संस्थाहरूलाई योजनाअनुसारको कार्यक्रम तथा प्राथमिकता र आवश्यकताको आधारमा परिचालन गर्न सक्दा राम्रो परिणाम अपेक्षा गर्न सकिन्छ । रणनीतिक योजना कार्यान्वयनका लागि शिक्षा क्षेत्रको लगानी र स्रोत व्यवस्थापनमा गाउँपालिकाले यथोचित ध्यान दिनु पर्ने देखिन्छ। भएका विद्यालय तथा शिक्षकहरुलाई समायोजन र एकीकृत गरि ठूलो स्रोत साधन सम्पन्न विद्यालय बनाउने, ठिक व्यक्तिलाई ठिक ठाउँमा परिचालन गरि अधिकतम उपलब्धी लिने, सामुदायिक संघ संस्था निकाय र सरकारी स्रोतको २५ प्रतिशत लगानी नघटाई शिक्षा विकास योजनामा लगाउने कार्यलाई प्राथमिकतामा राख्नु पर्छ।

## ८.२ लगानी र स्रोत व्यवस्थापनको वर्तमान अवस्था

राज्यले शिक्षा विकासका लागि कुल बजेट को करिव १७ प्रतिशत भन्दा माथि खर्च गरिरहेको अवस्थाबाट अहिले करिव १० प्रतिशतमा झारेको देखिन्छ भने मैवाखोला गाउँपालिकाले आफ्नो आन्तरिक बजेटको करिव ... प्रतिशत रकम मात्र शिक्षामा खर्चिएको पाइन्छ । उता संघ,प्रदेश, गाउँपालिका र संघ संस्थाको अनुदान, सहयोग समेतलाई एकिकृत गरेर हेर्दा मैवाखोला गाउँपालिकामा ... प्रतिशत लगानी शिक्षा क्षेत्रमा भइरहेको पाइन्छ ।

## ८.३ चुनौति र अवसरहरु

स्थानीय तहको लगभग दुई कार्यकालको विश्लेषण गर्दा शिक्षा क्षेत्रको लगानी र स्रोत व्यवस्थापनमा धेरै समस्या र चुनौतिहरु रहेका छन् ।देखिएका र पालिकाले भोगेको महत्वपूर्ण चुनौतिहरुमा शिक्षा क्षेत्रमा छुटाइएको बजेटको ठूलो हिस्ता तलब, भत्तामा खर्च हुनु, शिक्षा क्षेत्रको रूपान्तरणका लागि आर्थिक अभाव हुनु, न्यूनतम बजेट तथा स्रोतवाट स्वास्थ्य, सुरक्षा, भौतिक पूर्वाधार विकासलाई प्राथमिकता दिनुपर्ने वाध्यता रहनु, शिक्षक संस्थाका नाममा आय आर्जन हुने सम्पती नहुनु, वाह्य अनुदान सहयोग अतिकम प्राप्त हुनु सहयोगी निकायले गाउँपालिकाको योजनामा सहयोग गर्नु भन्दा संस्थाको आफ्नै योजना र कार्यक्रम ल्याएर लागू गर्नु, शिक्षामा नीजि क्षेत्रको लगानी नहुनु, पालिकामा उद्योग कलकारखाना र रोजगारीको प्रयाप्त अवसर नहुनु, शिक्षक कर्मचारी सरुवा तथा व्यवस्थापनमा राजनितिक प्रभाव हुनु आदी समस्या तथा चुनौति हुन भने, संविधान तथा राज्यका ऐन कानुनले माध्यमिक तह सम्मको शिक्षालाई अनिवार्य र निशुल्क भने अनुसार कार्यकम र बजेट बन्ने अभ्यास हुनु, छात्रवृद्धि, निशुल्क पाठ्यपुस्तक, दिवाखाजा, विद्यालय निर्माण मर्मत, शिक्षक कर्मचारी तलब मा अनुदान प्राप्त हुनु, संघसस्था, समुदाय, सहकारीको सहयोग रहनु, गाउँपालिकाले शिक्षा विकासलाई प्राथमिकता दिनु, पालिकाले रूपान्तरणकारी शिक्षा कार्यक्रमको निर्धारण र कार्यान्वयन सुरू गर्नु, पालिकामा विद्यार्थी संख्याको अनुपातमा प्रयाप्त शिक्षालय र संरचना रहनु यसका सवल पक्ष तथा अवसरहरु हुन ।

## ८.४ लगानी र स्रोत व्यवस्थापन क्षेत्रका लक्ष्य र उद्धेश्यहरू

**लक्ष्यः** शिक्षा क्षेत्रमा पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि सरोकार निकायबाट प्राप्त हुने स्रोतको लगानी सुनिश्चितता हुने

**उद्धेश्य**

- रणनीतिक योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने
- पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तिय स्रोत पहिचान गर्ने
- उपलब्ध स्रोतको आधारमा कार्याक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु
- खर्चको प्रक्रिया र दायित्वबारे जिम्मेवार बन्नु ।

## ८.५ रणनीतिहरू

शिक्षा योजना कार्यन्वयनका लागि आवश्यक पर्ने वजेटको व्यवस्था देहाय वमोजिमका सम्भावित स्रोतहरु परिचालन गरि गरिनेछ ।

- सवै तहका सरकारको साझेदारीमा शिक्षाको पूर्वाधार, सेवा, सुविधा र मानव संशाधन विकासमा गर्ने लगानी ।
- समुदाय र सामुदायिक संस्था र नीजि क्षेत्रले गर्ने लगानी ।
- छिमेकी नगरपालिका र गाउँपालिकाहरुले गर्ने लगानी ।
- जिल्ला स्थित अन्य सरकारी निकायले गर्ने लगानी (सीप मूलक तालिम, प्रविधि, पूर्वाधार बिकास आदि) ।
- अन्य संघसंस्थाबाट शिक्षाको प्रवर्धनका लागि गरिने लगानी ।
- समुदायका सदस्यहरुको जनसहभागिता ।

**स्रोत संभाव्यता प्रक्षेपण तथा नपुग स्रोत व्यवस्थापनका रणनीतिहरू**

- उपरोक्त नियमित र सम्भावित स्रोतहरुवाट प्राप्त हुने रकममा नपुग हुने रकम व्यवस्थापन गर्नका लागी देहाय वमोजिमका वैकल्पिक रणनीतिहरु अवलम्वन गरिने छन् ।
  - संघीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट समेत लगानी वृद्दि गरिने,
  - शिक्षा क्षेत्रमा हुने गरेको बजेटको चुहावट वा अनुत्पादक क्षेत्रको लगानी निरूत्साहित गरिने,
  - कम लागतमा धेरै परिणाम ल्याउने उपायहरूको खोजि गरिने,
  - अर्थपूर्ण लगानी र स्रोत व्यवस्थापनका लागि संघ, प्रदेश र अन्य निकायमा पहल गरिने,

- आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने
- स्रोतको उपयोग गर्न विद्यालयलाई जवाफदेही बनाइने
- गाउँपालिकास्तरबाट वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने
- शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिने
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने

## ८.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### ८.६.१ उपलब्धि

**उपलब्धिः**

- शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने ।

### ८.६.२ प्रमुख नतिजाहरू

**प्रमुख नतिजाः**

- संघ/प्रदेश सरकारबाट उपलब्ध स्रोतको अनुमान र विश्लेषण
- योजनाको अपेक्षा र नीतिका आधारमा अनुमान
- पाँच वर्षका लागि स्रोतको उपलब्धताको अनुमान
- प्रस्तावित कार्यक्रम र बजेट अनुमानको सारांश
- प्रस्तावित बजेटमा नपुग स्रोत पूरा गर्ने उपायहरू

## ८.७ प्रस्तावित अनुमानित बजेट

यस शिक्षाको रणनीतिक योजनामा समावेश गरिएका कार्यक्रम तथा क्रियाकलापहरुको कार्यन्वयनको लागि पालिकाको शिक्षा क्षेत्रमा भइरहेको नियमित खर्च बाहेक थप रु.११,६३,३०,०००।-(अक्षेरुपी एघार करोड त्रिसट्ठी  लाख तीस हजार) रुपैयाँको अनुमानित बजेट प्रस्ताव गरिएको छ । अनुमानित बजेटलेशैक्षिक जनशक्तिको तलज, ठूला ठूला विद्यालय भवन वा धेरै बजेट जरूरत हुने पूर्वाधारहरूमा गर्ने लगानी, नियमित कार्यालय संचालनको लागि बजेट समावेश गरेको छैन ।

तालिका नं. ८.१ प्रमुख कार्यक्रम तथा प्रस्तावित अनुमानित बजेट

| क.सं. | विवरण | बजेट (रू. लाखमा) | बजेट प्रतिशत |
|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | ११०.२ | ९.४७ |
| २ | आधारभूत शिक्षा | १९६.५ | १६.८९ |
| ३ | उच्च शिक्षा | १४७ | १२.६३ |
| ४ | माध्यमिक शिक्षा | २१६.५ | १८.६१ |
| ५ | प्राविधिक तथा व्यावसायिक शिक्षा | ३४.५ | २.९६ |
| ६ | निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा | ५४.५ | ४.६८ |
| ७ | शैक्षिक जनशक्ति व्यवस्थापन र विकास | ४४ | ३.७८ |
| ८ | पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन | ७० | ६.०१ |
| ९ | विद्यालय भौतिक पूर्वाधार विकास | ८६ | ७.३९ |
| १० | विज्ञान-प्रविधि, सूचना तथा सञ्चार-प्रविधि | १०९ | ९.३६ |
| ११ | विद्यालय शिक्षाको विषयगत नतिजा सुधार | ६३ | ५.४१ |
| १२ | शैक्षिक सुशासन, संस्थागत संरचना र क्षमता विकास | २५ | २.१४ |
| १३ | योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन | ७.१० | ०.६१ |
| पाँच वर्षे रणनीतिक योजनाको जम्मा | | ११६३.३ | |

## ८.८ हालको अनुपातमा विनियोजन हुन सक्ने अनुमानित बजेट

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

➢ संघ, प्रदेश र स्थानीय सरकारबाट शिक्षा क्षेत्रको योजना अन्तर्गतका क्रियाकलापमा हाल प्राप्त बजेटको विश्लेषणअनुसार भविष्यमा प्राप्त हुने अनुमानित बजेटको खाका

(बजेट रू. लाखमा)

| क्र.स | कार्यक्रमको नाम | स्रोत | २०८१/०८२ को यथार्थ | २०८२/०८३को प्रक्षेपण | २०८३/०८४ को प्रक्षेपण | २०८४/०८५ को प्रक्षेपण | २०८५/०८६ को प्रक्षेपण | २०८६/०८७ को प्रक्षेपण | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाल विकास सहयोगी,विधालय कर्मचारी तथा विधालय सहयोगीको भत्ता | आन्तरिक श्रोत | ५५ | ५५.५५ | ५६.१० | ५६.६६ | ५७.२३ | ५७.८० | २८३.३६ |
| २ | थप बाल विकास शिक्षक पारिश्रमिक | आन्तरिक श्रोत | ७ | ७.०७ | ७.१४ | ७.२१ | ७.२८ | ७.३५ | ३६.०६ |
| ३ | शेर्पा भाषा र आनिपान पठनपाठन | आन्तरिक श्रोत | ३ | ३.०३ | ३.०६ | ३.०९ | ३.१२ | ३.१५ | १५.४५ |
| ४ | सामुदायिक सिकाइ केन्द्र पारिश्रमिक | आन्तरिक श्रोत | १.५ | १.५१ | १.५३ | १.५४ | १.५६० | १.५७ | ७.७२ |
| ५ | अतिरिक्त कक्षा सञ्चालन | आन्तरिक श्रोत | १० | १०.१ | १०.२० | १०.३० | १०.४० | १०.५१ | ५१.५ |
| ६ | पालिकास्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता | आन्तरिक श्रोत | ६ | ६.०६ | ६.१२ | ६.१८ | ६.२४३ | ६.३० | ३०.९१ |
| ७ | विधार्थी आफैले सिक्दै कमाउँदै कार्यक्रम( बाली विज्ञान सञ्चालित विधालयमा) | आन्तरिक श्रोत | ३ | ३.०३ | ३.०६ | ३.०९ | ३.१२ | ३.१५ | १५.४५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | मन्टेश्वरी तालिम | राजस्व बाँडफाँड- संघीय सरकार | ३ | ३.०३ | ३.०६ | ३.०९ | ३.१२ | ३.१५ | १५.४५ |
| ९ | शैक्षिक क्यालेन्डर निर्माण | आन्तरिक श्रोत | १ | १.०१ | १.०२ | १.०३ | १.०४ | १.०५ | ५.१५ |
| १० | बालमैत्री शाशनयुक्त पालिका घोषणा गर्न आवश्यक कार्यक्रम | आन्तरिक श्रोत | १० | १०.१ | १०.२० | १०.३० | १०.४० | १०.५१ | ५१.५ |
| ११ | विधालय प्रशाशन व्यवस्थपन खर्च | राजस्व बाँडफाँड- प्रदेश सरकार | ६.४१ | ६.४७ | ६.५३ | ६.६० | ६.६७ | ६.७३ | ३३.०२ |
| १२ | कक्षा ५र८ को वार्षिक परीक्षा सञ्चालन गर्न | आन्तरिक श्रोत | ३ | ३.०३ | ३.०६ | ३.०९ | ३.१२ | ३.१५ | १५.४५ |
| १३ | विधालयहरुको प्र.अ, प्रोत्साहन भत्ता मासिक रु १००० को दरले | आन्तरिक श्रोत | ३.१२ | ३.१५ | ३.१८ | ३.२१ | ३.२४६ | ३.२७ | १६.०७ |
| १४ | विधालयबाट खेलाडी उत्पादनको लागि खेल प्रशिक्षणको व्यवस्था(फुटबल,भलिबल,तेककान्दो कँराते,उसु र कबडी | आन्तरिक श्रोत | १८ | १८.१८ | १८.३६ | १८.५४ | १८.७३०८७२ | १८.९१ | ९२.७३ |
| १५ | स्थानीय पाठयक्रम संसोधन | आन्तरिक श्रोत | ५ | ५.०५ | ५.१० | ५.१५ | ५.२० | ५.२५ | २५.७६ |
| १६ | खेलकुद प्रशिक्षण शोविर सञ्चालन | आन्तरिक श्रोत | ८ | ८.०८ | ८.१६ | ८.२४ | ८.३२ | ८.४० | ४१.२१ |
| १७ | स्मार्ट पि.टि कार्यक्रम | आन्तरिक श्रोत | ३.४ | ३.४ | ३.४६ | ३.५० | ३.५३ | ३.५७ | १७.५१ |
| १८ | अतिरिक्त क्रियाकलाप | आन्तरिक श्रोत | ८ | ८.०८ | ८.१६ | ८.२४ | ८.३२ | ८.४० | ४१.२१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १९ | उत्कृष्ट शिक्षक विधार्थी तथा विधालयलाई पुरस्कार | आन्तरिक श्रोत | ८ | ८.०८ | ८.१६ | ८.२४ | ८.३२ | ८.४० | ४१.२१ |
| २० | जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता | आन्तरिक श्रोत | २० | २०.२ | २०.४० | २०.६० | २०.८१ | २१.०२ | १०३.०४ |
| २१ | आवश्यकतामा आधारित तालिम | नेपाल सरकार-समानिकरण अनुदान | ५ | ५.०५ | ५.१० | ५.१५ | ५.२० | ५.२५ | २५.७६ |
| २२ | मैवाखोला मा.वि,नमुना विकास कार्यक्रम तथा प्र.अ भत्ता | आन्तरिक श्रोत | १० | १०.१ | १०.२० | १०.३०३०१ | १०.४० | १०.५१ | ५१.५ |
| २३ | एम.वी.वीएस,डाक्टर अध्ययन छात्रवृत्ति | राजस्व बाँडफाँड-प्रदेश सरकार | १५ | १५.१५ | १५.३० | १५.४५४५२ | १५.६० | १५.७६ | ७७.२८ |
| २४ | शिक्षाको रणनितिक योजना निर्माण | आन्तरिक श्रोत | १० | १०.१ | १०.२० | १०.३० | १०.४० | १०.५१ | ५१.५२ |
| २५ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विधालय कर्मचारी अनुदान | नेपाल सरकार-शसर्त अनुदान चालु [एस.इ.एस.पी.-सोधभर्ना अनुदान (बैदेशिक)] | १० | १०.१ | १०.२० | १०.३० | १०.४० | १०.५१ | ५१.५२ |
| २६ | आधारभुत तह क्क्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञानविषयमा शिक्षण सहयोग अनुदान | नेपाल सरकार-शसर्थ अनुदान चालु [एस.इ.एस.पी.- | १ | १.०१ | १.०२० | १.०३० | १.०४ | १.०५ | ५.१५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सोधभर्ना हुने ऋण(बैदेशिक)] | | | | | | | |
| २७ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | नेपाल सरकार-शसर्थ अनुदान चालु [एस.इ.एस.पी.-सोधभर्ना अनुदान(बैदेशिक)] | ३ | ३.०३ | ३.०६ | ३.०९ | ३.१२ | ३.१५ | १५.४५ |
| २८ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विधालय कर्मचारी व्यवस्थापन अनुदान | नेपाल सरकार-शसर्त अनुदान चालु | ४८.६ | ४९.०८ | ४९.५७ | ५०.०७ | ५०.५७ | ५१.०७ | २५०.३९ |
| २९ | आधारभुत तह कक्षा(६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सगयोग अनुदान | नेपाल सरकार-शसर्त अनुदान चालु | ७.२३ | ७.३० | ७.३७ | ७.४४ | ७.५२ | ७.५९ | ३७.२४ |
| ३० | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विधालय कर्मचारी व्यवस्थापन अनुदान | नेपाल सरकार-शसर्त अनुदान चालु[एस.इ.एस.पी.-सोधभर्ना हुने ऋण (बैदेशिक)] | १२ | १२.१२ | १२.२४ | १२.३६ | १२.४८ | १२.६१ | ६१.८२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | नेपाल सरकार- शसर्थ अनुदान चालु | २०.९ | २१.१० | २१.३२ | २१.५३ | २१.७४ | २१.९६ | १०७.६८ |
| ३२ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक,राहात अनुदान शिक्षक लागि तलब भत्ता अनुदान(विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक/कर्मचारी,प्रविधिक धारका प्रशिक्षक समेत | नेपाल सरकार- शसर्थ अनुदान चालु | २१४.२१ | २१६.३५ | २१८.५१ | २२०.७० | २२२.९० | २२५.१३ | ११०३.६ |
| ३३ | आधारभुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | नेपाल सरकार-शसर्थ अनुदान चालु[एस.इ.एस.पी.-सोधभर्ना अनुदान(बैदेशिक)] | १ | १.०१ | १.०२० | १.०३ | १.०४ | १.०५ | ५.१५ |
| ३४ | माध्यमिक तह कक्षा(९-१०)मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | नेपाल सरकार —शसर्थ अनुदान चालु[एस.इ.एस.पी.-सोधभर्ना हुने ऋण (बैदेशिक) | ५ | ५.०५ | ५.१० | ५.१५ | ५.२० | ५.२५ | २५.७६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | आधारभुत तहका स्वीकृत दरवन्दीका शिक्षक,राहात अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान(विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक/कर्मचारीलाई समेत | नेपाल सरकार-शसर्थ अनुदान चालु | ६३९.४७ | ६४५.८६ | ६५२.३२ | ६५८.८४ | ६६५.४३ | ६७२.०८ | ३२९४.६ |
| ३६ | तोकिएका विधार्थीको दिवा खाजाका लागि विधालयलाई अनुदान | नेपाल सरकार-शसर्थ अनुदान चालु | ३०.७४ | ३१.०४ | ३१.३५ | ३१.६७ | ३१.९८ | ३२.३० | १५८.३७ |
| ३७ | तोकिएका विधार्थीको दिवा खाजाका लागि विधालयलाई अनुदान | नेपाल सरकार-शसर्थ अनुदान चालु[एस.इ.एस.पी.-सोधभर्ना हुने ऋण(बैदेशिक) | ७ | ७.०७ | ७.१४ | ७.२१ | ७.२८ | ७.३५ | ३६.०६४ |
| ३८ | विधालय सञ्चालन तथा व्यवस्थापन अनुदान | नेपाल सरकार-शसर्थ अनुदान चालु | १३.७ | १३.८३ | १३.९७ | १४.११ | १४.२५ | १४.३९ | ७०.५८ |
| ३९ | विधालय सञ्चालन तथा व्यवस्थापन अनुदान | नेपाल सरकार-शसर्थ अनुदना चालु[एस.इ.एस.पी.-सोधभर्ना हुने ऋण(बैदेशिक) | ३ | ३.०३ | ३.०६ | ३.०९ | ३.१२ | ३.१५ | १५.४५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४० | विधालय सञ्चालन तथा व्यवस्थोन अनुदान | नेपाल सरकार —शसर्त अनुदान चालु[एस.इ.एस.पी.-सोधभर्ना अनुदान(बैदेशिक) | २ | २.०२ | २.०४ | २.०६ | २.०८ | २.१० | १०.३० |
| ४१ | सार्वजनिक विधालयका विधार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान(स्थानीय विषय/मातृभाषाको समेत) | नेपाल सरकार- शसर्थ अनुदान चालु[एस.इ.एस.पी.-सोधभर्ना अनुदान(बैदेशिक) | २ | २.०२ | २.०४ | २.०६ | २.०८ | २.१० | १०.३० |
| ४२ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास,विधार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मिन्टरिङ तथा विधालय सुपरिवेक्षण | नेपाल सरकार-शसर्थ अनुदान चालु | ६.८ | ६.८६८ | ६.९३ | ७.०० | ७.०७ | ७.१४ | ३५.०३ |
| ४३ | सामुदायिक विधालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | नेपाल सरकार-शसर्थ अनुदान चालु[एस.इ.एस.पी.-सोधभर्ना हुने ऋण(बैदेशिक) | १ | १.०१ | १.०२ | १.०३ | १.०४ | १.०५ | ५.१५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४४ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास,विधार्थी परीक्षण मुल्याङ्कन,शिक्षक मेन्टरिङ तथा विधालय सुपरिवेक्षण | नेपाल सरकार-शसर्थ अनुदान चालु[एस.इ.एस.पी.-सोधभर्ना हुने ऋण(बैदेशिक) | १ | १.०१ | १.०२ | १.०३ | १.०४ | १.०५ | ५.१५ |
| ४५ | सार्वजनिक विधालयका विधार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान(स्थानिय विषय/मातृभाषाको समेत) | नेपाल सरकार-शसर्थ अनुदान चालु[एस.इ.एस.पी.-सोधभर्ना हुने ऋण(बैदेशिक) | ३ | ३.०३ | ३.०६ | ३.०९ | ३.१२ | ३.१५ | १५.४५ |
| ४६ | सार्वजनिक विधालयमा अध्ययनरत विधार्थीहरुका लागि छात्रबृत्ति(आवासीय तथा गैरआवासीय) | नेपाल सरकार-शसर्त अनुदान चालु | २.१६ | २.१८ | २.२० | २.२२ | २.२४ | २.२७ | ११.१२ |
| ४७ | विधालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | नेपाल सरकार-शसर्थ अनुदान चालु | २६.५२ | २६.७८ | २७.०५ | २७.३२ | २७.५९ | २७.८७ | १३६.६३ |
| ४८ | प्रति विधार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विधालयलाई अनुदान | नेपाल सरकार-शसर्थ अनुदान चालु | १६.६६ | १६.८२ | १६.९९ | १७.१६ | १७.३३ | १७.५० | ८५.८३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४९ | तोकिएका विधार्थीको दिवा खाजाका लागि विधालयलाई अनुदान | नेपाल सरकार-शसर्थ अनुदान चालु[एस.इ.एस.पी.-सोधभर्ना अनुदान(बैदेशिक) | ५ | ५.०५ | ५.१० | ५.१५ | ५.२० | ५.२५ | २५.७६ |
| ५० | सार्वजनिक विधालयका विधार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान(स्थानीय विषय/मातृभाषाको समेत | नेपाल सरकार-शसर्थ अनुदान | १५.१२ | १५.२७ | १५.४२ | १५.५७ | १५.७३ | १५.८९ | ७७.८९ |
| ५१ | विधालयमा शैक्षिक गुणस्तर सुद्दढीकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | नेपाल सरकार-शसर्थ अनुदान चालु[एस.इ.एस.पी.-सोधभर्ना अनुदान(बैदेशिक) | ५ | ५.०५ | ५.१० | ५.१५ | ५.२० | ५.२५ | २५.७६ |
| ५२ | शैक्षिक पहुँच सुनिश्चित,अनौपोचारिक तथा वैकल्पिक शिक्षा (परम्परागत विधालय,वैकल्पिक विधालय,साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत | नेपाल सरकार शसर्थ अनुदान | ६ | ६.०६ | ६.१२ | ६.१८ | ६.२४ | ६.३० | ३०.९१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५३ | विपदका समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रत सिकाइ योजना (Real) कार्यान्वयन | नेपाल सरकार-शसर्थ अनुदान चालु[एस.इ.एस.पी.-सोधभर्ना हुने ऋण(बैदेशिक) | १ | १.०१ | १.०२ | १.०३ | १.०४ | १.०५ | ५.१५ |
| ५४ | विधालयमा शैक्षिक गुणस्तर सुद्दढीकरण एवम कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | नेपाल सरकार-शसर्थ-अनुदान चालु[एस.इ.एस.पी.-सोधभर्ना हुने ऋण(बैदेशिक) | ६ | ६.०६ | ६.१२ | ६.१८ | ६.२४ | ६.३० | ३०.९१ |
| ५५ | सामुदायिक विधालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | नेपाल सरकार-शसर्थ अनुदान चालु[एस.इ.एस.पी.-सोधभर्ना अनुदान(बैदेशिक) | १ | १.०१ | १.०२ | १.०३ | १.०४ | १.०५१ | ५.१५ |
| ५६ | प्रति विधार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विधालयलाई अनुदान | नेपाल सरकार-शसर्थ अनुदान चालु[एस.इ.एस.पी.- | ३ | ३.०३ | ३.०६ | ३.०९ | ३.१२ | ३.१ | १५.४५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सोधभर्ना हुने ऋण(बैदेशिक) | | | | | | | |
| ५७ | विपदका समयमा निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (Real) कार्यान्वन | नेपाल सरकार-शसर्थ अनुदान चालु | ३ | ३.०३ | ३.०६ | ३.०९ | ३.१२ | ३.१५ | १५.४५ |
| ५८ | प्रति विधार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थाका लागि विधालयलाई अनुदान | नेपाल सरकार-शसर्थ अनुदान(एस.इ.एस.पी.-सोधभर्ना हुने ऋण(बैदेशिक) | ४ | ४.०४ | ४.०८ | ४.१२ | ४.१६ | ४.२० | २०.६० |
| ५९ | सार्वजनिक विधालयमा अध्ययरत विधार्थीहरुको लागि छात्रबृत्ति (आवासिय तथा गैरआवासिय | नेपाल सरकार-शसर्थ अनुदान चालु[एस.इ.एस.पी.-सोधभर्ना हुने ऋण(बैदेशिक)] | १ | १.०१ | १.०२ | १.०३ | १.०४ | १.०५ | ५.१५ |
| ६० | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास विधार्थी परीक्षण मुल्याङ्कन,शिक्षक मेन्टेरिङ तथा विधालय सुपरिवेक्षण | नेपाल सरकार-शसर्थ अनुदान चालु[एस.इ.एस.पी.-सोधभर्ना अनुदान(बैदेशिक)] | १ | १.०१ | १.०२ | १.०३ | १.०४ | १.०५ | ५.१५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६१ | सामुदायिक विधालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | नेपाल सरकार शसर्थ अनुदान चालु | ५.२ | ५.२५ | ५.३० | ५.३५ | ५.४१ | ५.४६ | २६.७९ |
| ६२ | शैक्षिक पहुँच सुनिश्यतता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम(परम्परागत विधालय,वैकल्पिक विधालय,साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | नेपाल शसर्थअनुदान चालु[एस.इ.एस.पी.-सोधभर्ना अनुदान(बैदेशिक)] | ५.२ | ५.२५ | ५.३० | ५.३५ | ५.४१ | ५.४६ | २६.७९ |
| ६३ | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम(परम्परागत विधालय,वैकल्पिक विधालय,साक्षरता र निरन्तर शिक्षाकस कार्यक्रम | नेपाल सरकार-शसर्थ अनुदान चालु[ए.इ.एस.पी.-सोधभर्ना हुने ऋण(बैदेशिक)] | १ | १.०१ | १.०२० | १.०३ | १.०४ | १.०५ | ५.१५ |
| ६४ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययरत)विधार्थीका लागि छात्रवृत्ति | नेपाल सरकार-शसर्थ अनुदान चालु | २.५ | २.५२५ | २.५५ | २.५७५ | २.६० | २.६२ | १२.८८ |
| ६५ | केन्द्रबाट छनोट भएका नमुना विधालय,विशेष विधालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार विकास तथा प्रविधिक धार तर्फ शैक्षिक | नेपाल सरकार-शसर्थ अनुदान पुँजीगत [एस.इ.एस.पी.- | १६ | १६.१६ | १६.३२ | १६.४८ | १६.६४९ | १६.८१ | ८२.४३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विधालयलाई ल्याव व्यास्थपन अनुदान(कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत | सपधभर्ना हुने ऋण(बैदेशिक)] | | | | | | | |
| ६६ | केन्द्रबाट छनोट भएका नमुना विधालय,विशेष विधालयको स्वीकृत गुरु योजना अनुरुप भौतिक पुर्वाधार विकास तथा प्रविधिक धार तर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विधालयलाई ल्याव व्यवस्थापन अनुदान (कक्षा११-१२मा विज्ञान विषय सञ्चालनका लागि समेत | नेपाल सरकार-शसर्थ अनुदान पुँजीगत | ७२ | ७२.७२ | ७३.४४ | ७४.१८ | ७४.९२ | ७५.६७ | ३७०.९५ |
| ६७ | केन्द्रबाट छनोट भएका नमुना विधालय,विशेष विधालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार विकास तथा प्राविधिक धार तर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विधालयलाई ल्याव व्यवस्थापन | नेपाल सरकार-शसर्थ अनुदान पुँजीगत[एस.इ.एस.पी.-सोधभर्ना अनुदान(बैदेशिक)] | १२ | १२.१२ | १२.२४ | १२.३६ | १२.४८ | १२.६१ | ६१.८२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय सञ्लनका लागि समेत | | | | | | | | |
| | | जम्मा | १४६५ | १४८० | १४९५ | १५१० | १५२५ | १५४० | ७५५० |

# परिच्छेद ९

## जोखिम पहिचान र व्यवस्थापन

### ९.१ जोखिम पहिचान

मैवाखोला गाउँपालिकाको शिक्षाको रणनीतिक योजना कार्यान्वयनको क्रममा आउन सक्ने सम्भावित जोखिम र अवरोध देहायबमोजिम हुन सक्ने आकलन गरिएको छः

१. शिक्षा क्षेत्रलाई हेर्ने मानसिकतामा परिवर्तन हुन नसक्नु,

२. शिक्षा क्षेत्रको रूपान्तरणका लागि काम गर्ने शैली परिवर्तन गर्न नसक्नु

३. गाउँ पालिकाको जनप्रतिनिधि, शिक्षा शाखा र विद्यालयका सरोकार पक्षले योजना कार्यान्वयनलाई प्राथमिकतामा राख्न नसक्नु ।

४. योजनाले निर्दिष्ट गरेका कार्यक्रमहरूका लागि आवश्यक स्रोतको अभाव हुनु ।

५. शिक्षा क्षेत्र स्थानिय सरकारको उच्च प्राथमिकतामा नपर्नु एवं संघ र प्रदेशले शिक्षा क्षेत्रमा पर्याप्त लगानी नहुनु

६. योजना कार्यान्वयनका लागि आवश्यक कानुन, मापदण्ड, संयन्त्र, कार्यविधि समयमै बन्न नसक्नु

७. संविधानको भावना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहविच सहअस्तित्व, समन्वय र सहकार्यमा आधारित कार्यप्रणाली अवलम्बन हुन नसक्नु

८. संघ, प्रदेश र स्थानीय सरकारका सम्वद्ध सरोकारवाला निकाय तथा पदाधिकारीको सहयोग प्राप्त नहुनु

९. शिक्षा क्षेत्रमा संलग्न शैक्षिक जनशक्तिको क्षमता विकास हुन नसक्नु

१०. गाउँपालिकाका सबै तहका शैक्षिक संरचना भूगोल, जनसङ्ख्या र आवश्यकताका आधारमा पुर्नसंरचित हुन नसक्नु

११. योजनाले परिकल्पना गरेको कार्यक्रमहरू साझेदारीमा कार्य सम्पादन हुन नसक्नु

१२. महामारी वा प्राकृतिक प्रकोपका कारण समयमा योजनामुताविक कार्यक्रम संचालन गर्न नसक्नु

## ९.२ जोखिम व्यवस्थापन

मैवाखोला गाउँपालिकामा शिक्षा क्षेत्रको रणनीतिक योजना कार्यान्वयन गर्दा माथि उल्लेखित विभिन्न जोखिम र अवरोधहरू आउन सक्छन्। यी जोखिमहरूको व्यवस्थापन गर्नको लागि प्रभावकारी उपायहरू आवश्यक पर्छ। त्यसका लागि जोखिमको पहिचान र पूर्व तयारी गर्नु पर्दछ । यस योजना कार्यान्वयन जोखिम व्यवस्थापनका लागि निम्न सुझावहरू सुझाइएका छन्

**१. सरोकारवालासँगको समन्वय र सहकार्य**

योजनाका कार्यक्रम कार्यान्वयनमा सबै सरोकारवाला (जनप्रतिनिधि, शिक्षा शाखा र कर्मचारी, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, स्थानीय) लाई संलग्न गराउने।गाउँपालिकाको अगुवाईमा स्पष्ट र नियमित संवाद प्रणाली विकास गर्ने।

**२. पर्याप्त स्रोत साधनको सुनिश्चितता**

बजेट अभावलाई मध्यनजर गर्दै समयमै वित्तीय योजना तयार गर्ने।संघ, प्रदेश सरकारबाट बजेट व्यवस्थापनका लागि पहल गर्ने ।सार्वजनिक–निजी साझेदारी (PPP) मार्फत स्रोत जुटाउने प्रयास गर्ने।

**३. दक्ष जनशक्ति विकास**

शिक्षक तथा प्रशासनिक कर्मचारीहरूको तालिम र सीप विकासमा लगानी गर्ने।शिक्षामा प्रविधि प्रयोग गर्न सक्ने जनशक्तिको विकास सुनिश्चित गर्ने।

**४. प्रविधिको उपयोग र पूर्वाधार विकास**

डिजिटल शिक्षामा पहुँच पुऱ्याउने पूर्वाधार निर्माण गर्ने (विद्युत तथा इन्टरनेटको व्यवस्था, कम्प्युटर, स्मार्ट डिभाइसहरूको व्यवस्था), इ–शिक्षा सामग्री पहिचान, विकास र वितरण सुनिश्चित गर्ने।

**५. गुणस्तरीय अनुगमन र मूल्याङ्कन प्रणाली**

कार्यान्वयनको निरन्तर अनुगमन गर्ने संयन्त्रलाई प्रभावकारी बनाउने ।कार्यान्वयनको बार्षिक सूचकांकको आधारमा प्रगति मूल्याङ्कन गर्ने।

**६. स्थानिय सन्दर्भ र बदलिदो परिस्थिति विश्लेषण गरी योजना परिमार्जन**

कुनै महामारी वा प्राकृतिक प्रकोपका कारण योजना कार्यान्वयनमा समस्या देखा परे स्थानीय आवश्यकताअनुसार रणनीति परिमार्जन वा कार्यान्व्यनमा लचिलोपना अपनाउने ।

**७. कार्यान्वयनमा स्थिरता र नीति निरन्तरताको प्रवर्द्धन**

गाउँपालिकाको चालु कार्यकाल सकिएर राजनीतिक शक्ति फेरबदल भए पनि योजनाको कार्यान्वयनमा सवै राजनीतिक शक्तिबीचमा समझदारी कायम गर्ने ।शिक्षाको मूल नीति परिवर्तनमा स्थायित्व ल्याउने प्रयास गर्ने।

**८. सामुदायिक जागरूकता र संलग्नता**

शिक्षा योजनाका महत्वबारे सवै वडा,टोल र समुदायमा जनचेतना फैलाउने।योजना कार्यान्वयनमा मैवाखोलावासी समुदायको सक्रिय भुमिका सुनिश्चित गर्ने।

**९. जोखिम मूल्याङ्कन र आकस्मिक योजना**

सम्भावित जोखिमहरूको पहिचान गरेर पूर्वतयारी गर्ने। जोखिम व्यवस्थापनको लागि वैकल्पिक योजना तयार राख्ने।

**१०. पारदर्शिता र जवाफदेहिता प्रणाली सुदृढ पार्ने**

योजना कार्यान्वयनको सबै चरणमा पारदर्शी प्रक्रिया अपनाउने। परिणामको जवाफदेहिता तोक्ने।

अन्त्यमा,

मैवाखोला गाउँपालिकामा शिक्षा क्षेत्रमा वन्ने सबै प्रकारका नीति, योजना र कार्यक्रम यस रणनीतिक योजनाको सोच र यसले निर्दिष्ट गरेको कार्यक्रम र सुझाइएको रणनीतिको भावना अनुकूल बन्ने छन् । यस योजनाले गाउँपालिकाको समग्र शिक्षा विकासका लागि मार्गदर्शन गर्ने छ । प्रस्तुत रणनीतिक योजनाको कार्यान्वयनबाट गाउँपालिकाको भविष्य निर्माणमा जागरूक, जन्मेको ठाउँ र समाजप्रति समर्पित, सामाजिक रूपमा सहिष्णु र नयाँ तथा रूपान्तरणकारी विचारको सर्जक तथा परम्परागत प्रविधिको खोजि, प्रयोग र विस्तार, स्थानीय आवश्यकताका आधारमा माटो सुहाउँदो नयाँ प्रविधिको उत्पादन तथा विश्वस्तरीय प्रविधिको प्रयोग गर्न सक्षम, वैज्ञानिक, नैतिकवान्, राष्ट्रप्रेमी, उत्पादनशील, प्रतिस्पर्धी र योग्य मैवाखोलाबासी भएकोमा गर्व गर्ने शैक्षिक जनशक्तिको विकास, सवै क्षेत्रमा प्रतिष्पर्धि एवं प्रगतिशिल चेतना भएको नागरिक निर्माण हुने छ ।

# परिच्छेद १०

## निष्कर्ष र सारांश

मैवाखोला गाउँपालिका कोशी प्रदेशअन्तर्गत ताप्लेजुङ जिल्लामा पर्ने एक ऐतिहासिक, साँस्कृतिक, शैक्षिक र प्राकृतिक महत्त्व रहेको गाउँपालिका हो । यस गाउँपालिका कोशी प्रदेशको र नेपालको एक सम्भाव्य र शिक्षा क्षेत्रमा अग्रणी भूमिका खेल्न सक्ने पालिकामध्ये एक हो। सबै बालबालिकाहरूका लागि सर्वाङ्गीण विकासमा केन्द्रित गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु योजनाको मुख्य उद्देश्य हो । यस रणनीतिक योजनाले योजनावधिभर पालिकालाई पूर्ण साक्षर पालिका तुल्याई अनौपचारिक, वैकल्पिक र खुला शिक्षाका माध्यमबाट जीवनपर्यन्त निरन्तर शिक्षाको अवसरहरूको सुनिश्चितता गर्ने र प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा सबैको समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्ने समेत उद्देश्य लिएको छ । विद्यालयलाई भय, विभेद र दूव्यवहारमुक्त, हिंशामुक्त तथा विविधताअनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्न्ने र आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने कार्य समेत यस योजनाको उद्देश्यमा समेटिएका छन । अहिलेको विश्व पुँजीको विकासद्वारा ज्ञान, विज्ञान, कला, र सँस्कृतिको विकाससहित अगाडि लम्किरहेको परिस्थितीमा गाउँपालिकाले सरोकार सवै पक्षसँग समन्वय, सहकार्य र साझेदारीमा शिक्षा क्षेत्रको रूपान्तरणको अपेक्षा गर्नु पर्दछ । शिक्षा क्षेत्रका संलग्न सवैको सहयोग विना यस योजनाले मूर्तरूप पाउन सक्दैन । गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी र गाउँपालिकाका सवै जनताहरूलाई पनि योजना अनुरूप

सहयोग लिने हेतुले अर्थपूर्ण सहभागी गराउन सके मात्र योजना कार्यान्वयनमा उनीहरूको स्वामित्व प्राप्त हुनाको शिक्षाको क्षेत्रमा गरिने कार्यक्रमहरूले दिगोपना पाउन सक्छ ।नेपालको संविधानले पनि विकास निर्माण, योजना तर्जुमा लगायतका जनतासँग सरोकार राख्ने सवालहरूमा जनसहभागिताको अपेक्षा गरी त्यसै अनुसारको कानुनी व्यवस्था गरेको सन्दर्भमा शिक्षा क्षेत्रको विकासमा पनि राज्य, सरकार र जनताहरू हातेमालो गर्दै अगाडि बढ्नुपर्ने देखिन्छ। अहिले संविधानबमोजिम स्थानीय सरकारको निर्वाचित जनप्रतिनिधीहरूमार्फत स्थानीय तहमा शासन गरिरहेको परिप्रेक्ष्यमा स्थानीय स्तरमा शिक्षा क्षेत्रको दिर्घकालिन विकासका लागि योजना बनाई कार्यान्वयन गर्ने अधिकार र दायित्व पनि स्थानीय सरकारकै काँधमा आइपुगेको छ।

बदलिंदो परिवर्तन तथा परिस्थिति र संघीयता पछिको सबै अनुभवलाई समेत गहन विश्लेषण गर्दै शिक्षामा समयानुकूल परिवर्तन गर्न जरूरी छ भन्ने महशुस गरेर विद्यालय तहको संरचनामा भएको परिवर्तन एवं आन्तरिक सुशासन, सुधार एवं दक्षतामा अभिवृद्धि गरी गुणात्मक परिवर्तनका कार्यक्रमहरू योजनामा समावेश गरिएका छन । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुमा विकास गरी यसलाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने र नक्साङकनका आधारमा पालिका क्षेत्रभित्र विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्ने रणनीति योजनाले अगाडि सारेको छ । योजनाले अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रबद्र्धन र लगानी अभिबृद्धिद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने, पालिका क्षेत्रभित्र बसोबास गर्ने गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङगता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गरी निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न मैवाखोलाको शिक्षा विकासमा मेरो सहभागिता लगायतका आवश्यक

पर्ने सहयोग प्रणाली लागु गर्ने र साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवम व्यवसाय, सामाजिक जीवन र सहभागितासंग आबद्ध गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमतामा सबलीकरण गर्ने कार्यलाई योजनाले प्राथमिकता दिएको छ । विद्यालय शिक्षामा सुशासन प्रवद्र्धन गर्नका लागि विद्यालयको नेतृत्व प्रणालीमा सुधार गरी सूचना प्रविधिमा आधारित व्यवस्थापन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गर्ने पाटो पनि योजनाको मुख्य रणनीतिका विषय बनेका छन । योजनामा आापतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि विद्यालयको शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत एवम मानवीय श्रोत व्यवस्थापन गर्ने र शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने कार्यसंग सम्बन्धित कार्यक्रमहरु पनि समावेश गरिएका छन ।

यस योजनाको अन्त्यसम्ममा सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने अपेक्षा गरिएको छ । गाउँपालिका क्षेत्रमा बसोबास गर्ने सबै नागरिकहरुले साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त गरेको हुने योजनाले परिकल्पना गरेको छ । अपाङ्गता भएका बालबालिकाहरुले विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु प्राप्त हुने र विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्यांकन प्रभावकारी र नतिजामूलक हुने समेत यस योजनाले प्राथमिकतामा राखेको छ । समग्रमा, शिक्षाको रणनीतिक योजनाले मैवाखोला गाउँपालिकालाई उत्कृष्ट शिक्षा केन्द्रको रुपमा विकास गर्ने सोंच राखेको छ ।

# सन्दर्भ सामग्री


- नेपालको संविधान (२०७२), कानून किताव खाना, काठमाडौं ।
- नेपाल सरकारको आर्थिक सर्भेक्षण, (२०८०) र कोशी प्रदेश सरकारको आर्थिक सर्भेक्षण, (२०८०)
- राष्ट्रिय योजना आयोग (२०८१), सोह्रौ योजना (२०८१/०८२-२०८६/०८७) काठमाडौंः राष्ट्रिय योजना आयोग
- प्रदेश नीति तथा योजना आयोग (२०८१), दोस्रो पञ्चवर्षीय योजना २०८१, विराटनगर, कोशी प्रदेश नीति तथा योजना आयोग
- राष्ट्रिय योजना आयोग (२०७७), दिगो विकास लक्ष्य (राष्ट्रिय समीक्षा) काठमाडौंः राष्ट्रिय योजना आयोग
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६), राष्ट्रिय शिक्षा नीति २०७६, काठमाडौंः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७७), विद्यालय क्षेत्र विकास योजना (२०७३-२०८०) काठमाडौं, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
- शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७८) फ्ल्यास रिपोर्ट २०७८, भक्तपुरः शिक्षा तथा मानव स्रोत विकास केन्द्र
- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, (२०७६), पाठ्यक्रम विकास केन्द्र, भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारूप, (२०७१), पाठ्यक्रम विकास केन्द्र, भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र, भक्तपुर
- University Grant Commission (२०७६), EDUCATION MANAGEMENT INFORMATION SYSTEM REPORT ON HIGHER EDUCATION २०१८/१९ AD (२०७५/७६ B.S.) Bhaktapur: University Grant Commission

# अनुसूचीहरू

## अनुसूची १

### शिक्षासम्बन्धि शव्दावली तथा परिभाषा

| शव्दावली | परिभाषा |
|---|---|
| गाउँपालिका | नेपालको संविधान बमोजिम गठन भएको मैवाखोला गाउँपालिका |
| ऐन | मैवाखोला गाउँपालिकाको शिक्षा क्षेत्र व्यवस्थापन गर्न बनेको ऐन, २०७९ |
| कार्यपालिका | मैवाखोला गाउँकार्यपालिका |
| कोष | शिक्षा क्षेत्र व्यवस्थापन गर्न बनेको ऐन, २०७९ ऐनको दफा ८५ बमोजिमको विद्यालय सञ्चालनका लागि खडा गरिएको संचित कोष |
| धार्मिक विद्यालय | परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक प्रकृतीका विद्यालयहरु |
| शिक्षा अधिकृत | मैवाखोला गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको काम काज गर्न तोकिएको अधिकृत कर्मचारी |
| शिक्षा समन्वयकर्ता | मैवाखोला गाउँपालिकामा शैक्षिक क्षेत्रको विकास कार्यमा समन्वय तथा सहयोग गर्ने व्यक्ति |
| परिवार | शिक्षक वा कर्मचारीसँग एकासगोलमा वस्ने तथा निज आफैले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत |
| परीक्षा समिति | शिक्षा क्षेत्र व्यवस्थापन गर्न बनेको ऐन, २०७९ दफा ३५ बमोजिम गठन हुने परीक्षा सञ्चालन तथा समन्वय समिति |
| पाठ्यक्रम विकास केन्द्र | सघीय ऐन वमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकाय |

| | |
|---|---|
| प्रधानाध्यापक | गाउँपालिकामा रहेका सवै विद्यालयमा नियुक्त विद्यालयको मूख्य व्यक्ति |
| कर्मचारी | विद्यालयमा कार्यरत प्रशासनिक कर्मचारी कार्यालय सहयोगी लाइब्रेरियन, चौकीदार, स्विपर, सुरक्षागार्ड, बगैचे, भान्से, चालक समेत |
| अभिभावक | सामुदायिक, संस्थागत, गुठीमा सञ्चालित मदरसा गोम्पा जस्ता विद्यालयमा अध्ययनरत विधार्थीहरुका अभिभावक भनी विद्यालयको अभिलेखमा जनाइएका व्यक्ति |
| प्रमुख प्रशासकीय अधिकृत | गाउंपालिकाको प्रमुख प्रशासकीय अधिकृत |
| प्रारम्भिक बाल शिक्षा र वाल विकास केन्द्र | चार वर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि दफा ३९ बमोजिम खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, पूर्व प्राथमिक शिक्षा केजी, मन्टेश्वरी आदि |
| व्यवस्थापन समिति | विद्यालयको सम्पुर्ण व्यवस्थापन गर्न तथा अभिभावत्व प्रदान गर्न गठन हुने समिति |
| शिक्षक सेवा आयोग | संघीय कानून वमोजिम गठन भएको स्थायी शिक्षकहरुको परीक्षा सञ्चालन तथा नियुक्ति, सिफारिस आदि गर्ने आयोग |
| शिक्षाशाखा | गाउंपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा ईकाई |
| मन्त्रालय | नेपाल सरकार, तथा प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालय |
| शैक्षिक गुठी | विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी |
| शैक्षिक सत्र | विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि |
| स्रोतव्यक्ति | विद्यालयहरुलाई समन्वय तथा सुपरीवेक्षण सेवा उपलब्ध गराउन तोकिएको कर्मचारी |
| आधारभूत तह | कक्षा १‘८ सम्मको विद्यालय संरचना |
| माध्यमिक तह | कक्षा ९-१२ सम्मको विद्यालय संरचना |

| | |
|---|---|
| अनिवार्य शिक्षा | ५ वर्षदेखि १२ वर्षका उमेर समूहका सबै बालबालिकाहरूलाई कक्षा १ देखि ८ सम्म राज्यद्वारा उपलब्ध गराउने आधारभूत शिक्षा |
| विशेष शिक्षा | दृष्टिविहिन बहिरा, अटिजम, बौद्धिक असक्षमता, अपाङ्गता, सुस्तश्रवण वा शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइने विशेष किसिमको शिक्षा |
| शैक्षिक सुशासन | शैक्षिक कार्यहरुमा उल्लेखित पक्षहरु जस्तै सरोकारवालाको सम्पर्क सहभागिता, निर्णय प्रक्रियामा पारदर्शिता र जवाफदेहिता, संस्था सञ्चालनका लागि आफूलाई प्राप्त प्रशासनिक तथा व्यवस्थापकीय अधिकारको समुचित प्रयोग तथा ऐन, नियमको सफल कार्यान्वयनबाट गुणस्तरीय सिकाइको प्रत्याभूति |

## अनुसूची २

## शिक्षाको रणानीतिक योजना निर्माणका चरणमा भएका गतिविधि र समयतालिका

| सि.न. | कार्य विवरण | कार्य अवधि | | | | |
|---|---|---|---|---|---|---|
| | | पुस | माघ | फागुन | चैत्र | बैशाख |
| १ | शिक्षाको रणनीतिक योजना निमार्ण सम्बन्धी दुई पक्षीय सम्झौता | √ | | | | |
| २ | योजना तर्जुमाको सैद्धान्तीक खाका, योजना निर्माण विधि, प्रकृया र सूचना संकलन, शिक्षा राष्ट्रिय निती योजना कार्यक्रमको पुनरावलोकन | √ | | | | |
| ३ | गाउँपालिकाका सरोकारवालाहरूसगँ छलफल | | √ | | | |
| ४ | मैवाखोलामा शिक्षा विकासको अवधारणा तर्जुमा कार्यशाला (भिजन, मिसन, गोल, अब्जेक्टिभ्स निर्माण, अवस्था विश्लेषण, शिक्षा गेम चेन्जर योजना बारे छलफल) | | √ | | | |
| ५ | स्थलगत अध्ययनको आवश्यक औजार र बिधि निर्माण | | | √ | | |
| ६ | सरोकारवालाहरूसगँ छलफल एवं अन्तरक्रिया | | | √ | | |
| ७ | स्थलगत अध्ययन, बहुपक्षिय एवं सरोकारसँग व्यक्तिगत एवं सामुहिक छलफल र सूचना संकलन | | | | √ | |
| ८ | विद्यालयहरूको विषयगत लक्ष्य निर्धारण | | | | √ | |
| ९ | रणनीतिक योजनाको मस्यौदा तयार र प्रस्तुतिकरण | | | | | √ |
| १० | अन्तिम प्रतिवेदन पेश | | | | | √ |

## अनुसूची ३

गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारहरू

(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार)

आधारभूत र माध्यमिक शिक्षाअन्तर्गत निम्न विषयहरू गाउं तथा नगरपालिकाको कार्यक्षेत्रअन्तर्गत पर्दछन् (दफा १११ञ):

- प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्यांकन र नियमन,
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन र नियमन,
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
- विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

- ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति र नियमन,
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथ सोको बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा दक्षता विकास,

## अनुसूची ४

वडा समितिको काम, कर्तव्य र अधिकार (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार)

वडा समितिको काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोकेबमोजिम हुनेछ । शिक्षा सम्बन्धमा वडा समितिको कार्यक्षेत्र निम्नानुसार रहेका छन् (दफा १२.२):

- अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,
- पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बाल क्लब तथा बाल सञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,
- अन्तरविद्यालय तथा क्लबमार्फत खेलकुद कार्यक्रमको सञ्चालन गर्ने, गराउने,
- पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने,
- वडालाई बालमैत्री बनाउने,
- वडाभित्र आर्थिक तथा सामाजिक रूपले पछि परेका महिला, बालबालिका, दलित, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी काम गर्ने ।
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत सकलन गर्ने,
- नाम, थर, जन्ममिति संशोधनको सिफारिस गर्ने,
- आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने,
- विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,
- विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने ।

## अनुसूची ५

नेपालको संविधान २०७२ मा भएको संघ'प्रदेश, संघ, प्रदेश र स्थानीय तहको र स्थानीय तहको अधिकारको सूची

संविधानको अनुसूची—७ संघ र प्रदेशको साझा अधिकारको सूची

नेपालको संविधान (धारा ५७ को उपधारा (३), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७ सँग सम्बन्धित)

| क्र.सं. | विषयहरू |
|---|---|
| १ | फौजदारी तथा देवानी कार्यविधि, प्रमाण र शपथ (कानुनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया ) |
| २ | आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन |
| ३ | देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था |
| ४ | एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण |
| ५ | पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानुन |
| ६ | सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना |
| ७ | करार, सहकारी, साझेदारी र एजेन्सी सम्बन्धी |
| ८ | टाट पल्टेको दामासाही सम्बन्धी |
| ९ | औषधी र विषदी |
| १० | योजना, परिवार नियोजन र जनसंख्या व्यवस्थापन |
| ११ | सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी कार्य |
| १२ | कानून व्यवसाय, लेखापरीक्षण, इन्जिनियरिङ, चिकित्सा, आयुर्वेद चिकित्सा, पशु चिकित्सा, आम्ची र अन्य पेशा |
| १३ | प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता |

| | |
|---|---|
| १४ | सञ्चार माध्यम सम्बन्धी |
| १५ | उद्योग तथा खनिज र भौतिक पूर्वाधार |
| १६ | क्यासिनो, चिठ्ठा |
| १७ | प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ |
| १८ | पर्यटन, खानेपानी तथा सरसफाइ |
| १९ | चलचित्र, सिनेमा हल, खेलकूद |
| २० | बिमा व्यवसाय सञ्चालन र व्यवस्थापन |
| २१ | गरिबी निवारण र औद्योगीकरण |
| २२ | वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास |
| २३ | अन्तरप्रादेशिक रूपमा फैलिकएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग |
(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

(झ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने र सोको प्रतिलिपि शिक्षा शाखामा पठाउने,

(ञ) कुन शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

(ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्ति गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम विभागीय कारबाही लगायत अवकाश नियमानुसार गर्ने,

(ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख शिक्षा अधिकृत तथा निरीक्षकले हेर्न चाहेमा देखाउने,

(ड) शिक्षक तथा कर्मचारीहरूको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन शिक्षा शाखा तथा व्यवस्थापन समितिमा पेश गर्ने,

(ढ) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा शिक्षा शाखामा सिफारिस गर्ने,

(ण) सम्वन्धित निकायवाट स्थायी नियुक्ति एवं पदस्थापन भई आएका शिक्षकलाई हाजिर गराई विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने,

(त) महिनामा कम्तीमा एक पटक शिक्षक तथा कर्मचारीहरूको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक र शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

(थ) गाउँपालिकाबाट पूर्व स्वीकृति लिई अति आवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको स्रोतबाट तलब भत्ता खानेगरी शिक्षकको पद कायम गरी सो अनुसार पद स्वीकृति भएका विषयका शिक्षकको यस ऐनमा व्यवस्था भए बमोजिमको प्रक्रिया अपनाई पदपूर्ती गरी करारमा नियुक्त गर्ने र यसरी नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरूको तलब सम्बन्धी प्रतिवदेन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

(द) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुन किसिमको अवाञ्छित क्रियाकलाप हन नदिने,

(ध) विद्यालयको प्रभावकारी सञ्चालनको लागी वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने, गराउने,

(न) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्ध—वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(प) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई शिक्षा शाखामा पठाउने,

(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठयक्रम तथा पाठयपुस्तक लागू गर्ने,

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने, गराउने,

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुन शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब बृद्धि रोक्का गर्ने,

(य) विद्यालयमा दफा ४८ को उपदफा (७) बमोजिमको कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने,

(र) स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको तलवी प्रतिवेदन पारित गर्न शिक्षा शाखामा पठाउने,

(ल) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काम, कर्तव्य तोक्ने,

(व) शिक्षा शाखा तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने, गराउने,

(श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्यांक मन्त्रालयद्वारा निर्धारित ढाँचा र समय भित्र निरीक्षकद्वारा प्रमाणित गराई शिक्षा शाखामा पठाउने,

(ष) विद्यालयको आफ्नो स्रोतबाट खर्च व्यहोर्ने गरी नियक्ति भएका शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेश गर्ने,

(स) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण फाराम निर्धारित समयमा भर्न लगाई विद्यालयमा दर्ता गरी शिक्षा शाखा मार्फत शिक्षक किताबखानामा पठाउने,

(ह) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको कर्मचारी सञ्चयकोष, नागरीक लगानी कोष, बीमा, सामाजिक सुरक्षाकोषको रकम सम्बन्धित निकायमा पठाउन लगाउने,

(क्ष) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामन तथा सेवा खरिद गर्ने,

(त्र) प्रधानाध्यापक गाउँपालिका, शिक्षा समिति, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनेछ ।

यसका लागिः—

(१) अभिभावक एवं विद्यार्थीको विचार सर्वक्षण गर्ने,

(२) प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको लागि विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गरे बमोजिम प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षा प्रत्याभूत गर्नुपर्ने,

(३) शिक्षक एवं कर्मचारीलाई प्रधानाध्यापकप्रति जिम्मेवार बनाउन तथा गुणस्तरीय शिक्षाका लागि कार्यपालिका, शिक्षा समिति र शिक्षा अधिकृतले प्रचलित कानुन बमोजिम दिएका निर्देशन पालना गराउन तथा अपेक्षित शैक्षिक उपलव्धिका लागि शिक्षकहरुसँग कार्यसम्पादन करार गर्नुपर्नेछ ,

(४) विद्यालयको भौगोलिक क्षेत्र भित्रका टुहुरा, अलपत्र परेका र बेसहारा, विशेष आवश्यकता भएका तथा अति विपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालवालिकालाई कार्यपालिका माफर्त छात्रबृत्ति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाई वालवालिकालाई

विद्यालयमा ल्याउनु प्रधानाध्यापकको जिम्मेवारी हुनेछ । विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धि हाँसिल हुनेगरी सिकाउनेर टिकाउने दायित्व प्रधानाध्यापक र शिक्षकहरुको हुनेछ,

(५) विद्यालयको प्राज्ञिक नेतृत्व गर्ने, प्रवर्दधनात्मक कार्य गर्ने ।

## अनुसूची १८

## शैक्षिक गुणस्तर सुधारका लागि अभिभावक जागरण अभियान

### मैवाखोला गाउँपालिका, ताप्लेजुङको अभिभावकज्यूलाई हार्दिक अनुरोध ।

⁎ बालबालिका समाजका ऐना हुन्। घर परिवार र समुदाय जस्तो छ, हाम्रा बालबालिका त्यस्तै बन्दछन् । बालबालिकाले हामीलाई हेरेर सिक्दछन्, त्यसैले बालवालिकाको अगाडि झै-झगडा गर्ने, अस्लील बोल्ने, जाँड रक्सी खाने जस्ता गलत काम नगरिदिनु होला।

⁎ प्रख्यात बालविशेषज्ञ गिजुभाई भन्दछन्; "घरमा बिग्रिएका बालबालिकालाई भगवानले पनि सपार्न सक्दैनन्।" बालबालिका सप्रिने वा बिग्रिने घरमै भएकाले बालबालिकाको संस्कार र चरित्र निर्माणमा विशेष ध्यान दिनु होला।

⁎ हामी जे खान्छौं, हाम्रो सोच र विचार त्यस्तै बन्दछ। बालबालिकालाई स्वस्थ खानेकुरा मात्र खुवाउनु होला। खाना खुवाएर मात्र छोराछोरीलाई विद्यालय पठाउनुहोला। पत्रुखाना (चाउचाउ, कुरकुरे, चिप्स) लगायतका बजारमा पाइने अस्वस्थ खानेकुरा नखुबाउनु होला।

• बालबालिकालाई नियमित विद्यालय पठाइदिनु होला। बालबालिकाले विदा लिनु पर्ने भए विद्यालयसँग अग्रीम जानकारी वा अनुमति लिएर मात्र बिदा बस्ने वातावरण निर्माण गर्नुहोला।

⁎ बालबालिकाको पहिलो काम पढ्ने हो। यो उमेरमा शिक्षामा गरेको लगानीले भविष्यमा उच्च प्रतिफल दिन्छ। बालबालिकाको पढाइ छुटाएर घरको काम नलगाईदिनुहोला। सामान्य घरायासी काममा सघाउनु ठिकै भए पनि पढाइलाई नै प्रभावित पारेर घरको काममा सहभागी गराउँदा उनीहरुको जग कमजोर बन्न सक्दछ।

• सफा पोशाक लगाएर मात्र वालवालिकालाई विद्यालय पठाउनु होला। वालबालिकाले नियमित नुहाउने, नङ्ग काट्ने, कपाल काट्ने, लगायत सरसफाईको काममा नियमित ध्यान दिनुहोला। मौसम अनुसारको उपयुक्त पोशाक लगाएर पठाइदिनु होला ।

* बालबालिकाले नियमित गृहकार्य गरे नगरेको ख्याल गर्नुहोला। दैनिक रुपमा उनीहरुको गृहकार्य जाँच गर्नुहोला। उनीहरुसँग विद्यालयमा भएको पढाइ लेखाइका बारेमा नियमित अन्तरक्रिया गर्नुहोला। बालबालिकालाई घरमा पढ्ने वातावारण मिलाइदिनु होला, उनीहरु पढ्ने समय घरमा टिभी चलाउने, मोबाइल चलाउने, होहल्ला गर्ने लगायत काम नगरिदिनु होला । अत्यधिक मोबाइलको प्रयोगले बालबालिकामा नकारात्मक असर पर्ने भएकोले बालबालिकालाई मोबाइल चलाउने कुरामा निगरानी गर्नुहोला ।

• बालबालिकालाई पर्याप्त शैक्षिक सामाग्री (कपी, कलम, पुस्तक, पेन्सिल, इरेजर, झोला) लगायतको जोहो गरिदिनु होला। साना बालबालिकाको हकमा हरेक दिन ती सामाग्री झोलामा भए नभएको जाँच गरेर मात्र विद्यालय पठाउनुहोला।

• बालबालिकालाई अनावश्यक गाली गर्ने, पिट्ने लगायत काम नगर्नुहोला। बालबालिकासँग खुलेर छलफल गरेर सम्झाउनु भयो भने माया गरेर पनि उनीहरुलाई सुधार्न सकिन्छ ।

• विद्यालयका बारेमा कुनै गुनासा, कुनै शिक्षक वा विद्यालय प्रशासनका बारेमा समस्या भए बालबालिकाको अगाडि शिक्षक तथा विद्यालयको नकारात्मक टिप्पणी नगरिदिनुहोला। सम्बन्धित कक्षा शिक्षक तथा प्रधानाध्यापकलाई भेटेर वा फोन गरेर समस्या वा गुनासो टिपाउनु वा गुनासो पेटिकामा आफ्नो गुनासो लेखेर राखिदिनु होला।

• विद्यालयले आयोजना गरेका अभिभावक भेला, अभिभावक बैठक वा आवश्यक परेका बेला जुनसुकै समय विद्यालयमा उपस्थित भएर सहयोग गरिदिनु होला। बालबालिकाको नतिजा प्रकाशन भएको बेला विद्यालय पुगेर सम्बन्धितउत्तर कक्षा तथा विषय शिक्षकलाई भेटेर रिपोर्ट बुझ्ने, उत्तरपुस्तिका हेर्ने तथा बालबालिकाको पढाइ तथा प्रगतिका बारेमा छलफल गर्नुहोला ।

• विद्यालय हाम्रो सम्पत्ति हो। विद्यालयको सुधार र संरक्षण हाम्रो जिम्मेवारी हो। गाउँपालिकाले संचालन गरेको "हामी सुधार गर्छौं, हाम्रो विद्यालय" अभियानलाई उत्साहजनक रुपमा सहयोग गरिदिनु होला।

# अनुसूची १९

## सामाजिक परीक्षण (Social Audit) (शिक्षा नियमावलीअनुसार)

सामुदायिक विद्यालयको काम कारबाही ऐन, नियमबमोजिम भए, नभएको सम्बन्धमा प्रत्येक वर्ष मूल्यांकन गर्न एक सात सदस्यीय सामाजिक परीक्षण समिति रहने (२३० (१७१क) छः

- शिक्षक अभिभावक संघको अध्यक्ष -संयोजक
- विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकमध्ये एक महिला अभिभावकसमेत पर्ने गरी शिक्षक अभिभावक संघले तोकेको- २ सदस्य
- विद्यालय रहेको सम्बन्धित वडाको वडाअध्यक्ष- १ सदस्य
- शिक्षक अभिभावक संघले तोकेको बुद्धिजीवी- १ सदस्य
- विद्यालयको उच्चतम कक्षामा अध्ययनरत प्रथम छात्र वा छात्रा- १ सदस्य
- प्रअले तोकेको विद्यालयको शिक्षक-१ सदस्य सचिव

## अनुसूची २० विद्यालय सुधार योजना निमाणसम्बन्धी खाका

विद्यालय सुधार योजना पञ्चवर्षीय योजनाको ढाँचा (शैक्षिक सत्र.......देखि...... सम्म)

हाम्रो भनाइ

योजनाको सारांश

विषय-सूची


१. विद्यालयको परिचय

१.१ ऐतिहासिक पृष्ठभूमि

१.२ भौगोलिक अवस्था

१.३ विद्यालय रहेको समुदायको बनोट

१.४ विद्यालय सेवा क्षेत्र

१.५ विद्यालयमा सञ्चालित कार्यक्रम

२. विद्यालय सुधार योजना निर्माण प्रक्रिया

२.१ पछिल्लो विद्यालय सुधार योजनाको समीक्षा

२.२ विद्यालय सुधार योजना निर्माण प्रक्रिया

३. विद्यालयको अवस्था विश्लेषण

३.१ विद्यालयको वर्तमान अवस्था विश्लेषण

३.२ मुख्य समस्या र समाधानका उपायहरू

४. योजना निर्माण

४.१ विद्यालयको दूरदृष्टि

४.२ उद्देश्य

४.३ आवश्यकता पहिचान एवम् प्राथमिकीकरण

४.४ लक्ष्य निर्धारण

४.५ पाँच वर्षका लागि क्रियाकलाप निर्धारण

४.६ पाँच वर्षका लागि बजेट अनुमान

५ पहिलो वर्षको वार्षिक कार्यान्वयन योजना

५१ विस्तृत कार्यकलाप र बजेट

५२ वार्षिक कार्यतालिका

५.३ अनुगमन योजना

अनुसूची

१) विद्यालय सुधार योजना निर्माण कार्यशालाको उपस्थिति प्रतिलिपि

२) विद्यालय सुधार योजना स्वीकृक्तिको निर्णय प्रतिलिपि

३) विद्यालय स्वःमूल्यांकन रूजु सूची

## अनुसूची २१

अनुसूची- २१ : शिक्षाको रणनीतिक योजना निर्माण सहजिकरण मूल समितिका पदाधिकारीहरू

| क.सं. | नाम/थर | पद | समितिमा भूमिका | मोबाइल नम्बर |
|---|---|---|---|---|
| १ | श्री विजय प्रकाश वनेम | गाउँपालिका अध्यक्ष | संयोजक | |
| २ | श्री चन्द्र कुमार तामाङ | सामुदायिक विद्यालय संयोजक | सदस्य | |
| ३ | श्री पहलमान चोङवाङ | प्रधानाध्यापक, नारायणी मा.वि. | सदस्य | |
| ४ | श्री भक्त बहादुर लिम्बु | प्रधानाध्यापक, नारायणी मा.वि. | सदस्य | |
| ५ | श्री टिकाराम प्रसाई | प्रधानाध्यापक, नारायणी मा.वि. | सदस्य | |
| ६ | श्री गोपाल ठाकुर | प्रधानाध्यापक, नारायणी मा.वि. | सदस्य | |
| ७ | श्री प्रेम बहादुर थोप्रा | प्रधानाध्यापक, नारायणी मा.वि. | सदस्य | |
| ८ | श्री दिननाथ भण्डारी | प्रधानाध्यापक, नारायणी मा.वि. | सदस्य | |
| ९ | श्री लक्ष्मी गौतम | प्रधानाध्यापक, नारायणी मा.वि. | सदस्य | |
| १० | श्री गणेश निरौला | प्रधानाध्यापक, नारायणी मा.वि. | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| ११ | श्री सख्वा शेर्पा | शिक्षक, गंगा आ.वि. | सदस्य | |
| १२ | श्री धनमाया लिम्बु | प्रधानाध्यापक, मानेडाँडा आ.वि. | सदस्य | |
| १३ | श्री अर्जुन घिमिरे | शिक्षा शाखा प्रमुख | सदस्य-सचिव | |

## अनुसूची २२ सूचनाको हकसम्बन्धी व्यवस्था

नेपालको संविधान, २०७२ को धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने र पाउने व्यवस्थालाई मौलिक हकअन्तर्गत राखेको छ । साथै सूचनाको हकसम्बन्धी ऐन, २०७४ ले सार्वजनिक निकायमा रहेका सूचना पहुँच हुने व्यवस्था गरेको । स्थानीय सामुदायिक विद्यालयहरू पनि सार्वजनिक निकाय नै भएकाले विद्यालयहरूमा यो ऐनका प्रावधान लागू हुनेछ ।

- सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको कामकारवाहीको अध्ययन वा अवलोकन गर्ने । त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्न गर्ने,
- सार्वजनिक महत्वको निर्माण कार्य भैरहेको स्थलको भ्रमण र अवलोकन गर्ने,
- सार्वजनिक नियकाले सूचना अधिकारी तोक्नुपर्ने,
- सूचना माग गरिएका निवेदन दर्ता गर्नुपर्ने र दर्ता गरेर भरपाई दिनुपर्ने,
- ५ पेजसम्मको सूचना निःशुल्क दिनुपर्ने,
- सूचना माग गर्नेलाई १५ दिनभित्र सूचना दिनुपर्ने,
- सूचना दिनेको पहिचान गोप्य राख्नुपर्ने सूचना प्रापकको कर्तव्य हुने,
- विनाकारण सूचना दिन ढिलाई गरेमा सूचना दिनुपर्ने अधिकारीलाई प्रतिदिन २०० जरिवाना हुने, र
- मनासिव कारण विना सूचना दिन इन्कार गरे, आंशिक सूचना दिए, गलत सूचना दिने अधिकारीलाई १ देखि २५ हजारसम्म जरिवाना गरी विभागीय कारवाहीका लागि सम्बन्धित निकायमा लेखि पठाउने व्यवस्था सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा गरिएको छ ।

## अनसूची २३

मिति २०८१ साल जेष्ठ १८-१९ मा सार्वजनिक शिक्षाको रूपान्तरणका लागि जारी गरिएको मैवाखोला घोषणापत्र-२०८१ र सो समयमा गरिएको कार्य सम्पादन सम्बन्धि सम्झौता अनुसार संक्षेपित गरिएको सरोकारवालाहरुको भूमिका र जिम्मेवारी

**गाउँपालिकाको भूमिका तथा जिम्मेवारी**

१ नीति, रणनीति, कार्यनीति निर्माण गर्ने।

२ शिक्षा क्षेत्रको रूपान्तरणका लागि स्रोत साधनको व्यवस्थापन गर्ने।

३ नियमित र प्रभावकारी अनुगमन, मूल्याङ्कन, निर्देशन नियन्त्रण गर्ने।

४ पुरस्कार तथा दण्डको कार्यान्वयन गर्ने।

५. अपूग जनशक्तिको व्यवस्थापन गर्ने।

६. आवश्यक्ता अनुसार इ सी डी घुम्ती विद्यालय, स्कुल भ्यान तथा सामुदायिक आवासीय विद्यालयको संचालन गरी विद्यालय संख्या तथा शिक्षक दरबन्दी थप घट गर्ने।

७ प्रधानाध्यापकसँग कार्य सम्पादन सम्झोता गर्न सूचक तयार गरी लागू गर्ने गराउने।

८. शैक्षिक क्यालेण्डर निर्माण गरी लागू गर्ने।

९ सरोकारवालाहरुसँग अर्धबार्षिक रुपमा समीक्षा गर्ने।

१० विपन्न तथा जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्ति व्यवस्थापन गर्ने।

११ गाउँपालिका क्षेत्र भित्रका सबै विद्यालयहरुमा थप विषयको पठनपाठनको लागि विद्यालयको आन्तरिक श्रोतबाट शिक्षक राख्को लागि विद्यालयले लिन सक्ने शुल्कको निर्धारण गरीदिने।

१२. इ-लर्निङ्को व्यवस्थापन गर्न आवश्यक पूर्वाधार तयारीको लागि समन्वय र सहयोग गर्ने।

१३. ई-लाईब्रेरी तथा इ-लर्निङ्ग कक्षा सञ्चालनको लागि १ जना सूचना प्रविधि (IT) घुम्ती शिक्षकको व्यवस्था गर्ने।

१४ विद्यालयको शिक्षण सिकाई तथा व्यवस्थापन सूचना प्रविधि मैत्री बनाउन आवश्यक सहयोग गर्ने।

१५. आवश्यकताको आधारमा शिक्षक कर्मचारीहरुको आवश्यक व्यवस्था गर्ने।

१६ स्थानीय कल्ब तथा बाल कल्वहरुलाई प्रभावकारी बनाउने।

१७. प्रधानाध्यापकलाई प्रोत्साहन भत्ता सहित कार्यसम्पादन सम्झौता गरी बिषेश जिम्मेवार तथाजवाफदेही बनाउने।

१८ प्रत्येक वडामा अभिभावकसँग शैक्षिक गुणस्तर सम्बन्धमा अन्तरक्रिया गर्ने।

१९. स्थानीय पाठ्यक्रम तर्जुमा गरी लागू गर्ने।

२०. आवश्यकता अनुसार शैक्षिक परामर्श समिति गठन गर्ने।

२१. अतिरिक्त समय काम गर्ने शिक्षक कर्मचारीहरुको लागि सट्टा बिदा वापत साझेदारीमा (उत्कृष्ट) शैक्षिक अवलोकन भ्रमणको व्यवस्था मिलाउने।

२२ विद्यालयको भौतिक व्यवस्थापनमा आवश्यक सहयोग गर्ने।

२३. शौक्षिक जनशक्ति व्यवस्थापनमा क्षमता विकास तालिम, गोष्ठी संचालन गर्ने।

२४. फरक क्षमताका बालबालिका र विद्यार्थीको आवश्यक व्यवस्थापन गर्ने।

२५. संस्थागत विद्यालयको उचित व्यवस्थापन गर्ने

२६. विद्यालयको जोनिङ्ग र नक्शाङ्कन स्वतन्त्र र वस्तुगत आधारमा गर्ने।

२७. बिद्यालयमा गाउँ अन्तर्गत स्वयंसेवक परिचालनको नीति बनाउने ।

२८ गाउँपालिका स्तरीय एक सामुदायिक पुस्तकालय स्थापना गर्ने।

२९ बालमैत्री पूर्वाधार फर्निचर, कक्षाकोठा शौचालय, खेलमैदान, कम्पाउण्डनिर्माण गर्ने गराउने।

३० प्रत्येक तहका बिद्यालयहरुको बार्षिक नतिजा विश्लेषण कम्तिमा एक पटक गर्ने गराउने।

३१ संघ, प्रदेश, स्थानीय सरकार र अन्य सरोकारवालासँग आवश्यक समन्वय गर्ने।

३२. कानुनले निर्दिष्ट गरेका आवश्यक अन्य काम गर्ने।

**राजनितिक दलको भूमिका तथा जिम्मेवारी**

१ विद्यालय शान्ति क्षेत्र कार्यान्वयनका लागि आवश्यक सहयोग गर्ने।

२ शैक्षिक गुणस्तर सुधारमा जिम्मेवारपूर्ण भूमिका निर्वाह गर्ने।

३. नीति निर्माण तथा कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने।

४ शिक्षाको पहुँच भन्दा बाहिर रहेका बाल बालिकाहरुलाई विद्यालय जाने वतावरण तयार गर्ने।

५. अन्य आवश्यक सहयोग गर्ने।

**शिक्षाप्रेमी, समाजसेवी र संघ संस्थाहरुको भूमिका तथा जिम्मेवारी**

१ सामाजिक भावना विकासको लागि चेतनामूलक तालिम गोष्टी आदि कार्यक्रमको सचालन गर्ने।

२ आर्थिक, भौतिक, सामाजिक सहयोग गर्ने।

३ नीति निर्माण र कार्यान्वयनमा सहयोग गर्ने।

४. बौद्धिक क्षमता तथा अनुभवलाई समेटी सम्बन्धित सरोकारवाला क्षेत्रमा पृष्ठपोषण दिने।

५. शिक्षा क्षेत्रमा देखापर्ने विकृती विसंगतिहरुलाई पहिचान गरी सरोकारवाला समक्ष सूसुचित गर्ने।

६. शिक्षाको पहुँच भन्दा बाहिर रहेका बाल बालिकाहरुलाई विद्यालय जाने वतावरण तयार गर्ने।

७. अन्य आवश्यक सहयोग गर्ने।

**विद्यालय व्यवस्थापन समितिको भूमिका तथा जिम्मेवारी**

१. विद्यालयको अभिभावकत्व ग्रहण गर्ने।

२. विद्यालयको नियमित अनुगमन गर्ने।

३. नियमित मासिक बैठक गर्ने।

४ शैक्षिक गुणस्तर सम्बन्धमा त्रैमाषिक अन्तर्रक्रिया तथा समीक्षा गर्ने।

५. स्रोतसाधनको व्यवस्थापनमा आवश्यक पहल गर्ने।

६. प्र.अ. शिक्षक, विद्यार्थी र अभिभावकको अन्तरसम्बन्ध स्थापनाको लागि सहयोग गर्ने

७. सरकार, जनप्रतिनिधि तथा अन्य सरोकारवाला कार्यालय सघ सस्थासँग समन्वय गर्ने।

८ जनशक्ति व्यवस्थापन गर्ने।

९ गुणस्तरीय शैक्षिक वातावरण निर्माणको लागि प्रमुख भूमिका निर्वाह गर्ने।

१० शैक्षिक योजना तर्जुमामा सहयोग गर्ने।

११. समस्या पहिचान गरी समाधानको पहल गर्ने।

१२ अक्षयकोषको स्थापनाको पहल गर्ने।

१३. शैक्षिक गुणस्तरका लागि सहयोग जुटाउन आवश्यक पहल गर्ने।

१४ ऐन तथा नियमावली (कानुन) मा तोकिएको कार्य गर्ने गराउने।

१५. अन्य आवश्यक सहयोग गर्ने।

**शिक्षक महासंघको भूमिका तथा जिम्मेवारी**

१ नीति निर्माण तथा कार्यान्वयनमा सहयोग गर्ने।

२. गुणस्तरीय शिक्षाको लागि उदाहरणीय/अनुकरणीय योगदान गर्ने।

३. सबै सरोकारवालाहरुबीच सेतुको काम गर्ने।

४. शिक्षक, कर्मचारी तथा शैक्षिक समस्या समाधानका लागि सहयोग गर्ने।

५. अन्य आवश्यक सहयोग गर्ने।

**प्रधानाध्यापकको भूमिका तथा जिम्मेवारी**

१ कुशल नेतृत्व तथा व्यवस्थापकको भूमिका निर्वाह गर्ने।

२. विद्यालयको शैक्षणिक योजना निर्माण तथा कार्यान्वयन गर्ने गराउने।

३. आर्थिक योजना तर्जुमा, अनुशासन, पारदर्शीता कायम गर्ने गराउने।

४ विद्यालयको भौतिक सम्पतिको अभिलेखीकरण गरी संरक्षण गर्ने गराउने।

५. कार्यसम्पादन सम्झौता अनुरुपका शैक्षिक गुणस्तर सम्बन्धी कार्य गर्ने गराउने।

६. शिक्षक, कर्मचारी र विद्यार्थीमा अनुशासन कायम गराउने तथा समन्वय गर्ने गराउने ।

७. विभिन्नसरोकारवालाहरुसँग समन्वय गर्ने।

८. सम्बन्धित पदले गर्ने भनि विभिन्न ऐन कानुनमा उल्लेखित कार्य गर्ने गराउने।

९. निक्षक तथा कर्मचारीहरुलाई पुरस्कार रदण्डको लागि मूल्याङ्ङ्कन गरी सिफारिस गर्ने।

१० विद्यालय हाता र कक्षाकोठामा अनावश्यक मोवाईल प्रयोगमा नियन्त्रण गर्ने गराउने ।

११ शुक्रवार अतिरिक्त क्रियाकलाप गर्ने अथवा पूर्ण कक्षा संचालन गर्ने।

१२. मासिक रुपमा अनिवार्य स्टाफ बैठक बस्ने।

१३. सबै विद्यार्थीलाई उपस्थिति, प्रगति विवरण, शुल्क र कार्य बिबरण पुस्तिकाको व्यवस्था गर्ने।

१४ सबै आ. वि. मा.वि., मा कराते तेक्वानडो, उशु, लगायतका खेलहरु समावेश गर्ने।

१५. शिक्षक, कर्मचारीहरुको कार्य विवरण (TOR) तयार गरी लागु गर्ने।

१६ सहायक प्र.अ. तथा लेवल ईन्चार्जको व्यवस्थापन गरी जिम्मेवारी प्रदान गर्ने।

१७ ऐन तथा नियमावली मा तोकिएको कार्य गर्ने गराउने । (कानुन)

१८ अन्य आवश्यक कार्य गर्ने।

**शिक्षकको भूमिका तथा जिम्मेवारी**

१. पाठयोजना अनुसार विद्यार्थी केन्द्रित शिक्षण गर्ने।

२. समयको पूर्ण पालना गर्ने।

३. समयानुकूल प्रविधिको प्रयोग तथा शैक्षिक सामाग्रीको प्रयोग गरी शिक्षण गर्ने।

४. पेशाप्रति सम्मान हुने गरी बफादार भई कार्य गर्ने।

५. प्र.अ., आफ्नो विषय र जिम्मेवारी प्रति उत्तरदायी हुने।

६ बहुप्रतिभा सहितको सृजनात्मकतालाई अधिकतम् प्रयोग गर्ने।

७. आदर्श शिक्षकको भूमिका निर्वाह गर्ने।

८ विद्यार्थी र अभिभावक बिचको सेतुको काम गर्ने।

९. अनुशासन कायम गर्ने आवश्यक भूमिका निर्वाह गर्ने।

१०. ऐन, नियमावली तथा कानुनमा तोकिएको कार्य गर्ने गराउने।

११. अन्य आवश्यक कार्य गर्ने।

**विद्यार्थीको भूमिका तथा जिम्मेवारी**

१. विद्यालयमा नियमित, समयमा र समयसम्म अनिवार्य उपस्थित हुने।

२. प्रत्येक कक्षामा बसी कक्षाकार्य, परियोजनाकार्य र गृहकार्य अनिवार्य गर्ने।

३. पोशाक र परिचय पत्र अनिवार्य लगाउने।

४ अनुशासन र आचारसंहिता पालना गर्ने।

५. अतिरिक्त क्रियाकलापमा अनिवार्य सहभागीता जनाउने।

६. बाल कल्ब गठन गरी बालक देखि बालक सम्मको (Child to child) र बाल अधिकारकाकार्यक्रम संचालन गर्ने।

**अभिभावकको भूमिका तथा जिम्मेवारी**

१ बालवालिकाहरुलाई नियमित, समयमा र समयसम्म विद्यालय पठाउने गर्ने।

२ आवश्यक शैक्षिक सामाग्रीको प्रवन्ध गर्ने।

३. दिवा खाजाको व्यवस्था गर्ने।

४ विद्यार्थीका लागि घरमा पढ्ने वातावरणकोसृजना गर्ने।

५. समय समयमा बिद्यालयामा गई शैक्षिक अवस्थाको प्र.अ. तथा विद्यालय शिक्षकसंग अन्तरकृया गर्ने।

६. अभिभावक बैठक, भेला र गोष्ठीमा अनिवार्य सहभागीता जनाउने।

७. बालवालिकालाई लागू पदार्थ, कूलत र दुर्व्यसनको निगरानी गर्ने।

८. वालवालिकालाई मोवाईलको सहि सदुपयोग गर्न सचेत गराउने।

९. विद्यालयको शैक्षिक भौतिक वातावरण निर्माणमा सहयोग पुर्याउने ।

**शिक्षक अभिभावक संघको भूमिका**

२. विद्यालयको लागि भौतिक, शैक्षिक, आर्थिक सहयोग जुटाउन समुदायलाई उत्प्रेरित गर्ने,

३. शिक्षा नियमावलीबमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने र सो सम्बन्धमा विद्यालयलाई सिकाइको लागि उचित कार्यथलो निर्माण गर्न आवश्यक सहयोग गर्छन् र सुझाव दिन पनि उत्सुक हुने,

४. विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्छन् र सो सम्बन्धमा अन्तरक्रिया गर्ने,

५. विद्यालयको स्तरीकरण र सामाजिक परीक्षण जस्ता कार्यमा व्यवस्थापन तथा सञ्चालन गर्ने,

६. शिक्षकका शैक्षणिक समस्याहरू पत्ता लगाई सो सम्बन्धमा उचित सहयोग गर्ने,

७. विद्यालय सुधार योजनामा विद्यालयबाट सम्पादन हुने सम्पूर्ण कार्यक्रमको लेखाजोखा गरी उचित राय सल्लाह प्रदान गर्ने ।

**बाल क्लबको भूमिका**

१. विद्यालयमा बालक्लब गठन गरी विद्यालयका हरेक क्रियाकालपमा सहभागी गराउने,

२. क्लबहरूले आपसी छलफल गरी समस्या समाधानमा योगदान गर्ने,

३. आत्मसम्मान र आत्मबल बलियो भई आत्मविश्वास बढाउँने,

४. शुक्रबारे कार्यक्रम तथा अन्य गतिविधि आफ्नै नेतृत्वमा सञ्चालन गर्ने,

५. विद्यार्थीहरू समुदायको लागि स्वास्थ्य सेवा, आकस्मिक दुर्घटना तथा दैवी प्रकोपबाट पीडितहरूको उद्धार गर्न गर्ने,

६. सिकाइ क्रियाकालपको लागि आवश्यक पर्ने शैक्षिक सामग्री निर्माणमा सहयोग गर्ने,

७. परस्पर सामाजिकीकरणको व्यवहार प्रर्दशन गर्ने,

८. प्रधानाध्यापक वा शिक्षकबाट प्रदान गरिएका जिम्मेवारी पूरा गर्ने,

९. आफूभन्दा सानालाई मायाँ र ठूलालाई आदरभाव प्रकट गर्ने,

१०. समूहमा मिलेर कामगर्न उत्सुक हुन्छन् । साथै विद्यालयले तर्जुमा गरेको सुधार योजना निर्माणमा र सामाजिक परीक्षण जस्ता कार्यमा सहभागी हुने ।

## अनुसूची -२४

## सार्वजनिक शिक्षाको रूपान्तरणका लागि मैवाखोला घोषणापत्र-२०८१

यस मैवाखोला गाउँपालिकाको मिति २०८१ जेष्ठ १८-१९ गतेसम्म संचालन भएको वृहत शिक्षा सम्मेलन २०८१ का क्रममा उठान भएका चासो, चिन्ता र बहस भएका विषय र सवाललाई स्थानीय सरकारका पदाधिकारी र विज्ञ समुहसहितको टोलिले संक्षेषित गरी दिगो विकास लक्ष्य, नेपालको संविधानले प्रदत्त गरेका शिक्षासम्बन्धि प्रावधान, स्थानीय सरकारलाई प्रदत्त गरिएका अधिकार क्षेत्र र गाउँपालिकाको आवधिक योजनाको अधिनमा रहि सार्वजनिक शिक्षाको रूपान्तरणका लागि मैवाखोला घोषणापत्र-२०८१ जारी गरेका छौं ।

१. मैवाखोला गाउँपालिकामा शिक्षाको रूपान्तरण र विकासलाई पहिलो प्राथमिकतामा राखि शिक्षामा नमूना पालिकाको रूपमा विकसित गरिनेछ ।

२. गाउँपालिकामा सार्वजनिक शिक्षाको सुदृढिकरण तथा निरन्तर नवप्रवर्तनको पक्षमा व्यापक जनमत निर्माणको साथै सम्बन्धित पक्षहरूसँग सहकार्य गरिनेछ ।

३. शिक्षाको विकासका लागि २५ वर्षको सोचपत्र र हरेक ५ वर्षमा पूनरावलोकन हुने गरी रणनीतिक योजना निर्माण गरी कार्यन्वयन गरिनेछ ।

४. विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन विशेष पहल गरिनेछ ।

५. सर्वसाक्षर पालिका निर्माणका साथै विभिन्न पेशागत समुहका व्यक्तिहरूका लागि आजिवन सिकाइ लगायत अन्य आवश्यक विषयहरूमा ज्ञान, सिप, धारणा विकासको निम्ति अनौपचारिक शिक्षाको रणनीति तथा कार्यक्रम निर्माण गरी संचालन गरिनेछ ।

६. सीमान्तकृत, दलित, जनजाति तथा पछाडी पारिएका समुदाय तथा विपन्न, असहाय, अपांगता भएका बालबालिकालाई विशेष किसिमका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन र उच्च शिक्षाका निम्ति विशेष सहयोग कार्यक्रम तय गरिनेछ ।

७. सवै विद्यालयको पूर्वाधार र भौतिक आवश्यकताको कार्य योजना बनाइ बालमैत्री र अपाङ्गमैत्री वातावरण सिर्जना गर्दै सोहि अनुरुपका सिकाइ सामाग्रीको प्रयोगमार्फत पठनपाठन गरिनेछ ।

८. विद्यालयमा कुनै पनि प्रकारको दलगत राजनीति प्रवेश गराइने छैन ।

९. विद्यालयलाई शान्तिक्षेत्रको रूपमा विकास गरिनेछ ।

१०. हरेक विद्यालयमा वालसंरक्षण नीति अवलम्बन, वालक्लव गठन तथा परिचालन गरी हिंसामुक्त विद्यालय बनाइनेछ ।

११. विश्वका विभिन्न क्षेत्रमा प्रभावकारी रहेका नविनतम शिक्षण पद्धतिको खोजि तथा सिकाइ अनुकुलनका साथै नेपालकै सिकाइ परम्परामा रहेका प्रगतिशील शिक्षण पद्धतिको विरासतमा परिवेश सुहाउँदो व्यवहारिक र प्रयोगात्मक शिक्षण पद्धति अवलम्बन गरीनेछ ।

१२. पालिकाको शिक्षा क्षेत्रमा आइरहने समस्याको पहिचान, प्राथमिकिकरण र समाधानको उपायको खोजि गर्न सम्बन्धित सवै सरोकारवालाहरूलाई संलग्न गराइ सहभागितामुलक परिवेश विश्लेषण गरिनेछ ।

१३. जनशक्ति विकास तथा व्यवस्थापनमा पालिकालाई आत्मनिर्भरतातर्फ उन्मुख गराउन आवश्यक मानवस्रोतको प्रक्षेपण गरी सोहि अनुरूप उत्पादन गर्ने गरी रणनीति अवलम्बन गरिनेछ ।

१४. पालिकाको शिक्षा शाखाको सुदृढिकरण गरी शिक्षाको गुणस्तर सुधारमा एकिकृत परिचालनको रणनीति अवलम्बन गरिनेछ ।

१५. माध्यामिक विद्यालयको (९-१२ तह) देखि नै अनुसन्धान र नवप्रवर्तन (Research & Innovation) र प्रयोगात्मक शिक्षामा विद्यार्थीलाई संलग्न गराइनेछ । विद्यालयमा अध्ययन अनुसन्धान क्लव गठन गरि नवप्रवर्द्धनात्मक कार्यमा लगाइनेछ ।

१६. सबै विद्यालयमा सूचना प्रविधिको प्रयोग, कम्प्युटर ल्याव स्थापना, इ—लाइब्रेरी सञ्चालन गर्न उपयुक्त शिक्षक तालिम सहितको स्मार्ट कक्षा सञ्चालन गरिनेछ ।एक विद्यालय एक पुस्तकालयको व्यवस्थापनमा सहयोग गरिनेछ । विज्ञान ल्याव, गणित ल्याव र सामाजिक ल्याव निर्माण गरिनेछ ।

१७. जीवन उपयोगी तथा व्यवहारिक सिकाइमा जोड दिदैं बिद्यालय छोड्ने दरलाई शुन्यमा झार्ने, भर्नादर सतप्रतिशतमा पु¥याउने, अभिभावकहरुमा सचेतना एवम् सहयोगका माध्यमबाट विद्यार्थीहरुको दैनिक उपस्थिति दर बढाइनेछ । भर्ना अभियानमा बाल क्लब, अभिभावक तथा नागरिक समाजसमेतलाई सहभागिता गराइनेछ ।

१८. गाउँपालिका स्तरीय परीक्षा बोर्ड गठन गरी मुल्याङ्कन तथा परीक्षा प्रणालीलाई वैज्ञानिक बनाउँदै विश्वसनियता र स्तरीयताको प्रवर्द्धन गरिनेछ ।

१९. गाउँपालिका स्तरीय विषयगत समिति गठन गरि बर्षको एकपटक बैठक तथा छलफल र नियमित रूपमा इ-नेटवर्किङ गर्ने र वर्षको एक पटक विषयगत कार्यशाला आयोजना गरिनेछ ।

२०. विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रमको संचालनका लागि पालिकासापेक्ष नीति अख्तियार गरिनेछ ।

२१. समुदायको परिवेश, आवश्यकता र मापदण्डका आधारमा विद्यालय ग्रेड वृद्धि वा घटाउने, गाभ्ने र पूनःनक्साङ्कन कार्य गरिनेछ ।

२२. मातृभाषाको संरक्षण तथा प्रवर्द्धन, माध्यम-भाषा नेपालीमा पारंगत तथा अन्य विषयको पठनपाठन अंग्रेजी भाषामा गराइनेछ ।

२३. स्थानीय पाठ्यक्रममा स्थानीय भूगोल, इतिहास र संस्कृतिका साथै परम्परागत सिप, कला र प्रविधिको खोज तथा अनुसन्धानलाई समावेश गरिनेछ ।

२४. परम्परागत ज्ञान, सीप र प्रविधिलाई स्तरोन्नति, व्यवसायीकरण र डिजिटलाइजेशन गराइ विज्ञान र प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धानका लागि पालिकावाट सहयोग प्राप्त युवा शोधकर्तालाई सहयोग गरिनेछ ।

२५. विद्यालयमा महिला शिक्षकको अनुपातमा अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

२६. पेशागत दक्षतामा निपुणता ल्याउदै शिक्षण पद्धति र व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धिका लागि समयसापेक्ष र प्रविधिमैत्री प्रवोधिकरण-कार्यशाला तथा तहगत विषयगत तालिम प्रदान गर्न पालिका स्तरमा समेत प्रभावकारी स्रोत सामग्री तयार गरी कार्यान्वयन गरिनेछ ।

२७. सवै सरोकारवालाको निम्ति शिक्षा क्षेत्रको आचारसंहिता निर्माण गरी कार्यन्वयनमा ल्याइनेछ ।

२८. शिक्षालाई अनिवार्य र निःशुल्क बनाइ उच्च शिक्षामा समावेशी नीति अन्तर्गत पछाडी पारिएका समुदायलाई उच्च शिक्षामा सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

२९. पालिकाभित्र शिक्षक अभावको विद्यमान समस्याको समाधानका लागि सम्बन्धित विषयको शिक्षक उत्पादन गर्ने कार्यक्रम ल्याइनेछ ।

३०. व्यावसायिक तथा प्राविधिक धारका विद्यार्थीलाई कम्तीमा ३ देखि ६ महिनाको स्वयंसेवक शिक्षण वा सम्बन्धित क्षेत्रको काम गर्ने कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

३१. पालिकास्तरमा वर्षको १ पटक शिक्षाको अवस्था प्रकाशन, आवधिक रूपमा इ-बुलेटिन र हरेक विद्यालयमा बर्षको कम्तिमा १ पटक शैक्षिक बुलेटिन प्रकाशन गरि विद्यार्थीको क्षमता प्रस्फुटन, शिक्षकको क्षमता अभिवृद्धि र पालिकाको शिक्षा विकासको सवालमा प्रकाशन गरिनेछ ।

३२. सार्वजनिक शिक्षाको महत्व तथा सुदृढिकरण सम्बन्धित शैक्षिक डिस्कोर्ष संचालन गरिनेछ ।

३३. विद्यार्थीलाई दिवा खाजाको व्यवस्थालाई थप प्रभावकारी बनाउन स्थानीय रूपमा उत्पादन हुने अन्न, तरकारी, फलफुल तथा दुग्धजन्य पदार्थलाई प्रोत्साहित गरिनेछ ।पत्रु खाना वा जङ्क फुडलाई विद्यालयबाट पूर्णतः विस्थापन गरिनेछ ।

३४. बालिका शिक्षा तथा किशोरीहरूको स्वास्थ्यलाई मध्यनजर गरेर विद्यालयमा सुरक्षित स्यानीटरी प्याड वितरण लगायतका स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

३५. प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी/सदस्य तथा अभिभावकसमेतको लगनशिलता र शिक्षाको विकास तथा रूपान्तरणमा पु¥याएको योगदानको सम्मानार्थ मापदण्ड तयार गरि हरेक वर्ष पुरस्कृत गरिनेछ ।

३६. "शिक्षक, विद्यार्थी तथा अभिभावकसंग जनप्रतिनिधि" कार्यक्रम सुरू गरिनेछ ।

३७. विद्यार्थी अभिमुखिकरण (जीवन वृति परामर्श, लक्ष्य निर्धारण, सामाजिक सद्भाव र एकता सुदृढ गराउन) तथा अभिभावक शिक्षा-सचेतना कार्यक्रम संचालन गरिनेछ ।

३८. प्राविधिक धार अध्यापन गराउने सामुदायिक विद्यालयको थप सबलिकरण गरिनेछ ।

३९. पालिका स्तरीय विज्ञान मेला, प्रर्दशनी एवं श्रृजनात्मक प्रतियोगिता संचालनमा सहयोग तथा युवा वैज्ञानिकहरुसंग साक्षात्कार कार्यक्रम सञ्चालन गर्न सहजिकरण गरिनेछ ।

४०. पालिका शिक्षा रणनीति तथा योजना र यस घोषणापत्रको मर्म अनुसार कार्यान्वयनमा सहयोग पुग्ने गरी शिक्षामा काम गर्ने स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी, गैर-सरकारी, प्राज्ञिक तथा बौद्धिक संघ, संस्थाहरूलाई सिर्जनात्मक सहकार्य र अर्थपूर्ण साझेदारीको निम्ति आमन्त्रण तथा प्रोत्साहन गरिनेछ ।

४१. गुणस्तरिय तथा व्यवहारिक शिक्षा भए-नभएको मापनका लागि पालिकाले छुट्टै सुचकहरु निर्धारण गरि आवधिक रुपमा अनिवार्य अनुगमन, मुल्याङ्कन र स्वःमुल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

४२. यस घोषणापत्रमा उल्लेख भएका प्रतिबद्धताको आधारमा रणनीति, कार्यनीति, कार्यविधि तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

धन्यवाद ।

अनुसूची २५

रणनीतिक योजना तयारीका क्रममा कार्यशालाको हाजिरी, माइन्युट र फोटोहरू
















**रणनीतिक योजना निर्माण कार्यशालाको पहिलो दिनको हाजिरी (प्रधानाध्यापकहरू,जनप्रतिनिधि र कर्मचारी)**

मैवाखोला गाउँपालिका, ताप्लेजुङको शिक्षा क्षेत्रको विकासका लागि

५ वर्षे शिक्षाको रणनीतिक योजना तयारी कार्यशाला/अन्तर्क्रिया/छलफल

प्रधानाध्यापक, शिक्षा शाखा, जनप्रतिनिधि हाजिरी

सहभागी हाजिरी विवरण

स्थान: साँघु, ताप्लेजुङ

मिति: २०८१ पुस १४-१५

| क्र.सं. | नामथर | कार्यरत पद/ठेगाना | सम्पर्क नम्बर | इमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | लाक्पुङ शेर्पा | श्री महादेव आ.वि | ९८४२६५९२११ | | |
| २ | तेन्जी शेर्पा | श्री गंगा देवी आ.वि | ९८४२६६४२२६ | tenjitsa@gmail.com | |
| ३ | राजेश नेयोङ | श्री साम्बीत आ.वि | ९८४४६४२२२५ | rajeshlimbu002@gmail.com | |
| ४ | सिद्धिमान वनेम लिम्बु | श्री साङफारा आ.वि | ९८६२०५९१६५ | | |
| ५ | प्रेमबहादुर थोप्रा | श्री कल्याण मा.वि | ९८४२६४६५३८ | | |
| ६ | धर्म प्रसाद पौडेल | श्री पाथी आ.वि | ९८४२६६०४१३ | pauceldharma72@gmail.com | |
| ७ | भक्तबहादुर लिम्बु | श्री मैवाखोला मा.वि | ९८६२६५९९५ | | |
| ८ | नारीराम लिम्बु | श्री महावीर आ.वि | ९८४२६४२२६६ | | |
| ९ | श्री प्रसाद नेयोङ | श्री हिमालय आ.वि | ९८४०९४५२१३ | shreeneymg@gmail.com | |
| १०, | बलि राम चौधरी | HPF, Cluster officer | ९८६५६६८७१९ | mail@barlearninghope.com | |
| ११. | पासाङ शेर्पा (ओलाङ्चुङ) | श्री सौरेनी आ.वि | ९८४२०५३५८ | | |
| १२. | दिननाथ भण्डारी | श्री गंगाम्मा मा.वि | ९८५२६८१८८ | bhandaridgs@gmail.com | |
| १३. | टिकाराम प्रसाई | श्री महेन्द्र मा.वि | ९८४२६६३६८६ | tikastap@gmail.com | |
| १४. | फुर्वा सेर्पा | वडा अध्यक्ष ४ नं. | ९८५२६६०९४४ | | |
| १५ | केशर लिम्बु | " " ५ | ९८४२६४६३४७ | | |
| १६ | नर कुमारी लिम्बु | वडा नं. ३ सदस्य | ९८६१६८८४५२ | | |

Admire Multiservice Company Pvt.Ltd. Kathmandu.

मैवाखोला गाउँपालिका, ताप्लेजुङको शिक्षा क्षेत्रको विकासका लागि

प्रधानाध्यापक, शिक्षाशाखा र अन्तर्प्रतिनिधि हाजिरी ५ वर्षे शिक्षाको रणनीतिक योजना तयारी कार्यशाला/अन्तर्क्रिया/छलफल सहभागी हाजिरी विवरण

स्थान: साँघु, ताप्लेजुङ

मितिः २०८१ पुस १४-१५

| क.सं. | नामथर | कार्यरत पद/ठेगाना | सम्पर्क नम्बर | इमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|
| 17 | छितु लिम्बु | [illegible] (ना.र.८.१) | 9842759595 | | |
| 18 | सुनिता फाग्गो | प्र.पा. स्वास्थ्य वडा-४ | 9862757879 | Suita@2055 @gmail.com | |
| 19 | तुलसा बराइली | प्र.पा. स्वास्थ्य वडा-२ | 9749918670 | | तुलसा |
| 20 | लाक्पा छुल्तिम शेर्पा | राजीव आ.वि. | 9867258940 | | |
| २१ | नरमाया थेबे | श्री मुलपानी आ.वि. | 9863804365 | | |
| २२ | भगमाया थेबे | महेन्द्र [illegible] | 9847263115 | | |
| २३ | मधुकला चोङवाङ | तप्लेजुङ [illegible] | 9842743025 | Mathukala2035@gmail.com | |
| २४ | धनमाया लिम्बु | श्री मालेडाँडा आ.वि. | 9860204078 | dhanuleembu27@gmail | |
| २५ | हरि प्र. अधिकारी | श्री सरस्वती [illegible] | ९८०२६६८६८६ | adhikarihari321@gmail | |
| २६ | चित्रा लिम्बु | श्री [illegible] आ.वि. | ९८६२६२४४९५ | Limbuchitra2095@gmail | |
| 26 | पासाङ ल्हाक्पा शेर्पा | श्री मालिङ्गे [illegible] | ९८३२६६९६८२ | Alok sherpa@gmail | |
| २८ | गोपाल ठाकुर | [illegible] | ९८४२१४३६८३ | Thakurgopal 2030@gmail | |
| २९, | होमनाथ गुरागाँई | श्री [illegible] आ.वि. | ९८६३००९६०९ | guragaihomnath055@gmail | |
| ३० | गणेश निरौला | श्री याङफिवीडमहोवेलिडि [illegible] | ९८४२६५४४९९ | ganeshniroula2076@gmail.com | |
| 31 | लक्ष्मी प्रसाद ओलिया | श्री सरस्वती मा.वि. | ९८४२६८६६६२ | l/23356@gmail.com | |
| ३२ | राम चन्द्र श्रेष्ठ | श्री आसाङ्गुङ आ.वि. प्र.अ. | 9863262001 | shrestharam503@gmail.com | |

Admire Multiservice Company Pvt.Ltd. Kathmandu.

मैवाखोला गाउँपालिका, ताप्लेजुङको शिक्षा क्षेत्रको विकासका लागि

प्र.अ. जनप्रतिनिधि तथा शिक्षाशाखा कर्मचारी ५ वर्षे शिक्षाको रणनीतिक योजना तयारी कार्यशाला/अन्तर्क्रिया/छलफल सहभागी हाजिरी विवरण

स्थान: साँघु, ताप्लेजुङ

मितिः २०८१ पुस १४-१५

| क.सं. | नामथर | कार्यरत पद/ठेगाना | सम्पर्क नम्बर | इमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ३३. | पहलमान चोङबाङ | प्र.अ. साँघु | ९८४०९९१२६८ | pahalmanchongbang@gmail.com | |
| | | | | | |

## रणनीतिक योजना निर्माण कार्यशालाको दोस्रो दिनको हाजिरी (विषयगत शिक्षक,जनप्रतिनिधि र कर्मचारी)

मैवाखोला गाउँपालिका, ताप्लेजुङको शिक्षा क्षेत्रको विकासका लागि

५ वर्षे शिक्षाको रणनीतिक योजना तयारी कार्यशाला/अन्तर्क्रिया/छलफल

सहभागी हाजिरी विवरण

विषयगत शिक्षक हरुको हाजिरी

स्थान: साँघु, ताप्लेजुङ

मिति: २०८१ पुस १४-१५

| क्र.सं. | नामथर | कार्यरत पद/ठेगाना | सम्पर्क नम्बर | इमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | खेमनाथ भट्टराई | शिक्षक/मैवाखोला | ९८४२६२८६८ | khembr88@gmail.com | |
| २. | हरिश भट्टराई | LEVC-OSAID, EGL | 9841133279 | bhattaraizee86@gmail.com | |
| ३. | बलि राम चौधरी | HPF-CO | 9865778719 | mail@basiclearninghope.com | |
| ४. | विष्णु थापा | प्र.प्र.अ., मैगा | ९८४२६६०३२६ | cao.bishnuthapa@gmail.com | |
| ५ | चन्द्रकुमारी राई | शिक्षक/मैवाखोला | 9860415019 | crai3899@gmail.com | chandra |
| ६ | शान्ता आङबुहाङ | शिक्षक/पाठीडाँडा मा.वि. | 9842660253 | shantaangbuhang shantalimbu16@gmail.com | |
| ७. | श्रीराम पंडित | शिक्षक/पाथीडाँडा मा.वि. | 9863997062 | shreeramp.348@gmail.com | ShreeRamP. |
| ८. | कुलबहादुर दर्नाल | शिक्षक/श्री जनकल्याण मा.वि. | 9745327671 | cooldarnal11@gmail.com | |
| ९ | निलकुमार श्रेष्ठ | प्रशिक्षक | 9816702206 | nilshhresththa | |
| १०. | राम नारायण साह | श्री | 9846972415 | rnsah4@gmail.com | |
| ११ | फणिन्द्र कुमार पोखरेल | शि. मैवाखोला मा.वि. | ९८६४२८१८१८ | pokhrelfarindra@gmail.com | |
| १२ | बद्री नारायण मण्डल | शि./गंगा आ.वि. | ९८५१०२६९९६६ | badri.mandal@gmail.com | |
| १३ | रेणुप्रसाद चोङबाङ | शिक्षक, मा.वि. द्वितीय | ९८६९९८५४९११ | — | |
| १४ | इन्द्र कुमार पौड | मैवाखोला मा.वि. | 9844648510 | IndraRmu076@gmail | |
| १५ | गणेश निरौला | श्री साङदिङ | ९८४२६९५५९९ | ganeshniroula2076@gmail.com | |
| १६ | तिर्थराज खतिवडा | श्री नारायणी मा.वि. | ९८४२६६६८२६ | khatirtharaj@gmail.com | |

Admire Multiservice Company Pvt.Ltd. Kathmandu.

मैवाखोला गाउँपालिका, ताप्लेजुङको शिक्षा क्षेत्रको विकासका लागि

५ वर्षे शिक्षाको रणनीतिक योजना तयारी कार्यशाला/अन्तर्क्रिया/छलफल

विषयगत शिक्षकहरूको हाजिरी

सहभागी हाजिरी विवरण

स्थानः साँघु, ताप्लेजुङ

मितिः २०८१ पुस १४.१५

| क.सं. | नामथर | कार्यरत पद/ठेगाना | सम्पर्क नम्बर | इमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|
| 17 | Jitendra Limbu | श्री मैवाखोला मा.वि. | 9842351061 | limboojitendra61@gmail.com | |
| 18. | Suraj Kr. Shah | श्री नारायणी मा.वि. | 9827090550 | shahsurajsr@gmail.com | |
| 19. | Chandramani Rudrapal | श्री महेन्द्र मा.वि. | 9862241555 | Chandramanirudrapal@gmail.com | |
| 20 | Keshab Sharan Poudyal | श्री सरस्वती आ.वि. | 9840447301 | paudelk1990@gmail.com | |
| 21 | Santosh Kafle | श्री मैवाखोला प्रा.वि. | 9867565003 | Jhapalisantosh008@gmail.com | |
| 22. | Pankaj Karki Dholi | श्री मेवारवोली मा.वि. | 9704308097 | karkidholipankaj@gmail.com | |
| 23 | Suman Bhandari | ,, | 9844602553 | sumanbhandari41@gmail.com | |
| 24. | Sunil Khadka | ,, | 9862675489 | suneelkc769@gmail.com | |
| 25 | Deepak Bhandari | श्री महेन्द्र मा.वि. | 9841584061 | Dipakbhandari2076@gmail | |
| 26 | Tek Raj Shrestha | श्री महेन्द्र मा.वि. | 9843017165 | smiletekraj2045@gmail.com | |
| 27 | Kumar Nepali | श्री होटेने सिंगराज | 9840721194 | kumarnepalitpi07@gm | |
| 28 | Sabina Limbu | श्री मैवाखोला मा.वि. | 9842105348 | sobina2.limbu@gmail.com | |
| 29. | Amata Karki | " | 9862314148 | amatakarki01@gmail.com | |
| 30 | RupNarayan Ghimire | Narayani Ma.Vi. | 9842742061 | ghimirerupnarayan@gmail.com | |
| 31 | Pratap Lal Wanem | Mahendra Ma.Vi | 9842058334 | PLW.Subba5@gmail.com | |
| 32 | Rudra prasad Dhungana | Narayani ma.vi | 9851236168 | dhunganarudra30@gmail.com | |

Admire Multiservice Company Pvt.Ltd. Kathmandu.

मैवाखोला गाउँपालिका, ताप्लेजुङको शिक्षा क्षेत्रको विकासका लागि

५ वर्षे शिक्षाको रणनीतिक योजना तयारी कार्यशाला/अन्तर्क्रिया/छलफल

विषयगत शिक्षकहरूको हाजिरी

सहभागी हाजिरी विवरण

स्थानः साँघु, ताप्लेजुङ

मितिः २०८१ पुस १४.१५

| क.सं. | नामथर | कार्यरत पद/ठेगाना | सम्पर्क नम्बर | इमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|
| 33 | पद्मा घिमिरे | शिक्षक-नारायणी | 9862773377 | — | |
| 34 | सरिता भुजेल | ,, ,, | 9749488610 | — | |
| 35 | वविता परियार | " " | 9869552094 | babeeta552094@gmail.com | |
| 36 | रुपेन्द्र वनेम | शिक्षक, जनकल्याण | 9862753888 | rupendrawa@gmail.com | |
| 37. | सनम सुनुवार | ,, | 9842071070 | sanamsunuwar92@gmail.com | |
| 38 | प्रकाश लिम्बु | ,, | 9744322968 | — | |
| 39 | अर्जुन कुँ घिमिरे | प्र.अ. मैवाखोला मा.वि. | 9842745535 | arjunghimire2060@gmail.com | |

## रणनीतिक योजनाको मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण कार्यशालाको हाजिरी

आज मिति २०८२/०२/०४ गते, आइतबार, यस मैवाखोला गाउँपालिकाको शिक्षाको रणनीतिक योजनाको मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण कार्यशाला गाउँपालिकाका अध्यक्ष श्री विजय प्रकाश वनेमज्यूको अध्यक्षतामा परामर्शदाता सस्था श्री एडमायर मल्टीसर्भिस कम्पनी प्रा.लि.को सहजीकरणमा पालिकाका जनप्रतिनिधिहरू, पालिकामा रहेका विद्यालयका प्रधानाध्यापक तथा अगुवा शिक्षक, अभिभावक, विभिन्न राजनैतिक पार्टीका प्रतिनिधि, नागरिक अगुवा, शिक्षा क्षेत्रका सरोकारवाला लगायत तपसिलको उपस्थितिमा आयोजना गरियो । विस्तृत र बस्तुगत मस्यौदा प्रतिवेदन तयार गरेकोमा परामर्शदाता संस्था र यसमा संलग्न सबै विज्ञहरूलाई धन्यबाद दिँदै गाउँपालिकाको शिक्षाको रणनीतिक योजनाको अन्तिम प्रतिवेदन तयार गर्न उपस्थित सबैबाट सुझावहरू संकलन गरी कार्यशाला सम्पन्न गरियो ।

उपस्थितिहरू:

| क.सं. | नाम/थर | ठेगाना | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | पेम्बा शेर्पा | मैवाखोला-६ | प्र.अ. | ९८४४६८२४४० | [illegible] |
| २ | पहलमान चोङवाङ | नारायणी आवि | शिक्षक | ९८४०६६१२६४ | [illegible] |
| ३ | राम नारायण साह | ॥ | ॥ | ९८४६६६२४१५ | [illegible] |
| ४ | राजईश तिवारी | ॥ | ॥ | ९८०६१४४२६८ | [illegible] |
| ५ | दिननाथ भण्डारी | श्री गंगा आ.वि. मैवाखोला-४ | प्र.अ. | ९८४२६८१४८६ | [illegible] |
| ६ | पासाङ शेर्पा (ओइम्बा) | श्री सौतेली डाँडा आ.वि. | प्र.अ. | ९८४२०४३४८६ | [illegible] |
| ७ | श्रीप्रसाद चेम्जोङ | हिमालय आ.वि. | प्र.अ. | ९८०१४५२१७ | [illegible] |
| ८ | जयलाल प्र. यादव | महावीर आ.वि. | शिक्षक | ९८४५८२६४३८ | [illegible] |
| ९ | तेम्बी शेर्पा | श्री कुन्ता देवी आ.वि. मैवाखोला-४ | प्र.अ. | ९८४२६६४३२६ | [illegible] |
| १० | केशव शरण पौड्याल | श्री सरस्वती [illegible] मैवाखोला-१ | शिक्षक | 9840447807 | [illegible] |
| ११ | राजेश श्रेष्ठ | श्री [illegible] आ.वि. | प्र.अ. | 9844633225 | [illegible] |
| १२ | गणेश तिरौला | श्री सैंडाँडिखोला [illegible] | प्र.अ. | ९८४२६९५५९९ | गणेश |
| १३ | होमनाथ गुरागाँई | श्री ज्ञानप्रदीप आ.वि. | प्र.अ. | ९८६२००९६०९ | [illegible] |
| १४ | प्रेम बहादुर थापा | भतकल्याण मा.वि. मै. ९ | [illegible] | ९८४२६८६५३८ | [illegible] |
| १५ | तुलसी प्रसाद भट्टराई | श्री सि.ह. आ.वि | प्र.अ. | ९८४२६५८३६७ | [illegible] |

| क्र.सं. | नाम/थर | ठेगाना | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १६ | लक्ष्मी प्रसाद गौतम | मैवाखोला-३ | प्र.अ. | ९८४२६८६६६३ | [illegible] |
| १७ | भूपाल ठकुरी | -"- ५ | -"- | ९८४२६८३६८३ | [illegible] |
| १८ | धर्म प्रसाद पौडेल | मैवाखोला-१ | -"- | ९८४२६६०४९३ | [illegible] |
| १९ | लोकचन्द्र बनेम | मैवाखोला-२ | नि.प्र.अ. | ९८४२६६५३२६ | [illegible] |
| २० | छविन्द्र बहादुर मल्ल | मालिङ्गोती-४ | शिक्षक | ९८६८२६६७१८ | [illegible] |
| २१ | राम चन्द्र श्रेष्ठ | श्री खासाङ्खुङ | प्र.अ. | ९८६३२६२०७ | [illegible] |
| २२ | चित्रगुप्त लिम्बु | श्री ... | प्र.अ. | ९८६२६५४४१८ | [illegible] |
| २३ | गणेश लिम्बु | श्री नारायणी मा.वि. | शि. अभिभावक | ९८४४२२८५९१ | [illegible] |
| २४ | रूप नारायण घिमिरे | नारायणी मा.वि. | नि.प्र.अ. | ९८४२६८२०६१ | [illegible] |
| २५ | टिकाराम प्रसाई | श्री महेन्द्र मा.वि. | शिक्षक | ९८४२६६३६८६ | [illegible] |
| २६ | [illegible] | श्री रमु [illegible] | प्र.अ. | ९८६६५४८९४० | [illegible] |
| २७ | धनमाया लिम्बु | श्री मानेडाँडा आ.वि. | प्र.अ. | ९८६०२०४०६८ | [illegible] |
| २८ | अन्जु वनेम | श्री महादेव " | शिक्षक | ९८४२२१८१३२ | [illegible] |
| २९ | मधुकला चोङवाङ | नवज्योति | प्र.अ. | ९८४२६८३०४२ | [illegible] |
| ३० | तुलसा बराइली | मैवाखोला २ | गा.पा. ग. सदस्य | | तुलसा |
| ३१ | अर्जुन कुमार घिमिरे | मैवाखोला ३ | प्रा.स. | ९८४२६४५४३५ | [illegible] |
| ३२ | | | | | |
| ३३ | | | | | |
| ३४ | | | | | |
| ३६ | | | | | |
| ३७ | | | | | |
| ३८ | | | | | |
| ३९ | | | | | |
| ४० | | | | | |
| ४१ | | | | | |
| ४२ | | | | | |
| ४३ | | | | | |
| ४४ | | | | | |
| ४५ | | | | | |
| ४६ | | | | | |
| ४७ | | | | | |
| ४८ | | | | | |

रणनीतिक योजना तर्जुमा कार्यशालाका फोटाहरू











कार्यशालामा समूहगत छलफलका फोटाहरू









**मैवाखोला गाउँपालिकाको समग्र शिक्षाको रूपान्तरणका लागि तय गरिएका नारा र अवधारणाहरू**

१. हाम्रो विद्यालय, राम्रो विद्यालय अवधारणा

२. अध्ययनमा गहनता, अध्यापनमा सरलता अवधारणा

३. शिक्षक वैंक अवधारणा

४. विद्यालयमा आकर्षक फूलबारी र करेसावारी अवधारणा

५. स्मार्ट स्कुलको अवधारणा

६. खुसी विद्यालयको अवधारणा

७. हामी सबैको प्रण, मैवाखोलामा शिक्षाको रुपान्तरण

८. विद्यार्थी ल्याऔं, टिकाऔं र सिकाऔं

९. राम्रो सिकाईका लागि राम्रो शिक्षण र राम्रो शिक्षणका लागि राम्रो विद्यालय भन्ने अवधारणा

१०. मैवाखोला शिक्षा एपमार्फत शिक्षाको डिजिटलाइजेशन

११. नयाँ सोच, नयाँ शिक्षा र समृद्धि, प्रारम्भिक बाल कक्षादेखि नै विज्ञान र प्रविधि

१२. शिक्षा र संस्कृतिको मिलन, मैवाखोलामा सशक्त सामाजिक परिवर्तन

१३. पढ्दै कमाउँदै कार्यक्रमको मैवाखोलाकरण र गाउँपालिकामा बेकारबाट आविष्कारको सोच

१४. हरेक विद्यालयमा आफ्ने छुट्टै पहिचान (Unique Selling Proposition/Point-USP) निर्धारण

१५. शैक्षिक सत्रको सुरूमा हरेक विद्यार्थीको लेवल टेष्टका आधारमा वर्गीकरण तथा मानसिकतासमेतको अध्ययन गरी शिक्षकका लागि Know your Student Campaign र अभिभावकको लागि Know your Child कार्यक्रम लागू गरी कमजोर विद्यार्थीको सुधारका लागि रणनीति निर्माण ।

१६. शिक्षकलाई विभिन्न उपायले उत्कृष्ट तयारीका साथ पढाउँ पढाउँ बनाउने प्रधानाध्यापकको पहिचान र पुरस्कृत, विद्यार्थीलाई पँढुपँढु बनाउने शिक्षकहरूको पहिचान र पुरस्कृत, एवं विद्यालयमा नियमितता तथा अभिभावकीय जिम्मेवारी पुरा गर्ने अभिभावकको पहिचान र पुरस्कृत गर्ने ।

१७. शिक्षकलाई शैक्षिक सत्र वर्षको सुरू हुनु अगाडि एक हप्ताको पूर्ण विदाको व्यवस्था

१८. मैवाखोला गाउँपालिकाबाट अन्य शहर तथा विदेशमा गइ बसेकाहरूको डाटावेस तयारी तथा उनीहरूले सिकेको ज्ञान, सिप र प्रविधि मैवाखोलाको सार्वजनिक शिक्षा सुधारमा लगाउने अभियानको सुरूवात